NIC ASIA

एन आई सी एशिया बैंक लि.

# यात्रा
## रूपान्तरणको

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

२३औं वार्षिक प्रतिवेदन, २०७६/२०७७




अन्तिमको दाँयादेखि क्रमशः तुलसीराम अग्रवाल (अध्यक्ष), त्रिलोक चन्द अग्रवाल (सञ्चालक), रामचन्द्र संघई (सञ्चालक), राजेन्द्र प्रसाद अर्याल (सञ्चालक), विनोद कुमार प्याकुरेल (सञ्चालक), गणेश मान श्रेष्ठ (सञ्चालक), निकुञ्ज अग्रवाल (सञ्चालक)

# विषय सूची


१. साधारण सभा सम्बन्धी सूचना ..... १
२. कर्पोरेट प्रोफाइल ..... ५
३. संचालकको प्रोफाइल ..... ८
४. वित्तीय झलकहरु ..... १०
५. गैर वित्तीय झलकहरु ..... १४
६. अध्यक्षज्यूको मन्तव्य ..... १६
७. प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य ..... २०
८. सञ्चालक समितिको प्रतिवेदन ..... २५
९. सहायक कम्पनीहरु ..... ५२
१०. संस्थागत सुशासन ..... ५३
११. व्यवस्थापकीय विश्लेषण ..... ५५
    ११.१ वित्तीय झलकहरु ..... ५५
    ११.२ Horizontal and vertical विश्लेषण (Analysis) ..... ६५
    ११.३ त्रैमासिक वित्तीय विवरणको विश्लेषण ..... ६८
१२. व्यवसाय ईकाइ ..... ७०
१३. मानव संसाधन ..... ७५
१४. दीर्घकालीन बैंकिङ्ग अभ्यास ..... ७७
    १४.१ दीर्घकालीन बैंकिङ्ग ..... ७७
    १४.२ राष्ट्रिय योगदान ..... ७९
    १४.३ Value Added Statement ..... ८०
१५. एकीकृत वित्तीय विवरण ..... ८३
१६. प्रमुख लेखा नीतिहरु ..... ९९
१७. एकीकृत वित्तीय विवरण अनुसूची तथा लेखा सम्बन्धी टिप्पणी ..... १५४
१८. सहायक कम्पनीको वार्षिक विवरण ..... १७७
    १८.१ एन आई सी एशिया क्यापिटल लि. ..... १७७
    १८.२ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. ..... १९५
    १८.३ एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड ..... २०१
१९. नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशन ..... २०८
२०. नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशनको प्रत्युत्तर ..... २०९
२१. एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण ..... २१०
२२. एन आई सी एशिया बैंक लि. को नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण ..... २१३
२३. लगानीकर्ता सम्बन्ध ..... २१४
२४. शाखा सञ्जाल ..... २१५
२५. प्रवेश पत्र र प्रोक्सी फारम ..... २१७



## VISION

To ensure creation of optimum values for all the stakeholders.

## MISSION

To be a bank of first choice for all the stakeholders.

## STRATEGIC OBJECTIVES

EMPLOYEE FIRST

CUSTOMER CENTRIC




DIGITAL FIRST BANK

SUSTAINABLE BANKING

# CORE VALUES

**Meritocracy :** NIC ASIA adopts a system where decisions are made on the basis of their merits.

**Transparency :** We believe on transparent business and financial transactions; an open way without secrets. We do this as it enhances people's trust and faith

**Professionalism :** We conduct responsively, honestly, reliably and ethically.

**Team Spirit :** We NIC ASIAN have the feeling of pride and glory that exists among the members of a team that creates synergy.

**Service Excellance :** We drive a transformational journey towards service excellence ensuring delivery of guaranteed customer service at standard time as a first responsibility.

23

YEARS

*of* SERVICE

# एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं, नेपाल

## तेईसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७७/०७/२६ मा सम्पन्न यस बैंकको सञ्चालक समितिको ४६२औं बैठकको निर्णयानुसार बैंकको तेईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७७ मंसिर २१ गते, आईतबार (तदनुसार ६ डिसेम्बर २०२०) ।

समय : बिहान ९:०० बजे ।

स्थान : बैंकको रजिष्टर्ड कार्यालय, थापाथली, काठमाडौं ।

(कोभिड-१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाइन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुनसक्ने गरी शेयरधनी महानुभावहरुलाई Meeting को ID तथा Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स् पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. मिति २०७४/०५/३० मा सम्पन्न बैंकको २०औं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनीको तर्फबाट श्री एशियन डिस्ट्रिब्युटर्स प्रा.लि. को प्रतिनिधिको हैसियतमा श्री आदित्य कुमार अग्रवालज्यू बैंकको संचालक पदमा निर्वाचित हुनुभएकोमा निजको स्थानमा निजको बाँकी कार्यकालको लागि उक्त कम्पनीले आफ्नो तर्फबाट श्री त्रिलोक चन्द अग्रवालज्यूलाई मनोनयन गरी बैंकको सञ्चालक समितिलाई सो को जानकारी गराए बमोजिम श्री त्रिलोक चन्द अग्रवालज्यूले बैंकको सञ्चालक समितिमा प्रतिनिधीत्व गर्दै आइरहनु भएकोमा सो को अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को लागि चुक्ता पूँजीको १९% का दरले हुने रु. १,८४,६३,५३,७९८/- (अक्षरेपी एक अर्ब चौरासी करोड त्रीसठ्ठी लाख त्रीपन्न हजार सात सय अन्ठान्नब्बे रुपैयाँ) बोनस शेयर वितरण गर्न र सो मा लाग्ने कर प्रयोजनका लागि १% अर्थात् रु. ९,७१,७६,५१६/- (अक्षरेपी नौ करोड एकहत्तर लाख छयहत्तर हजार पाँच सय सोह्र रुपैयाँ) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. प्रस्ताव नं. १ बमोजिम बोनस शेयर वितरणबाट बैंकको साविक अधिकृत पूँजी रु. ९,७२,००,००,०००/- (अक्षरेपी नौ अर्ब बहत्तर करोड रुपैयाँ) लाई वृद्धि गरी रु. ११,५७,००,००,०००/- (अक्षरेपी एघार अर्ब सन्ताउन्न करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छयहत्तर लाख एकाउन्न हजार पाँच सय अठसठ्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छयसठ्ठी रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छयहत्तर लाख एकाउन्न हजार पाँच सय अठसठ्ठी रुपैयाँ) लाई वृद्धि गरी रु. ११,५६,४०,०५,३६६/- (अक्षरेपी एघार अर्ब छपन्न करोड चालीस लाख पाँच हजार तीन सय छैसठ्ठी रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. बैंकले एक वा एकभन्दा बढी उपयुक्त बैंक/वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति गर्ने (एक्विजिसन) प्रयोजनको लागि उपयुक्त बैंक/वित्तीय संस्थाहरु पहिचान गर्ने, वैदेशिक रणनीतिक साझेदार भित्र्याउने, समझदारीपत्र (मेमोरेण्डम अफ अण्डरस्टेण्डिङ्ग) मा हस्ताक्षर गर्ने सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन गर्ने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन (ड्यु डेलिजेन्स अडिट) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

६. बैंकले "बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल" को सदस्यता प्राप्त गर्न रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैयाँ) सदस्यता शुल्क खर्च तथा सदस्यता नवीकरण शुल्क वापत रु. ५००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) भुक्तानी गरेकोमा सो को अनुमोदन गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,

**दिपेन कार्की**
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र बैंकको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस बैंकको वेवसाइट **www.nicasiabank.com** मा समेत upload गरिएको छ ।

२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको सम्मान एवं परिपालना गर्दै अनलाईन (भर्चुअल) (Zoom) को माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था समेत मिलाइएको हुँदा कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

३. अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट उपस्थित भई साधारण सभामा सहभागी हुन मतदान गर्न तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको शेयर प्रमाणपत्र/DMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी कम्पनी सचिवको ईमेल ठेगाना deepen.karki@nicasiabank.com मा ईमेल वा ९८५१२४५९१५ मा WhatsApp पठाउनु पर्नेछ । यसरी प्राप्त भएका ईमेल वा WhatsApp मा अनलाईन (भर्चुअल) (Zoom) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting को ID र Password उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई सभास्थलमा उपस्थित भएसरह मान्यता दिने व्यवस्था गरिएको छ । सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावले लिखित रुपमा आफ्नो राय/सुझाव email मार्फत समेत दिन सक्ने व्यवस्था मिलाइएको छ ।

४. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । कोरोना भाइरस (कोभिड १९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहन्जेल सम्म खुल्ला रहनेछ ।

५. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७७/०८/१९ गते विहान ९ बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ ।

६. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

७. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

८. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वत: बदर हुनेछ ।

९. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

१०. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७७/०८/१० गते देखि २०७७/०८/२१ गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०८/१० गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधार मा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न, बोनस शेयर तथा नगद लाभांश पाउन सक्नु हुनेछ ।

११. सभा शुरु भन्दा १ घण्टा अगावै अनलाईन (भर्चुअल) (Zoom) माध्यम खुला गरिने छ ।

१२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०१-५१११७७/७८ एक्सटेन्सन २२५७) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

# कर्पोरेट प्रोफाइल

एन आई सी एशिया बैंक शाखा सञ्जाल, निक्षेप, कर्जा लगानी, ग्राहक संख्या र वासलात आकारको आधारमा नेपालको अग्रणी बैंक बनेको छ। २३ वर्षको सञ्चालनको अवधीमा बैंकले राष्ट्रको आर्थिक विकासमा प्रमुख योगदानकर्ताको रुपमा बैंक स्थापित भएको छ । बैंकले स्थापनाका उत्तरार्द्धका वर्षहरुमा अभुतपुर्व उपलब्धि हासिल गरि इतिहास रचेको छ ।

सन् १९९७ मा बिराटनगरमा स्थापना भएको एन आइ सी बैंक, बैंक अफ एशिया नेपाल सँग गाभिएर ३० जुन २०१३ देखि एन आइ सी एशिया बैंकको नाममा करोबार सुरु गरेको थियो। दुई सफल वाणिज्य बैंकको मर्जर उक्त समयको सबै भन्दा ठुलो मर्जर रहेको थियो। यस बैंक दुई पटक "Bank Of The Year" को प्रतिष्ठित सम्मानबाट पुरस्कृत भएको छ। Financial Times, UK ले बैंकलाई २००७ र २०१३ मा "Bank Of The Year" घोषित गरेको थियो। साथै चार्टर्ड एकाउन्टेन्ट संस्था, Institute of Chartered Accountant of Nepal ले बैंकलाई उत्कृष्ट वित्तीय प्रतिवेदन, Best Presented Annual Report Award, 2018 बाट सम्मान गरेको छ।

एन आई सी एशिया बैंक शाखा सन्जालमा नेपालको नं १ बैंक हो। सुगम देखि दुर्गम सम्म ७३ जिल्लामा फैलिएको यस बैंकका हाल ३२६ शाखा र ४६४ ATMs रहेका छन्। यस बैंकले आफ्ना २१ लाख भन्दा बढी सेवाग्राहीलाई उत्कृष्ट र नबिनतम सेवा प्रदान गर्दै आएको छ।

एन आई सी एशिया बैंकको ३ सहायक कम्पनीहरु रहेका छन्: एन आई सी एशिया लघुवित्त वित्तीय संस्था, एन आई सी एशिया क्यापिटल र एन आई सी एशिया सेक्युरिटिज्। लघुवित्त र क्यापिटल आफ्ना क्षेत्रका उत्कृष्ट कम्पनीमा पर्छन् भने सेकुरीटिज्ले छिट्टै कारोबार थालनी गर्नेछ।

| | |
|---|---|
| कम्पनीको दर्ता नाम: | **एन आई सी एशिया बैंक** |
| कानुनी मान्यता: | **पब्लिक लिमिटेड कम्पनी (नेपाल स्टक एक्सचेन्जमा सुचिकृत)** |
| कम्पनी दर्ता नम्बर: | **६५८** |
| कम्पनी दर्ता मिति: | **३० मे १९९७ (२०५४ जेठ १७)** |
| नेपाल राष्ट्र बैंक लाईसेन्स् नम्बर: | **६५/०५३/५४** |
| दर्ता ठेगाना: | **ट्रेड टावर, थापाथली ११, काठमाडौं, नेपाल** |

### प्रादेशिक कार्यालय

| | |
|---|---|
| प्रदेश १ | बिराटनगर महानगरपालिका, वार्ड नं ७ |
| प्रदेश २ | बर्दिबास नगरपालिका, वार्ड नं १ |
| बाग्मती | काठमाडौं महानगरपालिका, वार्ड नं ११ |
| गण्डकी | पोखरा महानगरपालिका, वार्ड नं ८ |
| लुम्बिनी | तिलोतमा नगरपालिका, वार्ड नं ३ |
| कर्णाली | बिरेन्द्रनगर नगरपालिका, वार्ड नं ६ |
| सुदुर पश्चिम | धनगढी उप महानगरपालिका, वार्ड नं ४ |

### सहायक कम्पनीहरु

**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड**
भेरी नगरपालिका, वार्ड नं ४, जाजरकोट
फोन नं: ९७७ ०१ ६६००३४
ईमेल: info@nicasialaghubitta.com
वेबसाईट: www.nicasialaghubitta.com

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
बबरमहल, काठमाडौं
फोन नं: ९७७ ०१ ५७०५९९४
ईमेल: info@nicasiacapital.com
वेबसाईट: www.nicasiacapital.com

**एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड**
थापाथली, काठमाडौं

### सञ्चालक समिति

श्री तुलसीराम अग्रवाल, अध्यक्ष
श्री त्रिलोक चन्द अग्रवाल, संचालक
श्री रामचन्द्र संघई, संचालक
श्री राजेन्द्र प्रसाद अर्याल, संचालक
श्री बिनोद कुमार प्याकुरेल, संचालक
श्री गणेश मान श्रेष्ठ, स्वतन्त्र संचालक
श्री निकुञ्ज अग्रवाल, संचालक

### प्रमुख कार्यकारी अधिकृत

रोशन कुमार न्यौपाने

**कम्पनी सचिव**

दिपेन कार्की

**प्रमुख वित्तीय अधिकृत**

रुपेश लुइटेल

**लेखापरीक्षक**

एस ए आर एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

**शेयर रजिष्ट्रार**

एन आई सी एशिया क्यापिटल लिमिटेड

**सम्पर्क**

फोन नं: ९७७ ०१ ५१११११७७ र ५११११७९
फ्याक्स नं: ९७७ ०१ ५११११८०
टोल फ्री नं: १६६० ०१ ७७७१
पोस्ट बक्स नं: ११०२१
www.nicasiabank.com
info@nicasiabank.com
facbook.com/NicAsiaBank
twitter.com/nic_asia_bank
instagram.com/nicasiabank

NIC ASIA

एन आई सी एशिया बैंक लि.

सहज

उत्तरदायी

सबल

विश्वसनीय

गतिशील

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# संचालकहरुको प्रोफाइल



**श्री तुलसीराम अग्रवाल**
अध्यक्ष

श्री तुलसीराम अग्रवालज्यू नेपालको एक सफल, कुशल, प्रवल र प्रतिष्ठित व्यवसायीको रुपमा प्रसिद्ध हुनुहुन्छ । श्री अग्रवालज्यूले पाँच दशक देखि देशको उद्योग, वाणिज्य तथा व्यापार क्षेत्रमा अनवरत रुपमा एक सफल उद्योगी व्यवसायीको रुपमा राष्ट्रको सर्वाङ्गीण आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय टेवा पुऱ्याउदै यस बैंकको अध्यक्षका साथै हाल प्रतिष्ठित औद्योगिक घराना श्री विशाल ग्रुपको उपाध्यक्ष, श्री मैनावती स्टिल इन्डष्ट्रिजको प्रबन्ध निर्देशक तथा अन्य विविध व्यापार-वाणिज्य क्षेत्रहरूमा गरिमामय भूमिका निर्वाह गर्दै औद्योगिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउदै आउनुभएको छ । साथै उहाँले VG फाउण्डेसनमार्फत समाज योगदानमा समेत उल्लेख्य कार्य गर्दै आउनुभएको छ ।

श्री अग्रवालज्यूको आर्थिक र सामाजिक योगदानलाई कदर गर्दै नेपाल सरकारले २०७७ सालको संविधान दिवसको दिन प्रबल जनसेवा श्री चतुर्थ द्वारा विभूषित गरेको छ ।



**श्री त्रिलोक चन्द अग्रवाल**
सदस्य, सर्वसाधारण समुह *(प्रतिनिधी : एशियन डिस्ट्रिब्युटर्स प्रा.लि.)*

बिगत चार दशक देखि श्री त्रिलोक चन्द अग्रवालज्यू उद्योग, निर्यात आयात, व्यापार र बैंकिङ्ग क्षेत्रमा संलग्न हुनुहुन्छ । सन् १९७४ देखि व्यापार व्यवसायमा संलग्न श्री अग्रवालज्यू अत्यन्त मिलनसार, सम्बन्धित क्षेत्रको ज्ञाता, कुशल व्यवस्थापक र सफल व्यवसायीको रुपमा प्रसिद्ध हुनुहुन्छ । श्री अग्रवालज्यू प्रतिष्ठित औद्योगिक घराना श्री विशाल ग्रुपको उपाध्यक्ष हुनुहुन्छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| कर्मचारी सेवा सुविधा समिति | सदस्य |



**श्री रामचन्द्र संघई**
संस्थापक समुह

श्री रामचन्द्र संघईज्यू बिगत ३० वर्ष देखि विभिन्न उद्योग व्यवसायमा संलग्न हुँदै आउनु भएको छ । त्रिवेणी ग्रुपको निर्देशक पदमा रहनुभएको श्री संघईज्यू व्यवसायीको नजरमा अत्यन्त परिचित अनुहार हुनुहुन्छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| कर्मचारी सेवा सुविधा समिति | संयोजक |



**श्री राजेन्द्र प्रसाद अर्याल**

सदस्य, सर्वसाधारण समुह

श्री राजेन्द्र प्रसाद अर्यालज्यू नेपालको बिज्ञापन क्षेत्र र ब्राण्डिङ्गमा चर्चित नाम हुनुहुन्छ । बिगत २५ वर्षदेखि अर्यालज्यु आम संचार मिडिया, मिडिया पब्लिसिटी र प्रोडक्ट् प्रोडक्सनमा आबद्ध हुनुहुन्छ । मिलनसार स्वभाव र गैर सरकारी संघ संस्थासँग सुमधुर सम्बन्ध तथा कुशल व्यवसायि व्यक्तिका रुपमा श्री अर्यालज्यू व्यवसायी माझ प्रसिद्ध हुनुहुन्छ । उहाँले उद्योग व्यवसायमा विभिन्न पदहरुमा भुमिका निभाउँनुका साथै बैंकको जोखिम विज्ञको रुपमा विभिन्न समयमा पटक पटक आफ्नो अमूल्य योगदान दिँदै आउनु भएको छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति | संयोजक |
| जोखिम व्यवस्थापन समिति | सदस्य |



**श्री बिनोद प्रसाद प्याकुरेल**

सदस्य, सर्वसाधारण समुह

श्री बिनोद प्रसाद प्याकुरेलज्यू एक कुशल बैंकर हुनुहुन्छ । वहाँसँग नेपाल बैंक लिमिटेडमा तीन दशकबढी काम गरेको अनुभव रहेको छ । नेपाल बैंकमा हुँदा उहाँ विभिन्न व्यवस्थापन स्तरका साथै विदेशी व्यवस्थापन टिममा काम गर्नु भएको छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| जोखिम व्यवस्थापन समिति | संयोजक |
| सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति | सदस्य |



**श्री गणेश मान श्रेष्ठ**

सदस्य, स्वतन्त्र संचालक

श्री गणेश मान श्रेष्ठज्यू यस बैंकको स्वतन्त्र संचालक हुनुहुन्छ । श्री श्रेष्ठज्यूले तीन दशकभन्दा बढी नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा विभिन्न पदमा काम गर्नुभएको छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| लेखापरीक्षण समिति | संयोजक |
| जोखिम व्यवस्थापन समिति | सदस्य |



**श्री निकुञ्ज अग्रवाल**

सदस्य, संस्थापक समुह

श्री निकुञ्ज अग्रवालज्यू एक कुशल युवा व्यवसायी हुनुहुन्छ । विशाल ग्रुप अन्तर्गतका उद्योग व्यवसायमा विभिन्न भूमिका निर्वाह गर्दै आउनु भएका अग्रवालज्यूले University of Kent, U.K बाट स्नातक तथा रिजेन्ट बिजनेस स्कुल, U.K बाट स्नात्तकोत्तर गर्नु भएको छ ।

बैंकको विभिन्न संचालक स्तरका समितिहरुमा उहाँ देहाय बमोजिमको भुमिकामा संलग्न हुनुभएको छ ।

| | |
|---|---|
| लेखापरीक्षण समिति | सदस्य |

# वित्तीय झलकहरु

## कुल सम्पत्ति

*(रकम रु दश लाख)*




## कुल कर्जा तथा सापट

*(रकम रु दश लाख)*




## कुल निक्षेप

*(रकम रु दश लाख)*



## कुल शेयरधनीको जेथा

(रकम रु दश लाख)




## कुल सञ्चालन आम्दानी

(रकम रु दश लाख)




## खुद मुनाफा

(रकम रु दश लाख)



## औषत सम्पत्तिमा प्रतिफल

(प्रतिशत)




## ईक्विटीमा प्रतिफल

(प्रतिशत)




## प्रति शेयर आम्दानी

(रकम रु)



## मूल्य आम्दानी अनुपात




## बजार मूल्य प्रति शेयर

(रकम रु)




## कुल पूँजी पर्याप्तता

(प्रतिशत)



## गैर वित्तीय झलकहरु

| | | |
|---|---|---|
| शाखा<br>३२६ | ए टि एम<br>४६४ | कर्मचारी<br>२९०८ |
| बचत खाता<br>२१,८७,०१९ | डेबिट कार्ड<br>८,३२,७२९ | क्रेडिट कार्ड<br>११,५७९ |
| ईन्टरनेट बैंकिङ्ग सेवाग्राही<br>१,१५,८९४ | मोबाइल बैंकिङ्ग सेवाग्राही<br>११,४३,८३१ | डिम्याट खाता (क्यापिटल)<br>१,९०,४१० |

NIC ASIA

एन आई सी एशिया बैंक लि.

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# एन आई सी एशिया बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभामा अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तब्य

यस एन आई सी एशिया बैंकको २३ औं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बैंकका वाह्य लेखापरीक्षक एवं कानुनी सल्लाहकारज्यूहरु, बैंकमा कार्यरत कर्मचारीहरु तथा उपस्थित समस्त बैंक परिवारलाई सधन्यवाद म यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

सेवाग्राही र बैंक एउटै गन्तब्यका परिपुरक सहयात्री हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै एक अर्काको आवश्यकताको सम्बोधन गर्दै सबैको साँचो अर्थको "बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि" बन्दै आज हामी सफलताको एक ऐतिहासिक र गौरवमय स्थानमा आइपुगेका छौं । साधारण सभाको यस घडिमा बैंकको अध्यक्षको हैसियतमा गत आर्थिक वर्ष (आ.व. २०७६/७७) मा बैंकले हासिल गरेको ब्यवसायिक उपलब्धी लगायत बैंक सँग सम्बन्धित प्रमुख विषयहरु सम्बन्धमा बैंकले चालेका कदम र हासिल गरेका उपलब्धीहरु यहाँहरु समक्ष पस्कन पाउँदा म निकै गौरवान्वित महशुस गरिरहेको छु ।

- **व्यवसायिक प्रगतीमा हामी**

  ग्राहकको सफलता र बैंकको सफलता एक अर्काका परिपुरक हुन् भन्ने तथ्यलाई बैंकले हृदयङ्गम गरेको छ । ग्राहकवर्गलाई उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्दै मासवेस्ड बैंकिंग मार्फत् बैंकले आफ्नो व्यवसायिक लक्ष्यहरु हासिल गर्ने बैंकको रणनीतिलाई हामिले मुर्तरुप प्रदान गर्दै गइरहेका छौं ।

  साथै, कर्जा, निक्षेप, मुनाफा लगायतका व्यवसायका विविध विधाहरुमा बैंकले उत्कृष्ट उपलब्धी हासिल गर्दै गइरहको छ । म यस गौरवमय सभासमक्ष बैंकले आर्थिक वर्ष २०७६/०७७ मा हासिल गरेको प्रमुख उपलब्धिहरु देहाय बमोजिम राख्न चाहन्छु :

१ कुल कर्जा रकम रु १ खर्ब ७३ अर्ब ७७ करोड पुऱ्याई कुल कर्जा रकमको हिसावले बैंक दोस्रो स्थानमा रहेको ।

२ कुल कर्जा वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. २३ अर्ब ७४ करोड वार्षिक कर्जा वृद्धि सहित बैंक वार्षिक कर्जा वृद्धिको हिसावले पहिलो स्थानमा रहेको ।

३ कुल स्वदेशी निक्षेप रकम रु २ खर्ब ८ अर्ब ८१ करोड पुऱ्याई कुल स्वदेशी निक्षेपको हिसावले बैंक निजी क्षेत्रका बैंकहरुमा दोस्रो स्थानमा रहेको ।

४ स्वदेशी निक्षेप वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. ३८ अर्ब ४० करोड वार्षिक वृद्धि सहित बैंक वार्षिक स्वदेशी निक्षेप वृद्धिको हिसावले दोस्रो स्थानमा रहेको ।

५ कुल ऋणपत्र तथा बण्डमा रु. ९ अर्ब ६५ करोड पुऱ्याई कुल ऋणपत्र तथा बण्डमा बैंक पहिलो स्थानमा रहेको ।

६ कुल बचत निक्षेप रकम रु. ७४ अर्ब ५४ करोड पुऱ्याई बचत निक्षेप रकमको हिसावले बैंक निजी क्षेत्रका बैंकहरुमध्ये दोस्रो स्थानमा रहेको ।

७ कुल बचत निक्षेप वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. १६ अर्ब २७ करोड सहित वार्षिक बचत निक्षेप वृद्धिको हिसावले बैंक पहिलो स्थानामा रहेको ।

८ व्याज नपर्ने निक्षेप रु. १९ अर्ब ७८ करोड पुऱ्याई व्याज नपर्ने निक्षेप रकमको हिसावले बैंक निजी क्षेत्रका बैंकहरुमध्ये पहिलो स्थानमा रहेको ।

९ चल्ती र बचत निक्षेप रु. ९४ अर्ब ३२ करोड पुऱ्याई चल्ती र बचत निक्षेप रकमको हिसावले बैंक निजी क्षेत्रका बैंकहरुमध्ये पहिलो स्थानमा रहेको ।

१० चल्ती र बचत निक्षेप वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु २२ अर्ब १९ करोड सहित वार्षिक चल्ती र बचत निक्षेप वृद्धिको हिसावले पहिलो स्थानमा रहेको ।

११ कुल मुद्दति निक्षेप रु. ९४ अर्ब ४५ करोड पुऱ्याई मुद्दती निक्षेप संकलनको हिसावले बैंक दोस्रो स्थानमा रहेको ।





१२ कुल व्याज आम्दानी रु. २० अर्ब ७२ करोड आर्जन गरी कुल व्याज आम्दानीको हिसावले बैंक पहिलो स्थानमा रहेको ।

१३ खुद व्याज आम्दानी रु. ७ अर्ब ६० करोड आर्जन गरी खुद व्याज आम्दानीको हिसावले बैंक तेस्रो स्थानमा रहेको ।

१४ कुल अन्य आम्दानी रु. ३ अर्ब २३ करोड आर्जन गरी कुल अन्य आम्दानीको हिसावले बैंक पहिलो स्थानमा रहेको ।

१५ कुल अन्य आम्दानीको वृद्धि (मर्जर/एक्विीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रकम रु. ५६ करोड सहित कुल अन्य आम्दानीको वार्षिक वृद्धिको हिसावले बैंक पहिलो स्थानमा रहेको ।

१६ कुल सञ्चालन आम्दानी रु. १० अर्ब ६८ करोड आर्जन गरी कुल सञ्चालन आम्दानीको हिसावले बैंक पहिलो स्थानमा रहेको ।

१७ कुल सञ्चालन आम्दानीको वृद्धि (मर्जर/एक्विीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रकम रु. १ अर्ब १७ करोडको वार्षिक वृद्धि सहित कुल सञ्चालन आम्दानीको वृद्धिको हिसावले बैंक दोस्रो स्थानमा रहेको ।

१८ सञ्चालन मुनाफामा रु. ४ अर्ब ४३ करोड आर्जन गरी सञ्चालन मुनाफाको हिसावले बैंक तेस्रो स्थानमा रहेको ।

१९ खुद मुनाफा रु. ३ अर्ब ९ करोड आर्जन गरी खुद मुनाफाको हिसावले बैंक चौंथो स्थानमा रहेको ।

२० रिटर्न अन ईक्विटी १९.२६% आर्जन गरी रिटर्न अन ईक्विटीको हिसावल बैंक निजी क्षेत्रका बैंकहरु मध्ये पहिलो स्थानमा रहेको ।

२१ प्रति शेयर आम्दानी रु. ३१.८९ आर्जन गरी प्रति शेयर आम्दानीको हिसावले बैंक चौंथो स्थानमा रहेको ।

२२ बैंकको हाल ३२६ वटा शाखा, ४६४ वटा एटिएम र १०१ वटा एक्सटेन्सन काउन्टर सहित भौतिक शाखा सञ्जाल एवम् एटिएम तर्फ बैंक पहिलो स्थानमा रहेको ।

२३ काठमाण्डौ उपत्यकामा बैंकको ७७ वटा शाखा, १९० वटा एटिएम र ४९ वटा एक्सटेन्सन काउन्टर सहित बैंक पहिलो स्थानमा रहेको ।

२४ बैंकिङ्ग ब्रान्डको हिसावले बैंक नम्बर १ ब्रान्ड बन्न सफल भएको ।

२५ कुल ग्राहक संख्या (निक्षेप तथा कर्जा समेत गरी) करिब २३ लाख १८ हजार पुऱ्याइ कुल ग्राहक संख्याको हिसावले बैंक निजी क्षेत्रका बैंकहरुमध्ये पहिलो स्थानमा रहेको ।

- **प्रविधिमैत्री बैंकिङ्ग तर्फको हाम्रो यात्रा**

अत्याधुनिक प्रविधिको उच्चतम उपयोगले नै ग्राहकहरुलाई सुरक्षित, भरपर्दो, छिटो, किफायती र उत्कृष्ट व्यवसायिक सेवाहरु प्रदान गर्न सकिन्छ भन्ने मान्यता बैंकले राखेको छ । सोही मान्यता अनुरुप गत आर्थिक वर्षमा बैंकले आधुनिक प्रविधीतर्फ उल्लेख्य लगानी गरेको छ ।

बैंकले आफ्ना ग्राहकवर्गको हरेक आवश्यकतालाई डिजिटल्ली परिपूर्ति गर्ने गरी डिजिटल फर्स्ट बैंक बन्ने लक्ष्य तर्जुमा गरेको छ । बैंकको सोही डिजिटल फर्स्ट बैंक बन्ने लक्ष्य पुरा गर्न गत आ.व.मा बैंकले प्रतिष्ठित कम्पनीका प्रतिष्ठित सफ्टवेयरहरुमा ठूलो लगानी गरेको छ जसको प्रतिफल निकट भविष्य मै बैंकले प्राप्त गर्नेमा म पूर्ण विश्वस्त रहेको छु ।

- **संस्थागत सामाजिक उत्तरदायित्वमा हाम्रो योगदान**

बैंकले सामाजिक हित प्रवर्द्धन गर्न, वित्तीय साक्षरता वृद्धि गर्न, सांस्कृतिक तथा आर्थिक सबलीकरणमा टेवा पुऱ्याउन एवं पछाडि परेका वर्गहरुको उत्थान गर्नको लागि समेत आफ्नो ठूलो कर्तव्य र जिम्मेवारी ठानेको छ । सोही जिम्मेवारी वोधलाई चरितार्थ गर्न समीक्षा अवधीमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यहरुमा प्रत्यक्ष रुपमा कुल ३ करोड २३ लाख रुपैयाँ योगदान गरेको छ ।

त्यस्तै, बैंकले गत आर्थिक वर्ष सम्ममा प्रत्यक्ष र अप्रत्यक्ष कर गरी करीब २ अर्ब ६५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानि गरेको तथा आ.व. २०७६/७७ मा नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा कुल २ करोड १३ लाख रुपैयाँ योगदान गरको समेत सगौरव अवगत गराउँदछु ।

- **संस्थागत सुशासनमा हामी**

संस्थागत सुशासन नै दीर्घकालीन व्यवसायिक सफलताको कडि हो भन्नेमा बैंक विश्वस्त रहेको छ । बैंकको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, जिम्मेवारीको विभाजन, पारदर्शिता, व्यवसायिक आचरण, ऐन कानूनहरुको परिपालना, नीतिगत र प्रक्रियागत व्यवस्थाहरुको तर्जुमा एवं परिपालना लगायतका संस्थागत सुशासनका क्षेत्रहरुमा बैंकले नेपालको बैंकिङ्ग क्षेत्रकै उत्कृष्ट अभ्यास गर्दै आइरहेको छ ।

- **कोभिड-१९ महामारी र हामी**

कोभिड-१९ बाट सिर्जित समस्याहरु निषेधात्मक तरिका बाट नभई कुशल व्यवस्थापनबाट सामना समाधान गर्न सकिन्छ भन्ने हाम्रो शुरु देखिकै बुझाई रहिआएको छ । त्यसैले हामी कोभिड-१९ रहित वातावरणको प्रतिक्षा नगरी यस महामारी कै विचमा व्यवसायिक अवसरहरुको पहिचान गर्नु र यहि वातावरण मै यथासक्य राम्रो गर्नु नै सहि बाटो हो भन्ने हाम्रो मान्यता रहेको छ ।

यसैगरी यो अवस्था फरक किसिमको रहेकोले यससँग जुध्न फरक तवरले व्यवस्थापकीय निर्णय लिनुपर्ने तथ्यलाई मध्यनजर गर्दै यस बैंकले ने.रा. बैंकले निर्देशन गरेको भन्दा पनि बढी ब्याजमा छुट, हर्जाना ब्याज छुट, लगायतका विभिन्न आकर्षक योजना अघि सारी गत आर्थिक वर्षको अन्त्यमा भाखा नाघेको ब्याज रकम अत्यन्त न्युन तहमा कायम गर्न सफल भएको छ । यी र यस्तै कदमहरुको समष्टिगत फलस्वरुप, हाम्रा व्यवसायिक सुचकहरु यस विषम परिस्थितीमा झनै अब्बल हुँदै गइरहेका छन् ।

- **मानव संशाधन प्रतिको हाम्रो आस्था**

  कर्मचारीहरुको अथक परिश्रम, लगनशीलता र दक्षता नै बैंक सफलताको मेरुदण्ड हो भन्नेमा बैंक विश्वास गर्दछ । कुनैपनि संस्था उत्कृष्ट रणनीतिले मात्र उत्कृष्ट हुने होइन, उत्कृष्ट कार्यान्वयनले उत्कृष्ट बन्ने हो र उत्कृष्ट कार्यान्वयन उत्कृष्ट मानव संसाधनबाट मात्र सम्भव हुन्छ भन्नेमा हामी प्रष्ट छौं । त्यसैले हाम्रा कर्मचारी वर्गलाई हामी बहुमूल्य ह्युमन क्यापिटलको रुपमा लिई वहाँहरुको ज्ञान, सीप र क्षमताको विकासलाई हामीले उच्च प्राथमिकतामा राखेका छौं ।

- **धन्यवाद ज्ञापन**

  यस एन आई सी एशिया बैंकलाई नेपालको बैकिङ्गमा उत्कृष्ट बैंकको रुपमा स्थापित गराउन अहोरात्र आफ्नो सर्वोपरी योगदान दिनुभएका बैंकको संचालकज्यूहरु प्रमुख कार्यकारी अधिकृत, डिएनए ओभरसाइट कमिटि, उच्च व्यवस्थापनका अन्य पदाधिकारीहरु लगायत विभिन्न तह, तप्का र जिम्मेवारीका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद दिँदै बैंकको यो प्रगतिमा उहाँहरुको देनको उच्च सम्मानका साथ बैंकको यस अभुतपूर्व सफलताको श्रेय उहाँहरु सबैलाई अर्पित गर्न चाहन्छु ।

साथै, बैंकलाई यस अवस्थामा ल्याउन निरन्तर आफ्नो अमुल्य राय, सुझाव एवम् मार्गदर्शन प्रदान गर्नुहुने नियामक निकायहरु, शेयरधनी महानुभावहरु एवम् ग्राहकवर्गहरुलाई हार्दिक नमन गर्दै भविष्यमा पनि सदा झैं साथ, सहयोग एवम् मार्गदर्शन प्राप्त हुने आशा एवम् विश्वास राख्दै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

**तुलसीराम अग्रवाल**

अध्यक्ष

## प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेज्यूको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

समीक्षा वर्षमा विश्वले कोभिड-१९ महामारीको सामना गर्नु परेको छ। समिक्षा वर्षको तेस्रो त्रैमासको उत्तरार्द्धबाट देखिएको कोरोना महामारीको समस्या अझै सम्म कायम नै रहेको छ। यस महामारीले मुख्यतया: स्वास्थ्य जोखिममा वृद्धि, जिवन क्षतिमा वृद्धि र आर्थिक क्षतिमा बृद्धि लगायतका समस्याहरुमा विश्वका सबै राष्ट्रहरुलाई जकडेको छ। कोभिड-१९ को महामारीले नेपालमा समेत निकै ठुलो कहर मच्चाएको छ। तथापी यस महामारीको प्रभावलाई न्युन राख्न राष्ट्रिय र नियामकीय प्रयास जारी छ। नियामक निकाय नेपाल राष्ट्र बैंकले यसलाई सम्बोधन गर्न समय समयमा आवश्यकता अनुसारको निती, निर्देशन तथा मार्गदर्शनहरु जारी गर्दै आएको छ।

यस्तो जटिल अवस्थामा पनि बैंकले सेवाग्राहीको आवश्यकतालाई उच्च प्राथमिकतामा राखि निरन्तर गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ। बैंकले यस महामारीको समयमा समेत कुनै पनि सेवाग्राहिलाई सेवा प्राप्त गर्न बाट बन्चित राखेको छैन। भौतिकका साथै बैंकले नविनतम र अत्याधुनिक डिजीटल सेवा प्रदान गरेको छ। सेवाग्राहीलाई विश्वासनिय सेवा दिनु बैंकको पहिलो प्राथमिकता हो भन्ने मान्यतालाई शिरोधार्य गर्दै बन्दाबन्दीमा समेत बैंकले यसलाई अझै सुदृढ पार्ने प्रयास गरेको छ।

कोभिड-१९ ले निम्त्याएको कठिन आर्थिक परिस्थितिमा पनि समीक्षा अवधिमा बैंकको प्रदर्शन भने उत्साहजनक नै रहेको छ। बैंकले समीक्षा अवधीमा रु ३.०९८ अर्ब खुद नाफा आर्जन गर्न सफल भएको छ जुन आँफैमा उल्लेखनिय रहेको छ। बैंकले निक्षेप र कर्जावृद्धिमा पनि उल्लेख्य सफलता हासिल गरेको छ। समीक्षा अवधिमा निक्षेप रु २१०.८४ अर्ब पुगेको छ भने कर्जा रु १७३.७४ अर्ब पुगेको छ। बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६४ एटिएम, १०२ वटा एक्स्टेन्सन काउण्टर एवं ७० वटा शाखा रहित बैंकिङ्गमार्फत बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक बन्न सफल भएको छ। २२ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू उत्साहप्रद रहेको छ। वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बभाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा बैंकले शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ।

कोभिड-१९ बाट श्रृजित प्रतिकुल स्थितिमा समेत पनि समीक्षा वर्षमा बैंकको वित्तीय प्रदर्शन भने सन्तोषजन रहेको छ। बैंकको वासलातको आकार १४ प्रतिशतले बढोत्तरी भएको छ। यस्तै, बैंकको निक्षेप १७ प्रतिशतले बढ्नुका साथै कर्जा १६ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा निक्षेप रु २१०.८४ अर्ब पुगेको छ भने कुल कर्जा रु १७३.७३ अर्ब पुगेको छ। साथै, बैंकको लगानी ५८ प्रतिशतको वृद्धि भई रु ३०.५८ अर्ब पुगेको छ। यसै गरी बैंकको निष्कृय कर्जा अनुपात ०.७५ प्रतिशत रहेको छ, जुन समग्र वाणिज्य बैंकको तुलानामा भने कम नै रहेको छ।

साथै, कर्जा, निक्षेप, मुनाफा लगायतका व्यवसायका विविध विधाहरुमा बैंकले उत्कृष्ट उपलब्धी हासिल गर्दै आइरहेको छ। म बैंकले आर्थिक वर्ष २०७६/०७७ मा हासिल गरेको प्रमुख उपलब्धिहरु देहाय बमोजिम राख्न चाहन्छु :

१ बचत निक्षेप तर्फ वार्षिक वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. १६ अर्ब २७ करोड सहित ११ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक बचत निक्षेप वृद्धिको हिसावले यस बैंक निजी क्षेत्रका बैंकहरुमध्ये पहिलो स्थानमा रहेको।

२ चल्ती र बचत निक्षेप तर्फ वार्षिक वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. २२ अर्ब १९ करोड सहित ९.९ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक चल्ती र बचत निक्षेप वृद्धिको हिसावले यस बैंक पहिलो स्थानमा रहेको।

३ कुल निक्षेप तर्फ वार्षिक वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. ३८ अर्ब ४१ करोड सहित ७.९ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक निक्षेप वृद्धिको हिसावले यस बैंक निजी क्षेत्रका बैंकहरुमध्ये पहिलो स्थानमा रहेको।

४ कुल कर्जा तर्फ वार्षिक वृद्धि रकम (मर्जर/एक्वीजिसन बाहेकको वार्षिक वृद्धि रकमको हिसावले) रु. २३ अर्ब ४ करोड सहित ७.६ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक कर्जा वृद्धिको हिसावले यस बैंक पहिलो स्थानमा रहेको।

५ गैर व्याज आम्दानी तर्फ वार्षिक वृद्धि रकम रु. ६१ करोड सहित २४ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक गैर व्याज आम्दानी वृद्धिको हिसावले यस बैंक निजी क्षेत्रका बैंकहरुमा पहिलो स्थानमा रहेको।





६ कुल सञ्चालन आम्दानी तर्फ वार्षिक वृद्धि रकम रु. १ अर्ब २२ करोड सहित १५.९ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक खुद आम्दानी वृद्धिको हिसावले यस बैंक दोश्रो स्थानमा रहेको ।

७ समग्र वाणिज्य बैंक क्षेत्रको खुद मुनाफाको वृद्धिदर १२ प्रतिशत ऋणात्मक रहेको अवस्थामा समेत यस बैंकको खुद मुनाफा उल्लेखनिय रहेको ।

८ मोबाइल बैंकिङ्ग सेवाग्राही तर्फ वार्षिक वृद्धि ३०६,७१८ सहित ११ प्रतिशतको बजार हिस्सा ओगटि मोबाइल बैंकिङ्ग सेवाग्राहीको संख्यामा वार्षिक वृद्धिको हिसावले यस बैंक पहिलो स्थानमा रहेको ।

९ डेबिट कार्ड सेवाग्राही तर्फ वार्षिक वृद्धि २८९,१६८ जना सहित ४८ प्रतिशतको बजार हिस्सा ओगटि वार्षिक डेबिट कार्ड सेवाग्राही संख्यामा वृद्धिको हिसावले यस बैंक पहिलो स्थानमा रहेको ।

१० समग्र निजी क्षेत्रको बैंकहरुको औसत ईक्विटीमा प्रतिफल ११.८३ प्रतिशत रहेकोमा यस बैंकको ईक्विटीमा प्रतिफल १९.२६ प्रतिशत रहि निजी क्षेत्रका बैंकहरुमा पहिलो स्थानमा रहेको ।

११ समग्र निजी क्षेत्रको बैंकहरु औसत प्रति शेयर आम्दानी रु २०.०८ रहेकोमा यस बैंकको प्रति शेयर आम्दानी रु ३१.८९ रहि निजी क्षेत्रका बैंकहरुमा दोश्रो स्थानमा रहेको ।

आ.व २०७६/७७ लाई Year of Experience Transformation को रुपमा Celebrate गर्दै बैंकले ग्राहकको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम, विश्वस्तरीय, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ । यसको निम्ति प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, आदि समग्र पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई थप सक्षम बनाउँदै ग्राहकवर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरतालाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ । ग्राहक सेवामा सुधार ल्याउनको निम्ति छुट्टै Experience Enrichment विभागको गठन गरी प्रभावकारी कार्यवहन सुनिश्चित गर्दै आएको छ । उक्त विभागले तोकिएको न्युनतम turn around time मा ग्राहकवर्गलाई उच्चतम सेवा प्रदान गरे नगरेको सम्बन्धमा निरन्तर पुनरावलोकन गरी सुनिश्चित गर्दै आएको छ । Customer delight, integrated seamless experience, sustainable guaranteed service delivery को लक्ष्य केही हद सम्म बैंकले पुरा गरिसकेको छ भने अझै उत्कृष्ट हुन बैंकले निरन्तर प्रयास गर्दै आएको छ । ग्राहकको निरन्तर रुपमा Experience Enrichment र Experience Transformation मार्फत Bank of first choice बन्ने बैंकको अभिलाषा क्रमश: सफल हुँदै गईरहेको छ ।

प्रभावकारी मानव संशाधन विकास नै बैंक सफलताको आधार हो र सन्तुष्ट र सीपवान मानव संशाधन नै सफलताका Drivers हुन् भन्ने मान्यता बैंकको रहि आएको छ । बैंकको यहि मान्यता अनुरुप आफ्ना कर्मचारीहरुको तलब भत्ता, Incentives, वृत्तिविकास र Overall सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्ने कार्यलाई बैंकले समीक्षा अवधिमा समेत निरन्तरता दिएको छ ।

समीक्षा अवधिको अन्त्यमा बैंकमा २,९०८ कर्मचारी कार्यरत छन् । बैंकले कर्मचारीका अधिकार Instrumental Empowerment, Instrumental Enablement, Professionalism, Fair Merit, र Empathetic Leadership सुनिश्चित गरेको छ । संस्थाको उत्पादकत्वमा वृद्धि ल्याउन, कर्मचारी पलायनलाई निरुत्साहित गर्न, कर्मचारीलाई आफ्नो काम कर्तव्यमा पोख्त गराउन र सामुहिक योगदानबाट संगठनको ख्याति बढाउन तालिम तथा वृत्ति विकासको महत्वलाई मनन गर्दै बैंकले समीक्षा वर्षमा तालिम तथा वृत्ति विकासमा रु ६.१९ करोड लगानी गरेको छ । बैंकले कर्मचारीहरुको लागि आन्तरिक, बाहृय तथा अन्तर्राष्ट्रिय तालिम तथा वृति विकास कार्यक्रम आयोजना गरेको छ । समिक्षा अवधिमा बैंकले २,३५६ आन्तरिक र ८८ बाहृय तालिम तथा वृति विकास कार्यक्रम आयोजना गरेको छ । साथै, १५ अन्तर्राष्ट्रिय कार्यक्रम पनि आयोजना गरेको छ । कर्मचारी तालिम तथा वृति विकास कार्यक्रममा कुल ५३,२०६ कर्मचारी सहभागिता रहेको थियो ।

सुचना प्रविधिमा भएको द्रुतस्तरको विकासलाई बैंकिङ्ग सेवामा उपयोग गरी तुलनात्मक सुचना प्रविधिको युग हो भन्ने तथ्य बैंकले मनन गरेको छ । सुचना प्रविधिमा भएको द्रुतस्तरको विकासलाई बैंकिङ्ग सेवामा उपयोग गरी तुलनात्मक लाभको अवस्था श्रृजना गर्नुनै अवको सहि बाटो हो भन्ने मान्यतालाई बैंकले अंगिकार गरेको छ । यससँगै डिजिटल बैंकिङ्गलाई अबको बैंकिङ्ग अभ्यासको मूल कडी बनाई Cost घटाउने, Customer Experience Enrichment सुदृढ बनाउने र Turn Around Time घटाउने बैंकका मुलभुत उद्देश्य हासिल गर्ने बैंकको अभिलाषा पूर्ति हुनेमा बैंक विश्वस्त रहेको छ ।

समीक्षा वर्षमा बैंकले डिजिटल बैंकिङ्ग क्षेत्रमा Online Account Opening, Credit Card Online Application, Analytica Application, Mobile Banking Version Upgradation, Missed Call Banking Service, Saathi Chatbot लगायतका थुप्रै कार्यहरु सम्पन्न गरेको तथा विद्यमान डिजिटल बैंकिङ्ग सेवा तथा सुविधाहरुमा समेत थप सेवा तथा सुविधाहरु बिस्तार गर्दै लगेको छ । बैंकले Real Time Basis मा वित्तीय कारोवार गर्ने व्यवस्था मिलाईसकेको छ भने Electricity Bill, Telephone Bill, Mobile Recharge, Top up facility लगायतका सुविधाहरु मोबाइल बैंकिङ्गबाट प्रदान गर्दै आएको छ । साथै, बैंकले iServe मा online cash deposit voucher, online cheque deposit voucher जस्ता सुविधा पनि थप गरेको छ । मोबाइल बैंकिङ्ग सेवा नवीकरण, अनब्लक, ब्लक, तथा पिन रिसेट गर्ने एवं मौज्दात विवरण, चेक अनुरोध, ई-कमर्श दर्ता, ब्यालेन्स सर्टिफिकेट अनुरोध, ABBS सुविधा र स्टेटमेन्ट अनुरोध गर्नका लागि समेत iServe मार्फत सेवा दिईरहेको छ । ग्राहकलाई digital

transaction मा प्रोत्साहन गर्न बैंकले happy hour, digital उत्सव लगायतका विभिन्न campaign, छुट र क्यास ब्याक ल्याइ रहेको छ।

यस बैंकले डिजिटल बैंकिङ्गलाई प्राथमिकतामा राख्दै समय अनुरुप ग्राहकमैत्री एवं प्रोत्साहनमुलक योजनाहरू ल्याउदै आएको सर्वविदितै छ। यसै क्रममा बैंकले आफ्ना मोबाइल बैंकिङ्ग वा कार्ड (डेबिट र क्रेडिट) प्रयोगकर्ताहरूलाई देशभरका २,३०० वटा भन्दा बढी अस्पताल, होटल तथा रेष्टुरेन्ट, डिपार्टमेन्ट स्टोर लगायतमा सेवा लिई लागत रकम भुक्तानी गर्दा कारोबार रकमको ३० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ।

बैंकले डिजिटल बैंकिङ्गतर्फ उल्लेखनिय उपलब्धी हासिल गर्दै बैंकले हाल ८ लाख ३२ हजार डेबिट कार्ड, ११ लाख ४३ हजार मोबाइल बैंकिङ्ग र १ लाख १५ हजार इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताहरू पुऱ्याएको छ भने १५ हजार भन्दा बढी QR Merchants र करिब ४ हजार POS Merchants मार्फत आफ्ना ग्राहकहरूलाई डिजिटल बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।

यी सबै कार्यका साथ हामी *"Digital First Bank"* बन्न हरेक दिन क्रियासिल रहेका छौ। *'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि'* भन्ने मूल नाराका साथ लाखौं ग्राहक महानुभावहरूमाझ उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस एन आई सी एशिया बैंकले ऋणी, सरकार र आमनागरिकलाई सहयोग गर्दै आएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस COVID-19 रोगको संक्रमणलाई फैलिन नदिन एवं सोको रोकथाम तथा नियन्त्रणका लागि सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारद्वारा स्थापित कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रू १ करोड ७ लाख ५९ हजार सहयोग प्रदान गरेको छ। कोरोना महामारीको यो असाधारण समयमा मुलुकको हित रक्षाको लागि आ-आफ्नो हिसाबले योगदान पुऱ्याउनुपर्ने आजको टड्कारो आवश्यकतालाई हरसम्भव सम्बोधन गर्न यस बैंकले आफ्नो संस्थागत सामाजिक उत्तदायित्व बहन गर्दै नेपाल सरकारद्वारा स्थापित उक्त कोषको बैंक खातामा रकम जम्मा गरेको छ।

यसका साथै बैंकले देशका सातै प्रदेश सरकारलाई रू १५/१५ लाख गरी कुल रू १ करोड ५ लाख रकम प्रदान गरेको छ। उक्त सहयोग रकममा बैंकको तर्फबाट रू १० लाख र कर्मचारीको तर्फबाट रू ५ लाख समावेश गरी रू १५ लाखका दरले प्रत्येक प्रदेश सरकारलाई सहयोग गरेको छ। साथै, बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बन्दाबन्दीको बेला देशका विभिन्न क्षेत्रमा दैनिक ज्याला मजदुरी गर्नेहरूलाई विभिन्न प्रादेशिक तथा स्थानीय सरकार लगायतसँगको सहकार्यमा करिब रु ४८ लाख बराबरको चामल, तेल, नुन, दाल लगायतका खाद्यान्न सामग्रीहरू समेत वितरण गरेको छ।

कोभिड-१९ बाट आफ्ना ऋणीहरूमा परेको असर न्यूनीकरण गर्न ब्याजदरमा विभिन्न किसिमको सहुलियत प्रदान गरेको छ। राष्ट्र बैंकको ब्याज सहुलियत निर्देशिकाको पूर्ण कार्यान्वयन गर्नुका साथै बैंकले आफ्नै नीति अनुरुप ब्याज रकममा १० प्रतिशत छुट दिँदै कुल रु ३८.६ करोड सहुलियत दिएको छ।

भोलीका ठुला योजनाका लागि हामीले आज देखि नै तयारी सुरु गर्नु आवश्यक रहन्छ। तसर्थ, हाम्रा महत्वपूर्ण function लाई बिकास गर्नका निम्ती आर्थिक वर्ष २०७७/७८ मा Instrumental Foundation for big leap forward भन्ने theme लिएका छौं। जस अन्तर्गत हामीले burden लाई ambition, plan लाई execute, feature लाई benefit, satisfy लाई delight, ensure लाई enable, rigid लाई dynamic, quantity लाई quality मा रुपान्तर गर्दै बैंकलाई भोलिका चुनौती सामना गर्न आजदेखि नै मजबुद बनाउँदै जाने रणनीतिलाई निरन्तरता दिएका छौं।

हामीलाई यस प्रकारको उच्चस्तरमा पुऱ्याउन अतुलनिय योगदान पुऱ्याउनु हुने सम्पूर्ण ग्राहकवर्गहरु, नियामक निकायहरु, सेवाप्रदायक/आपूर्तिकर्ताहरु, व्यवसायिक प्रतिष्ठानहरु तथा शेयरधनी महानुभावहरुमा यस बैंकको तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु। बैंकको यस यात्रामा अनवरत रुपमा उत्कृष्ट साथ, सहयोग, मार्गदर्शन र सद्भावका साथ सदा क्रियाशिल भइरहने यस बैंकको सञ्चालक समितिको अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालकज्यूहरु प्रति विशेष रुपले हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु। साथै, बैंकको विभिन्न तह र तप्कामा रहि सदा सर्वदा अहोरात्र साथ दिइरहनुहुने DNA Oversight Committee Members लगायत बैंकको Head Office, Provincial Offices, Branch Offices, Extension Counters लगायतका कार्यालयहरुमा रही आ-आफ्नो स्थानबाट आफ्नो पूर्ण क्षमताका साथ मन, बचन र कर्मले सदा क्रियाशिल रहनुहुने मेरा सबै सहकर्मी साथीहरुको अमुल्य योगदानको कदर गर्दै सोको लागि हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत
मिति : २०७७ मंसिर २१ गते, आईतबार

# व्यवस्थापन समिति



तल दाँयाबाट क्रमश: सन्तोष कुमार राठी सहायक प्र.का.अ - इमेज एन्ड एक्सपिरियन्स् प्रोजेक्सन, प्रमोसन एन्ड परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम, जयन्द्र रावल सहायक प्र.का.अ - क्रेडिट कन्ट्रोल, क्रेडिट अपरेसन एण्ड लिगल ईको सिस्टम, सुधिर नाथ पाण्डे नायब प्रमुख कार्यकारी अधिकृत, रोशन कुमार न्यौपाने प्रमुख कार्यकारी अधिकृत, कपिल ढकाल सहायक प्रमुख कार्यकारी अधिकृत, राजेश रावल सहायक प्र.का.अ - परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम

माथि दाँयाबाट क्रमश: राजु प्रसाद अधिकारी प्रमुख आन्तरिक लेखापरीक्षक, नारायण सुन्दर शिल्पकार वरिष्ठ प्रबन्धक- एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, दिनेश भारी (प्रमुख कानुन), रुपेश लुईटेल प्रमुख वित्त अधिकृत, सुमन थपलिया प्रमुख बि.पि.आर , परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम, विशाल सिग्देल प्रमुख रणनीति अधिकृत, भेष राज खतिवडा सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, प्रकाश बराल प्रमुख कर्जा अधिकृत, रन्जन खड्का सहायक महाप्रबन्धक -स्ट्रटेजिक रीसोर्स पेनीट्रेसन ईको सिस्टम, अर्जुन राज खनिया चिफ क्वालिटी एशुरेन्स् ईको सिस्टम, कैलाश गौतम प्रमुख डि एन ए एण्ड ट्यालेन्ट म्यानेजमेन्ट, जनरल एडमिनिस्ट्रेशन एण्ड प्रोजेक्ट एण्ड ब्रान्डिङ्ग, दिपेन्द्र बहादुर राजभण्डारी प्रमुख जोखिम अधिकृत, बपिन राजभण्डारी प्रमुख प्रविधि अधिकृत, दिपेन कार्की कम्पनी सचिव

# सञ्चालक समितिको प्रतिवेदन २०७६/७७

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस बैंकको तेइसौं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएकोमा बैंक सञ्चालक समिति एवं सम्पूर्ण बैंक परिवारको तर्फबाट म यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

विश्वव्यापी कोरोना माहामारीले सबै प्रकृतिका व्यवसायमा प्रतिकुल परिस्थिति श्रृजना गरेको छ । विश्व अर्थतन्त्र कोरोनाको प्रतिकुल परिस्थितिमा जुध्न परेको अवस्था रहेको छ । यस्तो कठिन परिस्थिति बाबजुद बैंकले आर्थिक वर्ष ७६/७७ मा पनि उत्साहजनक उपलब्धी हासिल गरेको छ ।

समीक्षा अवधिमा बैंकको दीर्घकालीन रणनीति "VISION 18-22" लक्षित दीर्घकालीन लक्ष्य हासिल गर्ने तर्फ बैंक उन्मुख रहेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु । सोही दीर्घकालीन रणनीति अनुरुप बैंकले समीक्षा अवधिमा हासिल गरेको केही ठोस उपलव्धीहरु निम्न प्रकार रहेका छन् :

- बैंकले आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा शाखा बिस्तारमा हासिल गरेको ऐतिहासिक उपलब्धीलाई निरन्तरता दिदै यस आर्थिक वर्ष २०७६/७७ मा पनि थप ३४ वटा शाखाहरु बिस्तार गरेको छ । समग्रमा यस बैंक हाल ३२६ शाखाहरुका साथ नेपालकै नम्बर एक शाखा संजाल भएको वाणिज्य बैंकको रुपमा रहेको छ ।
- समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कुल स्वदेशी निक्षेप वृद्धिमा बैंकले ७.९६ प्रतिशत हिस्सा हासिल गरी वाणिज्य बैंकहरुको कुल स्वदेशी निक्षेपमा ६.२० प्रतिशत बजार हिस्सा ओगट्न सफल भएको छ ।
- बैंकले डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाईल बैंकिङ्ग र ईन्टरनेट बैंकिङ्गमा कुल वृद्धिमा क्रमश ४७.५५ प्रतिशत, १२.१३ प्रतिशत, ११.३२ प्रतिशत र १७.२८ प्रतिशतको उत्साहजनक बजार हिस्सा ओगट्न सफल भएको छ ।
- सञ्चालन मुनाफामा १.७५ प्रतिशतले कमी भएता पनि खुद मुनाफामा भने २.५० प्रतिशतले वृद्धि गर्न सफल भएको छ ।
- ग्राहकवर्गको बैंकिङ्ग अनुभवलाई अझ उत्कृष्ट बनाउन र थप नयाँ ढंगले आफ्नो सेवा तथा सुविधालाई परिष्कृत गरी Experience Transformation हासिल गर्न Experience Support Department अन्तर्गतको Experience Enrichment Unit मार्फत ग्राहकहरुको सेवा तथा अनुभवमा केन्द्रित रही आफ्ना सेवा तथा सुविधाहरु निरन्तर रुपमा समय सापेक्ष परिवर्तन गर्दै लगिएको छ ।
- बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्रै नभई Integrity, Transparency, Fairness लाई सदैव आत्मसात् गर्दै आएको छ । आफ्ना शेयरधनी लगायतका सरोकारवालाहरुको हितलाई वृद्धि गर्न संस्थागत सुशासनलाई सिरोपर्य गरी आफ्नो नीति तथा नियमहरुको अनुपालना पारदर्शी रुपमा भएको सुनिश्चित गरेको छ ।
- बैंकको यथातथ्य प्रणालीलाई स्वचालित गरि ग्राहकलाई छिटो र छरितो ढङ्गबाट सेवा प्रदान गर्ने योजना मुताविक Digital Transformation Unit मार्फत नगद तथा चेक जम्मा गर्न, Mobile Banking Service Request, Cheque book Request, Balance Inquiry Request, Balance Certificate Request, Balance Statement Request र E-commerce Registration सेवाहरु स्वचालित गरेको छ ।
- बैंकले वार्षिक प्रतिवेदनका साथै एकीकृत प्रतिवेदन प्रकाशन गर्दै आएको छ , जसले बैंकको पारदर्शीतालाई थप उचाइमा पुऱ्याएको छ ।

समीक्षा अवधिमा दीर्घकालीन रणनीतिले निर्दिष्ट गरेका विषयहरु जस्तै व्यक्तिगत, साना तथा मझौला कर्जा एवं चल्ती र वचत निक्षेपमा बिशेष जोड, ग्राहकवर्गको संख्या तथा आधार वृद्धिमा बिशेष जोड तथा गैर व्याज आम्दानीको हिस्सा बढाउने लगायतका रणनीतिहरुको सफल कार्यान्वयनका लागि यथेस्ट साधन परिचालन गर्दै दीर्घकालिन लक्ष्य प्राप्तिका लागि बैंक सशक्त रुपमा अगाडी बढेको जानकारी गराउँदछु ।

समग्रमा, बैंकलाई निकट भविष्यमा नै एक नयाँ उचाईमा पुऱ्याउनेमा हामी प्रतिवद्ध छौं, जसलाई यस वर्ष बैंकले हासिल गरेको व्यवसायिक तथा वित्तीय नतिजाले समेत थप उजागर गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा बैंकले गरेका प्रगतिहरु, उपलब्धिहरु, बैंक सञ्चालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैंकको तेईसौं वार्षिक साधारण सभामा प्रस्तुत गरेको छु ।

## क. आर्थिक वर्ष २०७६/७७ मा बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७६/७७ को प्रगति विवरण समग्रमा निम्न अनुसार रहेको छ :

*(रकम रु. दश लाखमा)*

| | आषाढ मसान्त २०७६ | आषाढ मसान्त २०७७ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ८,८३४ | ९,७१८ | १०.०% |
| निक्षेप | १८०,५७५ | २१०,८४३ | १६.८% |
| कुल कर्जा | १५०,१०८ | १७३,७४२ | १५.७% |
| लगानी | १९,३५७ | ३०,५८२ | ५८.०% |
| कुल सम्पत्ति | २२०,५८५ | २५०,५९० | १३.६% |
| सञ्चालन मुनाफा | ४,५१४ | ४,४३५ | (१.७%) |
| खुद नाफा | ३,०२३ | ३,०९९ | २.५% |
| खुद नाफा/कुल सम्पत्ति (प्रतिशत) | १.५६ | १.३२ | (१५.४%) |
| खुद नाफा/नेटवर्थ (प्रतिशत) | २२.७३ | १९.२६ | (१५.३%) |
| निष्कृय कर्जा/कुल कर्जा अनुपात (%) | ०.४६ | ०.७५ | ६३.०% |
| प्रति शेयर आम्दानी (रु) | ३४.२२ | ३१.८९ | (६.८%) |

**लगानी (रु दश लाखमा)**




**चुक्ता पूँजी (रु दश लाखमा)**




**कुल सम्पत्ति (रु दश लाखमा)**




**निक्षेप (रु दश लाखमा)**




**सञ्चालन मुनाफा (रु दश लाखमा)**




**कर्जा तथा सापटी (रु दश लाखमा)**




**खुद मुनाफा (रु दश लाखमा)**



समीक्षा अवधिमा बैंकको कुल कर्जा १५.७ प्रतिशतले वृद्धि भई रु १७३.७४ अर्ब पुगेको छ भने निक्षेप १६.८ प्रतिशतले वृद्धि भई रु २१०.८४ अर्ब पुगेको छ। सोही अवधिमा समग्र वाणिज्य बैंकिङ्ग क्षेत्रको कर्जा तथा निक्षेपमा क्रमश: १२ प्रतिशत र १७ प्रतिशतले वृद्धि भएको छ। साथै, बैंकको वासलातको आकार १४ प्रतिशतले वृद्धि भई रु. २५०.५९ अर्ब पुगेको छ।

आ.व. २०७६/७७ मा बैंकले अघिल्लो वर्षको तुलनामा सञ्चालन मुनाफामा १.७ प्रतिशतको कमी र खुद मुनाफामा २.५ प्रतिशतको वृद्धि भई क्रमश: रु ४.४३ अर्ब तथा रु ३.१० अर्ब आर्जन गर्न सफल भएको छ। समीक्षा अवधिमा बैंकको पुँजीमा प्रतिफल र सम्पत्तिमा प्रतिफल क्रमश: १९.२६ प्रतिशत र १.३२ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष क्रमश: २२.७३ प्रतिशत र १.५६ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा गरेको व्यवसाय वृद्धि तथा लगानीले आगामी आ.व. मा बैंकको व्यवसाय तथा मुनाफा आर्जनमा वृद्धि हुने विश्वास गरिएको छ। समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी अघिल्लो वर्ष रु ३४.२२ रहेकोमा ६.८ प्रतिशतको कमी भई रु ३१.८९ रहेको छ।

- **चुक्ता पूँजी तथा पूँजी पर्याप्तता अनुपात**
  आर्थिक वर्ष २०७६/७७ मा बैंकको पूँजी पर्याप्तता अनुपात १३.५० प्रतिशत रहेको छ। समीक्षा अवधिमा बैंकको न्युनतम पूँजी पर्याप्तता अनुपात नियमनकारी संस्था नेपाल राष्ट्र बैंकले तोकेको अनुपात ११ प्रतिशत भन्दा २.५० प्रतिशतले बढी छ।

- **सञ्चित मुनाफा तथा जगेडा कोष**
  समीक्षा अवधिमा खुद नाफामा भएको २.५% को वृद्धिको कारण बैंकको जगेडा कोष ३९ प्रतिशतले वृद्धि भई रु ५.५५ अर्ब पुगेको छ जुन अघिल्लो वर्ष रु ३.९९ अर्ब रहेको थियो। साथै, सञ्चित मुनाफामा ६ प्रतिशतको कमी भई रु १.९८ अर्ब पुगेको छ जुन अघिल्लो वर्ष रु २.११ अर्ब रहेको थियो।

- **निक्षेप**
  समीक्षा अवधिमा बैंकको कुल निक्षेप रु २१०.८४ अर्ब रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १६.८ प्रतिशतको वृद्धि हो। सोही अवधिमा वाणिज्य बैंकहरुको औसत वृद्धिदर करिब १७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा बैंकले मुद्दती निक्षेपमा २६ प्रतिशत तथा वचत निक्षेपमा २० प्रतिशत वृद्धि हासिल गरेको छ भने बैंकको चल्ती निक्षेपमा भने ४३ प्रतिशतले वृद्धि गरेको छ।

बैंकले चालु तथा बचत खाता तर्फको निक्षेप वृद्धि गर्ने रणनीति अनुसार बैंकले समीक्षा अवधिमा "न्यू सुपर चमत्कारीक खाता" योजनाहरु ल्याएको थियो जस कारण बैंकले अघिल्लो वर्षको बचत खाताको निक्षेपमा २८ प्रतिशतले वृद्धि गर्न र ५,८२,३०१ नयाँ खाताहरु खोल्न बैंक सफल भएको छ। आगामी वर्षहरुमा समेत बचत निक्षेप र बचत खाता वृद्धि गर्दै जाने रणनीतिलाई निरन्तरता दिने बैंकको योजना रहेको छ। समीक्षा वर्षको अन्त्यमा बैंकको कुल वचत खाता संख्या २१,८७,०१९ रहेको छ। बैंकको चल्ती तथा बचत निक्षेपले कुल निक्षेपको ४५.१७ प्रतिशत हिस्सा ओगटेको छ, जुन अघिल्लो वर्ष ४२.३३ प्रतिशत रहेको थियो।

यस वर्षको समग्र वाणिज्य बैंकहरुको कुल निक्षेप वृद्धिमा बैंकले ७.९६ प्रतिशत हिस्सा हासिल गरी वाणिज्य बैंकहरुको कुल निक्षेपमा ६.२ प्रतिशत बजार हिस्सा ओगट्न सफल भएको छ, जुन अघिल्लो वर्ष ६.१७ प्रतिशत (समीक्षा अवधिमा वाणिज्य बैंकहरुमा गाभिएका अन्य इजाजतपत्र प्राप्त संस्थाहरुको निक्षेपलाई समेत सोही अवधिको समग्र वाणिज्य बैंकको निक्षेपमा गणना गरिएको छ) थियो।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आषाढ मसान्त २०७७ सम्ममा कुल निक्षेपमा संस्थागत निक्षेपको अनुपात बढीमा ५० प्रतिशत कायम राख्नु पर्नेमा बैंकले सफलतापुर्वक व्यक्तिगत तथा संस्थागत निक्षेप अनुपात तोकेको सीमा भित्रै रहने गरि निम्न बमोजिम कायम गरेको छ :

| निक्षेपको प्रकार | प्रतिशत |
|---|---|
| व्यक्तिगत निक्षेप | ६३% |
| संस्थागत निक्षेप | ३७% |

बैंकले देशभर छरिएर रहेका स–साना निक्षेप संकलनमा बिशेष जोड दिई निक्षेपको आधार मजबुत बनाई आफ्नो निक्षेप बढाउने तर्फ आफ्नो ध्यान केन्द्रित गरिरहेको छ र यसले बैंकको कोषको लागतमा पनि सुधार आउने अपेक्षा गरेको छ।

- **कर्जा तथा कर्जा नोक्सानी व्यवस्था**
  समीक्षा अवधिमा बैंकको कुल कर्जा रकम अघिल्लो वर्षको तुलनामा १६ प्रतिशतले वृद्धि भई रु १७३.७४ अर्ब पुगेको छ। सोही अवधिमा वाणिज्य बैंकहरुको औसत वृद्धि १२ प्रतिशत रहेको छ। समीक्षा वर्षमा यस बैंकले हासिल गरेको १६ प्रतिशत वृद्धि बैंकिङ्ग क्षेत्रको औसत भन्दा माथि रहेको छ। बैंकले आफ्नो कर्जा रणनीति बमोजिम यस वर्ष रिटेल बैंकिङ्ग कर्जामा २३ प्रतिशत, साना तथा मझौला कर्जामा १५ प्रतिशत तथा विपन्न वर्ग कर्जामा ३२ प्रतिशतको वृद्धि हासिल गरेको छ भने कर्पोरेट कर्जामा ८ प्रतिशतले कमी आएको छ।

  आफ्नो दीर्घकालीन रणनीति अनुरुप बैंकले कम जोखिमयुक्त रिटेल तथा उत्पादनमूलक साना तथा मझौला कर्जालाई थप सरलीकृत बनाउनुका साथै ग्राहकको माग पहिचान गरी नयाँ

कर्जा योजनाहरु ल्याई ग्राहकको माझ पहिलो रोजाईको बैंक बन्ने लक्ष्य लिएको छ । सोही रणनीति अनुरुप बैंकले यस वर्ष कर्जा प्रक्रियालाई सहज बनाउनुका साथै कर्जाको दायरा फराकिलो बनाई कर्जामा जोड दिई कुल रिटेल कर्जामा २३ प्रतिशतको वृद्धि हासिल गरेको छ ।

नेपाल राष्ट्र बैंकले कृषिमा १० प्रतिशत र कृषि बाहेक तोकिएका अन्य प्राथमिकताप्राप्त क्षेत्रमा १५ प्रतिशत तोकेकोमा यस बैंकको उक्त क्षेत्रमा कर्जा लगानी क्रमश: १०.२३ तथा १९.८१ प्रतिशत रहेको छ । साथै विपन्न वर्ग कर्जा तर्फको लगानी कुल लगानीको ५ प्रतिशत हुनुपर्ने प्रावधान रहेकोमा यस बैंकको उक्त कर्जामा १३.०६ प्रतिशत लगानी रहेको छ ।

| कर्जा | नेपाल राष्ट्र बैंकले तोकेको सिमा (प्रतिशतमा) | बैंक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| कृषि | १० | १०.२३ |
| उर्जा तथा पर्यटन | १५ | १९.८१ |
| विपन्न वर्ग कर्जा | ५ | १३.०६ |




साथै, नेपाल राष्ट्र बैंकले समय समयमा तोक्ने विभिन्न क्षेत्रहरुको कर्जाको लगानी सिमा हासिल गर्न यस बैंक प्रतिबद्ध रहेको छ ।

समीक्षा अवधिमा बैंकको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो वर्षको रु. १.८७ अर्बबाट बढेर रु २.९९ अर्ब पुगेको छ । यस आर्थिक वर्षमा रु १ अर्ब ११ करोड कर्जा नोक्सानी व्यवस्था खर्चको रुपमा लेखिएको छ । कुल कर्जा नोक्सानी व्यवस्था कुल निष्क्रिय कर्जाको अनुपात २२८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष ०.४६ प्रतिशत रहेको कुल खराब कर्जा र कुल कर्जाको अनुपातमा यस वर्ष वृद्धि भई ०.७५ प्रतिशत कायम भएको छ ।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुपको लक्ष्य हासिल गर्न Granular कर्जा लगानीलाई प्राथमिकतामा राखेको छ । सोही रणनीति अनुरुप भविष्यमा उत्पन्न हुन सक्ने कर्जा जोखिमलाई मध्यनजर गर्दै बैंकको खराब कर्जा तथा कर्जा नोक्सानीलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ कर्जा असुली तथा व्यवस्थापन प्रक्रियालाई थप सुदृढ तथा सबल बनाएको छ ।

- **लगानी**

समीक्षा अवधिमा बैंकको कुल लगानी अघिल्लो वर्षको तुलनामा ५८ प्रतिशतले वृद्धि भई रु ३०.५८ अर्ब पुगेको छ । कुल लगानी मध्ये ट्रेजरी बिल, सरकारी बिल ऋणपत्र तथा अन्य लगानीतर्फ क्रमश: २ प्रतिशत, ८५ प्रतिशत र १३ प्रतिशत लगानी रहेको छ ।

सरकारी ऋणपत्र तथा ट्रेजरी बिल्सको प्रतिफल तथा लगानीका अवसरहरु न्यून रहेको परिस्थितिमा यस बैंकले लगानीयोग्य रकमको उचित सदुपयोग, लगानीमा विविधता अपनाउनु तथा घट्दो लगानीको प्रतिफलमा टेवा लिने हिसाबले उच्च सर्तकता अवलम्बन गरी आफ्नो लगानीको दायरा फराकिलो गराउदै गएको छ ।

बैंकले म्युचुअल फण्ड तथा शेयरमा रु २.७६ अर्ब लगानी गरेको छ। पूँजी बजारमा गरिएको लगानी मुख्यत: लाभांशको रुपमा दीगो प्रतिफल दिने क्षमता भएका कम्पनीहरुमा रहेका छन् र बैंकले समीक्षा अवधिमा उक्त लगानीहरुबाट रु ४.३९ करोड नगद लाभांश प्राप्त गरेको छ ।

- **व्याज आम्दानी**

समीक्षा अवधिमा बैंकको व्याज आम्दानी ७ प्रतिशतले वृद्धि भई रु २०.७२ अर्ब पुगेको छ । समीक्षा अवधिमा बैंकको कर्जातर्फको व्याज आम्दानी ६ प्रतिशतले वृद्धि भई रु १९.४६ अर्ब पुगेको छ भने लगानीतर्फको व्याज आम्दानी ४४ प्रतिशतले वृद्धि भई रु ९० करोड पुगेको छ ।

समीक्षा अवधिमा कर्जा लगानीको क्षेत्रमा समेत न्यून व्याजदर रहने कर्पोरेट कर्जालाई अधिक प्रतिफल आउने रिटेल तथा साना र मझौला व्यवसाय कर्जाले विस्थापित गर्दै लगेको कारणले कर्जा १६ प्रतिशतले वृद्धि हुँदा कर्जातर्फको व्याज आम्दानी ७ प्रतिशतले वृद्धि भएको छ साथै बैंकले न्यून प्रतिफल रहेको ट्रेजरी बिल्सको लगानीलाई उच्च प्रतिफल प्राप्त हुने सरकारी बिल ऋणपत्र लगानीबाट प्रतिस्थापन गर्दै

लगानीतर्फको व्याज आम्दानी ४४ प्रतिशतले वृद्धि कायम गर्न सफल भएको छ ।

- **व्याज खर्च**

  समीक्षा अवधिमा बैंकको व्याज खर्च ६ प्रतिशतले वृद्धि भई रु १३.१२ अर्ब पुगेको छ । समीक्षा अवधिमा बैंकको निक्षेपतर्फको व्याज खर्च ४ प्रतिशतले वृद्धि भई रु १२.०८ अर्ब पुगेको छ भने ऋणपत्रतर्फको व्याज खर्च ६५ प्रतिशतले वृद्धि भई रु ९२.७३ करोड पुगेको छ जुन समीक्षा अवधिमा रु १.९४ अर्बको ऋणपत्र जारी गरेको कारणले सृजित व्याज खर्च हो ।

  निक्षेपमा भएको वृद्धि, न्युन व्याज रहेको माग निक्षेप खाता घट्नु तथा न्युन व्याज रहेको चल्ती तथा वचत खाताको अनुपातमा उच्च व्याज आर्जन गर्ने मुद्दती निक्षेपमा भएको वृद्धि, ऋणपत्र निष्काशनका कारण समीक्षा अवधिमा बैंकको कुल निक्षेप १७ प्रतिशतले वृद्धि हुँदा बैंकको व्याज खर्च समीक्षा अवधिमा ६ प्रतिशतले वृद्धि रहन गयो ।

  बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको कुल निक्षेपमा चल्ती तथा वचत खाताको अनुपातमा वृद्धि गर्दै जाने लक्ष्य अनुरुप बैंकको विभिन्न आकर्षक वचत निक्षेपका योजनाहरु समेत ग्राहक सामु ल्याएको छ । यसबाट आगामी दिनहरुमा बैंकको निक्षेपको लागतमा क्रमिक सुधार आई समग्र बैंकको कोषको लागत कम हुने विश्वास बैंकले लिएको छ ।

- **खुद व्याज आम्दानी**

  समीक्षा अवधिमा व्यापार व्यवसायमा भएको वृद्धि तथा नेपाल राष्ट्र बैंकले तोकेको व्याजदर अन्तरको सिमालाई पालना गरि बैंकको कुशल व्यवस्थापनबाट खुद व्याजदर अन्तरलाई अधिकतम कायम राख्ने प्रयासले बैंकको खुद व्याज आम्दानी अघिल्लो वर्षको तुलनामा ९ प्रतिशतले वृद्धि भई रु ७.६० अर्ब कायम भएको छ ।

  आगामी दिनहरुमा उपलब्ध कोषको अत्याधिक सदुपयोगका लागि कर्जा तथा निक्षेप अनुपातको उचित व्यवस्थापन तथा खुद व्याजदर अन्तरलाई बिशेष जोड दिने रणनीति बैंकले अवलम्बन गरेको छ ।

- **खुद शुल्क तथा कमिशन आम्दानी**

  यस वर्ष बैंकले खुद कमिशन तथा अन्य सञ्चालन आम्दानी तर्फ रु २ अर्ब ४८ करोड आर्जन गर्न सफल भएको छ, जुन अघिल्लो वर्षको तुलनामा १७ प्रतिशतको वृद्धि हो । कर्जा, डेबिट कार्ड, क्रेडिट कार्ड, रेमिट्यान्स आदिबाट आर्जन हुने आम्दानी बैंकको गैह्र कोषमा आधारित भएकोले यस क्षेत्रमा बैंकले आफ्नो रणनितिलाई केन्द्रित गरेको थियो । फलस्वरुप समीक्षा वर्षमा बैंकले उत्साहजनक वृद्धि हासिल गरेको छ ।

  समीक्षा अवधि को अन्त्य सम्म बैंकले १२,०१,२६६ वटा मोबाईल बैंकिङ्ग, ९,८०९ वटा क्रेडिट कार्ड, ८,६६,०७९ वटा डेबिट कार्ड, १,१२,२०४ वटा ईन्टरनेट बैंकिङ्ग, ३,७५८ वटा POS, र १५,०८१ वटा QR code ग्राहकहरुलाई सेवा प्रदान गर्न सफल भएका कारणले खुद शुल्क तथा कमिशनमा उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको छ ।

  बैंकले आर्जन गर्ने खुद मुनाफामा कमिशन तथा अन्य सञ्चालन आम्दानीको हिस्सा बढाउने रणनीति अनुरुप बैंकले समीक्षा अवधिमा विभिन्न नवीनतम सेवा तथा सुविधा बिस्तार गर्नुका साथै विद्यमान सेवामा पनि समय सापेक्ष परिमार्जन गरेको छ ।

- **अन्य सञ्चालन आम्दानी**

  समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन आम्दानी २३७ प्रतिशतले वृद्धि भई रु २५.५९ करोड पुगेको छ, जुन अघिल्लो वर्ष रु ७.६० करोड रहेको थियो । बैंकको अन्य सञ्चालन आम्दानीमा धितोपत्र लगानी बिक्री तर्फको आम्दानीको हिस्सा ९३ प्रतिशत रहेको छ भने वैदेशिक मुद्राको ट्रेडिङ्ग तर्फको आम्दानीको हिस्सा १ प्रतिशत रहेको छ ।

- **कर्मचारी खर्च**

  समीक्षा अवधिमा बैंकको कुल कर्मचारी खर्च १७ प्रतिशतले वृद्धि भई रु २.९१ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु २.४८ अर्ब रहेको थियो ।

  विभिन्न विभाग तथा शाखामा आवश्यक सीप भएको कर्मचारीको माग तथा अभाव परिपूर्ति गर्नका लागि बैंकले समीक्षा अवधिमा विगत वर्षको तुलनामा थप कर्मचारी पदपूर्ति गरेको तथा बैंकले नियमित रुपमा दक्ष कर्मचारीको पदोन्नती तथा वार्षिक कार्य सम्पादन क्षमताको मूल्याङ्कन गरेकोले यस वर्ष कर्मचारी खर्चमा वृद्धि भएको हो । समीक्षा अवधिमा कर्मचारी संख्या २,९०८ पुगेको छ ।

  बैंकले कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा नियमित तालिममा विशेष सजग रही, कर्मचारीहरुको तालिममा समीक्षा अवधिमा रु ६.१९ करोड खर्च गरेको छ, जुन कुल कर्मचारी खर्चको (कर्मचारी बोनस सहित) २.१३ प्रतिशत हुन आउँछ ।

  कर्मचारी नै बैंकको सबैभन्दा मूल्यवान सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकको दीर्घकालीन रणनीति अनुरुप बैंकलाई थप सबल र सक्षम बनाउने उद्देश्यका साथ

बैंकलाई आवश्यक थप जनशक्ति तथा कर्मचारीको क्षमता तथा सीप अभिवृद्धिका लागि गरिएको खर्चलाई बैंकले लगानीको रुपमा लिएको छ र आउँदा दिनहरुमा यसको प्रतिफल व्यवसाय र मुनाफा वृद्धिको रुपमा प्राप्त हुने बैंकले विश्वास लिएको छ ।

- **ह्रास तथा अपलेखन**

समीक्षा अवधिमा बैंकको ह्रास तथा अपलेखन खर्च २४ प्रतिशतले वृद्धि भई रु २५.२७ करोड पुगेको छ, जुन अघिल्लो वर्ष रु २०.४० करोड रहेको थियो । बिस्तारित शाखा तथा कर्मचारी थपका कारण स्थिर सम्पत्तिमा अघिल्लो वर्षको रु.२.६९ अर्बमा २४ प्रतिशतको वृद्धि भई रु.३.३४ अर्ब पुगेकोले ह्रास तथा अपलेखन खर्चमा वृद्धि देखिएको हो ।

- **अन्य सञ्चालन खर्च**

समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन खर्च १५ प्रतिशतले वृद्धि भई रु १.९७ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु १.७१ अर्ब रहेको थियो । यस वर्ष बैंकको कर्मचारीमा भएको वृद्धि, थप भएका नयाँ शाखा, व्यवसायमा वृद्धि हासिल गर्ने लक्ष्य अनुरुप व्यवसाय प्रर्वद्धनका लागि गरिएको कार्यहरु लगायतका कारणहरुले गर्दा कुल सञ्चालन खर्च वृद्धि भएको हो ।

तत्कालका लागि उक्त खर्च उच्च देखिए तापनि बैंकले गरेको लगानीले आगामी दिनमा बैंकको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने तथा कार्यविधि सामान्यीकरण तथा सहजीकरण भई कुल लागत घट्न गई बैंकको वित्तीय नतिजामा सकारात्मक असर पर्ने अपेक्षा बैंकले गरेको छ ।

- **लागत तथा आम्दानीको अनुपात**

समीक्षा अवधिमा बैंकको लागत तथा आम्दानीको अनुपात १.८४ बिन्दुले वृद्धि हुँदा ४८.०६ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्ष ४६.२२ प्रतिशत रहेको थियो ।

सञ्चालन खर्चमा आएको १७ प्रतिशत वृद्धिले लागत तथा आम्दानीको अनुपातमा वृद्धि भएको हो । दिर्घकालिन रणनीति **"VISION 18-22"** अनुसार यस अनुपातलाई क्रमश: घटाउँदै लगिने छ ।

- **नाफा/नोक्सान बाँडफाँड विवरण**

बैंकले यस आर्थिक वर्षमा रु ३.०९९ अर्ब खुद मुनाफा आर्जन गरेको छ र यस मुनाफाको बाँडफाँड विवरण निम्न अनुसार रहेको छ :

*रकम रु दश लाखमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सञ्चित मुनाफा (शुरुको मौज्दात)** | **२,११३** | **९४४** |
| **यस वर्षको खुद नाफा** | **३,०९९** | **३,०२३** |
| पूँजीगत जगेडा कोषबाट रकमान्तर | - | - |
| अन्य विस्तृत आम्दानी (ईक्विटी उपकरणको लगानीमा लाभ) | ३० | - |
| शेयर प्रिमियमबाट रकमान्तर | - | - |
| **जम्मा** | **५,२४२** | **३,९६७** |
| **बाँडफाँड :** | | |
| साधारण जगेडा कोष | ६२० | ६०५ |
| सटही घटबढ कोष | १ | १ |
| एन आई सी एशिया बन्ड फिर्ता जगेडा कोष | ६८३ | १३१ |
| स्थगन कर जगेडा कोष | - | (४२) |
| लगानी समायोजन कोष | ९४ | १२ |
| सामाजिक उत्तरदायित्व कोष | ३१ | ३० |
| नियमनकारी कोष | (२३) | २७२ |
| नगद लाभांश भुक्तानी | ९७६ | ४२ |
| बोनस शेयर बितरण | ८८३ | ८०३ |
| **सञ्चित मुनाफा (अन्तिम मौज्दात)** | **१,९७६** | **२,११३** |

बैंकले यस वर्षको खुद नाफाको २० प्रतिशत अर्थात रु ६२ करोड साधारण जगेडा कोषमा तथा सटही घटबढ कोष, एन आई सी एशिया बन्ड फिर्ता जगेडा कोष, सामाजिक उत्तरदायित्व कोष तथा नियमनकारी कोषमा क्रमश: रु ५.७२ लाख, रु ६८.३ करोड, रु ३.१ करोड र रु -२.३ करोड बाडँफाँड गरेको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन ६.१६ बमोजिम खुद नाफाको १ प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुरुप, बैंकले रु ३.१ करोड उक्त कोषमा रकमान्तर गरेको छ । उक्त कोषबाट बैंकले चालु आर्थिक वर्षमा राष्ट्र बैंकले तोके बमोजिम विभिन्न सामाजिक उत्तरदायित्व कार्यमा खर्च गरी आफ्नो सामाजिक उत्तरदायित्वका कार्यहरु अगाडि बढाउने योजना रहेको छ ।

माथिका सम्पूर्ण रकमान्तर तथा बाँडफाँड पछि बैंकको सञ्चित मुनाफा रु १.९८ अर्ब रहेको छ ।

## (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कारोबारलाई परेको असर

### १. विश्व अर्थतन्त्र

कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथामका लागि विश्वव्यापी रुपमा अवलम्बन गरिएका उपायहरुबाट उत्पादनदेखि आपूर्तिसम्मका श्रृंखला अवरुद्ध भई विश्व अर्थतन्त्र संकुचनमा गएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले जुन २०२० मा अद्यावधिक गरेको वर्ल्ड इकोनोमिक आउटलुक अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र ४.९ प्रतिशतले संकुचन हुने प्रक्षेपण गरेको छ । विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०१९ मा १.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ८ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा ३ प्रतिशतले संकुचन हुने प्रक्षेपण छ। एशियाली अर्थतन्त्र सन् २०२० मा १.६ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। यसमध्ये भारतको अर्थतन्त्र ४.५ प्रतिशतले संकुचन हुने र चीनको अर्थतन्त्र १ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । नेपालको आर्थिक वृद्धि भने १ प्रतिशतमा सीमित हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । कोभिड-१९ का कारण समष्टिगत मागमा संकुचन आउनुका साथै पेट्रोलियम पदार्थको मूल्यमा समेत गिरावट आएकोले मुद्रास्फीति केही न्यून रहेको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले विकसित अर्थतन्त्रहरुमा सन् २०१९ मा १.४ प्रतिशत मुद्रास्फीति रहेकोमा सन् २०२० मा ०.३ प्रतिशत हुने प्रक्षेपण गरेको छ । उदीयमान तथा विकासशील अर्थतन्त्रहरुमा उपभोक्ता मुद्रास्फीति सन् २०१९ को ५.१ प्रतिशतको तुलनामा सन् २०२० मा ४.४ प्रतिशत रहने प्रक्षेपण छ। विश्व अर्थतन्त्रमा देखिएका चुनौतीहरु सामना गर्न अधिकांश मुलुकहरुले विस्तारकारी मौद्रिक एवम् वित्त नीति अवलम्बन गरेका छन्। कोभिड-१९ संकटबाट सिर्जित अनिश्चितताका वाबजुद धेरै मुलुकहरुले आर्थिक क्रियाकलाप सहज बनाउन बन्दाबन्दी लगायतका व्यवस्थाहरु क्रमश: खुकुलो बनाउँदै लगेका छन्।

### २. देशको आर्थिक अवस्था

#### क. कुल गार्हस्थ्य उत्पादन तथा मुद्रास्फीति

आर्थिक वर्ष २०७५/७६ मा ७ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशतमा सीमित रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । कृषि क्षेत्रको वृद्धिदर २.६ प्रतिशत, उद्योग क्षेत्रको ३.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धिदर २ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनसँगको कुल गार्हस्थ्य बचतको अनुपात १८.१ प्रतिशत र कुल राष्ट्रिय बचतको अनुपात ४६ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमश: १९ प्रतिशत र ४८.९ प्रतिशत रहेका थिए । आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पुँजी निर्माणको अनुपात २८.१ प्रतिशत र कुल पुँजी निर्माणको अनुपात ५०.२ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष यी अनुपातहरु क्रमश: ३३.७ प्रतिशत र ५६.६ प्रतिशत रहेका थिए। २०७७ जेठमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.५४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७६/७७ को एघार महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.२८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.५१ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को एघार महिनामा निर्यात ०.२ प्रतिशतले बढेर रु. ८८ अर्ब र आयात १५.३ प्रतिशतले घटेर रु. १,१०० अर्ब ८१ करोड भएको छ। यस अवधिमा व्यापार घाटामा १६.४ प्रतिशतले सुधार आएको छ भने विप्रेषण आप्रवाह ३ प्रतिशतले घटेर रु. ७७४ अर्ब ८७ करोड कायम भएको छ । आर्थिक वर्ष २०७६/७७ को एघार महिनामा चालु खाता घाटा रु. ७१ अर्ब ६४ करोड र शोधनान्तर बचत रु. १७९ अर्ब ३७ करोड कायम भएको छ । आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा चालु खाता घाटा रु. २४९ अर्ब ८ करोड र शोधनान्तर घाटा रु. ९० अर्ब ८३ करोड रहेको थियो । २०७७ जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चित रु. १,३०६ अर्ब ४६ करोड (अमेरिकी डलर १० अर्ब ७९ करोड) पुगेको छ । आर्थिक वर्ष २०७६/७७ को एघार महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग कायम रहेको विदेशी विनिमय सञ्चिति १३.३ महिनाको वस्तु तथा ११.७ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त हुने देखिएको छ। २०७६ असार मसान्तको तुलनामा २०७७ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ९.१५ प्रतिशतले अवमूल्यन भई अमेरिकी एक डलरको खरिद दर रु. १२०.३७ पुगेको छ।

#### ख. वित्तीय क्षेत्रको अवस्था

आर्थिक वर्ष २०७६/७७ को एघार महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १३.३ प्रतिशतले वृद्धि भई रु. ३६६६ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा समेत निक्षेप परिचालन १३.३ प्रतिशतले वृद्धि भई रु. ३१०५ अर्ब ७४ करोड पुगेको थियो। आर्थिक वर्ष २०७६/७७ को एघार महिनामा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जा १०.७ प्रतिशतले वृद्धि भई रु. ३१७२ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.२ प्रतिशतले बढेर रु. २८३६ अर्ब ७ करोड पुगेको थियो । २०७६ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये रु. १५ लाखसम्मको कर्जा १५ प्रतिशत, रु. १५ लाख देखि रु. ५० लाखसम्मको कर्जा २४.९ प्रतिशत, रु. ५० लाखदेखि रु. १

करोडसम्मको कर्जा १०.२ प्रतिशत, रु. १ करोडदेखि रु. ५ करोडसम्मको कर्जा २२.३ प्रतिशत र रु. ५ करोड माथिको कर्जा २७.६ प्रतिशत रहेको छ। २०७७ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्थाहरु समेत) को चुक्ता पुँजी २०७६ असारको तुलनामा ८.२ प्रतिशतले वृद्धि भई रु. ३४९ अर्ब ५९ करोड पुगेको छ । त्यसैगरी, यस अवधिमा पुँजीकोष ९.८ प्रतिशतले बढेर रु. ५१८ अर्ब ५ करोड कायम भएको छ । २०७७ जेठ मसान्तमा वाणिज्य बैंकहरुको पुँजी कोष पर्याप्तता अनुपात १३.४ प्रतिशत, विकास बैंकहरुको १३.४ प्रतिशत र वित्त कम्पनीहरुको १८.७ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा यी अनुपातहरु क्रमश: १४ प्रतिशत, १६ प्रतिशत र २०.४ प्रतिशत रहेका थिए। बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अनुपात २०७६ असार मसान्तमा १.५२ प्रतिशत रहेकोमा २०७६ चैत मसान्तमा १.८१ प्रतिशत पुगेको छ। २०७६ चैत मसान्तमा वाणिज्य बैंकहरुको निष्क्रिय कर्जा अनुपात १.७२ प्रतिशत, विकास बैंकहरुको १.४८ प्रतिशत र वित्त कम्पनीहरुको ६.७६ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाका शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७६ असार मसान्तमा ८,६८६ रहेकोमा २०७७ जेठ मसान्तमा ९,७१६ पुगेको छ। उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३,३६३ बाट घटेर ३,०७५ कायम भएको छ।

आर्थिक वर्ष २०७६/७७ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएकोमा २०७७ जेठ मसान्तमा वार्षिक विन्दुगत वृद्धिदर १७.५ प्रतिशत रहेको छ। मौद्रिक क्षेत्रबाट प्रवाह हुने कर्जामध्ये आन्तरिक कर्जाको वृद्धिदर २४ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर २१ प्रतिशतमा सीमित गर्ने प्रक्षेपण गरिएकोमा २०७७ जेठ मसान्तमा यी कर्जाको वार्षिक विन्दुगत वृद्धिदर क्रमश: १६.९ प्रतिशत र १३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा रु. २१९ अर्ब १५ करोड तरलता प्रवाह भएको छ । यस अन्तर्गत रिपोमार्फत रु. ११५ अर्ब ८७ करोड र स्थायी तरलता सुविधामार्फत रु. १०३ अर्ब २८ करोड प्रवाह भएको छ । आर्थिक वर्ष २०७६/७७ मा रु. ७८ अर्ब तरलता प्रशोचन भएको छ। यस अन्तर्गत रिभर्स रिपोमार्फत रु. ४८ अर्ब र निक्षेप संकलन बोलकवोलमार्फत रु. ३० अर्ब प्रशोचन भएको छ। आर्थिक वर्ष २०७६/७७ मा यस बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४ अर्ब २० करोड खुद खरिद गरी रु. ४९२ अर्ब २४ करोड तरलता प्रवाह गरेको छ । सोही अवधिमा परिवर्त्य विदेशी मुद्रा बिक्री गरी रु. ४४२ अर्ब १३ करोडको भा.रु. खरिद गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा वाणिज्य बैंकहरूबीच रु. १,५०१ अर्ब ४५ करोड र बैंक तथा वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) बीच रु. १२९ अर्ब ४० करोडको अन्तरबैंक कारोबार भएको छ । २०७७ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १.२७ प्रतिशत र वाणिज्य बैंकहरूबीचको भारित औसत अन्तरबैंक दर ०.३५ प्रतिशत रहेको छ । २०७६ असारमा यी दरहरु क्रमश: ४.९७ प्रतिशत र ४.५२ प्रतिशत रहेका थिए। वाणिज्य बैंकहरुको औसत आधार दर २०७६ असारमा ९.५७ प्रतिशत रहेको मा २०७७ जेठमा ८.६६ प्रतिशत कायम भएको छ। त्यसै गरी २०७७ जेठमा कर्जाको भारित औसत ब्याजदर १०.४३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ६.१७ प्रतिशत कायम भएको छ। २०७६ असारमा कर्जाको भारित औसत ब्याजदर १२.१३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ६.६० प्रतिशत रहेका थिए।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,**

मिति २०७७ आषाढ मसान्तपछि बैंकको हितलाई तात्विक असर पर्ने कुनै पनि घटना रहेको छैन।

चालु आर्थिक वर्षको प्रथम त्रैमासको अवस्था अघिल्लो वर्षको सोही अवधिसँग तुलना गर्दा निम्न अनुरुप रहेको छ :

| शीर्षक | असोज मसान्त २०७६ | असोज मसान्त २०७७ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| कुल निक्षेप | १८४.७७ | २४६.१५ | ३३ |
| कुल कर्जा सापट | १६२.८९ | २०३.५६ | २५ |

**१. शाखा विस्तार**

बैंकले आफ्नो दीर्घकालीन रणनीति अनुरुप, शाखा सञ्जालमा व्यापक वृद्धि गर्दै समीक्षा अवधिमा बैंकले ३४ नयाँ शाखा विस्तार गरेको छ । बैंकको कार्य क्षेत्र, सञ्जाल विस्तार तथा व्यवस्थापनका लागि आवश्यक उचित दिशानिर्देश तथा वैज्ञानिक प्रणाली अवलम्बन गर्नका लागि विस्तार तथा व्यवस्थापन नीति लागु गरी सोही अनुरुप कार्यहरु गरिरहेको छ।

समीक्षा अवधीमा बैंकले १६२ नयाँ ATM खोली शाखा रहित बैंकिङ्ग सेवामा टेवा पुऱ्याएको छ।

समीक्षा वर्षमा बैंकले बुढिगंगा मोरङ, ग्रामथाम मोरङ, देवानगंज सुन्सरी, हरिपुर सर्लाही, कटहरिया रौतहट, गैंडाहव रुपन्देही, महाराजगंन्ज कपिलवस्तु, फर्पिङ काठमाडौं, सुन्दरिजल काठमाडौं, ट्याङ्गलाफाँट काठमाडौं, जीरभवानी पर्सा, तिन्चुली काठमाडौं, कालोपुल काठमाडौं, नागपोखरी काठमाडौं, धनुषाधाम जनकपुर, जुम्ला रोड सुर्खेत, दरबार मार्ग काठमाडौं, पुतलिसडक काठमाडौं, ढुङ्गेधारा नरसरी

चोक काठमाडौं, खसीबजार बरपिपल चौतारी काठमाडौं, मंगलबजार ललितपुर, नरेफाट काठमाडौं, बोहराटार काठमाडौं, माछापोखरी काठमाडौं, स्वयम्भु काठमाडौं, मध्य बानेश्वर काठमाडौं, ज्ञानेश्वर काठमाडौं, सानेपा काठमाडौं, लगनखेल काठमाडौं, अनामनगर काठमाडौं, रुकुमकोट रुकुम (पुर्व), सल्लेरी सोलुखुम्बु, दैलेख शाखाहरु बिस्तार गरेको छ ।

यसरी बिस्तारित शाखा सञ्जालले देशको सुगम क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रमा समेत बैंकिङ्ग सुविधाको पहुँच पुग्ने र नेपाल सरकारले अवलम्बन गरेको वित्तीय समावेशीतामा समेत टेवा पुग्ने बैंकको ठहर छ ।

२. **सेवा विस्तार**

बैंकले ग्राहकको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम, परिमार्जित, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ । यसको निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा परिवर्तन अनुरुप सिर्जना भएका आवश्यकता आदि पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउँदै ग्राहकवर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरतालाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ । ग्राहक सेवामा सुधार ल्याउनको निमित्त छुट्टै Experience Enrichment विभागको गठन गरी प्रभावकारी अनुगमन गर्दै आएको छ । बैंकले समीक्षा वर्षमा क्रेडिट कार्ड, POS मेशिन तथा KIOSK जस्ता सेवाहरु व्यापक रुपमा बिस्तार गरेको छ ।

३. **नयाँ योजना**

बैंकिङ्ग क्षेत्रको थप सहज पहुँच पुऱ्याउने लक्ष्यका साथ बैंकले देशका विभिन्न क्षेत्रहरुमा शाखा एवं एक्सटेन्सन काउण्टर खोल्ने योजना बनाएको छ । चालु आर्थिक वर्षमा बैंकको नयाँ शाखा, एटीएम, एक्सटेन्सन काउण्टर बाट ग्राहकलाई विश्वसनिय सेवा प्रदान गर्ने लक्ष्य रहेको छ । साथै, शाखा बिस्तार तथा एक्सटेन्सन काउण्टर खोल्न सम्भव नभएका दुर्गम क्षेत्रहरुमा आर्थिक रुपमा पहुँच बढाउनका लागि शाखा रहित सेवा उपलब्ध गर्ने सोच राखेको छ । बैंकको सम्पूर्ण शाखाहरुमा एटीएम सेवा उपलब्ध गराउने योजना रहेको छ । समीक्षा अवधिमा बैंकले “न्यू प्रिमियम सुपर चमत्कारीक खाता” ल्याई बचतकर्ताहरुलाई उच्च प्रतिफल दिएको छ ।

साथै आउँदा दिनमा समेत यस्तै समय सापेक्ष तथा आधुनिक प्रविधि उन्मुख सेवा मार्फत ग्राहकवर्गको बैंकिङ्ग सेवा सुविधाको अवधारणालाई नयाँ आयाम दिने प्रयास गर्नेछौं ।

बैंकले आ व २०७६/७७ को लागि theme “Instrumental foundation for big leap forward” राखेको छ, जस अन्तर्गत बैंकको Goal, Role, Sales, Support and Control उत्तमबाट अत्युत्तममा पुऱ्याउने प्रतिबद्धत्ता लिईएको छ ।

४. **प्रविधि विकास तथा सूचना व्यवस्थापन प्रविधि**

नेपाल अझै डिजिटल बैंकिङ्ग सेवा प्रवाहमा बिकसित मुलुक भन्दा पछाडी रहेको छ । छिमेकी राष्ट्र भारत र चीनको दाँजोमा पनि नेपाल अझै पछि नै छ । यो भ्याकुम लाई पुरा गर्न NIC ASIA Bank ले बैंकिंङ्ग सेवा प्रवाहलाई थप नयाँ उचाई दिन तथा बैंकलाई जनतामुखी बनाउन “सोच बदलौं” को नारा सहित आफ्नो digital channel लाई सुदृढ गराउने योजना अगाडी सारेको छ । सो योजनाको कार्यान्वयन सँगै बैंकले नेपालमा डिजिटल बैंकिङ्गको पूर्ण कार्यान्वयन, नगद रहित आर्थिक गतिबिधिले पूर्णता र हात हातमा बैंकको अवधरणालाई सुनिश्चित गराउँदछ ।

डिजिटल प्रविधिलाई आफ्नो सेवा प्रवाहमा एकीकरण गरेर बैंकिङ्ग सुबिधा प्रदान गर्ने प्रक्रियालाई lifestyle banking भनिन्छ । NIC ASIA बैंक सो डिजिटल प्रविधिलाई आत्मसात गर्दै आफ्ना सेवाहरु हरेक व्यक्तिको मोबाइलमा पहुँच दिन अग्रसर रहेको छ ।

बैंकले आफ्नो सम्पूर्ण बैंकिङ्ग कार्यहरुलाई Automation गर्ने र कागज रहित कार्यालय वातावरण बनाउने सोच लिएको छ । बैंक आफ्नो सुचना श्रोत र तथ्यांक प्रणालीको सुरक्षाप्रति सदैव संवेदनशील छ । बैंकले सूचना प्रविधि नीति (IT Policy) लागू गरेको छ तथा बैंकको Data Centre Operation, Hardware, Network Security तथा Computer System सम्बन्धी विषयहरुलाई बैंकको Internal Audit ले आवधिक रुपमा लेखापरीक्षण गर्दछ । साथै, बैंकले आफ्नो Information System Audit नियमित रुपमा गराई आफ्नो सूचना व्यवस्थापन तथा सुरक्षालाई थप मजबुत बनाएको छ ।

५. **मानव संशाधन**

बैंकले आफ्नो कर्मचारीहरुलाई सदैव आफ्नो महत्वपूर्ण सम्पत्तिको रुपमा लिएको छ । बैंकको दीर्घकालीन रणनीति अनुरुप बढ्दो व्यापार तथा व्यवस्थित शाखा विस्तार नीतिका कारणहरुले गर्दा यो वर्ष पनि बैंकमा कर्मचारीहरुको संख्यामा वृद्धि भएको छ । बदलिंदो परिवेश, गतिशिल आर्थिक वातावरणमा आफ्नो कर्मचारीहरुलाई समय सापेक्ष, दक्ष र सीपयुक्त बनाउन तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि बैंकले समय समयमा विभिन्न आन्तरिक तथा वाह्य तालिमहरु उपलब्ध गराउँदै आएको छ ।

समीक्षा अवधिमा २,३५६ वटा आन्तरिक तालिम तथा ८८ वटा वाह्य र १५ वटा अन्तर्राष्ट्रिय तालिमहरुमा बैंकका कर्मचारीहरु सहभागी भई निजहरुका क्षमता अभिवृद्धि तथा सीप विकासमा मद्दत पुगेको छ । बैंकले कर्मचारीको सीप तथा क्षमताको अभिवृद्धि गर्नका लागि बैंकलाई ज्ञान हासिल गर्ने थलोका रुपमा विकसित गर्न र कर्मचारीमा ज्ञान हासिल गर्ने संस्कार बसाल्न विभिन्न कार्यहरु गरेको छ ।

मानव संशाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई बैंकमा नयाँ सोच, नयाँ प्रविधिहरु भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ । आगामी वर्षहरुमा समेत कर्मचारीहरुको ज्ञान तथा क्षमता वृद्धिका लागि आन्तरिक तथा वाह्य तालिमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ । कुल कर्मचारीहरुको संख्या आर्थिक वर्ष २०७७ आषाढ मसान्त सम्ममा २,९०८ पुगेको छ । बैंकमा कार्यरत कर्मचारीहरुमा ५८.५ प्रतिशत पुरुष र ४१.५ प्रतिशत महिला रहेका छन् ।

**घ. कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध**

बैंकले आफ्नो व्यावसायिक दायरालाई फराकिलो पार्दै जानको लागि बैंकको प्रगतिसँग सरोकार राख्ने संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी सो सम्वन्धलाई अभिवृद्धि गर्दै लगेको र सो क्रमलाई भविष्यमा पनि निरन्तरता दिने योजना राखेको छ। यसै क्रममा यस बैंक Nepal India Chamber of Commerce, Forum of Nepalese Bankers, Foreign Exchange and Money Dealers Association, Nepal Bankers' Association, Banking Promotion Committee, Nepal Foreign Trade Association, Nepal Institute of Company Secretaries, International Chamber of Commerce Nepal, World Bank, International Finance Corporation, Asian Development Bank, Federation of Nepalese Chambers of Commerce and Industry जस्ता संस्थाहरुसँग सुमधुर सम्बन्धलाई निरन्तरता दिएको छ ।

**ङ. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था, नियमन विभागबाट मिति २०७६/०४/२० मा जारी परिपत्र, पत्र संख्या बै.बि.नि.वि.निती परिपत्र/कखग/२/०७६/७७ मा उल्लेख भएको निर्देशनको परिपालना गर्न मिति २०७४/०५/३० मा सम्पन्न बैंकको २० औं वार्षिक साधारण सभाबाट चार (४) वर्षको अवधिको लागि नियुक्त हुनु भएको संचालक श्री जगदीश प्रसाद अग्रवालज्युको सट्टामा निजको बाँकी कार्यकालको लागि उपयुक्त व्यक्तिलाई संचालक नियुक्त गर्ने निर्णय संचालक समितिको मिति २०७७/०४/२९ मा सम्पन्न ४१६ औं बैठकले गरेअनुसार मिति २०७६/०५/२६ मा सम्पन्न ४२२ औं बैठकको निर्णयानुसार श्री निकुञ्ज अग्रवालज्यू संचालक पदमा नियुक्त हुनु भएको हो । सञ्चालक समितिको संरचना देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| अध्यक्ष | श्री तुलसीराम अग्रवाल |
| सञ्चालक | श्री त्रिलोक चन्द अग्रवाल<br>(प्रतिनिधी : एशियन डिस्ट्रिब्युटर्स प्रा.लि.) |
| सञ्चालक | श्री रामचन्द्र संघई |
| सञ्चालक | श्री राजेन्द्र प्रसाद अर्याल |
| सञ्चालक | श्री बिनोद कुमार प्याकुरेल |
| स्वतन्त्र सञ्चालक | श्री गणेश मान श्रेष्ठ |
| सञ्चालक | श्री निकुञ्ज अग्रवाल |

- सञ्चालक समितिको बैठक

विद्यमान ऐन तथा बैंकको नियमावलीको प्रावधान अनुरुप सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ । सञ्चालक समितिका बैठकहरुमा बैंकका प्रमुख कार्यकारी अधिकृत स्थायी आमन्त्रित सदस्य रहनु भएको छ ।

समीक्षा अवधिमा सञ्चालक समितिको कुल ३९ वटा बैठक बसेको छ । बैठकमा सञ्चालकज्यूहरुको उपस्थिति र वहाँहरुले प्राप्त गरेको भत्ताको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | वृद्धि (प्रतिशतमा) |
|---|---|---|
| अध्यक्ष, श्री तुलसीराम अग्रवाल | ३२ | ६,४०,००० |
| सञ्चालक, श्री जगदीश प्रसाद अग्रवाल | २ | ३२,००० |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल | ३५ | ५,६०,००० |
| सञ्चालक, श्री रामचन्द्र संघई | ३२ | ५,१२,००० |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | ३१ | ४,९६,००० |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल | ३३ | ५,२८,००० |
| स्वतन्त्र सञ्चालक, श्री गणेश मान श्रेष्ठ | ३९ | ६,२४,००० |
| सञ्चालक, निकुञ्ज अग्रवाल | २४ | ३,८४,००० |

व्यवस्थापन तहको कर्मचारीलाई सञ्चालक समिति वा सञ्चालक स्तरको समितिको बैठकमा उपस्थिति भए बापत कुनै किसिमको भत्ता दिने नियम रहेको छैन र दिइएको छैन ।

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरू**

कोभिड १९ ले निम्त्याएको प्रतिकुल अवस्था, देशको समग्र आर्थिक स्थिति, तरलता एवं सीमित लगानीका अवसरहरु, व्याजदर अन्तरको व्यवस्थापन, प्रविधी सुरक्षा चालु वर्षमा पनि चुनौतीका रुपमा रहने छन् । साथै, बढ्दो प्रतिस्पर्धा एवं दक्ष जनशक्तिको अभावले थप चुनौतीहरु थपिएका छन् ।

यी चुनौती र अवसरहरुलाई ध्यानमा राख्दै बैंकले आफ्नो सेवाको दायरा तथा गुणस्तर वृद्धि गर्दै लैजाने, थप नवीनतम सेवाहरु प्रदान गर्ने तथा नयाँ बजारहरु र नयाँ क्षेत्रहरुमा आफ्नो सेवाहरु विस्तार गर्दै लैजाने रणनीति तर्जुमा गरेको छ ।

छ. **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया**
यस्तो कुनै कैफियत लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको छैन ।

ज. **लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम**
मिति २०७७/०७/०४ मा बसेको सञ्चालक समितिको ४५९ औं बैठकले रु १,९४,३५,३०,३१४/-(अक्षरेपी एक अर्ब चौरानब्बे करोड पैतिस लाख तिस हजार तिन सय चौध रुपैयाँ मात्र) अर्थात चुक्ता पूँजीको २० प्रतिशत लाभांश प्रस्ताव गरेको छ जस मध्य १९ प्रतिशत (रु. १,८४,६३,५३,७९८) बोनस शेयर तथा १ प्रतिशत (रु. ९,७१,७६,५१६) नगद लाभांश (कर प्रयोजनका लागि) वितरण गर्न प्रस्ताव गरेको छ ।

झ. **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**
बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन ।

ञ. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**
बैंक तथा यसको सहायक कम्पनीको प्रगति विवरण वार्षिक प्रतिवेदनमा छुट्टै उल्लेख गरिएको छ ।

ट. **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**
आर्थिक वर्षमा बैंकले सामान्य बैंकिङ्ग कारोवारहरु र सहायक कम्पनीले पनि आफ्नो व्यवसाय अनुरुप नै सामान्य कारोवारहरु गर्दै आएको । यस अवधिमा कुनै महत्वपूर्ण परिवर्तन नभएको ।

ठ. **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**
विगत आर्थिक वर्षमा कुनै यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

ड. **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

*(बाँकी अर्को पृष्ठमा...)*

| पद/तह | सञ्चालक तथा पदाधिकारीको नाम | शेयरधनी नं./हितग्राही खाता नं. | शेयर स्वामित्व (कित्ता) | कैफियत |
|---|---|---|---|---|
| अध्यक्ष | तुलसीराम अग्रवाल | १३०१३७००००६९३१४१ | ४१०,२७३ | सर्वसाधारण शेयर |
| | | | १,३२३,१८० | संस्थापक शेयर |
| सञ्चालक | रामचन्द्र संघई | १३०१०६००००००७६१७२ | ३,१२४,१३६ | संस्थापक शेयर |
| सञ्चालक | त्रिलोक चन्द अग्रवाल | १३०१३७००००१०२२०४ | ४,६४१,१८३ | संस्थापक शेयर |
| | | | ५४४,००५ | सर्वसाधारण शेयर |
| सञ्चालक | राजेन्द्र प्रसाद अर्याल | १३०१२९००००००१४२८२ | ६१,२५६ | संस्थापक शेयर |
| | | | ३४,०३९ | सर्वसाधारण शेयर |
| सञ्चालक | विनोद कुमार प्याकुरेल | ४३५१७ | ६ | सर्वसाधारण शेयर |
| | | १०४९९३ | २५ | सर्वसाधारण शेयर |
| | | १३०१२९००००००००९४९ | ४८६ | सर्वसाधारण शेयर |
| स्वतन्त्र सञ्चालक | गणेश मान श्रेष्ठ | ४२९८३ | २९ | सर्वसाधारण शेयर |
| | | १३०१२९०००००२३५९७ | २८३ | सर्वसाधारण शेयर |
| सञ्चालक | निकुञ्ज अग्रवाल | १३०१३७००००१०२१२६ | १,३४७,६८८ | संस्थापक शेयर |
| | | | ३६३,३७६ | सर्वसाधारण शेयर |
| | | १३०१०९००००३६८८८ | ३१,३०९ | सर्वसाधारण शेयर |
| | | १०६७६६ | १ | सर्वसाधारण शेयर |
| प्रमुख कार्यकारी अधिकृत | रोशन कुमार न्यौपाने | १३०१३७००००१३६१५१ | २,५२६ | सर्वसाधारण शेयर |
| | | १३०१४२००००३४१४६ | २,३०७ | सर्वसाधारण शेयर |
| नायब प्रमुख कार्यकारी अधिकृत | सुधिर नाथ पाण्डे | १३०१३७००००१३६३०१ | ९,०३८ | सर्वसाधारण शेयर |
| सहायक प्र.का.अ - इमेज एन्ड एक्सपिरियन्स् प्रोजेक्घसन एन्ड प्रमोसन एन्ड पर्फोर्मेन्स एशुरेन्स ईको सिस्टम | सन्तोष कुमार राठी | १३०१३७००००१०३६३० | ५,१९१ | सर्वसाधारण शेयर |
| | | ५२१३१ | १९१ | सर्वसाधारण शेयर |
| सहायक प्र.का.अ - पर्फर्मेन्स एशुरेन्स् ईको सिस्टम | राजेश रावल | १३०१३३०००००००२१२९ | ४,०५३ | सर्वसाधारण शेयर |
| सहायक प्र.का.अ - क्रेडिट कन्ट्रोल, क्रेडिट अपरेसन एण्ड लिगल ईको सिस्टम | जयन्द्र रावल | ४८३०१ | ६० | सर्वसाधारण शेयर |
| | | १३०१३७०००००२०१७४ | ५,२८० | सर्वसाधारण शेयर |
| प्रमुख जोखिम अधिकृत | दिपेन्द्र बहादुर राजभण्डारी | १०७६३६ | १ | सर्वसाधारण शेयर |
| प्रमुख प्रविधि अधिकृत | बपिन राजभण्डारी | १३०१३९००००००२१३८ | १९ | सर्वसाधारण शेयर |
| प्रमुख कानुन | दिनेश भारी | १३०१३७००००२६५८५३ | ५,९४८ | सर्वसाधारण शेयर |
| | | ५२०२१ | १९२ | सर्वसाधारण शेयर |
| कम्पनी सचिव | दिपेन कार्की | १३०१३७००००१७५४२१ | २,२२६ | सर्वसाधारण शेयर |

**ढ. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

विगत आर्थिक वर्षमा यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**ण. कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

बैंकले हालसम्म आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

**त. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

बैंकको आन्तरिक नियन्त्रण प्रणाली र यसको प्रभावकारिताको समीक्षा गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहन्छ । यसका लागि सञ्चालक समिति अन्तर्गत नै विभिन्न समितिहरुको गठन गरिएको छ, साथै विशेष क्षेत्रहरुको कार्य सम्पादन र चुस्त तथा प्रभावकारी नीति निर्माण तथा परिपालनको निम्ति आवश्यक समितिहरु गठन गरी आफ्नो अधिकारहरु समेत प्रत्यायोजन गरेको छ । लेखापरीक्षण समितिले नियमित रुपमा आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक र सुपरिवेक्षकिय लेखापरीक्षकका लेखापरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी सञ्चालक समितिलाई बैंकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र आश्वासन प्रदान गर्दछ ।

बैंकको कार्य सम्पादनलाई चुस्त बनाउन र उचित जोखिम व्यवस्थापन गर्न बैंकको समग्र कार्य क्षेत्रलाई व्यवसाय, सञ्चालन सहयोग र नियन्त्रण गरी तीन भागमा वर्गीकरण गरिएको छ ।

बैंकले आफ्नो आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक एकीकृत जोखिम व्यवस्थापन विभागलाई थप मजबुत बनाउँदै लगेको छ । यस विभाग बैंकको व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रुपमा आफ्नो कामकारवाही गर्दछ र बैंकको जोखिम व्यवस्थापन समिति प्रति जवाफदेही रहेको छ ।

त्यसैगरी बैंकको आन्तरिक लेखापरीक्षण विभागले बैंकले अंगीकार गरेको नीति निर्माणको परिपालना भए नभएको तथा बैंकको कार्यसम्पादन क्षेत्रको लेखापरीक्षण गर्ने गर्दछ । यस विभागले स्वतन्त्र इकाईको रुपमा आवश्यक कामकारवाही गरी आफ्नो प्रतिवेदन बैंकको लेखापरीक्षण समितिलाई पेश गर्ने गर्दछ ।

समीक्षा अवधिमा निम्न अनुसारका समितिहरु बैंकमा क्रियाशील रहेका छन् ।

**१. जोखिम व्यवस्थापन समिति**

यस समितिको मुख्य उद्देश्य नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनले यस समितिलाई तोकेको काम, कर्तव्य र उत्तरदायित्व वहन गर्दै बैंकमा अर्न्तनिहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार, सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने गर्दछ ।

बैंकको जोखिम व्यवस्थापन समितिमा निम्न सदस्यहरु रहेका छन् :

समीक्षा अवधिको सुरुवात मिति २०७६/०४/०१ देखि मिति २०७६/११/१४ सम्म

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ -क्वालिटी एशुरेन्स ईको सिस्टम, श्री कपिल ढकाल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य सचिव |

समीक्षा अवधिको मिति २०७६/११/१४ देखि मिति २०७७/०३/३१ सम्म

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरिएन्स् एशुरेन्स ईको सिस्टम, श्री भेष राज खतिवडा | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।
- व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित

पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा संचालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र संचालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।
- जोखिम सम्पत्ति अनुसार पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी संचालक समितिलाई आवश्यक राय, सुझाव दिने ।
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एव्म संरचना विकास गर्नका लागि संचालक समितिलाई सुझाव दिने ।
- नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गरी सोको परिणाम माथि छलफल गरी सो का आधारमा भविष्यमा अपनाउनु पर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि संचालक समितिमा सुझाव पेश गर्ने ।
- संचालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी संचालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समीक्षा गरी सन्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।
- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।

यस वर्ष यस समितिले जोखिम व्यवस्थापनका लागि गरेका प्रमुख कार्यहरुको संक्षिप्त सार निम्नानुसार रहेको छ ।

- यस वर्ष समितिले ३६ वटा नीतिहरु, २८ वटा प्रोडक्ट पेपर मार्गदर्शनहरु (Product Paper Guideline) तथा ४ वटा कार्यविधिहरु (Procedural Guideline) गरी जम्मा ५८ वटा नयाँ नीतिहरुको निमार्ण गरी बैंकमा प्रभावकारी हिसावले लागू गरेको ।
- सञ्चालन जोखिम मुल्याङ्कन, कर्जा जोखिम मुल्याङ्कन, बजार तथा तरलता जोखिम मुल्याङ्कन, सुचना सुरक्षा जोखिम मुल्याङ्कन, Reconciliation को मासिक प्रतिवेदनको समीक्षा गरी संचालक समितिलाई आवश्यक सुझाब पेश गरेको ।
- त्रैमासिक आन्तरिक पूँजी विश्लेषण प्रतिवेदन, स्त्रेस परीक्षण प्रतिवेदन; सम्पत्तिको मिश्रण, उपयोगीता र गुणस्तर तथा दायित्व र सम्पत्ति व्यवस्थापन समितिको कार्यविधीको विश्लेशण गरी संचालक समितिलाई आवश्यक सुझाब पेश गरेको ।
- विभिन्न किसिमका जोखिम विश्लेषण प्रतिवेदन जस्तै क्षेत्रिय जोखिम विश्लेषण, जोखिम सम्पत्ति विश्लेषण, Post Disbursement Monitoring, जोखिम घटना प्रतिवेदनको समीक्षा र संचालक समितिलाई आवश्यक सुझाब पेश गरेको ।
- कोभिड-१९ ले अर्थतन्त्रमा पुऱ्याएको नकरात्मक परिस्थिती र बैंकलाई पर्ने असरको समीक्षा र संचालक समितिलाई आवश्यक सुझाब पेश गरेको ।
- संचालक समितिको निर्देशन अनुसारका कार्यहरु गरेको ।

आर्थिक वर्ष २०७६/०७७ मा समितिको जम्मा २६ वटा बैठक बसेको र सञ्चालकज्यूहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | २६ | ४१६,००० |
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | २४ | ३८४,००० |
| संचालक श्री गणेश मान श्रेष्ठ | २६ | ४१६,००० |
| **जम्मा** | | **१,२१६,०००** |

२. **कर्मचारी सेवा सुविधा समिति**

बैंकिङ्ग व्यवसाय सेवामुलक हुनुका साथै व्यवस्थित जोखिम लिने व्यवसाय हो । त्यसैले उत्कृष्ट सेवा प्रदान गर्न तथा जोखिमको उचित व्यवस्थापन गर्नका लागि सक्षम र व्यवसायिक जनशक्तिको आवश्यकता पर्दछ। सक्षम जनशक्ति नै बैंकको बलियो आधार भएकोले गुणस्तरीय जनशक्ति आर्कषण गर्ने, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापनका सिद्धान्त र बैंकिङ्ग व्यवसायको प्रभावकारी सञ्चालनका लागि निरन्तर रुपमा व्यवस्थापन पुनरावलोकन र समायोजन गरिरहनु पर्ने हुन्छ ।

कर्मचारी सेवा सुविधा समिति एक सञ्चालकस्तरको समिति हो, जसको प्रमुख उद्देश्य बैंकको जनशक्ति व्यवस्थापन

सम्बन्धी नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ । यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

| | |
|---|---|
| सञ्चालक, श्री रामचन्द्र संघई | संयोजक |
| संचालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| प्रमुख रणनीति अधिकृत, श्री विशाल सिग्देल | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

(क) संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।

(ख) समितिले समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने ।

(घ) संस्थाका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पूनरावलोकन गर्ने ।

(ङ) जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्तिविकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

(च) कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(छ) प्रमुख कार्यकारी अधिकृतले आफ्नो सेवा सुविधासंग सम्बन्धी विषयमा छलफल गर्न बसेको समितिको बैठकमा भाग लिन पाउने छैनन् ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

- आ व ७६/७७ मा लागु गरिएको लर्निङ ल्याब अन्तर्गत video tutorials (CSD, Teller), Onboarding Toolkit (Employee Hand Book, Badge, Diary, Pen, Cap, T-Shirt, Paper Bag), Employee Engagement Activities (Coffee with Executive, Success Video Tutorials, Promotional videos, Congratulation e-mails & SMS, Inter-Department Competitions, Workstation Exercises & Trainings) रहेकोमा सो को पुनरावलोकन गरिएको छ । साथै संसोधित HR Handbook 2020 पुनरावलोकन गरिएको छ
- बैंकको HR Consultant, Deloitte ले दिएका सुझावहरु तथा सो को कार्यान्वयनको अवस्था पुनरावलोकन गरिएको छ ।
- विश्वब्यापी माहामरी कोभिड १९ ले उब्जाएका प्रतिकुल परिस्थितीका कारण Resource Optimization रणनीति पूनरावलोकन गरी संचालक समितिमा सिफारिश गरिएको छ ।

उक्त उपसमितिको बैठक आर्थिक वर्ष २०७६/७७ मा जम्मा ९ पटक बसेको र सञ्चालकज्यूहरुको उपस्थिती एवं उहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| संचालक, श्री रामचन्द्र संघई | ९ | १४४,००० |
| संचालक, श्री त्रिलोक चन्द अग्रवाल | ९ | १४४,००० |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल (आमन्त्रित) | २ | ३२,००० |
| **जम्मा** | | ३२०,००० |

३. **लेखापरीक्षण समितिको विषयमा क्रमांक "द" मा उल्लेख गरेको ।**

४. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति एक सञ्चालक स्तरको समिति हो, जसको प्रमुख उद्देश्य सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बैंकले तर्जुमा गरेको नीति/ नियम/

मार्गदर्शनहरुको पुनरावलोकन गर्नु, सम्पत्ति शुद्धिकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न बैंकले तयार गरेको संयन्त्रको आवधिक पुनरावलोकन गर्नु रहेको छ । यस समितिले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी कानुन, नियमनकारी निकायले तोकेको मापदण्ड र बैंकको नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिन सक्ने छ तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय वमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ ।

यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् ।

समीक्षा अवधिको सुरुवात मिति २०७६/०४/०१ देखि समीक्षा अवधिको मिति २०७६/०६/१० सम्म

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री रामचन्द्र संघई | सदस्य |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल | सदस्य |
| प्रमुख अनुपालना, श्री कमल खड्का | सदस्य सचिव |

समीक्षा अवधिको मिति २०७६/०६/१० देखि समीक्षा अवधिको मिति २०७७/०३/१७ सम्म

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल | सदस्य |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य |
| प्रमुख अनुपालना, श्री कमल खड्का | सदस्य सचिव |

समीक्षा अवधिका मिति २०७७/०३/१७ देखि समीक्षा अवधिको मिति २०७७/०३/३१ सम्म

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य |
| प्रमुख अनुपालना, श्री कमल खड्का | सदस्य सचिव |

यस समितिको निम्न बमोजिमका काम, कर्तव्य तथा जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

१. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

२. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।

३. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।

४. ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको बिश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम बर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

५. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, यस बैंकद्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

६. व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।

- AML/CFT को जोखिम व्यवस्थापन सम्वन्धी प्रतिवेदन ।
- ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी वनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।
- आन्तरिक लेखापरीक्षण, बाह्रय लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।

७. बैंक/वित्तीय संस्थाले नयाँ सेवा/सुविधा शुरुवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोका व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण ।

८. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के-कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

९. कार्यान्वयन अधिकारी, संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सो भन्दा वढी शेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

१०. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

११. AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय संचालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।

१२. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र यस बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

१ अन्तर्राष्ट्रिय मूल्य मान्यता अनूरुप बैंकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण समबन्धी व्यवस्थाहरुको पालना गर्न आवश्यक नीति नियम तथा मार्गदर्शनहरुको पूनरावलोकन गरिएको छ ।

२ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बैंकले गरेको कामकारवाहीको आवधिक रुपमा समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गरिएको छ ।

३ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी हुन सक्ने जोखिमको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन पेश गरिएको छ ।

४ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन, नियमावली र नियमनकारी निकायले तोकेको व्यवस्थाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन समीक्षा गरिएको छ ।

५ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी प्रतिवेदनको नियमित रुपमा पुनरावलोकन गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिम न्यूनिकरणको लागि आवश्यक कदम चालिएको छ ।

उक्त समितिको बैठक आर्थिक वर्ष २०७६/७७ मा जम्मा १४ पटक बसेको छ र सञ्चालकज्यूहरुको उपस्थिती एंव उँहाहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | १४ | २२४,००० |
| सञ्चालक, श्री रामचन्द्र संघई | २ | ३२,००० |
| सञ्चालक, श्री बिनोद कुमार प्याकुरेल | १३ | २०८,००० |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | ८ | १२८,००० |
| **जम्मा** | | **५९२,०००** |

५. **Land Acquisition and Construction Sub Committee**

बैंकलाई आवश्यक पर्ने Land/Property खरिद तथा निर्माण गर्ने कार्यलाई मूर्त रुप दिन एक सञ्चालक स्तरको उपसमिति गठन गर्नुपर्ने आवश्यकता महशुश गरी मिति २०७५/११/१० मा सम्पन्न सञ्चालक समितिको ३९२ औं बैठकले संचालक स्तरको Land Acquisition and Construction Sub-Committee निम्नानुसार गठन गरेको तथा सो उपसमितिमा देहाय बमोजिमका पदाधिकारीहरु सम्मिलत रहेको थियो ।

**समीक्षा अवधिको सुरुवात मिति २०७६/०४/०१ देखि मिति २०७६/०५/१२ सम्म**

| | | |
|---|---|---|
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | – | संयोजक |
| सञ्चालक श्री रामचन्द्र संघई | – | सदस्य |
| सञ्चालक श्री बिनोद कुमार प्याकुरेल | – | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपाने | – | सदस्य |
| ACEO Performance Assurance Ecosystem श्री कपिल ढकाल | – | सदस्य |
| Chief Experience Transformation Officer श्री विशाल सिग्देल | – | सदस्य |
| Head General Administration and Project श्री कैलाश गौतम | – | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत श्री सुधिर नाथ पाण्डे | – | सदस्य सचिव |

**मिति २०७६/०५/१२ देखि मिति २०७७/०२/१८ सम्म**

| | | |
|---|---|---|
| सञ्चालक श्री रामचन्द्र संघई | – | संयोजक |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | – | सदस्य |
| सञ्चालक श्री बिनोद कुमार प्याकुरेल | – | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपाने | – | सदस्य |
| ACEO Performance Assurance Ecosystem/Support Service Ecosystem श्री कपिल ढकाल | – | सदस्य |
| Chief Experience Transformation Officer श्री विशाल सिग्देल | – | सदस्य |
| Head General Administration and Project श्री कैलाश गौतम | – | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत श्री सुधिर नाथ पाण्डे | – | सदस्य सचिव |

उक्त उपसमितिको जिम्मेवारी (Terms of Reference) देहाय बमोजिम रहेको थियो ।

(क) ने.रा. बैंकको एकीकृत निर्देशन ८/०७५ को बुँदा नं. ८ मा बैंकले स्वप्रयोजनका लागि जग्गा/भवन खरीद/निर्माण गर्न विभिन्न शर्तहरु तोकिएको र जग्गा, भवन वा दुवै खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्ने भन्ने व्यवस्था भएकोले तत्कालै प्रयोग गर्न मिल्ने घर/जग्गा खरीद गर्ने कार्य प्राथमिकतामा राख्ने ।

(ख) Bid Notice Publish गरी घरजग्गा खरीद सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(ग) Head Office Extension, प्रादेशिक कार्यालय/उपप्रादेशिक कार्यालय, शाखा कार्यालयहरुमध्ये बैंकको आफ्नै भवन हुनुपर्ने स्थानहरुको पहिचान गरी जग्गा खरिद गरी भवन निर्माण गर्न काठमाडौं उपत्यका तथा देशका विभिन्न स्थानहरुमा भौतिक पुर्वाधार, लागत, बजारसँगको सामीप्यता, लगायतका विषयहरु अध्ययन गरि उपयुक्त स्थानहरुको खोजी गर्ने, एवं उपयुक्त स्थानहरुको छनौट गरि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(घ) जग्गा खरीद गरी भवन निर्माण गर्नुभन्दा घरजग्गा Purchase/ Acquisition गर्नु उपयुक्त विकल्प भएको खण्डमा सोही बमोजिम सञ्चालक समितिलाई सिफारिश गर्ने ।

(ङ) सञ्चालक समितिले स्वीकृत गरेका स्थानहरुमा भवन निर्माण गर्न भवनको Drawing/Design/Layout लगायतका विषयहरु उपर विस्तृत छलफल गरी आवश्यक Review गरी सञ्चालक समितिलाई सिफारिश गर्ने ।

(च) भवन निर्माण गर्ने Construction Company हरुसँग छलफल गरि भवनको Structural Engineering, Building Materials / Cost मा बैंकलाई अधिकतम हित हुने गरि Negotiate गरी Final Agreement को लागि सञ्चालक समितिलाई सिफारिश गर्ने ।

(छ) बैंकको प्रत्येक साविक स्थान (Head Office Extension, प्रादेशिक कार्यालय, शाखा कार्यालय) हरु भाँडामा लिँदा (lease/ rent) वा खरीद गर्दा के उपयुक्त हुन्थ्यो/हुन्छ भन्ने सम्बन्धमा विस्तृत अध्ययन विश्लेषण गर्ने तथा सो सम्बन्धी Locationwise प्रतिवेदन सञ्चालक समितिलाई सिफारिश गर्ने ।

(ज) उपसमितिको बैठक ४५ दिनमा एक पटक बस्ने र उपसमितिको अवधि मिति २०७६/०९/२४ बाट एक वर्षको हुने ।

यस उपसमितिले कार्यकाल भित्रमा देहाय बमोजिमका मुख्य कार्यहरु सम्पन्न गरेको थिए ।

(क) बैंकको धापासी, कमलादी तथा वीरगन्जमा शाखा निर्माणका लागि Consultant छनौट गर्नका निमित्त संचालक समिति समक्ष सिफारिश गरेको ।

(ख) बैंकको वीरगन्जमा शाखा स्थापनाका लागि Bill of Quantity (BOQ) तथा Final Layout सञ्चालक समितिमा स्वीकृतिका लागि Recommend गरेको,

(ग) बैंकको वीरगन्ज शाखा रहेको साविकको भवन Dismantle गर्नका लागि Bidder छनौट गर्नका निमित्त संचालक समिति समक्ष सिफारिश गरेको ।

(घ) संचालक समिति समक्ष उपसमितिको मासिक प्रतिवेदन पेश गरेको ।

आ.व. २०७६/७७ मा यस उपसमितिको जम्मा ६ वटा बैठक सम्पन्न भएको र सञ्चालकहरुको उपस्थिति एवं उहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण देहाय बमोजिम रहेको छ :

| सञ्चालक | उपस्थित भएको बैठक संख्या | जम्मा बैठक भत्ता (रु.) |
|---|---|---|
| श्री रामचन्द्र संघई | ६ | ९६,००० |
| श्री त्रिलोक चन्द अग्रवाल | ६ | ९६,००० |
| श्री बिनोद कुमार प्याकुरेल | ६ | ९६,००० |
| **जम्मा** | | **२८८,०००** |

साथै, मिति २०७७/०२/१८ मा सम्पन्न सञ्चालक समितिको ४४८ औं बैठकको निर्णयानुसार यस Land Acquisition and Construction Sub-Committee लाई विघटन गरिएको छ ।

६. **Acquisition Sub-Committee**

बैंकको मिति २०७६/०६/१० मा सम्पन्न बैंकको २२ औं वार्षिक साधारण सभाले बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती (एक्विजिसन) गर्ने/गराउने विषेश प्रस्ताव पारित गरेकोमा मिति २०७६/०९/१० मा सम्पन्न सञ्चालक समितिको ४३४ औं बैठकले प्राप्ति (Acquisition) सम्बन्धी कार्यहरुलाई तदारुकताका साथ अघि बढाउने उद्देश्य सहित ६ महिनाको समयावधि हुने गरी संचालक स्तरको प्राप्ति (Acquisition) उपसमिति गठन गरेको तथा सो उपसमितिमा देहाय बमोजिमका पदाधिकारीहरु सम्मिलित रहेको थिए ।

**मिति २०७६/०९/१० देखि मिति २०७७/०३/१८ सम्म**

| | | |
|---|---|---|
| सञ्चालक श्री राजेन्द्र प्रसाद अर्याल | : | संयोजक |
| सञ्चालक श्री रामचन्द्र संघई | : | सदस्य |
| सञ्चालक श्री बिनोद कुमार प्याकुरेल | : | सदस्य |
| सञ्चालक श्री गणेश मान श्रेष्ठ | : | सदस्य |
| सञ्चालक श्री निकुञ्ज अग्रवाल | : | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपाने | : | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत श्री सुधिर नाथ पाण्डे | : | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत - Marketing Ecosystem, श्री सन्तोष कुमार राठी | : | सदस्य |
| प्रमुख कानुन विभाग, श्री दिनेश भारी | : | सदस्य |
| प्रमुख वित्तीय अधिकृत, श्री रुपेश लुँईटेल | : | सदस्य |
| कम्पनी सचिव, श्री दिपेन कार्की | : | सदस्य |
| प्रमुख Think Tank विभाग, श्री सुमन थपलिया | : | सदस्य |
| प्रमुख DNA & Talent Management विभाग, श्री कैलाश गौतम | : | सदस्य |
| सहायक प्रमुख कार्यकारी अधिकृत - Performance Assurance Ecosystem/Support Service Ecosystem, श्री कपिल ढकाल | : | सदस्य सचिव |

**यस उपसमितिको जिम्मेवारी (Terms of Reference) देहाय बमोजिम रहेको थियो :**

(क) प्राप्ति (एक्विजिसन) कार्यलाई सफल बनाउन एवं बैंकको दीर्घकालिन लक्ष्य हासिल गर्न सघाउ पुग्ने बैंक/वित्तीय संस्था प्राप्ति गर्नको लागि उपयुक्त देखिएका केही बैंक/वित्तीय संस्थाको Profile तयार गर्ने ।

(ख) प्राप्ति (एक्विजिसन) गरिने बैंक/वित्तीय संस्थाको शाखा संजाल, Organizational Structure, Key Business Strengths र Challenges लगायतका सूचकहरुको आधारमा बैंक/वित्तीय संस्थाको Profile विश्लेषण गर्ने ।

(ग) प्राप्ति (एक्विजिसन) गर्ने बैंक/वित्तीय संस्थासँग औपचारिक तथा अनौपचारिक छलफल गर्ने ।

(घ) संचालक समितिको बैठक समक्ष कम्तिमा मासिक रुपमा प्रतिवेदन पेश गर्ने ।

(ङ) प्राप्ति (एक्विजिसन) उपसमितिको बैठक आवश्यकता अनुसार बस्ने ।

**यस उपसमितिले आफ्नो कार्यकालमा गरेका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेको :**

(क) अन्य बैंक तथा वित्तीय संस्था प्राप्ति गर्नको लागि सम्भाव्य वित्तीय संस्थाहरुको खोजि गरी ती संस्थाहरुको वित्तीय सूचक, शेयर संरचना, संचालक समितिको संरचना, कर्मचारी दरबन्दी संरचना लगायतका विवरणहरुको गहन विश्लेषण गरेको ।

(ख) प्राप्तिका लागि सम्भाव्य बैंक तथा वित्तीय संस्थाहरुसँग प्राप्तिका शर्तहरु, Timeline तथा Memorandum of Understanding सम्बन्धमा मस्यौदा तयार गरी संचालक समिति समक्ष सिफारिश गरेको ।

(ग) उपसमितिले गरेका कार्यहरुको सम्बन्धमा संचालक समितिलाई समक्ष प्रतिवेदन पेश गरेको ।

आ.व. २०७६/७७ मा यस उपसमितिको जम्मा ३ वटा बैठक सम्पन्न भएको एवं बैठकमा सञ्चालकहरुको उपस्थिति एवं वहाँहरुले प्राप्त गर्नुभएको बैठक भत्ताको विवरण देहाय बमोजिम रहेको छ :

| सञ्चालक | उपस्थित भएको बैठक संख्या | जम्मा बैठक भत्ता (रु.) |
|---|---|---|
| श्री राजेन्द्र प्रसाद अर्याल | ३ | ४८,००० |
| श्री रामचन्द्र संघई | २ | ३२,००० |
| श्री बिनोद कुमार प्याकुरेल | २ | ३२,००० |
| श्री गणेश मान श्रेष्ठ | ३ | ४८,००० |
| श्री निकुञ्ज अग्रवाल | १ | १६,००० |
| **जम्मा** | | **१७६,०००** |

साथै, मिति २०७७/०३/१८ मा सम्पन्न सञ्चालक समितिको ४५२ औं बैठकको निर्णयानुसार यस प्राप्ति (Acquisition) उपसमिति लाई विघटन गरिएको छ ।

(थ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**
आर्थिक वर्ष २०७६/७७ को कर्मचारी खर्च रु २.९१ अर्ब र कार्यालय सञ्चालन खर्च रु २.२२ अर्ब गरी कुल व्यवस्थापन खर्च रु ५.१४ अर्ब रहेको छ ।

(द) **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**
बैंकको सञ्चालक समितिले कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा १ सञ्चालक सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति गठन गरेको छ ।

यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

**समीक्षा अवधिको सुरुवात मिति २०७६/०४/०१ देखि समीक्षा अवधि मिति २०७६/०६/०५ सम्म**

| | |
|---|---|
| स्वतन्त्र सञ्चालक, श्री गणेश मान श्रेष्ठ | संयोजक |
| संचालक, श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षक,<br>श्री राजु प्रसाद अधिकारी | सदस्य सचिव |

समीक्षा अवधि मिति २०७६/०६/०६ देखि समीक्षा अवधि मिति २०७७/०३/३१ सम्म

| | |
|---|---|
| स्वतन्त्र सञ्चालक, श्री गणेश मान श्रेष्ठ | संयोजक |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षक,<br>श्री राजु प्रसाद अधिकारी | सदस्य सचिव |

लेखापरीक्षण समितिको निम्न प्रमुख जिम्मेवारीहरु **(Terms of Reference)** रहेका छन् :

- प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।
- बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।
- नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।
- इजाजतपत्र प्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गिकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।
- प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।
- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।
- इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।
- इजाजतपत्रप्राप्त संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

- बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त सार यस प्रकार छन् :

- आन्तरिक लेखापरीक्षण विभागको जोखिममा आधारित वार्षिक लेखापरीक्षण योजना र तालिकाको अनुमोदन र लेखापरीक्षण योजना र तालिकाको कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरिएको ।
- शाखा, विस्तारित काउन्टर, विभाग, इकाई र प्रादेशिक कार्यालयहरु (३०५ शाखा तथा विस्तारित काउन्टर, ३४ विभाग र ४ प्रादेशिक कार्यालयहरु) को आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुमा छलफल गरिएको । साथै, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन प्रणाली र प्रशासनलाई अझ सुदृढ पार्न सुधारको आवश्यकता रहेका क्षेत्रहरुमा व्यवस्थापनलाई आवश्यक निर्देशन र सुझाव दिइएको ।
- आम्दानी, खर्च, कर्जा असुली, संस्थागत सुशासन लगायतका विषयहरुको विशेष लेखापरीक्षण प्रतिवेदन (४१ लेखापरीक्षण प्रतिवेदन) उपर छलफल गरिएको ।
- Vigilance Review प्रतिवेदनमा छलफल तथा व्यवस्थापनलाई आवश्यक सुझावहरू जारी गरिएको ।
- संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गरिएको तथा व्यवस्थापनलाई आवश्यक सुझाव दिइएको ।
- नेपाल राष्ट्र बैंकको निरीक्षण तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरु, प्राप्त निर्देशन तथा सुझावहरु उपर छलफल तथा सोको समाधानको आवधिक समीक्षा गरिएको ।
- संस्थाको लेखापरीक्षणको कार्य प्रणालीलाई निर्देश गर्ने Integrated Audit Policy को वार्षिक समीक्षा गरिएको तथा सोही अनुसार आन्तरिक लेखापरीक्षण विभागको कार्यप्रगतिको अनुगमन गरिएको ।
- लेखापरीक्षण समितिको बैठकको माइन्यूट र आवधिक प्रगति विवरण संचालक समितिको बैठकमा आवश्यक समीक्षाको लागि पेश गरिएको ।
- संस्थाले प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरुको परिपालना गरे नगरेको सम्बन्धमा समीक्षा गरिएको ।
- कोभिड महामारीका बीच लेखापरीक्षण कार्यलाई सुचारु राख्न Offsite Review Framework for conducting Internal Audit during Covid-19 Pandemic कार्यविधी संचालक समिति समक्ष पेश गरिएको ।
- प्रमुख आन्तरिक लेखापरीक्षकको आवधिक कार्यसम्पादन मुल्याङ्कन गरिएको ।

आर्थिक वर्ष २०७६/०७७ मा समितिको जम्मा २० वटा बैठक बसेको र सञ्चालकहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गरेको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| स्वतन्त्र सञ्चालक, श्री गणेश मान श्रेष्ठ | २० | ३२०,००० |
| संचालक, श्री त्रिलोक चन्द अग्रवाल | ४ | ६४,००० |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | ९ | १४४,००० |
| **जम्मा** | | **५२८,०००** |

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

यस सम्बन्धी विवरण लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

यस सम्बन्धी विवरण यसै प्रतिवेदनको सम्बन्धित स्थानमा तथा लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

यस बैंकले घोषणा गरेको नगद लाभांश मध्ये समीक्षा अवधिसम्म शेयरधनी महानुभावहरुले रु १५.९९ करोड भुक्तानी लिन बाँकी रहेको छ ।

बैंकले शेयरधनीहरुले भुक्तानी लिन बाँकी लाभांश रकम बुझिलिन अनुरोध गर्दै राष्ट्रियस्तरको पत्रिकामा पटक पटक सूचना प्रकाशित गर्नुका साथै पाँच वर्ष नाघेको भुक्तानी दिन बाँकी लाभांशको विवरण बैंकको वेब साइट www.nicasiabank.com मा समेत राखेको छ ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

विगत आर्थिक वर्षमा बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबार को विवरण :**
यस सम्बन्धी विवरण वार्षिक प्रतिवेदनको लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

**१. लेखापरीक्षक**
यस बैंकका बाह्य लेखापरीक्षक श्री एस. ए. आर. एस्सोसिएट्स (SAR Associates), चार्टर्ड एकाउण्टेण्टस् द्वारा आ.व. २०७६/७७ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नुभएको छ । साथै, कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लागि वर्तमान लेखापरीक्षक पुन: नियुक्ति हुन सक्ने भएकोले लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गर्न यस साधारणसभामा प्रस्ताव पेश गरिएको छ ।

**२. संस्थागत सुशासन**
बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्रै नभई असल व्यावसायिक कार्य तथा आवश्यक पारदर्शिताका निम्ति समेत संस्थागत सुशासनलाई सधैं नै अग्रणी स्थानमा राखेको छ । बैंकको संस्थागत सुशासन संरचना अन्तर्गत सञ्चालक समितिको निष्पक्ष एवंम पारदर्शी कार्य प्रणाली, सञ्चालक समितिको हस्तक्षेपमुक्त दैनिक व्यवस्थापकीय कामकारवाही तथा बैंकको कार्य सम्पादन अझ चुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति र यस अन्तर्गतका समितिहरु समेत क्रियाशिल रहेका छन् ।

बैंकले संस्थागत सुशासनका तीन अभिन्न अङ्ग Integrity, Transparency र Fairness लाई सदैव आत्मसात गर्दै आएको छ र बैंकले आफ्नो शेयरधनी, अन्य सरोकारवालाको हित तथा आफ्नो सेवाग्राहीहरुको माग र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको अभिन्न अङ्गको रुपमा अपनाएको छ ।

बैंकको संस्थागत सुशासनलाई थप चुस्त तथा मजबुत बनाउन बैंकल "संस्थागत सुशासन नीति" जारी गरेको छ, जसको मुख्य उद्देश्यहरु निम्न उल्लेखित रहेका छन् ।

- बैंकका सम्पूर्ण तह, संरचना तथा कार्यहरुमा उच्च संस्थागत सुशासन लागू गर्ने ।
- बैंकको सम्पूर्ण कार्यहरु आन्तरिक तथा बाह्य नीति अनुरुप पालना गर्ने ।
- बैंकको लक्ष्य, उद्देश्य प्राप्तिका लागि आवश्यक प्रभावकारी नीति, विधि तथा मार्गदर्शन बनाउन र सोको प्रभावकारी रुपमा पालना गराउनुका साथै अनुगमन गर्ने ।

**३. संस्थागत सामाजिक उत्तरदायित्व**
बैंक एक असल संस्थागत नागरिक समेत भएको नाताले समाजका विभिन्न क्षेत्रमा सामाजिक हित तथा उत्थानको लागि सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन (१६) बमोजिम बैंकले समीक्षा अवधिको खुद नाफाको १ प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व क्रियाकलापको लागि विनियोजन गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व कोषमा समीक्षा अवधिको खुद नाफाको १ प्रतिशत रु ३.१२ करोड विनियोजन गरिएको छ जुन अघिल्लो वर्ष रु. ३.०२ करोड रहेको थियो । उक्त रकम मध्ये रु ३.२३ करोड कोषबाट खर्च भएको छ ।

**४. ग्राहक पहिचान (KYC) र सम्पत्ति शुद्धीकरण (AML/CFT):**
बैंकले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, यस सम्बन्धी नियमावली तथा नेपाल राष्ट्र बैंकले जारी गरेको सम्पत्ति शुद्धीकरण नियन्त्रणसँग सम्बन्धी निर्देशिकाहरुको पूर्णरुपमा प्रभावकारी परिपालना गर्दै आएको छ । सम्पत्ति शुद्धीकरण रोकथाम गर्न बैंकले प्रभावकारी नीति, नियम र निर्देशिकाहरु तय गरी लागू गरिसकेको छ । ग्राहक पहिचान (KYC) र सम्पत्ति शुद्धीकरणका विषयमा बैंकका कर्मचारीहरुलाई अद्यावधिक राख्ने उद्देश्यसहित बैंकले निरन्तर यस सम्बन्धी तालिमहरु पनि आयोजना गर्दै आएको छ । यसको साथै बैंकले वार्षिक रुपमा लिने "दक्षता आंकलन जाँच (Skill Assessment Test)" मा सबै कर्मचारीलाई यस विषयमा अनिवार्य सामिल हुनु पर्ने व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन गरेको छ । यी सबै व्यवस्थाहरुको समग्र परिणाम स्वरुप बैंकको ग्राहक पहिचान (KYC) र सम्पत्ति शुद्धीकरण सम्बन्धी स्तर नेपाली बैंकिङ्ग क्षेत्रकै उच्चस्तरमा पुगेको छ ।

**५. शेयरधनीसँगको सम्बन्ध तथा शेयरधनीहरुलाई सूचना व्यवस्था**
आषाढ मसान्त २०७७ सम्ममा यस बैंकका जम्मा १,१९,३०८ शेयरधनीहरु रहनु भएको जानकारी गराउँदछु । बैंकले शेयरधनीहरुसँग सूचना आदान प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ । वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट बैंकले मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ । बैंकको वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन, प्रेस विज्ञप्ती लगायत अन्य जानकारीहरु विभिन्न सञ्चार माध्यम एवं बैंकको वेब साइट www.nicasiabank.com द्वारा उपलब्ध गराउने गरिएको छ ।

६. **गुनासो र सुनुवाइ**

सेवाग्राहिले बिभिन्न माध्यमबाट आफ्ना गुनासो दर्ता तथा सुचना प्राप्त गर्न सक्नुहुन्छ। बैंकले टोल फ्री नम्बर, च्याट बक्स, मिस्ड कल, ईमेल इत्यादी मार्फत गुनासो दर्ता तथा सुचना प्रदान गर्दै आएको छ।

**गुनासो दर्ता तथा सुचना प्राप्त गर्ने माध्यम :**

| | |
|---|---|
| टोल फ्री नम्बर | १६६० ०१ ७७७७१ |
| फोन नम्बर | ०१ ५१११९७७ र ०१ ५१११९७९ |
| पोस्ट बक्स नम्बर | ११०२१ |
| ईमेल | feedback@nicasiabank.com |
| फेसबूक | facebook.com/NicAsiaBank |

आ व ७६/७७ मा दर्ता भएका गुनासाहरु यस प्रकारका रहेका छन

| विवरण | गुनासो दर्ता संख्या | गुनासो समाधान भएको संख्या | गुनासो समाधान हुन बाँकी संख्या |
|---|---|---|---|
| प्राविधिक कठिनाइ | १,५९३ | १,५९३ | ० |
| सेवा अवरोध | ९६ | ९६ | ० |
| वित्तीय लेनदेन सम्बन्धि गुनासो | ३७३ | ३७३ | ० |
| व्याज दर सम्बन्धि गुनासो | ६५ | ६५ | ० |
| भौतिक शाखा सुविधा सम्बन्धि गुनासो | १ | १ | ० |
| सेवा गुणस्तर सम्बन्धि गुनासो | ६,२९२ | ६,२९२ | ० |
| कर्मचारी आचरण | ३३ | ३३ | ० |
| अन्य | ६८ | ६८ | ० |

बैंकले विभाग तथा प्रदेशमा बर्गिकरण गर्दै सहायक डेस्कको स्थापना गरेको छ । सेवाग्राहीलाई उच्चतम सेवा प्रदान गर्नु नै बैंकको उद्देश्य हो। हरेक गुनासोको बैंकले छिटो र उत्तम सुनुवाई गर्दै आएको छ। यस बैंकले सधैं सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राख्दै सेवा प्रदान गर्दै आएको छ।

७. **आचरण सम्बन्धी व्यवस्थाको पालना**

नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन नं. ६ को बुँदा नं. १ मा तोकिएको आचरण सम्बन्धि व्यवस्थाहरुको बैंकका सञ्चालकज्यूहरुले पालना गर्नुभएको छ।

८. **धन्यवाद ज्ञापन**

हाम्रा शेयरधनी महानुभावहरु हाम्रो हरेक पाइलामा साथ दिने सहयात्रीहरु हुनुहुन्छ । बैंकको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि तपाईंहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पुऱ्याउनु भएको सहयोग, महत्वपूर्ण सल्लाह, सुझाव, निर्णय तथा मार्गदर्शनले नै बैंक आजको सबल तथा सक्षम अवस्थामा आइपुगेको छ । शेयरधनी महानुभावहरुले हामी प्रति देखाउनुभएको सद्भाव तथा विश्वासको सञ्चालक समिति सधैं नै सराहना गर्दछ । हाम्रा हरेक उपलब्धिहरुमा हाम्रा सहयात्रीहरु, हाम्रा सेवाग्राहीहरु र हाम्रा शुभचिन्तकहरुले सधैं नै साथ दिनुभएको छ र यसका लागि म सञ्चालक समितिको तर्फबाट यहाँहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यस सञ्चालक समितिलाई निरन्तर दिशानिर्देश गर्ने श्री नेपाल राष्ट्र बैंक, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री अर्थ मन्त्रालय, श्री नेपाल सरकार तथा अन्य नियमनकारी निकायहरुलाई उहाँहरुले पुऱ्याउनु भएको सहयोगको लागि कृतज्ञता जाहेर गर्दछु । साथै बैंकको हरेक उपलब्धि र प्रगतिमा आफ्नो कडा परिश्रमका साथ महत्वपूर्ण योगदान पुऱ्याउने बैंकका सवै कर्मचारीहरुको परिश्रमको कदर गर्दै यस सञ्चालक समिति आउँदा वर्षहरुमा सबैसँग यस्तै सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद !

सञ्चालक समितिको तर्फबाट
**तुलसीराम अग्रवाल, अध्यक्ष**
मिति : २०७७ मंसिर २१ गते, आईतबार

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १५, नियम २६ को उपनियम २ सँग सम्बन्धित

१. **सञ्चालक समितिको प्रतिवेदन**
प्रस्तुत समग्र प्रतिवेदन सञ्चालक समितिको प्रतिवेदन रहेको ।

२. **लेखापरीक्षणको प्रतिवेदन**
सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

३. **लेखापरीक्षण गरिएको आर्थिक विवरण**
वासलात, नाफा तथा नोक्सान, नगद प्रवाह विवरण तथा सम्बन्ध अनुसूचीहरुमा समावेश गरिएको ।

४. **कानूनी कारवाही सम्वन्धी विवरण**

(क) गत आर्थिक वर्षमा बैंकले तथा बैंकका विरुद्धमा सामान्य व्यावसायिक कारोवार सम्बन्धी मुद्दा बाहेक अन्य मुद्दा नरहेको ।

(ख) बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण**

(क) धितोपत्र वजार संगठित संस्थाको शेयर कारोवारका सम्बन्धमा व्यवस्थापनको धारणा ।

शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने भएकाले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको ।

(ख) अघिल्लो वर्षको प्रत्येक त्रैमासिक अवधिमा कारोवार भएको शेयरको कुल संख्या तथा कारोवार भएको दिन सम्वन्धी जानकारी लगायत संगठित संस्थाको अधिकतम, न्यूनतम र अन्तिम शेयर मूल्य ।

| २०७६ आश्विन मसान्त | २०७६ पौष मसान्त |
|---|---|
| अधिकतम मूल्य रु ४७९ | अधिकतम मूल्य रु ४५९ |
| न्युनतम मूल्य रु ३७२ | न्युनतम मूल्य रु ३८२ |
| अन्तिम मूल्य रु ४४१ | अन्तिम मूल्य रु ४४३ |
| कारोवार संख्या ६,७०० | कारोवार संख्या ७,८४५ |
| कारोवार दिन ६२ | कारोवार दिन ५९ |

| २०७६ चैत्र मसान्त | २०७७ आषाढ मसान्त |
|---|---|
| अधिकतम मूल्य रु ६८० | अधिकतम मूल्य रु ५५५ |
| न्युनतम मूल्य रु ४४६ | न्युनतम मूल्य रु ४२२ |
| अन्तिम मूल्य रु ४९६ | अन्तिम मूल्य रु ५५३ |
| कारोवार संख्या २३,२६३ | कारोवार संख्या ३,२४९ |
| कारोवार दिन ४६ | कारोवार दिन १५ |

६. **समस्या र चुनौती**

**क. आन्तरिक समस्या तथा चुनौती**

- बढ्दो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव तथा बैंकमा हाल कार्यरत जनशक्तिलाई समेत कायम राख्ने चुनौती ।
- दक्ष जनशक्तिको विकास गर्नु तथा उत्प्रेरित गर्न
- बढ्दो सञ्चालन लागत ।

**ख. बाह्य समस्या तथा चुनौती**

- प्रतिकूल व्याजदर तथा तरलताको स्थिति एवम् सोमा हुने आकस्मिक उतारचढाव
- मुद्रास्फ्रीति तथा व्याजदर वीच सामञ्जस्यता कायम नहुनु ।
- अत्यधिक तरलता तथा त्यसको नीतिगत अन्योलबाट उब्जिने बजार जोखिम तथा वित्त व्यवस्थापनका चुनौतीहरु
- तीव्र प्रतिस्पर्धा र त्यसबाट उब्जिएको युक्तिहीन प्रतिस्पर्धात्मक व्यवहार
- सीमित लगानीका अवसरहरु

७. **संस्थागत सुशासन**
सञ्चालक समितिको प्रतिवेदन अन्तर्गत सम्बन्धित शीर्षकमा उल्लेख गरिएको

८. **विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण ।**
बैंकले १०.२५ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८३/८४ निष्काशनका वखत बैंकले प्रकाशित गरेको विवरणपत्रमा प्रक्षेपण गरिएका र बैंकको लखोपरीक्षण पश्चातको वास्तविक वित्तीय विवरणमा भएको फरक २० प्रतिशत वा सो भन्दा बढीको फरक निम्नानुसार रहेका:

## एन आई सी एशिया बैंक लिमिटेड

### वित्तीय अवस्थाको विवरण

आर्थिक वर्ष २०७६/७७

*रकम रु दश लाख*

| विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | प्रेक्षेपित वित्तीय विवरण | फरक (%) | २० प्रतिशत भन्दा बढी फरक पर्नुका कारण |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | १२,२९५ | ७,७२० | ५९% | भल्टमा रहेको नगद प्रक्षेपित भन्दा बढी |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र लिनुपर्ने | १८,७२१ | १७,२०० | ९% | |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | - | ३८० | | |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६३६ | १,८२३ | २०९% | फर्वार्ड कन्ट्र्याक्टमा प्रक्षेपित भन्दा बढी लगानी |
| अन्य व्यापारिक सम्पत्तिहरु | ९ | - | १००% | व्यापारिक सम्पत्तिमा लगानी |
| वित्तीय संस्थालाई कर्जा सापटी | १२,७०८ | ५,६३६ | १२५% | लघुवित्त वित्तीय संस्थालाई कर्जा |
| ग्राहकलाई कर्जा सापटी | १६०,१८४ | १९४,११३ | -१७% | |
| लगानी सुरक्षणपत्र | २९,३१७ | ३८,२०० | -२३% | सरकारी सुरक्षणपत्रमा लगानी |
| चालु कर सम्पत्ति | ३,६२८ | - | | |
| सहायक कम्पनीमा लगानी | १,२६५ | ६९० | ८३% | एन आइ सी एशिया लघुबित्त वित्तीय संस्थामा लगानी |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | | |
| लगानी सम्पत्ति | ४९६ | ७४ | ५६७% | गैर बैंकिङ्ग सम्पत्तिमा बढोत्तरी |
| सम्पत्ति तथा उपकरण | ३,२२४ | २,५८६ | २५% | सम्पत्तिमा स्तरोन्नती |
| ख्याती तथा अमूर्त सम्पत्ति | ११३ | ६० | ८७% | सम्पत्तिमा स्तरोन्नती |
| स्थगन कर सम्पत्ति | - | - | | |
| अन्य सम्पत्तिहरु | २,९९४ | २१,०५८ | -८६% | अन्य दायित्वहरुसँग हिसाब मिलान |
| **कुल सम्पत्ति** | **२५०,५९०** | **२८९,५४१** | | |
| **दायित्व** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ९,२७२ | १५,४७९ | -४०% | अन्तर बैंक सापटीमा आएको कमी |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | - | ७३१ | | |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६०१ | २,९७५ | ८८% | फवार्ड कन्ट्र्याक्टमा प्रक्षेपित भन्दा बढी लगानी |
| ग्राहकबाट निक्षेप | २०१,६३० | २८७,५५९ | -३०% | ग्राहकबाट निक्षेप प्रक्षेपित भन्दा कम |
| सापटी (Borrowing) | - | - | | |
| चालु कर दायित्व | - | - | | |
| व्यवस्था | - | - | | |
| स्थगन कर दायित्व | २९८ | - | | |
| अन्य दायित्व | ६,८९१ | २७,४७२ | -७५% | अन्य सम्पत्तिसँग हिसाब मिलान |
| जारी गरिएको ऋण पत्र | ९,६५६ | १७,०७५ | -४३% | ऋण पत्र undersubscribed |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | | |
| **जम्मा दायित्व** | **२३३,३४८** | **३५१,२९१** | | |
| ईक्विटी | | | | |
| शेयर पूँजी | ९,७१८ | ११,६६१ | -१७% | |
| शेयर प्रिमियम | - | - | | |
| संचित मुनाफा | १,८०३ | २,५४९ | -२९% | नाफा प्रक्षेपित भन्दा कम |
| जगेडा कोष | ५,७२१ | १०,०७५ | -४३% | नाफा प्रक्षेपित भन्दा कम |
| **ईक्विटी धारकलाई वितरणयोग्य ईक्विटी** | १७,२४२ | २४,२८५ | | |
| गैर नियन्त्रण स्वार्थ | - | - | | |
| **कुल ईक्विटी** | **१७,२४२** | **२४,२८५** | | |
| **कुल दायित्व र ईक्विटी** | **२५०,५९०** | **३७५,५७६** | | |

## एन आई सी एशिया बैंक लिमिटेड

### नाफा वा नोक्सानको एकीकृत विवरण

आर्थिक वर्ष २०७६/७७

*रकम रु दश लाख*

| विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | प्रक्षेपित वित्तीय विवरण | फरक (%) | २० प्रतिशत भन्दा वढी फरक पर्नुका कारण |
|---|---|---|---|---|
| व्याज आम्दानी | २०,७२३ | २५,१६७ | -१८% | |
| व्याज खर्च | १३,११८ | १६,६९८ | -२१% | ऋण पत्र undersubscribed |
| **खुद व्याज आम्दानी** | **७,६०५** | **८,४६९** | | |
| शुल्क तथा कमिशन आम्दानी | २,६४३ | ४,७८८ | -४५% | शुल्क तथा कमिशन आम्दानी प्रक्षेपित भन्दा कम |
| शुल्क तथा कमिशन खर्च | १६० | ५५३ | -७१% | शुल्क तथा कमिशन आम्दानी प्रक्षेपित भन्दा कम |
| **खुद शुल्क र कमिशन आम्दानी** | **२,४८३** | **४,२३५** | | |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी** | **१०,०८८** | **१२,७०४** | | |
| खुद कारोबार आम्दानी | ३४० | २६२ | ३०% | विदेशी विनिमय कारोबारमा लाभ |
| अन्य सञ्चालन आम्दानी | २५६ | ९८ | १६१% | धितोपत्र लगानी बिक्रीबाट लाभ |
| **कुल सञ्चालन आम्दानी** | **१०,६८३** | **१३,०६४** | | |
| ऋण र अन्य नोक्सानको लागि हानी/(फिर्ता) | १,११४ | ६२५ | ७८% | ऋण र अन्य नोक्सानको लागि हानी प्रक्षेपित भन्दा बढी |
| **खुद सञ्चालन आम्दानी** | **९,५७०** | **१२,४३९** | | |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | २,९१० | ३,२२६ | -१०% | |
| अन्य सञ्चालन खर्च | १,९७२ | २,६६२ | -२६% | अन्य सञ्चालन खर्च प्रक्षेपित भन्दा कम |
| ह्रासकट्टी र परिशोधन | २५३ | १५१ | ६७% | सम्पत्तिमा स्तरोन्नती |
| **सञ्चालन नाफा** | **४,४३५** | **६,४००** | | |
| गैर सञ्चालन आम्दानी | २० | ६५ | -६९% | गैर सञ्चालन खर्चसँग हिसाब मिलान |
| गैर सञ्चालन खर्च | ५७ | - | | |
| **आयकर अधिको नाफा** | **४,३९७** | **६,४६५** | | |
| आयकर खर्च | | | | |
| यस आ.व. को कर | १,२६८ | १,९२० | -३४% | नाफा प्रक्षेपित भन्दा कम |
| स्थगन कर | ३० | - | | |
| **यस आ.व. को नाफा** | **३,०९९** | **४,५४५** | | |

९. **नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण :**

१) **संगठित संस्थाको विनियममा संशोधन :** नभएको

२) **संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन**

क) **सञ्चालकको पदावधी समाप्त भएको:** – बैंकका निर्वाचित हुनुभएका सञ्चालकहरुको पदावधि समाप्त नभएको ।

ख) **सञ्चालक समितिमा निरन्तरता नदिनु भएको :**

- **नाम** जगदीश प्रसाद अग्रवाल
- **अलग भएको मिति** २०७६/०४/२९

ग) **सञ्चालक समितिमा नयाँ नियुक्ति:**

- **नाम** निकुञ्ज अग्रवाल*
- **नियुक्त भएको मिति** २०७६/०५/२६

*नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था नियमन विभागबाट मिति २०७६/०४/२० मा जारी परिपत्र, पत्र संख्या बै.बि.नि.वि.निती परिपत्र/कखग/२/०७६/७७ मा उल्लेख भएको निर्देशनको परिपालना गर्न मिति २०७४/०५/३० मा सम्पन्न बैंकको २० औं वार्षिक साधारण सभाबाट चार (४) वर्षको अवधिको लागि नियुक्त हुनु भएको संचालक श्री जगदीश प्रसाद अग्रवालज्युको सट्टामा निजको बाँकि कार्यकालको लागि उपयुक्त व्यक्तिलाई संचालक नियुक्त गर्ने निर्णय संचालक समितिको मिति २०७७/०४/२९ मा सम्पन्न ४१६ औं वैठकले गरेअनुसार मिति २०७६/०५/२६ मा सम्पन्न ४२२ औं वैठकको निर्णयानुसार श्री निकुञ्ज अग्रवालज्यू संचालक पदमा नियुक्त हुनु भएको हो ।

घ) **उच्च ब्यवस्थापकीय तहबाट राजिनामा दिनु भएको :**
नभएको

ङ) **उच्च ब्यवस्थापकीय तहमा नयाँ नियुक्ति :**

- **नाम** भेष राज खतिवडा
- **पद** सहायक प्रमुख कार्यकारी अधिकृत
- **नियुक्त भएको मिति** २०७६/१०/०१

- **नाम** रन्जन खड्का
- **पद** सहायक महाप्रबन्धक
- **नियुक्त भएको मिति** २०७६/१०/०१

- **नाम** नारायण सुन्दर शिल्पकार
- **पद** वरिष्ठ प्रबन्धक
- **नियुक्त भएको मिति** २०७६/१०/०१

३) **लाभांश घोषणा वा पूँजी संरचनामा परिवर्तन :**
आर्थिक वर्ष २०७५/७६ को लागि मिति २०७६/०६/१० मा सम्पन्न बैंकको २२औं वार्षिक साधारण सभाबाट १० प्रतिशत बोनस शेयर प्रदान गरिएको । बोनस शेयर वितरण पश्चात बैंकको चुक्ता पूँजी रु ९ अर्ब ७१ करोड ७६ लाख ५१ हजार ५६८ पुगेको ।

**०.५ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका शेयरधनीको विवरण ३१ असार २०७७ सम्म**

| क्र.स. | संस्थापकको नाम, थर | प्रतिशत (%) |
|---|---|---|
| १ | अशोक कुमार अग्रवाल | ६.४१% |
| २ | त्रिलोक चन्द अग्रवाल | ५.३४% |
| ३ | रामचन्द्र संघई | ४.४१% |
| ४ | सुभाष चन्द्र संघई | ४.३७% |
| ५ | अनुज अग्रवाल | ३.१९% |
| ६ | लोकमान्य गोल्छा | ३.१०% |
| ७ | जयश्री गोल्छा | २.५९% |
| ८ | जगदीश प्रसाद अग्रवाल | २.५३% |
| ९ | गोविन्दलाल संघई | २.१३% |
| १० | विरेन्द्र कुमार संघई | १.९७% |
| ११ | अक्षय गोल्यान | १.९४% |
| १२ | मञ्जु अग्रवाल | १.७८% |
| १३ | तुलसीराम अग्रवाल | १.७८% |
| १४ | संचिता अग्रवाल | १.७८% |
| १५ | निकुञ्ज अग्रवाल | १.७६% |
| १६ | नेपाल लाईफ इन्स्योरेन्स क.लि | १.१५% |
| १७ | वासुदेव गोल्यान | ०.९८% |
| १८ | अर्पित अग्रवाल | ०.९६% |
| १९ | उषा अग्रवाल | ०.९६% |
| २० | निर्मल कुमार अग्रवाल | ०.९४% |
| २१ | कविता संघई | ०.९१% |
| २२ | विशाल अग्रवाल | ०.८२% |
| २३ | प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट क.लि. | ०.७६% |
| २४ | अनन्त कुमार गोल्यान | ०.६२% |
| २५ | शक्ति कुमार गोल्यान | ०.६२% |
| २६ | दिवाकर गोल्छा | ०.५१% |

# एन आई सी एशिया बैंकको सहायक कम्पनी

एन आई सी बैंकको तीनवटा सहायक कम्पनीहरु रहेका छन्; एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड ।

एन आई सी एशिया क्यापिटल लिमिटेड र एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड बैंकको पूर्व स्वामित्वमा रहेको सहायक कम्पनीहरु हुन् भने एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड बैंकको ६७.८७% स्वामित्वमा रहेको साहयक कम्पनी हो ।




एन आई सी एशिया सेक्युरिटीज् लिमिटेडको असार मसान्त सम्म कारोबार शुरु भएको छैन ।

# संस्थागत सुशासन

बैंकिङ्ग एक विश्वास बोकेको व्यवसाय हो र बैंकले सर्वसाधारणको निक्षेप र लगानीको रूपमा सार्वजनिक कोषको ठूलो रकमको व्यवस्थापन गर्ने भएकोले संस्थागत सुशासनको मुद्दा बैंकिङ्ग उद्योगहरूमा एक महत्वपूर्ण कडि मानिन्छ। एक मजबूत र ठोस संस्थागत सुशासन ढाँचा बिना सबै सरोकारवालाहरूको चासोको रक्षा र सुनिश्चित गर्ने कार्य अत्याधिक प्रभावकारी ढंगले निर्वाह गर्न सकिदैन।

बैंक संस्थागत सुशासनको उच्च मापदण्डद्वारा संचालित गर्न प्रतिबद्ध छ। समसमायिक नियम र कानूनको पालना, विभिन्न नियामक निकायद्वारा जारी निर्देशन र परिपत्र र दिशानिर्देशहरूको पालना गर्नु भनेको बैंकको सर्वोच्च प्राथमिकता हो र बैंकले त्यसमा वचन र भावनाको अक्षरस: अनुपालना सुनिश्चित गर्न प्रतिबद्ध रहेको छ।

तथ्यलाई मान्यता दिँदै, बैंकको सञ्चालक समितिले "एन आइ सी एशिया बैंक संस्थागत सुशासन नीतिलाई" ३१ मे २०१५ मा स्वीकृति भएको थियो र त्यसपछि प्रभावकारी रूपमा लागू भएको छ। यो नीति आवश्यकता अनुसार पटक पटक संशोधित हुदै आएको छ।

### नीतिका उद्देश्यहरू

- प्रणालीगत कागजातहरूको (System Documents) निर्माण (प्रत्येक महत्वपूर्ण गतिविधिको लागी नीति/कार्यविधि/निर्देशिका/सञ्चालन मापदण्ड (SOP))
- प्रणालीगत कागजातहरूका प्रभावकारिताको आवधिक समीक्षा
- स्वस्थ संगठनात्मक संरचनाको स्थापना
- आचार संहिताको कार्यान्वयन र भूमिकाको प्रभावकारी निर्वाहन
- स्वार्थको द्वन्द (Conflict of Interest) को पहिचान र निराकरण ढाँचाको निर्माण
- स्वस्थ संस्थागत संस्कृति र अभ्यासहरूको परिपालना
- ढाँचाको (Framework) निगरानी, समीक्षा र रिर्पोटिङ्ग

### संस्थागत सुशासनमा विधि, विधान र नियमक ढाँचा




### सञ्चालकहरुको संरचना र नियुक्ति

- बैंकको सञ्चालकहरुको नियुक्ति कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था ऐन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशका तथा बैंकको नियमावलीमा रहेका व्यवस्थाहरुको अधीनमा रही कम्पनीको साधारण सभाले गर्दछ।
- वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा सञ्चालक समितिले अर्को सञ्चालक नियुक्त गर्दछ।
- सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुन्छ।
- प्रचलित कानून वा नियमावलीमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एक कार्यकाल समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालकको पदमा पुन: नियुक्त हुन सक्नेछ।

**समितिको काम कर्तव्य र अधिकारहरु**

समितिको काम, कर्तव्य र अधिकार ऐन, वा नेपाल राष्ट्र बैंकबाट जारी नीति, नियम तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

**सञ्चालक शिक्षा कार्यक्रम**

संचालकज्यूहरू उहाँहरुले वहन गर्न भएको गहन जिम्मेवारी पूरा गर्न आवश्यक, विभिन्न प्रशिक्षण र शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था बैंकले लिएको छ ।

नव नियुक्त संचालकज्यूहरू नियुक्ति भएको एक महिना भित्र निम्न विषयहरूमा अभिमुखिकरण हुने गरेको छ :

- आफ्नो संरचना,
- व्यवसायको प्रकृति,
- संस्थागत सुशासन,
- संस्थागत रणनीति,
- व्यवसायिक योजना,
- सञ्चालकको कर्तव्य तथा उतरदायित्व,
- जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति,
- समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था,
- वर्तमान कानुनी व्यवस्था,
- प्रचलनमा रहेका बैंकिङ्ग सेवा तथा पद्धति र
- नेपाल राष्ट्र बैंकबाटबाट जारी गरिएका निर्देशन

आफ्ना सबै सञ्चालकज्यूहरुलाई हरेक कार्यकालमा कम्तीमा एकपटक अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने गरिएको छ

- बैंक तथा वित्तीय संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency),
- खुलासा (Disclosure),
- स्वार्थको द्वन्द्व (Conflict of Interest),
- अनुपालना (Compliance) र
- अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice)

**प्रमुख कार्यकारी अधिकृतको नियुक्ति**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन र नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र र मार्गदर्शन तथा नियामक प्रावधानहरूको अधिनमा रही हुने गरेको छ । प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सीप, अनुभव, क्षमता, ट्र्याक रेकर्ड र उम्मेद्वारको योग्यताको मूल्याङ्कन आधारित रहन्छ । उम्मेदवारको योग्यता व्यक्तिको विगतको प्रदर्शनको आधारमा मूल्याङ्कन गरिन्छ । त्यस्तै प्रमुख कार्यकारी अधिकृतलाई प्रमुख कार्यकारी अधिकृत, सञ्चालक र कर्मचारीको पदमा अन्य लाभमुखी संगठनमा प्रतिबन्ध लगाइएको छ । यद्यपि बैंकले लगानी गरेको "पूर्वाधार विकास बैंक" को सञ्चालक बन्न भने प्रतिबन्ध लगाइएको छैन ।

बैंकको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति देहायका प्रावधानहरू अन्तर्गत रही गर्ने गरिएको छ :

**नियामक प्रावधान**

- बैंक तथा वित्तीय संस्था ऐन
- नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन
- अन्य कानुनी प्रावधान
- मार्गदर्शन

**आन्तरिक प्रावधान**

- प्रबन्धपत्र
- नियमावली

# व्यवस्थापकीय विश्लेषण

## वित्तीय झलकहरु

| विवरण | २०७२-७३ | २०७३-७४ | २०७४-७५ | २०७५-७६ | २०७६-७७ | वार्षिक २०७६/७७ | CAGR ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| कुल कर्जा | ५९,४९९ | ७२,५६२ | १२१,७४५ | १५०,१०८ | १७३,७४२ | १५.७४% | ३०.७२% |
| कुल निक्षेप | ६९,४८८ | ८७,६७८ | १५१,२१९ | १८०,५३१ | २१०,९०२ | १३.७८% | ३१.९९% |
| कुल सम्पत्ति | ८०,४५७ | ९९,२७४ | १७०,९४३ | २२०,५८५ | २५०,५९० | १३.60% | ३२.८५% |
| शेयरधनी कोष | ७,३८३ | १०,११६ | ११,६७० | १४,९३६ | १७,२४२ | १५.४४% | २३.६२% |
| कुल सञ्चालन आम्दानी | २,६१३ | ३,४३४ | ५,३५८ | ९,५०६ | १०,६८३ | १२.३८% | ४२.१९% |
| सञ्चालन नाफा | १,३६९ | १,७०२ | १,९१८ | ४,५१४ | ४,४३५ | -१.७५% | ३४.१६% |
| खुद नाफा | १,०६७ | १,४७३ | १,३३५ | ३,०२३ | ३,०९९ | २.५०% | ३०.५५% |
| सम्पत्तिमा प्रतिफल | १.५१ | १.६४ | ०.९७ | १.५६ | १.३२ | -१५.३८% | -३.३१% |
| ईक्विटीमा प्रतिफल | १६.५ | १६.८४ | १२.०९ | २२.७३ | १९.२६ | -१५.२७% | ३.९४% |
| तरलता अनुपात | २३.७९ | २५.८० | २४.४५ | २६.०५ | २७.०९ | ३.९९% | ३.३०% |
| प्रति कर्मचारी कुल आम्दानी | ०.९७ | ०.८४ | ०.५८ | ०.८७ | १.०७ | २२.५३% | २.३९% |
| प्रति कर्मचारी खर्च | ०.४९ | ०.४८ | ०.७८ | ०.७१ | १.०० | ४०.८५% | १९.५२% |
| कुल कर्जा/बचत | ८५.६२ | ८३.७ | ८६.३ | ८४.५५ | ८५.७५ | १.४२% | ०.०४% |
| प्रति शेयर आम्दानी | २८.३१ | २३.०६ | १६.६२ | ३४.२२ | ३१.८९ | -६.८१% | ३.०२% |
| लाभांश | २७.३७ | २१.०५ | १० | २१.०५ | २० | -४.९९% | -७.५४% |
| मूल्य आम्दानी अनुपात | २८.१९ | १९.३ | १९.०१ | १३.०९ | १७.३४ | ३२.४७% | -११.४४% |
| कुल पुँजी पर्याप्तता | १२.४४ | १३.८३ | १२.२४ | १३.३२ | १३.५० | १.३५% | २.०७% |

## कुल कर्जा




कुल कर्जा आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः २२ प्रतिशत, ६८ प्रतिशत र २३ प्रतिशत वृद्धि भएको थियो । समीक्षा वर्षको अन्त्यमा बैंकको कुल कर्जा १६ प्रतिशतले वृद्धि हुँदै रु १७३ अर्ब ७४ करोड पुगेको छ जुन समग्र वाणिज्य बैंकको कर्जा वृद्धि दर १२ प्रतिशत रहेको छ । रिटेल, साना तथा माझौला उधम कर्जा र विपिन्न क्षेत्र कर्जामा बढोत्तरी हासिल गरेको छ भने बैंकले लक्ष्य अनुरुप कर्पोरेट कर्जा घटाउदै लगेको छ । रिटेल, साना तथा माझौला उद्यम कर्जा र विपिन्न क्षेत्र कर्जा क्रमश २३, १५ र ३२ प्रतिशतले वृद्धि भएको छ भने कर्पोरेट कर्जा ८ प्रतिशतले घटेको छ ।

## कुल निक्षेप




बैंकको कुल निक्षेप आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः २६ प्रतिशत, ७२ प्रतिशत र २३ प्रतिशतले वृद्धि भएको थियो । निक्षेप ग्राहक महानुभावहरुको संख्या ३६ प्रतिशतले वृद्धि हुँदा बैंकको कुल निक्षेप १७ प्रतिशतले वृद्धि हुँदै २१० अर्ब ९० करोड पुगेको छ । बिगत कही वर्ष देखि ऐतिहासिक सफलता हसिल गर्दै आएको एन आइ सी एशिया बैंक देशकै सबैभन्दा धेरै निक्षेप ग्राहक भएको बैंक हो । झन्डै २२ लाख निक्षेप ग्राहक रहेको यस बैंक स्वदेशी निक्षेपमा ६.२० प्रतिशत बजार हिस्सा ओगट्दै देशकै अग्रणी बैंकको रुपमा उपस्थिती जनाएको छ । मुद्दती र बचतमा बैंकले समीक्षा वर्षमा क्रमश २६ र २७ प्रतिशत वृद्धि हासिल गरेको छ । बैंकको कुल निक्षेपमा CASA (चालु र बचत खाता) को हिस्सा ४५ प्रतिशत पुगेको छ ।

## कुल सम्पत्ति




कुल सम्पत्ति आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: २३ प्रतिशत, ७२ प्रतिशत र २९ प्रतिशत वृद्धि भएको थियो । कुल सम्पत्ति बैंकको व्यवसाय अनुसार बढ्ने र घट्ने गर्छ साथै यसले वासलात आकार पनि जनाउँछ । वासलात आकारमा बैंक देशकै सबै भन्दा ठुलो बैंकमा पर्दछ । समीक्षा वर्षमा बैंकको कुल सम्पत्ति १३.६० प्रतिशतले वृद्धि हुँदा रु २२० अर्ब ५८ करोडबाट रु २५० अर्ब ५९ करोड पुगेको छ । बैंकको कुल सम्पत्ति १३.६० प्रतिशतले वृद्धि हुनुको मुख्य कारण १६ प्रतिशतको कर्जा वृद्धि नै रहेको छ । साथै बैंकले सुरक्षण पत्र लगानी, सहायक कम्पनीमा लगानी, स्थिर तथा अन्य सम्पत्ति समेत वृद्धि गरेको छ ।

## शेयरधनी कोष




शेयरधनी कोष आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: ३७ प्रतिशत, १५ प्रतिशत र २८ प्रतिशत वृद्धि भएको थियो । कुल सम्पत्ति बाट कुल दायित्व घटाउदा शेयरधनी कोष गणना हुन्छ । शेयरधनी कोषले शेयर पूँजी, शेयर प्रेमियम, सञ्चित मुनाफा र जगेडा कोषलाई जनाउछ । शेयरधनी कोष गत वर्ष रु १४ अर्ब ९४ करोड रहेको थियो भने समीक्षा वर्षमा १५.४४ प्रतिशतले वृद्धि हुँदै रु १७ अर्ब २४ करोड पुगेको छ । यसरी शेयरधनीलाई १० प्रतिशत शेयर लाभांश बाँढ्दा र जगेडा कोष ३९ प्रतिशतले बाड्दा शेयरधनी कोष वृद्धि भएको देखिन्छ ।

**कुल सञ्चालन आम्दानी**




कुल सञ्चालन आम्दानी आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: ३१ प्रतिशत, ५६ प्रतिशत र ७७ प्रतिशतले वृद्धि भएको थियो । व्याज आम्दानी, शुल्क तथा कमिशन र करोवार आम्दानी बैंकको आम्दानीका मुख्य श्रोत हुन् । बैंकको समीक्षा वर्षमा सञ्चालन आम्दानी रु १० अर्ब ६८ करोड रहेको छ । उक्त अंक गत वर्ष रु ९ अर्ब ५१ करोड रहेको थियो । समीक्षा वर्षमा बैंकको व्याज आम्दानी ७ प्रतिशतले वृद्धि हुँदा व्याज खर्च ६ प्रतिशतले बढेको छ । खुद व्याज आम्दानी ९ प्रतिशतले बढेको छ भने खुद शुल्क तथा कमिशन आम्दानी १७ प्रतिशतले वृद्धि भएको छ । धितोपत्र लगानी बिक्री लाभले अन्य सञ्चालन आम्दानी २३७ प्रतिशतले वृद्धि भएको छ । तसर्थ, समीक्षा वर्षमा बैंकको सञ्चालन आम्दानी १२.३८ प्रतिशतले वृद्धि भएको छ ।

गैर कोषमा आधारित आम्दानीमा भएको उल्लेख्य वृद्धिले २०७६/७७ मा कुल सञ्चालन आम्दानीमा व्यापक वृद्धि भएको थियो । बैंकको रणनीती अनुरुप गैर कोषमा आधारित आम्दानीमा बैंकले विशेष ध्यान दिई मोबाईल बैंकिंङ्ग, ईन्टरनेट बैंकिंङ्ग जस्ता सेवामा व्यापक वृद्धि गरेकोले उक्त आम्दानीमा वृद्धि भएको थियो ।

**कुल सञ्चालन नाफा**




कुल सञ्चालन नाफा आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: २४ प्रतिशत, १३ प्रतिशत र १३५ प्रतिशतले वृद्धि भएको थियो । सञ्चालन नाफाले बैंकको मुख्य आम्दानी र खर्च संकेत गर्छ । समीक्षा वर्षमा बैंकको सञ्चालन नाफा रु ४ अर्ब ४३ करोड रहेको छ । जुन अघिल्लो वर्षको सञ्चालन नाफा भन्दा १.७५ प्रतिशत कम हो । खुद सञ्चालन आम्दानी अघिल्लो वर्ष भन्दा बढी रहे पनि, सञ्चालन नाफामा भने कमी आएको छ । समीक्षा वर्षमा खुद सञ्चालन आम्दानी ७ प्रतिशतले बढोत्तरी हुँदा, सञ्चालन खर्च भने १७ प्रतिशतले बढेको छ । जसले गर्दा सञ्चालन नाफामा १.७५ प्रतिशात कमी आएको छ । समीक्षा वर्षमा कर्मचारी खर्च, अन्य सञ्चालन खर्च र ह्रास र परिशोधन खर्च क्रमश: १७ प्रतिशत, १५ प्रतिशत र २४ प्रतिशतले बढेको छ । शाखा विस्तार, कर्मचारीको पदोन्नति तथा प्रोत्साहन, कार्यालय सञ्चालन जस्ता गतिविधिले सञ्चालन खर्च बढेको छ । साथै सम्पत्ति तथा आधुनिक उपकरणमा लगानीका कारण ह्रास र परिशोधन खर्च वृद्धि भएको देखिन्छ । तसर्थ, खुद सञ्चालन आम्दानी बढी रहेता पनि सञ्चालन नाफा अघिल्लो वर्ष भन्दा केही कम रहेको छ ।

## खुद नाफा




खुद नाफा आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः ३८ प्रतिशत वृद्धि, ९ प्रतिशत कमी र १२६ प्रतिशतले वृद्धि भएको थियो। बैंकले यस वर्ष रु ३ अर्ब १० करोड खुद नाफा आर्जित गरेको छ। गत वर्ष उक्त अंक रु ३ अर्ब २ करोड रहेको थियो। समीक्षा वर्षमा कर पहिलेको नाफामा ०.९९ प्रतिशतले कमी आए पनि खुद नाफामा भने २.५ प्रतिशतको वृद्धि भएको छ। आ. व को कर खर्चमा ७.३ प्रतिशतको कमी आउनुका साथै स्थगन कर ३७.८८ प्रतिशतले कमी भएको छ। तसर्थ, कर पहिलेको नाफामा गत वर्ष भन्दा कम रहेता पनि बैंकको खुद नाफा वृद्धि भएको छ।

## सम्पत्तिमा प्रतिफल




सम्पत्तिमा प्रतिफल आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः ९ प्रतिशत वृद्धि, ४१ प्रतिशत कमी र ६१ प्रतिशत वृद्धि भएको थियो। गत वर्ष १.५६ प्रतिशत रहेको सम्पत्तिमा प्रतिफल यस वर्ष १.३२ प्रतिशत रहेको छ। बैंकको कुल सम्पत्ति १३.६० प्रतिशतले वृद्धि हुँदा खुद नाफा केवल २.४९ प्रतिशतले वृद्धि भएको छ। तसर्थ, समीक्षा वर्षमा सम्पत्तिमा प्रतिफलमा १५.३८ प्रतिशतले कमी आएको छ।

**ईक्विटीमा प्रतिफल**




ईक्विटीमा प्रतिफल आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः २ प्रतिशत वृद्धि, २८ प्रतिशत कमी र ८८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा बैंकको ईक्विटीमा प्रतिफल १९.२६ प्रतिशत रहेको छ जुन गत वर्ष २२.७३ प्रतिशत रहेको थियो । खुद नाफा न्यून विन्दुले बढ्नु र लाभांसमा बोनस शेयर वितरण गर्दा ईक्विटीमा प्रतिफल गत वर्ष भन्दा १५.२७ प्रतिशतले कमी आएको छ । शेयर पूँजीमा १० प्रतिशत वृद्धि, जगेडा कोष ३९ प्रतिशत वृद्धि र संचित मुनाफामा ६ प्रतिशतले कमी आउँदा शेयरधनी कोषमा कुल १५ प्रतिशत वृद्धि भएको छ । तर खुद नाफा भने केवल २.५ प्रतिशतले वृद्धि हुँदा ईक्विटीमा प्रतिफल गत वर्ष भन्दा कम देखिएको छ ।

**तरलता अनुपात**




तरलता अनुपात आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः ८ प्रतिशत वृद्धि, ५ प्रतिशत कमी र ७ प्रतिशतले वृद्धि भएको थियो । बैंकले आफ्नो छोटो अवधिको दायित्व पूरा गर्ने क्षमतालाई तरलता अनुपातले जनाउँछ । बैंकको तरलता अनुपात २७.०९ रहेको छ । जसको मतलब बैंकको तरल सम्पत्ति छोटो अवधिको दायित्व भन्दा २९.०७ गुणा बढी रहेको छ । तरलता अनुपात गत वर्ष २६.०% थियो । बैंकको खुद तरल सम्पत्ति १५५ प्रतिशतले वृद्धि हुँदा छोटो अवधिको दायित्व १५० प्रतिशतले वृद्धि भएका कारण यस वर्ष तरलता अनुपात ३.९९ प्रतिशतले वृद्धि भएको छ ।

**प्रति कर्मचारी खुद नाफा**




प्रति कर्मचारी खुद नाफा आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः १३ प्रतिशत कमी, ३१ प्रतिशत कमी र ५० प्रतिशतले वृद्धि भएको थियो। प्रति कर्मचारी खुद नाफा भन्नाले बैंकको खुद नाफा र कर्मचारी संख्याको अनुपात बुझिन्छ। यस अनुपातले बैंकको खुद नाफा आर्जनमा कर्मचारीको योगदान प्रस्ट पार्छ। यस वर्ष प्रति कर्मचारी खुद नाफा रु १० लाख ६६ हजार रहेको छ भने गत वर्ष ८ लख ७० हजार रहेको थियो जुन समीक्षा वर्षमा २२.३६ प्रतिशतले वृद्धि हो। कर्मचारी संख्यामा कमी र खुद नाफामा वृद्धिका कारण उक्त अनुपातमा वृद्धि देखिएको छ। गत वर्ष बैंकमा कर्मचारी ३,४७२ रहेको थिए भने यस वर्ष २,९०८ रहेका छन्।

**प्रति कर्मचारी खर्च**




प्रति कर्मचारी खर्च आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः २ प्रतिशत कमी, ६३ प्रतिशत वृद्धि र ९ प्रतिशतले कमी भएको थियो। कुल कर्मचारी खर्च र कर्मचारी संख्याको अनुपात नै प्रति कर्मचारी खर्च हो। समीक्षा वर्षमा बैंकको प्रति कर्मचारी खर्च रु १० लाख रहेको छ भने गत वर्ष ७ लाख १३ हजार रहेको थियो। आर्थिक वर्ष २०७६/२०७७ को अन्त्यमा कर्मचारी संख्यामा कमी भएता पनि कर्मचारी खर्च बढेकाले प्रति कर्मचारी खर्च ४०.२८ प्रतिशतले वृद्धि भएको छ। कर्मचारी प्रोत्साहनका लागि तलब भत्तामा वृद्धि, उचित कर्मचारीको पदोन्नतिले गर्दा समीक्षा वर्षमा बैंकको कर्मचारी खर्चमा १७ प्रतिशतले वृद्धि भएको छ।

**कुल कर्जा/निक्षेप**




कुल कर्जा/निक्षेप आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः २ प्रतिशत कमी, ३ प्रतिशत वृद्धि र २ प्रतिशतले कमी भएको थियो । कुल कर्जा प्रति निक्षेप अनुपात कर्जा र निक्षेपको तुलना हो । यसले कुल कर्जामा निक्षेपको उपयोगीतालाई पनि जनाउँछ । बैंकको कुल कर्जा प्रति निक्षेप अनुपात ८५.७५ रहेको छ, उक्त अनुपातले कुल १०० निक्षेपमा ८५.७५ कर्जामा उपयोग भएको जनाउँछ । गत वर्ष कुल कर्जा प्रति निक्षेप अनुपात ८४.५५ रहेको थियो भने यस वर्ष १.४२ प्रतिशतले वृद्धि भएको छ ।

**प्रति शेयर आम्दानी**




प्रति शेयर आम्दानी आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः १९ प्रतिशत कमी, २८ प्रतिशत कमी र १०६ प्रतिशतले वृद्धि भएको थियो । खुद नाफा र शेयर संख्याको अनुपातलाई प्रति शेयर आम्दानी भनिन्छ । खुद नाफालाई शेयर संख्यामा विभाजन गर्दा प्रति शेयर आम्दानी व्याख्या गर्न सकिन्छ । गत वर्ष प्रति शेयर आम्दानी रु ३४.२२ रहेको थियो भने यस वर्ष ६.८३ प्रतिशतले केही कमी हुँदै रु ३१.८९ भएको छ । लाभांशमा बोनस शेयर १० प्रतिशत वितरण गर्दा शेयर संख्या ९,७१,७६,५१५ पुगेको छ भने गत वर्ष शेयर संख्या ८,८३,४२,२८७ थियो । खुद नाफा न्यूनतम दरमा वृद्धि हुँदा र लाभांशमा बोनस शेयर वितरण गर्दा प्रति शेयर आम्दानीमा गत वर्ष भन्दा कमी आएको छ ।

**लाभांश**




लाभांश आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: २३ प्रतिशत कमी, ५२ प्रतिशत कमी र १११ प्रतिशतले वृद्धि भएको थियो । बैंकले आफ्ना शेयरधनी महानुभावहरुलाई हरेक वर्ष शेयर हरेक वर्ष लाभांश वितरण गर्दै आएको छ । नगद वा बोनस शेयरको माध्यमबाट आफ्ना शेयरधनीलाई बैंकले लाभ दिदै आएको छ । सेयारधनीले बैंकलाई प्रस्तुत गर्नु भएको विश्वास र उहाँहरुको लगानीको प्रतिफलका स्वरुप बैंकले यस वर्ष पनि लाभांश घोषणा गरेको छ। बैंकले यस वर्ष १९ प्रतिशत बोनस शेयर र १ प्रतिशत नगद लाभांश गर्दै जम्मा २० प्रतिशत लाभांश घोषणा गरेको छ ।

**मूल्य आम्दानी अनुपात**




मूल्य आम्दानी अनुपात आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: ३२ प्रतिशत कमी, २ प्रतिशत कमी र ३१ प्रतिशतले कमी भएको थियो । बजार मूल्य र प्रति शेयर आम्दानीको अनुपात मूल्य आम्दानी अनुपात हो । यस अनुपातले धितोपत्रमा सुचित शेयरको प्रदर्शन र प्रति शेयर आम्दानीको अनुपात प्रस्तुत गर्छ । समीक्षा वर्षमा मूल्य आम्दानी अनुपात १७.३४ रहेको छ । गत वर्ष उक्त अनुपात १३.०९ रहेको थियो । बजार शेयर मूल्यमा वृद्धि र प्रति शेयर आम्दानीमा आएको कमीले मूल्य आम्दानी अनुपात गत वर्षको तुलानामा ३२.४७ प्रतिशतको वृद्धि देखिएको छ ।

**कुल पूँजी पर्याप्तता**




कुल पूँजी पर्याप्तता आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: ११ प्रतिशत वृद्धि, ११ प्रतिशत कमी र ९ प्रतिशतले वृद्धि भएको थियो। बैंकको पूँजी र जोखिमको अनुपातलाई कुल पूँजी पर्याप्तता भनिन्छ। यस अनुपातका आधारमा नियमकारी निकायले बैंकको पूँजी पर्याप्तताको अनुगमन गर्छन। राष्ट्र बैंकको अनुसार बैंकको पूँजी पर्याप्तता अनुपात न्यूनतम ११ प्रतिशत हुनुपर्ने प्रावधान रहेको छ। समीक्षा वर्षमा बैंकको पूँजी पर्याप्तता अनुपात १३.५० प्रतिशत रहेको छ। जुन राष्ट्र बैंकको प्रावधान भन्दा २.५० प्रतिशत बढी रहेको छ। गत वर्ष उक्त अनुपात १३.३२ प्रतिशत रहेको थियो।

# Horizontal and Vertical विश्लेषण (Analysis)

## वित्तीय अवस्थाको विवरण

*रकम रु दश लाखमा*

| विवरण | असार मसान्त | | Horizontal Analysis Variance | Vertical Analysis Variance (असार मसान्त) | |
|---|---|---|---|---|---|
| | २०७७ | २०७६ | २०७६–२०७७ | २०७७ | २०७६ |
| **सम्पत्ति** | | | | | |
| नगद तथा नगद समान | १२,२९४.५१ | २०,२१४.५४ | -३९.१८% | ४.९१% | ९.१६% |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र लिनुपर्ने | १८,७२१.४८ | १६,०९७.९२ | १६.३०% | ७.४७% | ७.३०% |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | - | ३८३.९५ | -१००.००% | ०.००% | ०.१७% |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६३६.२५ | ७,००६.०१ | -१९.५५% | २.२५% | ३.१८% |
| अन्य व्यापारिक सम्पत्ति | ९.४४ | ७.४४ | २६.८८% | ०.००% | ०.००% |
| वित्तीय संस्थालाई कर्जा सापटी | १२,७०८.०८ | ६,९२३.२९ | ८३.५६% | ५.०७% | ३.१४% |
| ग्राहकलाई कर्जा सापटी | १६०,१८४.३१ | १४२,५७४.०१ | १२.३५% | ६३.९२% | ६४.६३% |
| लगानी सुरक्षणपत्र | २९,३१७.२४ | १८,१५२.९६ | ६१.५०% | ११.७०% | ८.२३% |
| चालु कर सम्पत्ति | ३,६२७.९१ | २,८३६.३३ | - | ०.००% | ०.००% |
| सहायक कम्पनीमा लगानी | १,२६४.५० | १,२०४.५० | ४.९८% | ०.५०% | ०.५५% |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - | ०.००% | ०.००% |
| लगानी सम्पत्ति | ४९६.०६ | २७५.९४ | ७९.७७% | ०.२०% | ०.१३% |
| सम्पत्ति तथा उपकरण | ३,२२३.६४ | २,५८३.७२ | २४.७७% | १.२९% | १.१७% |
| ख्याती तथा अमूर्त सम्पत्ति | ११२.८५ | ११०.४९ | २.१४% | ०.०५% | ०.०५% |
| स्थगन कर सम्पत्ति | - | - | - | ०.००% | ०.००% |
| अन्य सम्पत्ति | २,९९४.१० | २,२१३.६२ | ३५.२६% | १.१९% | १.००% |
| **जम्मा सम्पत्ति** | **२५०,५९०.३८** | **२२०,५८४.७०** | **१३.६०%** | **१००.००%** | **१००.००%** |
| **दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ९,२७१.५२ | १३,९२७.९२ | -३३.४३% | ३.७०% | ६.३१% |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | - | ३१४.५४ | -१००.००% | ०.००% | ०.१४% |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६०१.०४ | ६,९१३.४१ | -१८.९८% | २.२४% | ३.१३% |
| ग्राहकबाट निक्षेप | २०१,६३०.३८ | १७१,४२८.४१ | १७.६२% | ८०.४६% | ७७.७२% |
| सापटी (Borrowing) | - | - | | | |
| चालु कर दायित्वहरु | - | - | ०.००% | ०.००% | ०.००% |
| व्यवस्थाहरु | - | - | | | |
| स्थगन कर दायित्व | २९८.१३ | १७८.२७ | ६७.२३% | ०.१२% | ०.०८% |
| अन्य दायित्व | ६,८९१.४९ | ५,१७६.३१ | ३३.१४% | २.७५% | २.३५% |
| जारी गरिएको ऋण पत्र | ९,६५५.६४ | ७,७१०.१० | २५.२३% | ३.८५% | ३.५०% |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | | | |
| **जम्मा दायित्व** | **२३३,३४८.२१** | **२०५,६४८.९७** | **१३.४७%** | **१३.१२%** | **३३.२३%** |
| ईक्विटी | | | | | |
| शेयर पूँजी | ९,७१७.६५ | ८,८३४.२३ | १०.००% | ३.८८% | ४.००% |
| शेयर प्रिमियम | - | - | - | - | - |
| संचित मुनाफा | १,९७५.८१ | २,११२.८८ | -६.४९% | ०.७९% | ०.९६% |
| जगेडा कोष | ५,५४८.७१ | ३,९८८.६३ | ३९.११% | २.२१% | १.८१% |
| **ईक्विटी धारकलाई वितरणयोग्य ईक्विटी** | **१७,२४२.१७** | **१४,९३५.७४** | **१५.४४%** | - | - |
| **गैर नियन्त्रण स्वार्थ** | - | - | - | - | - |
| **जम्मा ईक्विटी** | **१७,२४२.१७** | **१४,९३५.७४** | **१५.४४%** | **६.८८%** | **६.७७%** |
| **जम्मा दायित्व र ईक्विटी** | **२५०,५९०.३८** | **२२०,५८४.७०** | **१३.६०%** | **१००.००%** | **१००.००%** |

श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७ सम्म

*रकम रु.*

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| व्याज आम्दानी | ४.२९ | २१,५२४,२५६,३४६ | १९,८२०,०७८,०२५ | २०,७२३,३१५,६७६ | १९,३४५,५९३,६२० |
| व्याज खर्च | ४.३० | १३,३९८,५५०,४२५ | १२,५२५,०३०,७१९ | १३,११८,४८३,९६८ | १२,३८५,५६१,०३४ |
| **खुद व्याज आम्दानी** | | **८,१२५,७०५,९२२** | **७,२९५,०४७,३०६** | **७,६०४,८३१,७०८** | **६,९६०,०३२,५८६** |
| शुल्क तथा कमिशन आम्दानी | ४.३१ | २,८१२,६४२,८८७ | २,२६६,०६४,६४१ | २,६४२,७७५,२२४ | २,२४८,९०६,३५७ |
| शुल्क तथा कमिशन खर्च | ४.३२ | २०५,८७०,८१२ | १३५,९३५,८०४ | १५९,९०४,०८१ | १२७,५९९,१५५ |
| **खुद शुल्क र कमिशन आम्दानी** | | **२,६०६,७७२,०७५** | **२,१३०,१२८,८३७** | **२,४८२,८७१,१४३** | **२,१२१,३०७,२०२** |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी** | | **१०,७३२,४७७,९९७** | **९,४२५,१७६,१४३** | **१०,०८७,७०२,८५१** | **९,०८१,३३९,७८८** |
| खुद कारोबार आम्दानी | ४.३३ | ३३९,६१३,१९६ | ३५०,०२०,९२५ | ३३९,६१३,१९६ | ३४८,९२०,८१५ |
| अन्य सञ्चालन आम्दानी | ४.३४ | २६१,८०३,९६८ | ७५,९७४,२०१ | २५५,८९७,३७५ | ७५,९७४,२०१ |
| **कुल सञ्चालन आम्दानी** | | **११,३३३,८९५,१६१** | **९,८५१,१७१,२६८** | **१०,६८३,२१३,४२३** | **९,५०६,२३४,८०४** |
| **ऋण र अन्य नोक्सानको लागि हानी/ (फिर्ता)** | **४.३५** | **१,१६५,२२३,७६०** | **६२१,८२७,९८८** | **१,११३,७०६,३७३** | **५९८,९१७,७९९** |
| **खुद सञ्चालन आम्दानी** | | **१०,१६८,६७१,४०२** | **९,२२९,३४३,२८१** | **९,५६९,५०७,०५०** | **८,९०७,३१७,००५** |
| **सञ्चालन खर्च** | | | | | |
| कर्मचारी खर्च | ४.३६ | ३,०७३,४३५,२११ | २,५६५,७५५,५१६ | २,९१०,१६६,३६० | २,४७६,८३१,१९६ |
| अन्य सञ्चालन खर्च | ४.३७ | २,०३६,४८३,५४८ | १,७५०,९२३,२५८ | १,९७१,७७५,७०७ | १,७१२,८३६,२३८ |
| ह्रासकट्टी र परिशोधन | ४.३८ | २६६,८२१,६३३ | २१३,२२४,६३८ | २५२,७३८,४७३ | २०४,०३२,९४४ |
| **सञ्चालन नाफा** | | **४,७९१,९३१,००९** | **४,६९९,४३९,८६८** | **४,४३४,८२६,५१०** | **४,५१३,६१६,६२८** |
| गैर सञ्चालन आम्दानी | ४.३९ | १९,८५२,३१४ | ३१,१०४,५५१ | १९,८५२,३१४ | ३१,३०४,५५१ |
| गैर सञ्चालन खर्च | ४.४० | ५७,३८३,८७२ | १०४,१६५,४७३ | ५७,३८३,८७२ | १०४,१६५,४७३ |
| **आयकर अघिको नाफा** | | **४,७५४,३९९,४५२** | **४,६२६,३७८,९४६** | **४,३९७,२९४,९५२** | **४,४४०,७५५,७०६** |
| आयकर खर्च | ४.४१ | | | | |
| यस आ.व. को कर | | १,३७४,९३२,१४७ | १,४२५,७९९,०७९ | १,२६८,४३३,२७५ | १,३६८,६५५,९८४ |
| स्थगन कर | | ३०,९०४,१५४ | ४५,५९९,३९७ | ३०,३२४,७१२ | ४८,८१७,०५६ |
| **यस आ.व. को नाफा** | | **३,३४८,५६३,१५१** | **३,१५४,९८०,४७०** | **३,०९८,५३६,९६५** | **३,०२३,२८२,६६६** |
| **खुद नाफा/(नोक्सान)मा हिस्सा** | | | | | |
| बैंकका ईक्विटीधारक | | ३,२८२,४९३,६४५ | ३,१५४,९८०,४७० | ३,०९८,५३६,९६५ | ३,०२३,२८२,६६६ |
| गैर नियन्त्रण स्वार्थ | | ६६,०६९,५०६ | - | - | - |
| **यस आ.व. को नाफा** | | **३,३४८,५६३,१५१** | **३,१५४,९८०,४७०** | **३,०९८,५३६,९६५** | **३,०२३,२८२,६६६** |
| प्रति शेयर आम्दानी | | | | | |
| प्रति शेयर आधारभूत आम्दानी (BEPS) | | ३४.४६ | ३५.७१ | ३१.८९ | ३४.२२ |
| प्रति शेयर डाइलुटेड आम्दानी (DEPS) | | ३४.४६ | ३५.७१ | ३१.८९ | ३४.२२ |
| प्रति शेयर समायोजन आम्दानी | | ३४.४६ | ३२.४७ | ३१.८९ | ३१.११ |

**रुपेश लुईटेल**
प्रमुख वित्तीय अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

**त्रिलोक चन्द अग्रवाल**
सञ्चालक

**रामचन्द्र संघई**
सञ्चालक

**राजेन्द्र प्रसाद अर्याल**
सञ्चालक

**विनोद कुमार प्याकुरेल**
सञ्चालक

**गणेश मान श्रेष्ठ**
सञ्चालक

**निकुञ्ज अग्रवाल**
सञ्चालक

**तुलसीराम अग्रवाल**
अध्यक्ष

उपरोक्त मितिमा प्रतिवेदनमा उल्लेखित
**सुनिर कुमार ढुङ्गेल, एफ सि ए**
***म्यानेजिङ्ग पार्टनर***
**एस ए आर एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

स्थान: काठमाडौं
मिति:कार्तिक ०४, २०७७

## एन आई सी एशिया बैंक लिमिटेड
### अन्य विस्तृत आम्दानीको एकीकृत विवरण
श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७ सम्म

*रकम रु.*

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **यस वर्षको नाफा** | | **३,३४८,५६३,१५१** | **३,१५४,९८०,४७०** | **३,०९८,५३६,९६५** | **३,०२३,२८२,६६६** |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | | - | - | - | - |
| **क. नाफा र नोक्सानमा पुनर्वर्गीकरण नगरिने बुँदाहरु** | | | | | |
| - Fair Value मा मापन गरिएका ईक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | | २७१,७१९,४९४ | ४०५,४३७,०४३ | २७१,७१९,४९४ | ४०५,४३७,०४३ |
| - पून: मूल्याङ्कन गर्दा खुद नाफा (नोक्सान) | | - | - | - | - |
| - परिभाषित लाभ योजनामा भएको बिमाङ्किक नाफा/(नोक्सान) | | २६,७३३,३६२ | १६,७००,०९२ | २६,७३३,३६२ | १६,७००,०९२ |
| - माथीका विषय बस्तुसँग सम्बन्धित आयकर | | (८९,५३५,८५७) | (१२६,६४१,१४१) | (८९,५३५,८५७) | (१२६,६४१,१४१) |
| **नाफा तथा नोक्सानका लागि पुनर्वर्गीकरण नगरिने अन्य विस्तृत आम्दानी** | | **२०८,९१६,९९९** | **२९५,४९५,९९५** | **२०८,९१६,९९९** | **२९५,४९५,९९५** |
| **ख. नाफा तथा नोक्सानका लागि पुनर्वर्गीकरण** | | - | - | - | - |
| **नगरिने अन्य विस्तृत आम्दानी** | | - | - | - | - |
| - नगद प्रवाह हेजमा नाफा (नोक्सान) | | - | - | - | - |
| - विनिमय नाफा (नोक्सान) (अन्तर्राष्ट्रिय Operation का वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | | - | - | - | - |
| - माथीका विषय बस्तुसँग सम्बन्धित आयकर | | - | - | - | - |
| **नाफा अथवा नोक्सानका लागि पुनर्वर्गीकरण** | | - | - | - | - |
| **नाफा अथवा नोक्सानमा लागि पुनर्वर्गीकरण हुन सक्ने अन्य विस्तृत खुद आम्दानी** | | - | - | - | - |
| **ग. ईक्विटी विधिबाट लेखाङ्कन गरिएका सम्बद्ध संस्थाको हिस्सा** | | - | - | - | - |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | **२०८,९१६,९९९** | **२९५,४९५,९९५** | **२०८,९१६,९९९** | **२९५,४९५,९९५** |
| **कुल विस्तृत आम्दानी** | | **३,५५७,४८०,१५०** | **३,४५०,४७६,४६५** | **३,३०७,४५३,९६४** | **३,३१८,७७८,६६१** |
| कुल विस्तृत आम्दानी | | | | | |
| बैंकको ईक्विटीधारक | | ३,४९१,४१०,६४४ | ३,४५०,४७६,४६५ | ३,३०७,४५३,९६४ | ३,३१८,७७८,६६१ |
| गैर नियन्त्रित स्वार्थ | | ६६,०६९,५०६ | | | |
| **कुल विस्तृत आम्दानी** | | **३,५५७,४८०,१५०** | **३,४५०,४७६,४६५** | **३,३०७,४५३,९६४** | **३,३१८,७७८,६६१** |

**रुपेश लुईंटेल**
प्रमुख वित्तीय अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

**त्रिलोक चन्द अग्रवाल**
सञ्चालक

**रामचन्द्र संघई**
सञ्चालक

**राजेन्द्र प्रसाद अर्याल**
सञ्चालक

**विनोद कुमार प्याकुरेल**
सञ्चालक

**गणेश मान श्रेष्ठ**
सञ्चालक

**निकुञ्ज अग्रवाल**
सञ्चालक

**तुलसीराम अग्रवाल**
अध्यक्ष

उपरोक्त मितिमा प्रतिवेदनमा उल्लेखित
**सुनिर कुमार ढुङ्गेल, एफ सि ए**
*म्यानेजिङ्ग पार्टनर*
**एस ए आर एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

स्थान: काठमाडौं
मिति:कार्तिक ०४, २०७७

## एन आई सी एशिया बैंक लिमिटेड

### समूह

### ईक्विटीमा परिवर्तनको विवरण

२०७७ असार अन्त्यका लागि (२०२० जुलाई १५)

*रकम रु.*

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण मौज्दात | साधारण जगेडा कोष | नियमनकारी कोष | Fair Value Reserve | पुनर्मूल्याङ्कन मौज्दात | संचित मुनाफा | अन्य जगेडा कोष | जम्मा | गैर नियन्त्रित स्वार्थ | जम्मा ईक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०७५ सम्मको रकम** | **८,०३१,११६,९९८** | - | **१,८२५,१५२,९५०** | **३८,३७२,१५४** | **४५५,५७५,८७६** | **१,५९१,६९४** | **४४,२४४,४६२** | **९५३,९९१,६६४** | **३३०,७४६,८७१** | **११,६८०,७९२,६७०** | - | **११,६८०,७९२,६७०** |
| समायोजन/Restatement | - | - | - | - | - | (५,३०५,६४४) | - | - | ५,३०५,६४४ | - | - | - |
| **साउन १, २०७५ सम्मको समायोजन/Restated मौज्दात** | **८,०३१,११६,९९८** | - | **१,८२५,१५२,९५०** | **३८,३७२,१५४** | **४५५,५७५,८७६** | **(३,७१३,९५१)** | **४४,२४४,४६२** | **९५३,९९१,६६४** | **३३६,०५२,५१५** | **११,६८०,७९२,६७०** | - | **११,६८०,७९२,६७०** |
| **आर्थिक वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| **आर्थिक वर्षको नाफा** | - | - | - | - | - | - | - | **३,१५४,९८०,४७०** | - | **३,१५४,९८०,४७०** | - | **३,१५४,९८०,४७०** |
| **कर पछिको अन्य विस्तृत आम्दानी** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Fair Value मा मापन गर्दा ईक्विटी उपकरणको लगानीमा लाभ/(नोक्सान) | - | - | - | - | - | २८३,८०५,९३० | - | - | - | २८३,८०५,९३० | - | २८३,८०५,९३० |
| पून: मूल्याङ्कनमा खुद लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बिमाङ्किक लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | ११,६९०,०६४ | ११,६९०,०६४ | - | ११,६९०,०६४ |
| नगद प्रवाह हेजमा लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Fair Value मौज्दात (ईक्विटी) लगानीमा लगानी): | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विनिमय लाभ (नोक्सान) (अन्तर्राष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **आर्थिक वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | **२८३,८०५,९३०** | - | **३,१५४,९८०,४७०** | **११,६९०,०६४** | **३,४५०,४७६,४६५** | - | **३,४५०,४७६,४६५** |
| **आर्थिक वर्षमा जगेडा कोषमा स्थानान्तरण** | - | - | **६२६,७१८,३५४** | **६३५,१०६** | **२७२,०७०,४४२** | - | **११,९५९,५४८** | **(१,०७४,७७४,८३७)** | **१६३,९३०,८४२** | **५३९,४५५** | - | **५३९,४५५** |
| **आर्थिक वर्षमा जगेडा कोषबाट स्थानान्तरण** | - | - | - | - | - | - | - | **४१,८३१,१८८** | **(५३,६००,३१४)** | **(११,७६९,१२६)** | - | **(११,७६९,१२६)** |
| **स्वामित्वकर्ताको कारोबार, ईक्विटीमा प्रत्यक्ष लेखाङ्कन हुने** | | | | | | | | | | | | |
| हकप्रद शेयर जारी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ईक्विटीधारकलाई लाभांश | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनस शेयर जारी | ८०३,१११,७०० | - | - | - | - | - | - | (८०३,१११,७००) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (५७,००५,८८०) | - | (५७,००५,८८०) | - | (५७,००५,८८०) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | **८०३,१११,७००** | - | - | - | - | - | - | **(८६०,११७,५७९)** | - | **(५७,००५,८८०)** | - | **(५७,००५,८८०)** |
| **२०७६ असार मसान्तसम्मको मौज्दात** | **८,८३४,२२८,६९८** | - | **२,४५१,८७१,३०४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,२१५,९१०,९०७** | **४५८,०७३,१०८** | **१५,०६३,०३३,५८४** | - | **१५,०६३,०३३,५८४** |
| **साउन १, २०७६ सम्मको रकम** | **८,८३४,२२८,६९८** | - | **२,४५१,८७१,३०४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,२१५,९१०,९०७** | **४५८,०७३,१०८** | **१५,०६३,०३३,५८४** | - | **१५,०६३,०३३,५८४** |
| समायोजन/Restatement | - | - | - | - | - | - | - | - | - | - | - | - |

*बाँकी अर्को पृष्ठमा...*

*...अघिल्लो पृष्ठबाट निरन्तर*

एन आई सी एशिया बैंक लिमिटेड

**समूह**

**ईक्विटीमा परिवर्तनको विवरण**

२०७७ असार अन्त्यका लागि (२०२० जुलाई १५)

*रकम रु.*

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण मौज्दात | साधारण जगेडा कोष | नियमनकारी कोष | Fair Value Reserve | पुनर्मूल्याङ्कन मौज्दात | संचित मुनाफा | अन्य जगेडा कोष | जम्मा | गैर नियन्त्रित स्वार्थ | जम्मा ईक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०७६ सम्मको समायोजन/** | **८,८३४,२२८,६९८** | **-** | **२,४५१,८७१,३०४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,२१५,९१०,९०७** | **४५८,०७३,१०८** | **१५,०६३,०३३,५८४** | **-** | **१५,०६३,०३३,५८४** |
| **आर्थिक वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| **आर्थिक वर्षको नाफा** | - | - | - | - | - | - | - | **३,२८२,४९३,६४५** | - | **३,२८२,४९३,६४५** | **६६,०६९,५०६** | **३,३४८,५६३,१५१** |
| **कर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| Fair Value मा मापन गर्दा ईक्विटी उपकरणको लगानीमा लाभ/(नोक्सान) | - | - | - | - | - | १६०,६१७,७०७ | - | २९,५८५,९३८ | - | १९०,२०३,६४६ | - | १९०,२०३,६४६ |
| पून: मूल्याङ्कनमा खुद लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विमाङ्किक लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | १८,७१३,३५३ | १८,७१३,३५३ | - | १८,७१३,३५३ |
| नगद प्रवाह हेजमा लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विनिमय लाभ (नोक्सान) (अन्तर्राष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **आर्थिक वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | **१६०,६१७,७०७** | - | **३,३१२,०७९,५८४** | **१८,७१३,३५३** | **३,४९१,४१०,६४४** | **६६,०६९,५०६** | **३,५५७,४८०,१५०** |
| **आर्थिक वर्षमा जगेडा कोषमा स्थानान्तरण** | - | - | **६६५,१२९,७६६** | **५७२,०५७** | **(२३,०४१,६४३)** | - | **(५६,२०४,०१०)** | **(१,४८९,०१०,६६५)** | **८४४,२३५,६७६** | **(५८,३१८,८१९)** | **५०९,१४६,४६३** | **४५०,८२७,६४४** |
| **आर्थिक वर्षमा जगेडा कोषबाट स्थानान्तरण** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **स्वामित्वकर्ताको कारोबार, ईक्विटीमा प्रत्यक्ष लेखाङ्कन हुने** | | | | | | | | | | | | |
| हकप्रद शेयर जारी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ईक्विटीधारकलाई लाभांश | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनस शेयर जारी | ८८३,४२२,८७० | - | - | - | - | - | - | (८८३,४२२,८७०) | - | - | - | - |
| नगद लाभांश भ'क्तानी | - | - | - | - | - | - | - | (९९८,४१४,७५१) | - | (९९८,४१४,७५१) | - | (९९८,४१४,७५१) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | **८८३,४२२,८७०** | - | - | - | - | - | - | **(१,८८१,८३७,६२१)** | - | **(९९८,४१४,७५१)** | - | **(९९८,४१४,७५१)** |
| **२०७७ असार मसान्तसम्मको मौज्दात** | **९,७१७,६५१,५६८** | - | **३,११७,००१,०६९** | **३९,५७९,३१६** | **७०४,६०४,६७६** | **४४०,७०९,६८७** | - | **२,१५७,१४२,२०५** | **१,३२१,०२२,१३७** | **१७,४९७,७१०,६५८** | **५७५,२१५,९६९** | **१८,०७२,९२६,६२७** |

**रुपेश लुईंटेल**
प्रमुख वित्तीय अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

**त्रिलोक चन्द अग्रवाल**
सञ्चालक

**रामचन्द्र संघई**
सञ्चालक

**राजेन्द्र प्रसाद अर्याल**
सञ्चालक

**विनोद कुमार प्याकुरेल**
सञ्चालक

**गणेश मान श्रेष्ठ**
सञ्चालक

**निकुञ्ज अग्रवाल**
सञ्चालक

**तुलसीराम अग्रवाल**
अध्यक्ष

उपरोक्त मितिमा प्रतिवेदनमा उल्लेखित
**सुनिर कुमार ढुङ्गेल, एफ सि ए**
***म्यानेजिङ्ग पार्टनर***
**एस ए आर एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

स्थान: काठमाडौं
मिति:

# एन आई सी एशिया बैंक लिमिटेड

## बैंक

## ईक्विटीमा परिवर्तनको विवरण

२०७७ असार अन्त्यका लागि (२०२० जुलाई १५)

*रकम रु.*

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण मौज्दात | साधारण जगेडा कोष | नियमनकारी कोष | Fair Value Reserve | पुनर्मूल्याङ्कन मौज्दात | संचित मुनाफा | अन्य जगेडा कोष | जम्मा | गैर नियन्त्रित स्वार्थ | जम्मा ईक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०७५ सम्मको रकम** | **८,०३१,११६,९९८** | - | **१,८२५,१५२,९५०** | **३८,३७२,१५४** | **४५५,५७५,८७६** | **१,५९१,६९४** | **४४,२४४,४६२** | **९४३,६५४,५५६** | **३३०,७४६,८७१** | **११,६७०,४५५,५६१** | - | **११,६७०,४५५,५६१** |
| समायोजन/Restatement | - | - | - | - | - | (५,३०५,६४४) | - | - | ५,३०५,६४४ | - | - | - |
| **साउन १, २०७५ सम्मको समायोजन/ Restated मौज्दात** | **८,०३१,११६,९९८** | - | **१,८२५,१५२,९५०** | **३८,३७२,१५४** | **४५५,५७५,८७६** | **(३,७१३,९५१)** | **४४,२४४,४६२** | **९४३,६५४,५५६** | **३३६,०५२,५१५** | **११,६७०,४५५,५६१** | - | **११,६७०,४५५,५६१** |
| आर्थिक वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| आर्थिक वर्षको नाफा | - | - | - | - | - | - | - | ३,०२३,२८२,६६६ | - | ३,०२३,२८२,६६६ | - | ३,०२३,२८२,६६६ |
| कर पछिको अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Fair Value मा मापन गर्दा ईक्विटी उपकरणको लगानीमा लाभ/(नोक्सान) | - | - | - | - | - | २८३,८०५,९३० | - | - | - | २८३,८०५,९३० | - | २८३,८०५,९३० |
| पून: मूल्याङ्कनमा खुद लाभ(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बिमाङ्किक लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | ११,६९०,०६४ | ११,६९०,०६४ | - | ११,६९०,०६४ |
| नगद प्रवाह हेजमा लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Fair Value मौज्दात (ईक्विटी लगानीमा लगानी): | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विनिमय लाभ (नोक्सान) (अन्तर्राष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **आर्थिक वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | **२८३,८०५,९३०** | - | **३,०२३,२८२,६६६** | **११,६९०,०६४** | **३,३१८,७७८,६६१** | - | **३,३१८,७७८,६६१** |
| **आर्थिक वर्षमा जगेडा कोषमा स्थानान्तरण** | - | - | **६०४,६५६,५३४** | **६३५,१०६** | **२७२,०७०,४४२** | - | **११,९५९,५४८** | **(१,०५०,५०६,८३५)** | **१६१,७२४,६६०** | **५३९,४५५** | - | **५३९,४५५** |
| **आर्थिक वर्षमा जगेडा कोषबाट स्थानान्तरण** | - | - | - | - | - | - | - | **४१,८३१,१८८** | **(५३,६००,३१४)** | **(११,७६९,१२६)** | - | **(११,७६९,१२६)** |
| **स्वामित्वकर्ताको कारोबार, ईक्विटीमा** | | | | | | | | | | | | |
| प्रत्यक्ष लेखाङ्कन हुने | | | | | | | | | | | | |
| हकप्रद शेयर जारी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ईक्विटीधारकलाई लाभांश | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनस शेयर जारी | ८०३,१११,७०० | - | - | - | - | - | - | (८०३,१११,७००) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (४२,२६९,०३७) | - | (४२,२६९,०३७) | - | (४२,२६९,०३७) |
| **कुल योगदान र वितरण** | **८०३,१११,७००** | - | - | - | - | - | - | **(८४५,३८०,७३७)** | - | **(४२,२६९,०३७)** | - | **(४२,२६९,०३७)** |
| **२०७६ असार मसान्तसम्मको मौज्दात** | **८,८३४,२२८,६९८** | - | **२,४२९,८०९,४८४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,११२,८८०,८३९** | **४५५,८६६,९२६** | **१४,९३५,७३५,५१४** | - | **१४,९३५,७३५,५१४** |
| **साउन १, २०७६ सम्मको रकम** | **८,८३४,२२८,६९८** | - | **२,४२९,८०९,४८४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,११२,८८०,८३९** | **४५५,८६६,९२६** | **१४,९३५,७३५,५१४** | - | **१४,९३५,७३५,५१४** |
| समायोजन/Restatement | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **साउन १, २०७६ सम्मको समायोजन/ Restated मौज्दात** | **८,८३४,२२८,६९८** | - | **२,४२९,८०९,४८४** | **३९,००७,२६०** | **७२७,६४६,३१८** | **२८०,०९१,९७९** | **५६,२०४,०१०** | **२,११२,८८०,८३९** | **४५५,८६६,९२६** | **१४,९३५,७३५,५१४** | - | **१४,९३५,७३५,५१४** |

*बाँकी अर्को पृष्ठमा...*

*...अघिल्लो पृष्ठबाट निरन्तर*

एन आई सी एशिया बैंक लिमिटेड

**बैंक**

**ईक्विटीमा परिवर्तनको विवरण**

२०७७ असार अन्त्यका लागि (२०२० जुलाई १५)

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण मौज्दात | साधारण जगेडा कोष | नियमनकारी कोष | Fair Value Reserve | पुनर्मूल्याङ्कन मौज्दात | संचित मुनाफा | अन्य जगेडा कोष | जम्मा | गैर नियन्त्रित स्वार्थ | जम्मा ईक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आर्थिक वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | - | - | - |
| **आथिर्क वर्षको नाफा** | - | - | - | - | - | - | - | **३,०९८,५३६,९६५** | - | **३,०९८,५३६,९६५** | - | **३,०९८,५३६,९६५** |
| **कर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | - | - | - |
| Fair Value मा मापन गर्दा ईक्विटी उपकरणको लगानीमा लाभ/(नोक्सान) | - | - | - | - | - | १६०,६१७,७०७ | - | २९,५८५,९३८ | - | १९०,२०३,६४६ | - | १९०,२०३,६४६ |
| पून: मूल्याङ्कनमा खुद लाभ(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विमाङ्किक लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | १८,७१३,३५३ | १८,७१३,३५३ | | १८,७१३,३५३ |
| नगद प्रवाह हेजमा लाभ (नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विनिमय लाभ (नोक्सान) (अन्तर्राष्ट्रिय Operation को वित्तीय सम्पत्ति रुपान्तरण गर्दा) | | | | | | | | | | - | - | - |
| **आर्थिक वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | **१६०,६१७,७०७** | - | **३,१२८,१२२,९०४** | **१८,७१३,३५३** | **३,३०७,४५३,९६४** | - | **३,३०७,४५३,९६४** |
| **आर्थिक वर्षमा जगेडा कोषमा स्थानान्तरण** | - | - | **६१९,७०७,३९३** | **५७२,०५७** | **(२३,०४१,६४३)** | - | **(५६,२०४,०१०)** | **(१,४०५,३५२,५००)** | **८३९,७१४,५९७** | **(२४,६०४,१०७)** | - | **(२४,६०४,१०७)** |
| **आर्थिक वर्षमा जगेडा कोषबाट स्थानान्तरण** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **स्वामित्वकर्ताको कारोबार,** | | | | | | | | | | | | |
| ईक्विटीमा प्रत्यक्ष लेखाङ्कन हुने | | | | | | | | | | | | |
| हकप्रद शेयर जारी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ईक्विटीधारकलाई लाभांश | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनस शेयर जारी | ८८३,४२२,८७० | - | - | - | - | - | - | (८८३,४२२,८७०) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (९७६,४१४,७५१) | - | (९७६,४१४,७५१) | - | (९७६,४१४,७५१) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | **८८३,४२२,८७०** | - | - | - | - | - | - | **(१,८५९,८३७,६२१)** | - | **(९७६,४१४,७५१)** | - | **(९७६,४१४,७५१)** |
| **२०७७ असार मसान्तसम्मको मौज्दात** | **९,७१७,६५१,५६७** | - | **३,०४९,५१६,८७७** | **३९,५७९,३१६** | **७०४,६०४,६७६** | **४४०,७०९,६८७** | - | **१,९७५,८१३,६२२** | **१,३१४,२९४,८७६** | **१७,२४२,१७०,६२१** | - | **१७,२४२,१७०,६२१** |

**रुपेश लुईंटेल**
प्रमुख वित्तीय अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

**त्रिलोक चन्द अग्रवाल**
सञ्चालक

**रामचन्द्र संघई**
सञ्चालक

**राजेन्द्र प्रसाद अर्याल**
सञ्चालक

उपरोक्त मितिमा प्रतिवेदनमा उल्लेखित
**सुनिर कुमार ढुङ्गेल, एफ सि ए**
***म्यानेजिङ्ग पार्टनर***
**एस ए आर एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

**विनोद कुमार प्याकुरेल**
सञ्चालक

**गणेश मान श्रेष्ठ**
सञ्चालक

**निकुञ्ज अग्रवाल**
सञ्चालक

**तुलसीराम अग्रवाल**
अध्यक्ष

स्थान: काठमाडौं
मिति:

# एन आई सी एशिया बैंक लिमिटेड

## एकीकृत नगद प्रवाहको विवरण

श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७ सम्म

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | | |
| व्याज आम्दानी | १९,८१९,८७५,४८५ | १८,४१६,९१४,०६७ | १९,०७४,६७७,३२३ | १८,५२६,२३६,२७४ |
| कमिशन तथा डिष्काउन्ट आम्दानी | २,८१२,६४२,८८७ | २,२६६,०६४,६४१ | २,६४२,७७५,२२४ | २,२४८,९०६,३५७ |
| लाभांश आम्दानी | - | - | - | - |
| अन्य सञ्चालन आम्दानी | ५७६,६८६,७४१ | ३९२,५०१,६३८ | ५७१,४२१,७७९ | ३९१,६०१,५२८ |
| व्याज खर्च | (१२,४७१,२३०,५०७) | (११,७०६,२५५,७६२) | (१२,१९१,१६४,०५०) | (११,६८२,६६८,०५०) |
| कमिशन तथा डिष्काउन्ट खर्च | (२०५,८७०,८१२) | (१३५,९३५,८०४) | (१५९,९०४,०८१) | (१२७,५९९,१५५) |
| कर्मचारी खर्च | (२,८९५,५७६,५८०) | (२,५३३,६१८,४३३) | (२,७३७,१३६,७०२) | (२,४४९,२९६,५७९) |
| अन्य खर्च | (२,०९३,८६७,४२०) | (१,९३२,२६५,०६८) | (१,९७१,७७५,७०७) | (१,९९२,४५९,९०७) |
| **चालू सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **५,५४२,६५९,७९३** | **४,७६७,४०५,२७९** | **५,२२८,८९३,७८५** | **४,९१४,७२०,४६८** |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(२९,४४२,९९३,८५९)** | **(२७,१३४,११२,०३२)** | **(२७,०५२,८९४,७५१)** | **(२४,१२९,६८८,८५७)** |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | (२,६१७,६३५,९८३) | (२३७,१८२,१५४) | (२,६१७,६३५,९८३) | (२३७,१८२,१५४) |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३८३,९५०,००० | (७०,०२०,८०९) | ३८३,९५०,००० | (७०,०२०,८०९) |
| अन्य ब्यापारिक सम्पत्ति | (२,४५८,३९०) | (१६६,०८०,०४४) | (२,०००,०००) | २,२१२,५०० |
| बैंक/वित्तीय संस्थामा कर्जा सापटी | (५,६४७,७००,५९४) | (१,४१५,१३९,८९३) | (५,७८४,७९२,७२३) | (२,२६५,१३९,८९३) |
| कर्जा सापटी | (२०,७८७,३८०,०२१) | (३१,०४६,३७१,४७५) | (१८,३०९,३२१,४९१) | (२७,३६८,३०२,८४६) |
| अन्य सम्पत्ति | (७७१,७६८,८७०) | ५,८००,६८२,३४३ | (७२३,०९४,५५४) | ५,८०८,७४४,३४५ |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा(कमी)/वृद्धि** | **२९,०८८,२९४,७२२** | **३५,९०५,१६०,७८६** | **२७,०४२,६५८,९१७** | **३३,८३८,००१,४०५** |
| बैंक/वित्तीय संस्थामा भुक्तानी दिनुपर्ने | (२,१५३,१६६,६५९) | (१,४९१,६१८,२२२) | (४,६५६,४०१,७९४) | (३,०९३,८६०,८१५) |
| नेपाल राष्ट्र बैंकमा भुक्तानी दिनुपर्ने | (३१४,५४१,४५७) | (४२७,७२८,०१५) | (३१४,५४१,४५७) | (४२७,७२८,०१५) |
| निक्षेप दायित्व | २९,३१७,११९,७२१ | ३७,७९६,११६,८४६ | ३०,२०१,९७३,८६३ | ३७,२३१,०८१,०६९ |
| ऋण सापटी | - | - | - | - |
| अन्य दायित्व | २,२३८,८८३,११६ | २८,३९०,१७७ | १,८११,६२८,३०४ | १२८,५०९,१६६ |
| **आयकर अघिको खुद कारोवार सञ्चालनबाट नगद प्रवाह** | **५,१८७,९६०,६५६** | **१३,५३८,४५४,०३३** | **५,२१८,६५७,९५१** | **१४,६२३,०३३,०१६** |
| आयकर भुक्तानी | (२,१८४,७३९,६६०) | (१,२०७,८७९,७६४) | (१,७९७,९६७,०६०) | (१,१५०,७३६,६६९) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **३,००३,२२०,९९६** | **१२,३३०,५७४,२६९** | **३,४२०,६९०,८९०** | **१३,४७२,२९६,३४७** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | | |
| लगानी खरीद | (११,००१,५३८,४००) | (३,६१०,३५३,७०१) | (११,०५४,१३३,४०१) | (४,५४९,२५३,७०१) |
| लगानी बिक्री बाट नगद प्रवाह | - | - | - | - |
| सम्पत्ति खरीद बाट नगद प्रवाह | (८९०,६६२,५१७) | (१,०४५,४२५,५७८) | (९११,९२४,७०३) | (१,०२५,२९१,२९७) |
| सम्पत्ति बिक्री बाट नगद प्रवाह | २,४०२,५२० | १४०,५१५,१५३ | २,४०२,५२० | १४०,५१५,१५१ |
| अमुर्त सम्पत्ति खरीद | (३२,८३६,८३८) | (८४,९२७,०८८) | (३१,९३१,८८१) | (८४,१८६,२१३) |
| अमुर्त सम्पत्ति बिक्रीबाट नगद प्रवाह | - | - | - | - |
| लगानी खरीद | (२२०,१२५,८२५) | (१९६,१९१,९५५) | (२२०,१२५,८२५) | (१९६,१९१,९५५) |
| लगानी सम्पत्ति बिक्रीबाट नगद प्रवाह | - | - | - | - |
| व्याज आम्दानी | ८७८,३६९,५४९ | १,४०३,१६३,९५८ | ८२२,६२७,०४१ | ८१९,३५७,३४५ |
| लाभांश आम्दानी | ४४,५८२,७३८ | ३०,९५८,६९३ | ४३,९४१,१०७ | ३०,९५८,६९३ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **(११,२१९,८०८,७७४)** | **(३,३६२,२६०,५१८)** | **(११,३४९,१४५,१४३)** | **(४,८६४,०९१,९७७)** |

*बाँकी अर्को पृष्ठमा...*

...अघिल्लो पृष्ठबाट निरन्तर

एन आई सी एशिया बैंक लिमिटेड

**एकीकृत नगद प्रवाहको विवरण**

श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७ सम्म

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | १,९४४,०७६,७६९ | ४,२२२,१८८,२८४ | १,९४३,६९८,००० | ४,२२२,१८८,२८४ |
| ऋणपत्र निष्काशनबाट प्राप्त ऋणपत्रको भुक्तानी | - | - | - | - |
| सुरक्षण नराखेको सहायक आवधिक ऋणबाट प्राप्त | - | - | - | - |
| सुरक्षण नराखेको सहायक आवधिक ऋण भुक्तानी | - | - | - | - |
| शेयर निष्काशनबाट प्राप्त | ४७५,५००,००० | - | - | - |
| लाभांश भुक्तानी | (९९८,४१४,७५१) | (६०,१८३,०५४) | (९०७,०५८,७१९) | (४५,४४६,२११) |
| व्याज खर्च | (१,०२८,५५४,६३६) | (८१८,७७४,९५८) | (१,०२८,२१४,६३४) | (७०२,८९२,९८४) |
| अन्य भुक्तानी र आम्दानी | - | - | - | - |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **३९२,६०७,३८३** | **३,३४३,२३०,२७३** | **८,४२४,६४७** | **३,४७३,८४९,०८९** |
| **नगद/नगद समानमा भएको खुद वृद्धि/(कमी)** | **(७,८२३,९८०,३९५)** | **१२,३११,५४४,०२४** | **(७,९२०,०२९,६०५)** | **१२,०८२,०५३,४५९** |
| नगद/नगद समानको शुरु मौज्दात | २०,४८५,२४७,२३२ | ८,१७३,७०३,२०८ | २०,२१४,५४०,२६८ | ८,१३२,४८६,८०९ |
| नगद/नगद समानको विनिमय दरमा भएको परिवर्तनबाट आम्दानी/खर्च | - | - | - | - |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१२,६६१,२६६,८३७** | **२०,४८५,२४७,२३२** | **१२,२९४,५१०,६६३** | **२०,२१४,५४०,२६८** |

**रुपेश लुईटेल**
प्रमुख वित्तीय अधिकृत

**रोशन कुमार न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

**त्रिलोक चन्द अग्रवाल**
सञ्चालक

**रामचन्द्र संघई**
सञ्चालक

**राजेन्द्र प्रसाद अर्याल**
सञ्चालक

उपरोक्त मितिमा प्रतिवेदनमा उल्लेखित
**सुनिर कुमार ढुङ्गेल, एफ सि ए**
*म्यानेजिङ्ग पार्टनर*
**एस ए आर एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**

**विनोद कुमार प्याकुरेल**
सञ्चालक

**गणेश मान श्रेष्ठ**
सञ्चालक

**निकुञ्ज अग्रवाल**
सञ्चालक

**तुलसीराम अग्रवाल**
अध्यक्ष

स्थान: काठमाडौं
मिति:कार्तिक ०४, २०७७

# प्रमुख लेखा नीतिहरु

## १. सामान्य जानकारी

एन आई सी एशिया बैंक लिमिटेड (यस पश्चात "बैंक" भनी उल्लेख गरिएको) सन् १९९८ देखि सञ्चालनमा रहेको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वित्तीय संस्था र कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता रहेको एक लिमिटेड कम्पनी हो । यसको रजिष्टर्ड कार्यालय तथा कर्पोरेट कार्यालय काठमाडौंमा रहेको छ ।

यस बैंकको प्रमुख क्रियाकलापहरुमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र पाए अनुरुप कर्जा र सापटी, बचत, व्यापार, ईकमर्श सेवा, बुलियन आदिका साथै सम्पूर्ण वाणिज्य बैंकिङ्ग सेवा बृहत आवश्यकता भएका ग्राहकहरुलाई प्रदान गर्छ । जसमा व्यक्ति देखि कर्पोरेट सेक्टर लगायत, मल्टिनेशनल र ठूलो पब्लिक कम्पनीहरु तथा सरकारी संस्थानहरु पनि छन् ।

बैंक नेपाल तथा धितोपत्र विनिमय बजारमा NICA का रुपमा सूचीकृत छ ।

### १.१. सहायक कम्पनीहरु

बैंकको तीनवटा मुख्य सहायक कम्पनीहरु रहेका छन् एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड ।

क. एन आई सी एशिया क्यापिटल लिमिटेड सम्पूर्ण रुपमा बैंकको स्वामित्वमा रहेको सहायक कम्पनी हो । २०७३ जेठ २ गत कम्पनी ऐन, २०६३ अर्न्तगत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको छ साथै नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंक) नियमावली २०६४ अन्तर्गत मर्चेन्ट बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त छ ।

ख. एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड बैंकको ६७.८७% स्वामित्वमा रहेको सहायक कम्पनी हो । २०७४ साउन १० गते कम्पनी ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तिय संस्थाको रुपमा इजाजत प्राप्त गरेको छ । यो जाजरकोट, नेपालमा रेजिष्टर्ड छ । यसको प्रमुख उद्देश्य भनेको विपन्न क्षेत्र/समुदायमा बैंकिङ्ग सेवा सुविधा पुऱ्याउनु रहेको छ ।

ग. एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड सम्पूर्ण रुपमा बैंकको स्वामित्वमा रहेको सहायक कम्पनी हो । यस कम्पनी पब्लिक लिमिटेड कम्पनीको रुपमा मिति २०७५/१२/०३ मा दर्ता भएको थियो । यसको प्रमुख उद्देश्य धितोपत्र दलाल, बजार निर्माता, बजार विक्रेता तथा अन्य सम्बन्धित सेवा सुविधा प्रदान गर्ने रहेको छ । असार मसान्तसम्म यस कम्पनीको कारोबार शुरु भएको छैन ।

सबै सहायक संस्थाको आर्थिक वर्षको कारोबार पनि मुख्य संस्था जस्तै २०७७ असार ३१ गते समाप्त भएको थियो ।

### १.२. 'समूह' भन्नाले यस बैंक र सहायक कम्पनीहरुलाई जनाउँदछ ।

## २. वित्तीय विवरण तयारीका आधार

बैंकका वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) का आधारमा रही एकाउन्टिङ स्ट्याण्डर्ड बोर्ड (Accounting Standards Board – ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकको निर्देशिका २०७६ को बुँदा ४ मा निर्दिष्ट भएर तयार गरिएका छन् ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नगद प्रवाह विवरण, नाफा वा नोक्सानको विवरण अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटी परिवर्तनको विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

### २.१. अनुपालन सम्बन्धी उद्घोषण

वित्तीय विवरण सञ्चालक समितिबाट अनुमोदित भई नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) का आधारमा रहेर नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकको निर्देशिका २०७६ को निर्देशन नम्बर ४ मा निर्दिष्ट भएर तयार गरिएका छन् ।

### २.२. समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन

बैंकले नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान

(Nepal Financial Reporting Standard-NFRS) का आधारमा रही २०७४/७५ को वित्तीय विवरण तयार पारेको थियो । बैंकले २०७६/७७ का लागि पनि सोही व्यवस्था अनुसार वित्तीय विवरण तयार पारेको छ ।

वित्तीय प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत हुँदा समावेश गरिएका वित्तीय विवरण र वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु कार्त्तिक ४, २०७७ मा भएको ४६० औं सञ्चालक समितिको बैठक प्रस्तुत भई अनुमोदन भएको हो । यो प्रतिवेदन आगामी २३ औं वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

वार्षिक सम्मेलनबाट पारित नभएसम्म सञ्चालक समितिले यो प्रतिवेदनमा केही फेरबदल गर्न सक्नेछन् । त्यस्ता फेरबदलहरु शेयर सदस्यले पारित गर्ने नगर्ने भनेर निर्णय गर्न सक्नेछन् ।

**२.३. कार्यात्मक तथा प्रस्तुतिकरण मुद्रा**

वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (नेरु) मा तयार पारिएको छ । बैंकले कारोबार गर्ने मुद्रा पनि यही नै हो । सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा रुपैयाँमा उल्लेख गरिएको छ ।

**२.४. महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा बैंकले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक छ ।

यी अनुमानहरु उपलब्ध जानकारी र बैंक व्यवस्थापनका स्वविवेकमा आधारित हुन्छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी कारगर हुनसक्थे भन्ने पनि निर्धारण हुन सक्छ । यसले आफ्नो परिस्थिति र सञ्चालन वातावरणको आधारमा लेखामान नीतिहरु, बैंकको मुनाफा, वित्तीय स्थितीको विवरण र वित्तीय विवरणको प्रतिवेदनमा प्रस्तुत गरिएका अन्य line item टिप्पणीहरुसँगै समावेश गरिएको छ । वास्तविक परिमाणहरु मुल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् ।

NFRS अनुसार बैंकले वित्तीय आकलन र धारणा बनाउनु पर्ने हुन्छ जसले सम्पत्ति दायित्व र संभावित दायित्व र सम्पत्तिमा असर गर्दछ । बैंकले वित्तीय विवरण तयार गर्दा उक्त आकलन र अन्तर्निहित धारणालाई लागू गर्ने गरिएको छ समय समयमा परिमार्जन पनि गर्ने गरिएको छ । परिमार्जित लेखा अनुमानलाई परिमार्जन गरिएको समय लागू गर्ने गरिएको छ । साथै, परिवर्तनको प्रभाव र प्रकृति पनि खुलाइएको छ । विवरणमा अनुमान गरिएको स्थानमा त्यसलाई उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिर्वतनलाई पनि उल्लेख गरिएको छ ।

**२.४.१ निरन्तरता (Going Concern)**

वित्तीय विवरण तयार पर्दाको निरन्तरतामा सञ्चालक समिति सन्तुष्ट छ र व्यापार भविष्यमा पनि बढ्दै जानेमा आशावादी रहेको छ । यो अनुमान गर्नका लागि बैंकको सञ्चालक समितिले धेरै विषयमा विमर्श गर्दा भविष्यको अवस्था, नाफा, तरलता र स्रोतका बारे छलफल गरिएको थियो ।

**२.५ लेखा नीतिमा परिवर्तन**

बैंकले पहिलोपटक गत वर्ष देखि NFRS लाई लागू गरेको हो । NFRS ले लेखाङ्कन आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRSले आवश्यक नठानेको सम्पत्ति र दायित्वको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा NFRS को मापन लागू गर्दै बैंकले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ ।

यो वर्षको लेखा नीतिमा कुनै परिवर्तन गरिएको छैन ।

**२.६. रिपोर्टिङ Pronouncement**

बैंकले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट २०७० भाद्र २८ गते जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) का आधारमा हुने छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय मानक (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्छ ।

यद्यपी आईक्यानले २०७५ असोज ४ गते प्रकाशित गरेको सूचनाले NFRS मा केही उल्लेखित विकल्पहरु पनि अपनाउन सकिने उल्लेख गरेको छ । लेखामान बोर्ड नेपालले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाले NFRS कार्यान्वयन गर्नका लागि २०७५ असोज ४ गते र २०७७ भाद्र ०४ गते carve- out हरु जारी गरि वैकल्पिक व्यवस्थाहरुको समेत प्रावधान गरेको छ ।

**२.६.१ NFRS 10 : एकीकृत वित्तीय विवरण**

NFRS 10 को अनुच्छेद १९ को प्रावधान बमोजिम मुख्य कम्पनीले आफ्नो सहायक कम्पनीको वित्तीय विवरण एकीकृत गर्दा समान लेखा नीतिहरु अवलम्बन गरी एकीकृत गर्नु पर्ने प्रावधान भएता पनि सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

यो वैकल्पिक व्यवस्था (carve out) आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ का लागि गरिएको हो र बैंकले पनि सोही

अनुसार यसलाई अप्नाएको छ ।

२.६.२ **NAS 17 : पट्टा (Lease)**

अनुच्छेद ३३ को व्यवस्था बमोजिम, सञ्चालन पट्टा अन्तर्गतको पट्टा भुक्तानी पट्टा अवधिभर समदर प्रणालीको आधारमा लेखाङ्कन गर्नु पर्दछ तर देहाय बमोजिमको अवस्थामा अनुच्छेद ३३ को अनुपालना गर्नुपर्ने छैन :

क) पट्टेदारको भुक्तानी उक्त आधारमा नभए पनि प्रयोगकर्ताको लाभ समय शैलीलाई अन्य प्रणालीवद्ध आधारले बढी प्रतिनिधित्व गर्छन् भने, वा

ख) पट्टेदारको अनुमानित मुद्रास्फीतिदरको अनुरुप बढेको लागत क्षतिपूर्ति गर्ने गरी पट्टेदारलाई गर्ने भुक्तानी अनुमानित मुद्रास्फीतिदरको अनुरुप संरचनाबद्ध छ । यदि पट्टेदारलाई दिने भुक्तानी सामान्य मुद्रास्फीतिदर भन्दा अन्य कारणले फरक परेमा यो शर्त पूरा भएको मानिने छैन ।

२.६.३ **NAS 34 : अन्तरिम वित्तीय विवरण**

अनुच्छेद २ को व्यवस्था बमोजिम कुनै अवधिको अन्तरिम वित्तीय विवरणहरु प्रकाशित गर्दा सोही अवधिको पछिल्लो आ.व.को वित्तीय विवरणहरुलाई आवश्यकता अनुसार पुनर्लेखन तथा पुनवर्गीकरण गर्नुपर्ने आवश्यकता रहेको र सो गर्न अव्यवहारिक भएको अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ ।

२.६.४ **NAS ३९ : वित्तीय उपकरणः लेखाङ्कन र मापन**

**क) हानी (Impairment)**

अनुच्छेद ५८ बमोजिम निकायले हरेक रिर्पोटिङ्ग NAS को अन्त्यमा कुनै परिशोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी भएको छ भन्ने पुष्टी गर्ने वस्तुपरक प्रमाण छ कि छैन भन्ने निर्धारण गर्छ । यदि त्यस्ता कुनै प्रमाणहरू छन् भने, संस्थाले अनुच्छेद ६३ लागू गर्नु पर्छ तर त्यस्तो संस्था बैंक वा वित्तीय संस्था ऐन, २०७३ बमोजिम दर्ता गरिएको संस्था हो भने कर्जामा हुने हानी नोक्सानी रकम निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी हुन्छ त्यसैलाई लेखाङ्कन गर्नुपर्छ । कर्जाका अतिरिक्त अन्य वित्तीय सम्पत्ति सम्बन्धमा भने हानी नोक्सानीको मापन अनुच्छेद ६३ अनुसार गर्नुपर्छ । निकायले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ६३ बमोजिम हुने हानी नोक्सानी दुवै प्रकटीकरण गर्नु पर्छ । यो Carve out स्वेच्छिक छैन र आर्थिक वर्ष २०१७-१८ देखि २०१९-२० सम्म प्रदान गरिएको छ ।

**ख) प्रभावकारी व्याजदरसँग सम्बन्धित अघिल्ला वर्षहरुको कारोबार खर्च निर्धारणको लागि अव्यवहारिक भएमा**

अनुच्छेद ९ को व्यवस्था बमोजिम, प्रभावकारी व्याजदर भनेको त्यो दर हो जुन वित्तीय उपकरणको अपेक्षित आयु वा जहाँ उपयुक्त हुन्छ सो भन्दा छोटो अवधिमा हुने अनुमानित (भविष्यमा हुने ) नगद भुक्तानी वा प्राप्तिहरूलाई discount गर्दा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद वर्तमान मूल्यसंग बराबर हुन्छ । प्रभावकारी व्याजदर गणना गर्दा एक संस्थाले वित्तीय उपकरणका सबै अनुबन्धित शर्तहरु (उदाहरणका लागि पूर्वभुक्तानी, कल आदि) लाई ध्यानमा राखी नगद प्रवाहको अनुमान गर्नुपर्छ तर भविष्यको कर्जा क्षतिलाई समायोजन गर्नु हुदैन । विश्वसनीय रुपले निर्धारण गर्न अव्यवहारिक भएमा वा नगन्य भएको अवस्थामा बाहेक गणनामा प्रभावकारी व्याजदरसँग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिन्छ । नगद प्रवाह र समान वित्तीय उपकरणहरूको समूहको अपेक्षित आयु भर पर्दो हिसाबले अनुमान गर्न सकिन्छ भन्ने धारणा रहेको छ । यद्यपि जब नगद प्रवाह वा वित्तीय उपकरणको (वा वित्तीय उपकरणहरूको समूह) अपेक्षित आयुको भरपर्दो हिसाबले अनुमान गर्न सकिदैन, संस्थाले वित्तीय उपकरणको (वा वित्तीय उपकरणहरूको समूह) पूर्ण करार अवधिमा करार बमोजिमको नगद प्रवाह प्रयोग गर्नेछ ।

**ग) परिशोधित लागतमा व्याज आय निर्धारण गर्न अव्यवहारिक भएमा**

अनुच्छेद AG ९३ मा, को व्यवस्था बमोजिम कर्जा बापत प्राप्त हुने साँवा यदि हानी नोक्सानीको कारणले कम भएको अवस्थामा त्यस्तो कर्जाबाट (हानी नोक्सानी घटाए पछिको रकममा) प्राप्त हुने व्याज आम्दानी, उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाहलाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने, व्याजदरको आधारमा गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । उक्त बैकल्पिक व्यवस्था बमोजिम त्यस्ता कर्जाहरुबाट हुने व्याज आम्दानी कर्जामा हुने हानी नोक्सानी घटाउनु अगावैको कर्जा रकममा व्याज आम्दानी जनाउन सकिने छ ।

ग्राहक र वित्तीय संस्थालाई प्रदान गरिएको कर्जामा लग्ने कारोबार शुल्क कर्जाको म्याद तुलनामा निम्न रहने गर्छ । त्यसैले कर्जा व्याजदरलाई नै प्रभावकारी व्याजदरका रुपमा लगिएको छ । साथै प्रभावकारी व्याज दरका आधारमा परिमार्जित व्याज आम्दानी गणना गरिएको छ ।

२.७ **जारी गरिएको तर कार्यान्वयन नभएको मानक**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS ३२ वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS ३९ वित्तीय उपकरण लेखाङ्कन

र मापन र NFRS ७ वित्तीय उपकरण- प्रकटीकरण लागू गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS ९ अनुपालन गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषपछि IASB बाट केही नयाँ मानक र वर्तमान मानकमा संशोधन र व्याख्या जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू हुनेछन् । ICANले NFRS २०१८ घोषणा गरेको छ :

- NFRS ९ 'वित्तीय उपकरणहरू' IASBले जुलाई २०१४ मा जारी गरेको थियो र अन्तर्राष्ट्रिय रुपमा १ जनवरी २०१८ देखि कार्यान्वयनमा छ । नेपालको लेखामानक बोर्डले मुख्य रुपमा हानी र केही अपवाद सहित NFRS ९ वित्तीय उपकरण अनुमोदन गरेको छ । हाल, NAS ३९ मा उल्लेख भएको उत्पत्ति भएको नोक्सान मोडललाई प्रयो ग गरिएको छ ।IFRS ९ को आवश्यकता अनुमानित कर्जा नोक्सान मोडल हो ।

- NFRS १५ ग्राहकसँगको अनुबन्धनबाट राजस्व : यो मानकले अहिलेको NAS १८ राजस्व र NAS ११ निर्माण सम्झौतालाई प्रतिस्थापन गर्छ ।

- NFRS १६ पट्टा : यसले NAS १७ पट्टालाई प्रतिस्थापन गर्छ, साथै, IFRIC ४ कुनै अनुबन्धनमा पट्टा छ कि छैन निर्क्यौल, SIC-१५ सञ्चालन पट्टा-प्रोत्साहन र SIC-२७ ठूला खालका पट्टामा संलग्न कारोबारको तत्व मुल्याङ्कन गरिरहेको छ ।

**२.८ अंगीकार नगरिएका नयाँ मानक र व्याख्या**

निम्नानुसारका संशोधनहरु बाध्यकारी होइनन् र समूहले अंगीकार गरेको छैन । बैंकले हालसम्म पनि यी संशोधनको विस्तृत प्रभाव मुल्याङ्कन गरिरहेको छ ।

२.८.१ IFRS ९ : **वित्तीय उपकरण-क्षति**

- IFRS ९ 'वित्तीय उपकरणहरू'

IASB ले जुलाई २०१४ मा जारी गरेको थियो र अन्तर्राष्ट्रिय रुपमा १ जनवरी २०१८ देखि कार्यान्वयनमा छ । नेपालको लेखामानक बोर्डले मुख्य रुपमा हानी र केही अपवाद सहित NFRS ९ वित्तीय उपकरण अनुमोदन गरेको छ । हाल, NAS ३९ मा उल्लेख भएको उत्पत्ति भएको नोक्सान मोडललाई प्रयोग गरिएको छ । IFRS ९ को आवश्यकता अनुमानित कर्जा नोक्सान मोडल हो ।

सामान्य शैली अन्तर्गत, IFRS ९ ले अनुमानित कर्जा क्षति मापन र व्याज आम्दानी लेखाङ्कनको लागि तीन चरण शैली पहिचान गरेको छ ।

**चरण** १ :

१२ महिने ECL (Expected Credit Loss) कुनै खास कर्जा जोखिम नबढेको । वित्तीय उपकरणहरू जसमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि नभएको प्रारम्भिक पहिचान र लेखाङ्कनमा अर्को १२ महिना भित्रमा हुने (Probability of default) घटनाहरूको सम्बन्धी ECLको लागि व्यवस्था भएको । १२ महिनाभन्दा कमको परिपक्वताको अवधि भएको वित्तीय सम्पत्तिहरूको लागि यस्तो (Probability of default) प्रयोग गरिन्छ जुन परिपक्वतासँग मेल खान्छ । ECLको लागि समायोजन गर्नु अघि व्याज वित्तीय सम्पत्तिको कुल किताबी मूल्यमा गणना गरिनेछ ।

**चरण** २:

आजीवन (ECL) प्रारम्भिक पहिचान र लेखाङ्कन भएपछि कर्जा जोखिममा उल्लेखनीय वृद्धि भएमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि भएको छ, आजीवन ईसीएलको लागि आर्थिक उपकरण (आजीवन ECL) को जीवनमा हुने नोक्सान प्रतिनिधित्व गर्ने व्यवस्था आवश्यक छ ।

व्याज आम्दानीलाई निरन्तर रुपले कूल आधारमा लेखाङ्कन गरिनेछ ।

**चरण ३ : आजीवन** ECL

खराब वित्तीय उपकरणहरु चरण ३ मा प्रवेश गर्छन जब कर्जा क्षति हुन्छ र क्षतिग्रस्त कर्जा सम्पत्ति खरिदलाई आजीवन व्यवस्थाको आवश्यकता पर्छ । व्याज आम्दानीलाई वित्तीय सम्पत्तिमा ECL घटाएको कूल रकमलाई गणना गरिनेछ ।

२.८.२ **IFRS–१५ : ग्राहकसँगको अनुबन्धनबाट राजस्व**

IASB ले राजस्व पहिचान र लेखाङ्कनका लागि नयाँ मानक जारी गर्‍यो जसले विद्यमान राजस्व पहिचान र लेखाङ्कन मापदण्डहरूलाई प्रतिस्थापन गर्छ । मानक अनुसार राजस्व पहिचान र लेखाङ्कनका लागि निम्न पाँच चरण मोडेल प्रारुप अनुसरण गर्न आवश्यक छ :

- ग्राहकसँग अनुबन्धनको लेखाङ्कन
- अनुबन्धनमा भएको दायित्व पालनाको लेखाङ्कन
- कारोबार मूल्यको निर्धारण
- अनुबन्धनमा भएको दायित्व पालनाको लागि कारोबार मूल्यको विनियोजन (चरण २ मा भनिएजस्तो)
- दायित्व पालनापछि राजस्वको लेखाङ्कन

नयाँ मानक १ जनबरी २०१८ बाट कार्यान्वयन भएको छ । व्यवस्थापनले IFRS 15 बाट वित्तीय विवरणमा हुने

सम्भावित प्रभावको मूल्याङ्कन गरिरहेको छ। IFRS 15 को ग्राहकबाट अनुबन्धन राजस्व लेखामान मानक बोर्ड नेपालले अंगीकार गरेको छैन।

### २.८.३ IFRS १६ 'पट्टा'

IFRS १६ 'पट्टा ' १ जनवरी २०१९ वा त्यसबाट सुरु हुने वार्षिक अवधिबाट कार्यान्वयनमा आउनेछ। IFRS १६ पट्टा को लागि नयाँ लेखामान मानक हो जसले IAS १७ 'पट्टा' र IFRIC 4 'कुनै व्यवस्थाले पट्टा समावेश गरेको छ कि छैन निर्क्यौल गर्ने' व्यवस्थालाई विस्थापित गर्छ। नयाँ मानकले पट्टा लेखाङ्कनका लागि सञ्चालन वा वित्तीय पट्टाको भिन्नतालाई हटाउँछ र सबै पट्टालाई वित्तीय पट्टाको रुपमा अर्थ्याउँछ।

१२ महिना भन्दा कम वा मोबाइल वा ल्यापटप जस्ता अत्यन्तै कम न्यून मूल्यका पट्टा बाहेक सबै पट्टालाई वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिनेछ।

दायित्व भुक्तान गर्नेले अन्तरनिहित पट्टा सम्पत्तिको प्रतिनिधित्व गर्दै प्रयोग अधिकार लेखाङ्कन र पट्टा भुक्तानी गर्ने दायित्व प्रतिनिधित्व गर्दै पट्टा दायित्व लेखाङ्कन गर्न आवश्यक छ। यस परिवर्तनको मुख्य कारण यो हो कि यस दृष्टिकोणले अन्य कम्पनीहरूको सम्बन्धमा एक पट्टेदारको सम्पत्ति र दायित्वहरूको अधिक तुलनात्मक प्रतिनिधित्वको परिणाम दिनेछ र सँगै वृद्धि गरिएको प्रकटीकरण को साथ पट्टेदारको वित्तीय लिभरेज र पूँजीमा पारदर्शिता प्रदान गर्दछ। मानकले पट्टेदारलाई कि त पूर्ण परावर्तित वा संशोधित परावर्तित संक्रमण विधि छनौट गर्न अनुमति दिन्छ।

### २.९ डिस्काउन्टिङ (Discounting)

गैर चालु सम्पत्ति र दायित्वमा डिस्काउन्टिङको प्रभाव प्रमुख भएको अवस्थामा लागु गरिएको छ।

### २.१० NFRS कार्यान्वयनको सीमितता

जहाँ जानकारी पर्याप्तरुपमा उपलब्ध छैनन् वा अंगीकार गर्नको लागि अव्यवहारिक छन् NFRS कार्यान्वयनका त्यस्ता अपवादहरुलाई उल्लेख गर्दै सम्बन्धित खण्डमा राखिएको छ।

## ३. प्रमुख लेखा नीतिहरू

### ३.१ मापनको आधार

वित्तीय विवरण वित्तीय अवस्थाको विवरणमा भएका निम्न वस्तुगत चिजबाहेक ऐतिहासिक मूल्यमा तयार पारिएको छ :

वित्तीय सम्पत्ति र दायित्वलाई यिनको सुरुवाति लेखाङ्कन अनुरुप fair value मा मापन गरिएको छ। FVTOCI र FVTPL वित्तीय उपकरणको त्यसपछिको लेखाङ्कन fair value मा मापन गरिएको छ। लगानी सम्पत्ति fair value मा मापन गरिएको छ।

परिभाषित लाभ योजनाको दायित्व लेखाङ्कन गर्दा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा योजना सम्पत्ति, लेखाङ्कन नगरिएको सेवा लागत र लेखाङ्कन नगरिएको बिमाङ्किक नोक्सानलाई घटाएर देखाउने नीति छ। लेखाङ्कन नगरिएको बिमाङ्किक लाभ भएमा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा जोड्ने नीति छ।

### ३.२ एकीकरणको आधार

#### क) व्यापार एकीकरण

व्यापार एकीकरण अधिग्रहण मितिमा अधिग्रहण विधि प्रयोग गरी लेखाङ्कन गरिन्छ जस्तैः बैंकमा कहिले नियन्त्रण स्थानान्तरण भयो। कुनै संस्थाको आफ्नो गतिविधिबाट कसरी लाभ लिने भनेर वित्तीय र सञ्चालन नीति सञ्चालन गर्नु नै नियन्त्रण हो।

नियन्त्रण भनेको कुनै संस्थाको गतिविधिबाट फाइदा लिन संस्थाको वित्तीय र सञ्चालन नीतिहरू तर्जुमा गर्ने र सो अनुसार संस्था सञ्चालन गर्ने शक्ति हो। नियन्त्रणको निर्धारण गर्दा समूहले सम्भावित मतदान अधिकारहरूलाई विचार गर्दछ जुन वर्तमानमा प्रयोगयोग्य छन्।

अधिग्रहणको मितिमा ख्यातीलाई बैंकले देहाय बमोजिमको रकमलाई समायोजन गरी मापन गर्छ :

- स्थानान्तरण गरिएको प्रतिफलको fair value अधिग्रहणमा गैरनियन्त्रित स्वार्थको लेखाङ्कन गरिएको परिमाण, साथै व्यवसाय एकीकरण चरणमै हासिल भएमा, व्यापार संयोजनमा पूर्ववत् ईक्विटी स्वार्थ को fair value, अधिग्रहण गरिएको लेखाङ्कन गर्न सकिने सम्पत्ति र लेखाङ्कन गर्न सकिने दायित्वको खुद लेखाङ्कन रकम (सामान्यतयाः fair value)
- जब अतिरिक्त रकम ऋणात्मक हुन्छ नाफा वा नोक्सानमा तत्काल खरिद लाभ (Bargain Purchase Gain) लेखाङ्कन गरिन्छ।
- प्रतिफलणीय स्थानान्तरणमा पूर्ववत् सम्बन्धको चुक्ता रकम समावेश हुन्न। यस्तो रकम सामान्यतया नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।
- कर्जा वा ईक्विटी सुरक्षणपत्र जारी गर्दा सम्बन्धित बाहेक कारोबार खर्च जुन बैंकले व्यापार एकीकरण गर्दा ब्यहोर्छ त्यसलाई नाफा वा नोक्सान खातामा खर्च देखाउने नीति छ।

कुनै पनि तिर्नुपर्ने सम्भावित प्रतिफल अधिग्रहण मितिमा fair value मा मापन गरिन्छ । यदि तिर्नुपर्ने सम्भावित प्रतिफल ईक्विटीको रूपमा वर्गीकृत गरिएको छ भने यो पुर्नमापन हुँदैन र चुक्ता रकम ईक्विटीमा समायोजन गरिन्छ । अन्यथा, मापन अवधिको समायोजन बाहेक सम्भावित प्रतिफलको fair value मा पछिल्लो परिवर्तनहरूलाई नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ ।

आर्थिक वर्ष २०७६/७७ मा कुनै व्यापार एकीकरण गरिएको छैन ।

**ख) गैर नियन्त्रित स्वार्थ (एनसीआई) (Non Controlling Interest)**

हरेक व्यापार एकीकरणमा बैंकले गाँभिने संस्थामा हुने गैर नियन्त्रित स्वार्थ मापन देहाय बमोजिम गरिन्छ :

Fair value मा वा गाभिने संस्थाको खुद सम्पत्तिको बैंकको बाहेकको स्वामित्वको अनुपातमा नियन्त्रणमा हानी नहुने किसिमले सहायक संस्थामा बैंकको स्वार्थ परिवर्तन भएमा त्यस्ता कारोबारलाई बैंकले स्वामित्व धनीको हैसियतमा गरेको कारोबार मानी बैंक तथा सहायक संस्थाले लेखाङ्कन गर्छन । गैर-नियन्त्रण नाफाहरूमा समायोजन सहायक संस्थाको खुद सम्पत्तिको अनुपातमा आधारित हुन्छ । ख्यातिको लागि कुनै समायोजन गरिदैन र कुनै नाफा वा नोक्सान लेखाङ्कन गरिदैन ।

**ग) सहायक कम्पनीहरु**

सहायक कम्पनीहरु बैंकले नियन्त्रण गरेका कम्पनीहरु हुन् । कुनै संस्थासँगको संलग्नताको कारण परिवर्तनशील प्रतिफलको अधिकार भएमा र त्यस्तो संस्थाको नाफामा असर पार्ने शक्ति भएमा बैंकले सो संस्थालाई नियन्त्रण गर्छ । सहायक कम्पनीहरुको वित्तीय विवरणहरु एकीकृत वित्तीय विवरणमा समेटिएको छ ।

बैंकले आफ्नो नियन्त्रणमा एक वा एकभन्दा बढी तत्वहरु परिवर्तन भएका छन् कि भनेर पुनर्मूल्याङ्कन गर्छ । एकीकृत वित्तीय विवरण तयार पार्दा सम्पत्ति, दायित्व, आम्दानी, खर्च र नगद प्रवाह मातृ कम्पनीसँग उस्तै गरी जोडिन्छ । सहायक कम्पनीमा मातृ कम्पनीको लगानी र मातृ कम्पनीको ईक्विटीको अंश पूर्ण रुपमा हटाइन्छ । एकीकृत वित्तीय विवरण बनाउने बेलामा अन्तर समूह कारोबारसँग सम्बन्धित सम्पत्ति तथा दायित्व, आम्दानी, खर्च र नगद प्रवाहलाई पूर्णरुपमा हटाइन्छ ।

**घ) नियन्त्रण गुमाउनु**

नियन्त्रण गुमाएमा बैंकले सहायक कम्पनीको सम्पत्ति तथा दायित्व अपलेखाङ्कन गर्छ । गैर नियन्त्रित स्वार्थको रकम तथा सहायक कम्पनीसँग सम्बन्धित ईक्विटीमा सञ्चित रुपान्तरण नोक्सानलाई पनि अपलेखाङ्कन गर्छ । साथै, पहिल्यै अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको मातृ कम्पनीको तत्वहरुलाई नाफा वा सञ्चित नाफामा उपयुक्त ढंगबाट पुनर्वर्गीकरण गरिन्छ । नियन्त्रण क्षतिबाट हुने अधिशेष वा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । पूर्व सहायक कम्पनीमा बैंकको कुनै स्वार्थ रहँदा त्यस्ता स्वार्थहरु fair value मा मापन गरिन्छ । यसपछि, यसलाई ईक्विटीमा लेखाङ्कन गरिएको लगानी वा बैंकको वित्तीय उपकरणको नीतिअनुसार लेखाङ्कन गरिन्छ ।

**ङ) विशेष उद्देश्य संस्था (special purporse entity)**

कुनै संकुचित वा उपयुक्त ढंगबाट परिभाषित उद्देश्य प्राप्तीको लागि स्थापना गरिएको संस्था नै विशेष उद्देश्य संस्था हो । यसलाई बैंकसँगको सम्बन्धको महत्व साथै यसको जोखिम र परिणामको आधारमा एकीकरण गरिन्छ र बैंकले यस्तो संस्था नियन्त्रणको निश्कर्ष निकाल्छ ।

देहाय बमोजिमको परिस्थितिले बैंकको बिशेष उद्देश्य संस्थामा नियन्त्रण रहेको कुरा संकेत गर्दछ र बैंकले फलस्वरूप सो संस्था एकीकरण गर्दछ :

- यस्तो संस्थाको क्रियाकलापहरु बैंकको लागि र यसको विशेष व्यवसाय आवश्यकता अनुसार सञ्चालित गरिन्छ जसका कारण त्यस्तो संस्थाको सञ्चालनको कारण बैंकलाई फाइदा हुन्छ ।
- त्यस्तो संस्थाको क्रियाकलापबाट अधिकांश फाइदा हुने गरी बैंकसँग निर्णय अधिकार भएमा वा स्वनियन्त्रण प्रणाली स्थापना गरी बैंकसँग निर्णय अधिकार हुन्छ भने ।
- त्यस्तो संस्थाबाट हुने अधिकांश फाइदा प्राप्त गर्ने अधिकार बैंकसँग भएमा र त्यस्तो संस्थाको क्रियाकलापबाट बैंकलाई पनि जोखिम हुन सक्छ ।
- बैंकले त्यस्तो संस्थाको क्रियाकलापबाट हुने अधिकांश लाभ प्राप्त गर्नको लागि अधिकांश जोखिमको जिम्मेवारी वा स्वामित्व लिन्छ ।

**च) एकीकृतामा हटाईएका लेनदेनहरु**

सबै अन्तर समूह मौज्दात र कारोबार, अन्तर समूह कारोबारबाट प्राप्त हुने साकार नभएको आम्दानी वा खर्च (विदेशी मुद्रा सटहीबाट प्राप्त हुने आम्दानी र नोक्सानबाहेक) लाई एकीकृत वित्तीय विवरण तयार गर्दा रद्द गरिन्छ । यदि कुनै क्षति हुने प्रमाण छैन भने साकार नभएको नोक्सानलाई पनि साकार नभएको आम्दानीजस्तै गरी रद्द गरिन्छ ।

**३.३ नगद वा नगद समान**

नगद वा नगद समान भन्नाले आफूसँग भएको नगद मौज्दात बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात माग तथा

अल्पसूचनामा प्राप्त हुने रकम र गाँभिने मिति भन्दा तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। बैंकले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र fair value परिवर्तन हुन नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो।

वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ।

## ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

**क) पहिचान र लेखाङ्कन**

बैंकले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ। बैंकले सुरुमा कर्जा र सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला बैंक उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ। ईक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा, लेखाङ्कन गरिन्छ। वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ।

**ख) वर्गीकरण**

अ) वित्तीय सम्पत्ति

बैंकले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि बैंकको व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत वा fair valueमा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ। वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन् :

अअ) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति

बैंकले तलका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिलाई वर्गीकरण गर्छ :

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडलअन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो।

**अआ) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति**

### ४.२८.१ सम्भावित दायित्व

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| Acceptance and Documentary Credit | ५,८३८,४१२,४१६ | १,६८२,७३४,३३६ | ५,८३८,४१२,४१६ | ५,९७९,९९१,०८० |
| संकलनमा रहेको बिलहरु | ६५,९९६,३७२ | ३७,११७,९९० | ६५,९९६,३७२ | ३७,११७,९९० |
| अग्रीम विनिमय सम्झौता | ३,९६०,३११,५८० | - | ३,९६०,३११,५८० | ३,९०१,५३७,८३३ |
| जमानतहरु | ३३९,०८८,२२४ | ४,६०६,८९२,२९८ | ३३९,०८८,२२४ | ३०९,६३५,५५३ |
| प्रत्याभूति प्रतिवद्धता | - | - | - | - |
| अन्य प्रतिवद्धता | - | - | - | - |
| **जम्मा** | **१०,२०३,८०८,५९३** | **६,३२६,७४४,६२४** | **१०,२०३,८०८,५९३** | **१०,२२८,२८२,४५७** |

### ४.२८.२ Undrawn and Undisbursed Facilities

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| Undrawn and Undisbursed Facilities | - | - | - | - |
| अघि विकर्षको उपयोग नगरिएको सिमा | ६,५३३,७५७,२१८ | ५,३४१,७२७,७१९ | ६,५३३,७५७,२१८ | ५,३४१,७२७,७१९ |
| क्रेडिट कार्डको उपयोग नगरिएको सिमा | ८५४,३७७,२८८ | - | ८५४,३७७,२८८ | - |
| प्रतितपत्रको उपयोग नगरिएको सिमा | - | - | - | - |
| जमानत उपयोग नगरिएको सिमा | - | - | - | - |
| **जम्मा** | **७,३८८,१३४,५०६** | **५,३४१,७२७,७१९** | **७,३८८,१३४,५०६** | **५,३४१,७२७,७१९** |

पूँजीगत खर्च बैंकको सम्बन्धित निकायबाट अनुमोदन भएको छ । तर आर्थिक विवरणमा प्रवधान गरिएको छैन ।

### ४.२८.३ पूँजीगत प्रतिवद्धता

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| सम्पत्ति र उपकरणको सम्बन्धमा पूँजीगत प्रतिवद्धताहरु | | | | |
| अनुमोदित र अनुबन्धित | ९६०,७१५ | ५९,७७१,३४५ | ९६०,७१५ | ५९,७७१,३४५ |
| अनुमोदित तर अनुबन्धित नभएका | - | ३८,०४६,७८८ | - | ३८,०४६,७८८ |
| **जम्मा** | **९६०,७१५** | **९७,८१८,१३३** | **९६०,७१५** | **९७,८१८,१३३** |
| अमूर्त सम्पतिको सम्बन्धमा कुल प्रतिवद्धताहरु | | | | |
| अनुमोदित र अनुबन्धित | | | | |
| अनुमोदित तर अनुबन्धित नभएका | | | | |
| जम्मा | - | - | - | - |
| **कुल** | **९६०,७१५** | **९७,८१८,१३३** | **९६०,७१५** | **९७,८१८,१३३** |

पूँजी प्रतिवद्धतामा शाखा विस्तारका लागि बिक्रेतासँग गरिएको सम्झौता समावेश गरिएको हुन्छ ।

४.२८.४ **पट्टा (लीज) प्रतिवद्धता**

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| *सञ्चालित ठेक्का प्रतिवद्धता* | | | | |
| *रद्द गर्न नमिल्ने सञ्चालन लीज अन्तर्गत भविश्यमा तिर्नुपर्ने न्यूनतम लिज रकम, जहाँ आफै लीजी रहेको छ* | | | | |
| १ वर्ष भन्दा बढी नहुने | - | - | - | - |
| १ वर्ष भन्दा बढी तर ५ वर्ष भन्दा बढी नहुने | - | - | - | - |
| ५ वर्ष भन्दा बढी | | | | |
| **जम्मा** | - | - | - | - |
| *वित्त लीज प्रतिवद्धताहरु* | | | | |
| *रद्द गर्न नमिल्ने सञ्चालन लीज अन्तर्गत भविश्यमा तिर्नुपर्ने न्यूनतम लिज रकम, जहाँ आफै लीजी रहेको छ* | | | | |
| १ वर्ष भन्दा बढी नहुने | | | | |
| १ वर्ष भन्दा बढी तर ५ वर्ष भन्दा बढी नहुने | - | - | - | - |
| ५ वर्ष भन्दा बढी | - | - | - | - |
| **जम्मा** | - | - | - | - |
| **जम्मा रकम** | - | - | - | - |

बैंकले प्रविस्ट गरेका सबै सञ्चालनमा रहेका लिजहरुलाई सूचना अवधि दिएर रद्द गर्न सक्छ र बैंकले रिपोर्ट गर्ने मितिमा कुनै वित्त लिज प्रतिवद्धताहरु राखेको छैन ।

४.२८.५ **मुद्दा मामिलाहरु**

बैंकको मुद्दा मामिला सामान्यतया यसको साधारण कार्यक्षेत्रसँग सम्बन्धित रहेको छ । मुद्दाहरु मुख्यगरी आयकर तथा मूल्य अभिवृद्धि करको प्रकृतिमा रहेका छन् जसलाई नोट ५.६.१ म विस्तृत रुपमा वर्णन गरिएको छ । ग्राहकहरुबाट बरामद गरिएको सम्पतिसँग सम्बन्धित रहेर नेपालका विभिन्न अदालतमा फैसला हुन बाँकी रहेका मुद्दाहरु समावेश गरिएको छ ।

**४.२९ ब्याज आम्दानी**

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नगद तथा नगद समान | ३४,०५२,६६८ | १२५,३४९,५०९ | २९,९०८,१८० | १२३,२७४,४२९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मैज्दात | ७,५८७,३६७ | १,६९४,३४१ | ७,५८७,३६७ | १,६९४,३४१ |
| बैंक तथा वित्तीय संस्थासँग प्लेसमेन्ट | ५६,४३५,३२० | ११४,०९८,९४५ | ५४,२६२,९६९ | ६२,८१५,१५३ |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापटी | ६२४,८९५,९५४ | ७२९,८६३,८६९ | ८१४,१०८,९९५ | ८३९,१८६,०७६ |
| ग्राहकलाई कर्जा तथा सापटी | १९,५८३,१९६,१०३ | १८,०२१,१०७,७५१ | १८,६४८,७८४,९०० | १७,५१३,६४७,०४९ |
| लगानी सुरक्षणपत्र | ९५८,०३३,१७६ | ६५४,५६०,४६२ | ९०८,६०७,५०८ | ६३१,५७३,४२२ |
| कर्मचारीलाई कर्जा तथा सापटी | २६०,०५५,७५७ | १७३,४०३,१४९ | २६०,०५५,७५७ | १७३,४०३,१४९ |
| अन्य | - | - | - | - |
| **कुल ब्याज आम्दानी** | **२१,५२४,२५६,३४६** | **१९,८२०,०७८,०२५** | **२०,७२३,३१५,६७६** | **१९,३४५,५९३,६२०** |

नेपाल राष्ट्र बैंकले जारी गरेको ब्याज आय मान्यता निर्देशिका अनुसार रु १०,६४७,२७० को आर्जित ब्याजलाई किताबमा लेखिएको र अर्जित ब्याजबाट समायोजन गरिएको ।

**४.३० ब्याज खर्च**

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ५२६,३३९,३०९ | २५६,०२५,६७१ | ८७,४७५,६७५ | १४०,१४३,६९७ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | २७,३२८,७५२ | ३३,०१४,४६१ | २७,३२८,७५२ | ३३,०१४,४६१ |
| ग्राहकबाट निक्षेप | ११,९१७,५६२,४४६ | ११,६७३,२४१,३०१ | १२,०७६,३५९,६२३ | ११,६४९,६५३,५८९ |
| सापटी | - | - | - | - |
| जारी गरिएको ऋणपत्र | ९२७,३१९,९१७ | ५६२,७४९,२८७ | ९२७,३१९,९१७ | ५६२,७४९,२८७ |
| सुरक्षण नराखिएको साहायक आवधिक दायित्व | - | - | - | - |
| अन्य | - | - | - | - |
| **कुल ब्याज खर्च** | **१३,३९८,५५०,४२५** | **१२,५२५,०३०,७१९** | **१३,११८,४८३,९६८** | **१२,३८५,४६१,०३४** |

**४.३१ शुल्क तथा कमिशन आम्दानी**

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| प्रशासनिक कर्जा शुल्क | १,९०५,२६४,८१२ | १,२६२,२०२,१९८ | १,८१८,५२५,४८८ | १,२८७,८८९,८५३ |
| सेवा शुल्क | ३९,२४९,३५२ | २३६,०५७,९६५ | ३९,२४९,३५२ | २३६,०५७,९६५ |
| कर्न्सोटियम शुल्क | - | १७,७४६,३४९ | - | १७,७४६,३४९ |
| प्रतिवद्धता शुल्क | १५,२०१,४७९ | १७,५६६,५१४ | १५,२०१,४७९ | १७,५६६,५१४ |
| डिडि/टिटि/स्विफ्ट शुल्क | १४,४७५,२०५ | २३,१८२,२८१ | १४,४७५,२०५ | २३,१८२,२८१ |
| क्रेडिट कार्ड/एटीएम जारी तथा नविकरण शुल्क | ४३८,९६९,९०८ | २२५,७८४,८७७ | ४३८,९६९,९०८ | २२५,७८४,८७७ |
| पूर्व भुक्तानी र स्वाप शुल्क | ४०,४८५,५६२ | ४२,०६६,३२० | ४०,४८५,५६२ | ४२,०६६,३२० |
| इन्भेष्टमेन्ट बैंकिङ्ग शुल्क | ३८,८८९,६८० | २५,५४१,३२५ | - | - |
| सम्पति व्यवस्थापन शुल्क | २७,१९९,२७९ | १७,६९६,९२७ | - | - |
| ब्रोकरेज शुल्क | - | - | - | - |
| रेमिट्यान्स शुल्क | ३७,४१८,९१९ | ६४,४९६,७६३ | ३७,४१८,९१९ | ६४,४९६,७६३ |
| प्रतितपत्रमा कमिशन | २३,६९२,९५५ | २४,७५८,०२२ | २३,६९२,९५५ | २४,७५८,०२२ |
| जारी ग्यारेन्टी सम्झौतामा कमिशन | ५५,७१४,८३७ | ७७,८७०,९६५ | ५५,७१४,८३७ | ७७,८७०,९६५ |
| शेयर जारी तथा प्रत्याभुति कमिशन | - | - | - | - |
| लकर भाडा | १४,०३४,१९६ | १०,४२१,३५५ | १४,०३४,१९६ | १०,४२१,३५५ |
| अन्य शुल्क र कमिशन | १६२,०४६,७०३ | २२०,६७२,७७९ | १४५,००७,३२४ | २२१,०६५,०९२ |
| **जम्मा** | **२,८१२,६४२,८८७** | **२,२६६,०६४,६४१** | **२,६४२,७७५,२२४** | **२,२४८,९०६,३५७** |

### ४.३२ शुल्क र कमिशन खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| एटीएम व्यवस्थापन शुल्क | - | - | - | - |
| भिसा/मास्टर कार्ड शुल्क | १०८,४५८,६२० | ७३,८२४,०६५ | १०८,४५८,६२० | ७३,८२४,०६५ |
| ग्यारेन्टी कमिशन | - | - | - | - |
| ब्रोकरेज | - | - | - | - |
| डिडि/टिटि/स्विफ्ट शुल्क | ८,०९०,३९० | ८,४४५,५५६ | ८,०९०,३९० | ८,४४५,५५६ |
| रेमिट्यान्स (विप्रेशण) शुल्क र कमिशन | - | - | - | - |
| अन्य शुल्क र कमिशन खर्च | ८९,३२१,८०२ | ५३,६६६,१८३ | ४३,३५५,०७० | ४५,३२९,५३४ |
| **जम्मा** | **२०५,८७०,८१२** | **१३५,९३५,८०४** | **१५९,९०४,०८१** | **१२७,५९९,१५५** |

शुल्क र कमिशन सेवा वापत बैंकले पाएको भुक्तानी यस खाता शिर्षकमा उल्लेख गरिएको छ। यो खाता शिर्षकमा कार्डसँग सम्बन्धित शुल्क, ग्यारेन्टी कमिशन, ब्रोकरेज खर्च लगायत समावेश गरिएको छ।

### ४.३३ खुद कारोबार आम्दानी

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| व्यापारिक सम्पतिको Fair Value परिवर्तन | - | ९१९,५७३ | - | - |
| व्यापारिक सम्पतिको निसर्गमा लाभ/हानी | - | - | - | - |
| व्यापारिक सम्पतिको व्याज आम्दानी | - | - | - | - |
| व्यापारिक सम्पतिमा लाभांश आम्दानी | - | १००,८८७ | - | - |
| विदेशी विनिमय कारोबारमा लाभ/हानी | ३३९,६१३,१९६ | ३४८,९२०,८१५ | ३३९,६१३,१९६ | ३४८,९२०,८१५ |
| अन्य | - | ७९,६५० | - | - |
| **जम्मा** | **३३९,६१३,१९६** | **३५०,०२०,९२५** | **३३९,६१३,१९६** | **३४८,९२०,८१५** |

व्यापारिक आम्दानीमा व्यापारिक सम्पति तथा दायित्वसँग सम्बन्धित फाइदाबाट हानी घटाई व्याज, लाभांश र विदेशी विनिमय परिवर्तनसहित सम्पति तथा दायित्वमा आउने गौण परिवर्तन पनि समावेश गरिएको छ। विदेशी विनिमय कारोबारको परिणाममा फाइदा र हानी सामेल हुन्छ र फरवार्ड अनुबन्ध तथा अनुवादित विशेदी मुद्रा सम्पति रहेको हुन्छ।

### ४.३४ अन्य सञ्चालन आम्दानी

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| विदेशी विनिमय पुनर्मूल्याङ्कन लाभ | २,२८८,२२६ | २,५४०,४२४ | २,२८८,२२६ | २,५४०,४२४ |
| धितोपत्र लगानी बिक्रीबाट लाभ/हानी | २४३,०४३,१६५ | - | २३७,९४५,४२५ | - |
| लगानी सम्पतिमा Fair Value लाभ/हानी | - | - | - | - |
| ईक्वटी उपकरणमा लाभांश | ४४,५८२,७३८ | ३०,९५८,६९३ | ४३,९४१,१०७ | ३०,९५८,६९३ |
| सम्पति तथा उपकरणको बिक्रीमा लाभ/हानी | (११,४०२,०४२) | २८,२७५,६६७ | (११,४०२,०४२) | २८,२७५,६६७ |
| सम्पति लगानी बिक्रीमा लाभ/हानी | (१६,८७५,३४१) | ५,३६३,६७९ | (१६,८७५,३४१) | ५,३६३,६७९ |
| पट्टा सञ्चालन आम्दानी | - | - | - | - |
| सुन र चाँदीको बिक्रीमा लाभ हानी | - | ८,८३५,७३८ | - | ८,८३५,७३८ |
| अन्य | १६७,२२२ | - | - | - |
| **जम्मा** | **२६१,८०३,९६८** | **७५,९७४,२०१** | **२५५,८९७,३७५** | **७५,९७४,२०१** |

धितोपत्र लगानी पोर्टफोलियोलाई व्यवस्थापन गर्न बैंकले रु. ५७७,५४२,३२७ fair value भएको शेयरलाई बिक्री गरि रु. २३७,९४५,४२५ फाईदालाई धितोपत्र बिक्रीबाट लाभमा लेखाङ्कन गरेको छ।

## ४.३५ ऋण र अन्य नोक्सानको लागि हानी/फिर्ता

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटमा नोक्सानी व्यवस्था/(फिर्ता) | ५८,४३२,२५० | २२,८८३,६५२ | ५८,४३२,२५० | २२,८८३,६५२ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | १,११४,४८५,७९६ | ५९१,२५०,०५० | १,०५५,२७४,१२४ | ५७६,०३४,१४७ |
| वित्तीय लगानीको लागि हानी/फिर्ता | (७,६९४,२८६) | ७,६९४,२८६ | - | - |
| बैंक तथा वित्तीय संस्थामा पेल्समेन्टको लागि हानी/फिर्ता | - | - | - | - |
| सम्पत्ति र उपकरणको लागि हानी/फिर्ता | - | - | - | - |
| ख्याती र अमुर्त सम्पत्तिको लागि हानी/फिर्ता | - | - | - | - |
| लगानी सम्पत्तिको लागि हानी/फिर्ता | - | - | - | - |
| **जम्मा** | **१,१६५,२२३,७६०** | **६२१,८२७,९८८** | **१,११३,७०६,३७३** | **५९८,९१७,७९९** |

## ४.३६ कर्मचारी खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| तलब | १,२५४,६१६,६१८ | ८२८,०७६,४२१ | १,१९०,०७७,१०४ | ७९१,५२८,९०५ |
| भत्ता | ७५०,६४०,३८७ | ७१४,०९९,५९८ | ७१२,७०२,८५७ | ६९३,१६८,२५३ |
| उपदान खर्च | ३२,६६३,४२५ | २९,६८२,३४० | ३१,३८०,६१६ | २८,२१८,११२ |
| संचय कोष | ७३,४०१,६८७ | ५८,८५८,८१७ | ७०,४२८,४८२ | ५६,४२४,५३९ |
| पोशाक | १९,५९७,४९७ | १५,६०२,४६६ | १९,५९७,४९७ | १५,६०२,४६६ |
| तालिम तथा विकास खर्च | ६५,९८६,२५५ | ६६,८२३,३५१ | ६१,९२१,०१७ | ६४,२३७,४९८ |
| विदाको नगद भुक्तानी | १७,८८९,८२७ | ६६,३२६,८६७ | १३,४६७,५५७ | ६२,६२२,३८१ |
| औषधीपचार | ९,०१५,४९८ | ८,२८५,४६० | ८,९१६,१३२ | ८,२४८,४४० |
| वीमा | ३,९८७,६५१ | ३,६४९,५१७ | ३,९८७,६५१ | ३,६४९,५१७ |
| कमचारी प्रोत्साहन खर्च | ४५,७७८,२४५ | ७४,८७५,११७ | ४५,२०७,२०९ | ७४,६९५,८८९ |
| नगद शेयरमा आधारित भुक्तानी | - | - | - | - |
| पेन्सन भुक्तानी | - | - | - | - |
| NFRS अन्तर्गतको वित्तीय खर्च | १७७,८५८,६३१ | १०५,४५६,२३६ | १७७,८५८,६३१ | १०५,४५६,२३६ |
| कर्मचारीसँग सम्बन्धीत अन्य खर्च | ९४,०१५,२५२ | ७९,९७३,१०४ | ८६,०३३,२७९ | ७९,५६१,६६० |
| **जम्मा** | **२,५४५,४५०,९७४** | **२,०५१,७०९,२९७** | **२,४२१,५७८,०३२** | **१,९८३,४१३,८९६** |
| कर्मचारी बोनस | ५२७,९८४,२३७ | ५१४,०४६,२१९ | ४८८,५८८,३२८ | ४९३,४१७,३०१ |
| **जम्मा** | **३,०७३,४३५,२११** | **२,५६५,७५५,५१६** | **२,९१०,१६६,३६०** | **२,४७६,८३१,१९६** |

बोनस ऐन २०३० बमोजिम कर्मचारीलाई बोनस व्यवस्था गर्नु अनिवार्य रहेको छ। बैंकका कर्मचारीका लागि भएका सबै खर्चहरु यस शिर्षकमा समावेश गरिएको छ। जसमा कर्मचारीको तलब, भत्ता, पेन्सन, सञ्चयकोषमा जम्मा रकम, तालिम खर्च, पोशाक खर्च, इन्सुरेन्स, स्टाफ बोनस लगायत रहेका छन्।

## ४.३७ अन्य सञ्चालन खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| सञ्चालक समिति बैठक भत्ता | ७,५९८,५०० | ७,७३७,५०० | ६,८४८,००० | ७,१७६,००० |
| सञ्चालकको अन्य खर्च | ३,७९५,८६७ | ५,२२४,७६३ | ३,७८४,४५८ | ५,२१०,२४३ |
| लेखापरीक्षकको पारिश्रमिक | २,८८२,२५० | २,७३५,५०० | २,५९९,००० | २,४८६,००० |
| लेखापरीक्षक सम्बन्धी अन्य खर्च | ५८०,७४४ | ८६,६८० | - | - |
| पेशागत र कानुनी खर्च | २३,२५३,०५० | २३,९२९,५३५ | २२,४७७,२४६ | २३,८८७,५३५ |
| कार्यालय व्यवस्थापन खर्च | १,१६१,४३९,३७६ | १,०६६,२४४,०६१ | १,१२३,१२३,२२६ | १,०३९,१३८,१३९ |
| संचालित पट्टा खर्च | ४८५,०३९,६४६ | ३५३,३१६,८०१ | ४७०,०४६,११९ | ३४३,५८९,०२९ |
| लगानी सम्पत्तिको सञ्चालन खर्च | - | - | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व खर्च | - | - | - | - |
| Onerous lease provisions | - | - | - | - |
| अन्य | ३५१,८९४,११५ | २९१,६४८,४१८ | ३४२,८९७,५८६ | २९१,३४९,२९१ |
| **जम्मा** | **२,०३६,४८३,५४८** | **१,७५०,९२३,२५८** | **१,९७१,७७५,७०७** | **१,७१२,८३६,२३८** |

यस खाता शिर्षक अन्तर्गत पर्ने खर्चमा कार्यालय प्रशासन खर्च, अन्य अपरेटिंग र ओभरहेड खर्च, संचालकहरूको बैठक शुल्क र लेखापरीक्षकहरूलाई भुक्तानी गरिएको लेखापरीक्षण शुल्क, व्यावसायिक र कानुनी खर्च, संस्थागत सामाजिक उत्तदायित्वको खर्च व्यय, पट्टा प्रावधानहरू आदि समावेश छन् ।

## ४.३७.१ कार्यालय प्रशासन खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| पानी तथा बिजुली | ७६,९४८,००२ | ६३,४२२,३७१ | ७६,१५१,३२४ | ६३,०६६,७६१ |
| मर्मत सम्भार | - | - | - | - |
| क. भवन | ९३४,०५० | १,०४४,००९ | ९३४,०५० | १,०४४,००९ |
| ख. सवारी साधन | ९,८५६,१८६ | ८,८९२,०९६ | ९,५८६,९४६ | ८,६९८,३६५ |
| ग. कम्प्युटर र समानहरु | १,७१९,२४४ | २,६५०,२३७ | १,७१९,२४४ | २,६५०,२३७ |
| घ. कार्यालय उपकरण तथा फर्निचर | ३४,८२५,३११ | २२,४७६,२१६ | ३३,६१९,७७४ | २२,४६६,९१६ |
| ङ. अन्य | ६८,६१४,२७५ | ५८,०२३,९१३ | ६६,८५१,१७२ | ५६,८३९,३०६ |
| वीमा खर्च | ५७,६७१,३२२ | ३०,६४८,३९३ | ५७,२६७,४८७ | ३०,३६०,२०१ |
| हुलक, टेलेक्स, टेलिफोन र फ्याक्स | ११७,४७०,७०० | ९१,२७२,९२३ | ११०,१०७,६७१ | ८६,३५९,२६३ |
| मसलन्द र छपाई | ९९,०६४,९४४ | ८५,३४१,६५५ | ९५,६४५,६५८ | ८२,४८५,४७५ |
| पत्रिका तथा पुस्तक | ७२८,५१४ | १,०५२,४११ | ७२८,५१४ | १,०४५,२११ |
| बिज्ञापन | १८३,२९३,६९१ | १५६,१९६,१३० | १८१,७२४,२९३ | १५५,१८३,९१० |
| चन्दा | - | - | - | - |
| सुरक्षा खर्च | ३१०,७७६,४७२ | २९४,७९९,२९२ | ३०८,९२९,०९९ | २९३,६०६,४९८ |
| कर्जा तथा निक्षेप सुरक्षण खर्च | ६०,५९५,९४४ | ५०,५१०,९४२ | ५६,१२९,९९० | ४३,७७५,८४५ |
| भ्रमण खर्च तथा भत्ता | ३३,४१८,२०४ | ३६,३३९,२११ | २९,१९९,६१७ | ३३,९८२,६८६ |
| मनोरञ्जन खर्च | ७७,४०७ | ४,३१८,४८२ | ७७,४०७ | ४,३१८,४८२ |
| वार्षिक साधारण सभा खर्च | २,७८०,६९१ | ४,३१०,७३० | २,७७४,३८२ | ४,२८२,७०४ |
| अन्य | - | - | - | - |
| क. सरसफाई खर्च | ६१,६५९,०४९ | ४४,४७४,२७९ | ६१,६५९,०४९ | ४४,४७४,२७९ |
| ख. उपयोगिता खर्च | ९,२७५,४८५ | ९,९७९,५०४ | ६,४४६,०६५ | ७,९९८,०८५ |
| ग. अन्य कार्यालय खर्च | ३१,७२९,८८५ | १००,४९१,२६८ | २३,५७१,४८५ | ९६,४९९,९०८ |
| **जम्मा** | **१,१६१,४३९,३७६** | **१,०६६,२४४,०६१** | **१,१२३,१२३,२२६** | **१,०३९,१३८,१३९** |

### ४.३८ ह्रासकट्टी र परिशोधन

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | २३६,८१२,३२७ | १८९,०७५,१५० | २२३,१६५,८२६ | १८०,५०५,०३८ |
| लगानी भएको सम्पत्तिमा ह्रासकट्टी | - | - | - | - |
| अमुर्त सम्पत्तिमा परिशोधन | ३०,००९,३०६ | २४,१४९,४८८ | २९,५७२,६४७ | २३,५२७,९०५ |
| **जम्मा** | **२६६,८२१,६३३** | **२१३,२२४,६३८** | **२५२,७३८,४७३** | **२०४,०३२,९४४** |

ह्रासकट्टी भनेको भौतिक सम्पत्तिको उपयोगी आयु भरी ह्रास हुन आउने रकमको व्यवस्थित विनियोजन हो । परिशोधन यसको उपयोगी आयु भरी अमुर्त सम्पत्तिको परिशोधन रकमको व्यवस्थित विनियोजन हो । ह्रासकट्टीको मापन एनएफआरएसको सम्पत्ति र उपकरण, लगानी सम्पत्ति, र अचल सम्पत्तिको परिमार्जनमार्फत गरिन्छ ।

### ४.३९ गैर सञ्चालन आम्दानी

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| अपलेखन गरिएको कर्जा असुली | १२,५४५,००० | २६,४३०,७१३ | १२,५४५,००० | २६,४३०,७१३ |
| अन्य आम्दानी | ७,३०७,३१४ | ४,६७३,८३८ | ७,३०७,३१४ | ४,८७३,८३८ |
| **जम्मा** | **१९,८५२,३१४** | **३१,१०४,५५१** | **१९,८५२,३१४** | **३१,३०४,५५१** |

### ४.४० गैर सञ्चालन खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| कर्जा अपलेखन | ५७,३८३,८७२ | १००,१९२,२८६ | ५७,३८३,८७२ | १००,१९२,२८६ |
| रिडन्डेन्सी प्रावधान | - | - | - | - |
| पुनसंरचनाको खर्च | - | - | - | - |
| अन्य खर्च | - | ३,९७३,१८७ | - | ३,९७३,१८७ |
| **जम्मा** | **५७,३८३,८७२** | **१०४,१६५,४७३** | **५७,३८३,८७२** | **१०४,१६५,४७३** |

### ४.४१ आयकर खर्च

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| चालु कर खर्च | १,३७४,९३२,१४७ | १,४२५,७९९,०७९ | १,२६८,४३३,२७५ | १,३६८,६५५,९८४ |
| यस वर्ष | १,३६७,६५२,४६४ | १,३२२,४३८,४८६ | १,२६१,१५३,५९२ | १,२६५,२९५,३९१ |
| गत वर्षकोलागि समायेजना | ७,२७९,६८३ | १०३३६०५९३ | ७,२७९,६८३ | १०३,३६०,५९३ |
| **स्थिगित कर खर्च** | **३०,९०४,१५४** | **४५,५९९,३९७** | **३०,३२४,७१२** | **४८,८१७,०५६** |
| Origination and reversal of temporary differences | ३०,९०४,१५४ | ४५,५९९,३९७ | ३०,३२४,७१२ | ४८,८१७,०५६ |
| कर दरमा आएको परिवर्तन | | | | |
| अघिल्लो वर्षहरुमा नदेखिएको कर नोसानको पहिचान | | | | |
| **जम्मा** | **१,४०५,८३६,३०१** | **१,४७१,३९८,४७६** | **१,२९८,७५७,९८७** | **१,४१७,४७३,०४०** |

यस शिर्षकमा खुद करयोग्य नाफामा लाग्ने आयकर रकमको पहिचान र प्रस्तुती गरिएको छ । यस खाता शिर्षकमा चालु कर खर्च, डिफर्ड कर खर्च/कर आय समावेश गरिएको छ ।

### ४.४१.१ कर खर्च र लेखा मुनाफाको मिलाप

*रकम रु.*

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| कर पहिलेको नाफा | ४,७५४,३९९,४५२ | ४,६२६,३७८,९४६ | ४,३९७,२९४,९५२ | ४,४४०,७५५,७०६ |
| कर अनुपात ३० प्रतिशतको कर रकम | १,४२६,३१९,८३६ | १,३८७,९१३,६८४ | १,३१९,१८८,४८६ | १,३३२,२२६,७१२ |
| थप: खर्चको कर प्रभाव जुन कर प्रयोजनका लागि कटौती योग्य हुँदैन | १४७,७२६,८६१ | ११७,३१८,४२४ | १४७,७२६,८६१ | ११७,३१८,४२४ |
| कम: छुट आयमा कर प्रवाह | (२०६,१६०,७७२) | (१८४,२४९,७४५) | (२०५,७६१,७५५) | (१८४,२४९,७४५) |
| थप/कम: अन्य बस्तुमा कर प्रवाह | ३८,१८३,८३७ | १०३,३६०,५९३ | ३७,६०४,३९५ | १०३,३६०,५९३ |
| जम्मा आम्दानी कर खर्च | १,४०६,०६९,७६१ | १,४२४,३४२,९५६ | १,२९८,७५७,९८७ | १,३६८,६५५,९८४ |
| **प्रभावकारी कर दर** | **२९.६%** | **३०.८%** | **२९.५%** | **३०.८%** |

## एन आई सी एशिया बैंक लिमिटेड

### नाफा अथवा घाटा बाडँफाडँको एकीकृत विवरण

२०७७ असार अन्त्यका लागि (२०२० जुलाई १५)

*रकम रु.*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **नाफा/नोक्सान सम्बन्धी विवरणका आधारमा खुद नाफा/नोक्सान** | **३,०९८,५३६,९६५** | **३,०२३,२८२,६६६** |
| **विनियोजन :** | | |
| क) साधारण जगेडा | ६१९,७०७,३९३ | ६०४,६५६,५३३ |
| ख) सटही घटबढ कोष | ५७२,०५७ | ६३५,१०६ |
| ग) पूँजी चुक्ता कोष | ६८३,३३३,३३३ | १३०,९५२,३७८ |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | ३०,९८५,३६९.६५ | ३०,२३२,८२७ |
| ङ) कर्मचारी तालिम कोष | - | - |
| च) अन्य | - | - |
| - स्थगन कर कोष | - | (४१,८४५,८०४) |
| - लगानी समायोजन कोष | ९३,७९५,९९० | ११,९५९,५४८ |
| - शेयर प्रिमियम | - | - |
| **नियामनकारी समायोजन अधिको नाफा/नोक्सान** | **१,६७०,१४२,८२३** | **२,२८६,६९२,०७८** |
| नियामनकारी समायोजन : | २३,०४१,६४३ | (२७२,०७०,४४२) |
| क) असुल हुन बाँकी व्याज(-)/अघिल्लो वर्षको असुल हुन बाँकी व्याजको असुली | ४१,०१०,१०१ | (२६,३६८,९९४) |
| ख) खातामा भएको साना कर्जा जोखिम व्यवस्थामा कमी (-) वृद्धि (+) | - | - |
| ग) लगानीको सम्भावित जोखिम वापत व्यवस्थामा कमी (-) वृद्धि (+) | (८,११९,८१६) | |
| घ) गैर बैंकिङ्ग सम्पत्तिमा कर्जा जोखिम व्यवस्थामा कमी (-) वृद्धि (+) | (३६,५८२,००४) | (२०१,५५५,६३४) |
| ङ) स्थगन कर सम्पत्तिको लेखाङ्कन (-) अपलेखाङ्कन (+) | - | (५४,२४४,१८५) |
| च) ख्याती पहिचान (-)/ख्यातीको हानी (+) | - | - |
| छ) Bargain Purchase Gain (-) विपरित (+) | - | - |
| ज) बिमाङ्कीक नोक्सान पहिचान (-) विपरित (+) | २६,७३३,३६२ | ११,६९०,०६४ |
| झ) अन्य (+/-) | - | - |
| - परिशोधित लागतमा लेखाङ्कन गरिएको ऋणपत्रहरु | - | - |
| - अन्य जगेडा कोष | - | - |
| - Fair Value कोष | - | (१,५९१,६९४) |
| **वितरण योग्य नाफा/नोक्सान** | **१,६९३,१८४,४६५** | **२,०१४,६२१,६३६** |

## एन आई सी एशिया बैंक लिमिटेड

### सैद्धान्तिक सुचकहरु

| अनुपात | सूचकांक | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० |
|---|---|---|---|---|---|---|
| खुद नाफा/कुल आम्दानी | प्रतिशत | ४०.८३ | ४२.९१ | २४.९१ | ३१.८० | २९.०० |
| प्रति शेयर आम्दानी (NAS-३३ का आधारमा प्रति शेयर आम्दानी) | नेरु | २८.३१ | २३.०६ | १६.६२ | ३४.२२ | ३१.८९ |
| बजार मूल्य प्रति शेयर | नेरु | ७९८ | ४४५ | ३१६ | ४४८ | ५५३ |
| मूल्य आम्दानी अनुपात | अनुपात | २८.१९ | १९.३० | १९.०१ | १३.०९ | १७.३४ |
| शेयर पूँजीमा लाभांश (बनोस सहित) | प्रतिशत | २७.३७ | २१.०५ | १०.०० | २१.०५ | २०.०० |
| शेयर पूँजीमा नगद लाभांश | प्रतिशत | १.३७ | १.०५ | ०.५२६ | ११.०५ | १.०० |
| व्याज आम्दानी/कर्जा सापट तथा लगानी | प्रतिशत | ७.७७ | ९.१० | १०.१२ | ११.७४ | १०.३९ |
| कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ५१.५९ | ५३.०३ | ६१.४८ | ५६.८५ | ५६.३७ |
| व्याज खर्च/कुल निक्षेप र सापटी | प्रतिशत | ४.४१ | ५.६१ | ६.५३ | ६.७१ | ६.२१ |
| विनिमय लाभ/कुल आम्दानी | प्रतिशत | ३.२९ | २.३६ | १.४२ | १.६० | १.४३ |
| कुल लागत/कुल आम्दानी | प्रतिशत | ४०.३० | ४६.१४ | ६२.०४ | ४९.३३ | ५३.६६ |
| कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | २८.२१ | २४.८५ | ११.२९ | १९.९२ | १६.७९ |
| प्रति कर्मचारी खर्च | नेरु | ४९३,४७८ | ४७८,७६८ | ७७७,८७६ | ७१३,३७३ | १,०००,७४५ |
| प्रति कर्मचारी कुल आम्दानी | नेरु | ९६९,०३४ | ८३९,५८२ | ५८२,६५५ | ८७०,७६१ | १,०६५,५२२ |
| कुल कर्जा/निक्षेप | प्रतिशत | ८५.६२ | ८३.७० | ८६.३० | ८४.५५ | ८५.७५ |
| कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | १.३१ | १.६० | १.८३ | २.०२ | २.०५ |
| पूँजी पर्याप्तता (जोखीम भारित सम्पत्तिमा) | | | | | | |
| प्राथमिक पूँजी | प्रतिशत | १०.६९ | १२.३८ | ८.६६ | ८.२४ | ८.३५ |
| पुरक पूँजी | प्रतिशत | १.७५ | १.४५ | ३.५८ | ५.०८ | ५.१५ |
| कुल पूँजी कोष | प्रतिशत | १२.४४ | १३.८३ | १२.२४ | १३.३२ | १३.५० |
| तरलता (CRR) | प्रतिशत | २३.७९ | २५.८० | २४.४५ | २६.०५ | २७.०९ |
| खुद नाफा/कुल कर्जा | अनुपात | १.७९ | २.०३ | १.१० | २.०० | १.७६ |
| कुल निष्कृय कर्जा/कुल कर्जा | अनुपात | ०.७६ | ०.३६ | ०.०६ | ०.४६ | ०.७५ |
| खुद निष्कृय कर्जा/कुल कर्जा | अनुपात | ०.११ | ०.०४ | ०.०१ | ०.२३ | ०.२७ |
| भारित औसत व्याजदर प्रवाह | प्रतिशत | ३.३६ | ३.४९ | ३.६० | ५.०२ | ४.१८ |
| कुल सम्पत्तिमा प्रतिफल | प्रतिशत | १.५१ | १.६४ | ०.९७ | १.५६ | १.३२ |
| ईक्विटीमा प्रतिफल | प्रतिशत | १६.५० | १६.८४ | १२.०९ | २२.७३ | १९.२६ |
| खुद किताबी मूल्य | नेरु | १६१ | १५१ | १४५ | १६९.०७ | १७७.४३ |
| शेयर संख्या | संख्या | ४५,७५३,७४३ | ६६,९२५,९७५ | ८०,३११,१७० | ८८,३४२,२८७ | ९७,१७६,५१६ |
| कमचारी संख्या | संख्या | ११०१ | १७५५ | २,२९१ | ३,४७२ | २,९०८ |
| शाखा संख्या | संख्या | ६७ | ११९ | २३१ | २९२ | ३२६ |
| एटीएम संख्या | संख्या | ६९ | ७० | २२० | ३०२ | ४६४ |

## एन आई सी एशिया बैंक लिमिटेड

### लेखा परीक्षण गरिएको र नगरिएको वित्तीय विवरणको तुलना

*रकम रु.*

| वित्तीय अवस्थाको एकीकृत विवरण | लेखा परीक्षण नगरिएको वित्तीय विवरण अनुसार | लेखा परीक्षण गरिएको वित्तीय विवरण अनुसार | भिन्नता | | भिन्नताको कारण |
|---|---|---|---|---|---|
| सम्पत्तिहरु | | | रकममा | प्रतिशतमा | |
| नगद तथा नगद समान | १२,२९४,५११ | १२,२९४,५११ | - | ०.००% | |
| नेपाल राष्ट्र बैंकबाट बाँकी र बैंक तथा वित्तीय संस्थामा मौज्दात | १८,७२१,४८३ | १८,७२१,४८३ | - | ०.००% | |
| कर्जा सापटी | १७२,८९३,७३७ | १७२,८९२,३८५ | (१,३५२) | ०.००% | LLPमा समायोजन |
| धितोपत्रमा लगानी | २९,३१७,२४४ | २९,३१७,२४४ | - | ०.००% | |
| सहायक संस्थामा लगानी र सम्बद्ध संस्थामा लगानी | १,२६४,५०० | १,२६४,५०० | - | | |
| ख्याति तथा अमूर्त सम्पत्ति | ११२,८५० | ११२,८५० | - | | |
| अन्य सम्पत्तिहरु | १७,२३९,१२१ | १५,९७७,९६७ | (१,२६१,१५४) | -७.३२% | चालु कर सम्पत्ति र चालु कर दायित्वको समायोजन |
| **कुल सम्पत्ति** | **२५१,८४३,४४५** | **२५०,५८०,९३९** | **(१,२६२,५०६)** | **-०.५०%** | |
| **दायित्वहरु र ईक्विटी** | | | | | |
| शेयर पूँजी | ९,७१७,६५२ | ९,७१७,६५२ | (०) | ०.००% | |
| जगेडा तथा कोषहरु | ७,५१७,८८४ | ७,५२४,५१९ | ६,६३५ | ०.०९% | नाफामा कमी |
| निक्षेप दायित्व | २१०,९०१,९०७ | २१०,९०१,९०७ | - | ०.००% | |
| तिर्न बांकी कर्जा सापटी | - | - | - | | |
| ऋणपत्र तथा बण्ड | ९,६५५,६३७ | ९,६५५,६३७ | ० | ०.००% | |
| अन्य दायित्व र व्यवस्थाहरु | १४,०५९,८०५ | १२,७९०,६६४ | (१,२६९,१४१) | -९.०३% | unearned income मा फरक |
| **कुल दायित्वहरु र ईक्विटी** | **२५१,८५२,८८५** | **२५०,५९०,३७९** | **(१,२६२,५०६)** | **-०.५०%** | |
| **नाफा अथवा नोक्सानको एकीकृत विवरण** | | | | | |
| व्याज आम्दानी | २०,७२३,३१६ | २०,७२३,३१६ | - | ०.००% | |
| व्याज खर्च | १३,११८,४८४ | १३,११८,४८४ | - | ०.००% | |
| **खुद व्याज आम्दानी** | **७,६०४,८३२** | **७,६०४,८३२** | **-** | **०.००%** | |
| शुल्क तथा कमिशन आम्दानी | २,६४३,७०७ | २,६४२,७७५ | (९३२) | -०.०४% | Unearned Guarantee income मा फरक |
| शुल्क तथा कमिशन खर्च | १५९,९०४ | १५९,९०४ | - | | |
| **खुद शुल्क र कमिशन आम्दानी** | **२,४८३,८०३** | **२,४८२,८७१** | **(९३२)** | **-०.०४%** | |
| अन्य सञ्चालन आम्दानी | ६३७,७७६ | ५९५,५११ | (४२,२६६) | -६.६३% | शेयर बिक्रीमा भएको लाभलाई OCI मा समायोजन |
| **कुल सञ्चालन आम्दानी** | **१०,७२६,४११** | **१०,६८३,२१३** | **(४३,१९७)** | **-०.४०%** | |
| ऋण तथा अन्य नोक्सानका लागि हानि/ह्रास शुल्क(फिर्ता) | १,१२०,४७४ | १,११३,७०६ | - | | |
| **खुद सञ्चालन आम्दानी** | **९,६०५,९३७** | **९,५६९,५०७** | **(३६,४३०)** | **-०.३८%** | |
| कर्मचारी खर्च | २,९१३,८०९ | २,९१०,१६६ | (३,६४३) | -०.१३% | कर्मचारी बोनसमा फरक |
| अन्य सञ्चालन खर्च | २,२२४,५१४ | २,२२४,५१४ | - | ०.००% | |
| **सञ्चालन नाफा** | **४,४६७,६१४** | **४,४३४,८२७** | **(३२,७८७)** | **-०.७३%** | |
| गैर सञ्चालन आम्दानी | (३७,५३२) | (३७,५३२) | - | ०.००% | |
| **आयकर अघिको नाफा** | **४,४३०,०८२** | **४,३९७,२९५** | **(३२,७८७)** | **-०.७४%** | |
| आयकर खर्च | १,३०८,५९४ | १,२९८,७५८ | (९,८३६) | -०.७५% | |
| **समीक्षा अवधिको नाफा** | **३,१२१,४८८** | **३,०९८,५३७** | **(२२,९५१)** | **-०.७४%** | |

## ५. प्रकटीकरण र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

बैंकको जोखिम व्यवस्थापन संरचनाले व्यवसायिक संयन्त्र र जोखिम व्यवस्थापन संयन्त्रलाई स्पष्ट रुपमा छुट्याएको छ । बैंकले प्रमुख जोखिम अधिकृत (CRO) को अध्यक्षतामा एक छुट्टै एकीकृत जोखिम व्यवस्थापन विभाग (IRMD) गठन गरेको छ । IRMD ले विश्वव्यापी, सूक्ष्म र विभागीयस्तरको जोखिमको निरीक्षण गर्दछ जुन दैनिक व्यवसाय सञ्चालनबाट आवधिक रुपमा उत्पन्न हुन्छ ।

**अ) जोखिम व्यवस्थापन समिति**

सञ्चालक समिति बैंकको सर्वोच्च निकाय हो र नियामक निकायले जारी गरेको नियमन र निर्देशनको प्रभावकारी पालनाका लागि कडा नीति र फ्रेमवर्क बनाउन र कार्यान्वयन गर्न जिम्मेवार छ । सञ्चालक समितिले बैंकभित्रको प्रभावकारी व्यवस्थापनको लागि जोखिम अवस्था सीमाको आधारमा रणनीति, नीति तथा प्रक्रियाको सुनिश्चितता गर्दछ । सञ्चालक समितिले बैंकको जोखिमको प्रकृति बुझ्छ, आवधिक रुपमा जोखिम व्यवस्थापनको प्रतिवेदन समीक्षा गर्छ, जोखिम व्यवस्थापन समिति र सम्पत्ति दायित्व व्यवस्था समितिको प्रतिवेदनको आधारमा नीति, मापदण्ड, तरलता तथा पूँजी पर्याप्तता समावेश गर्छ । संस्थागत सुशासन सम्बन्धी राष्ट्र बैंकको निर्देशन अनुरुप बैंकले प्रष्ट परिभाषित सर्तसहित जोखिम व्यवस्थापन समिति गठन गरेको छ । यसको वर्षमा कम्तीमा चार वटा बैठक हुन्छ र आवश्यकता अनुसार बैठकको संख्या बढाउन पनि सकिन्छ । समितिले बैंकको समग्र जोखिम व्यवस्थापनलाई तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम र कर्जा जोखिमको रूपमा वर्गीकृत गरेको छ ।

**आ) जोखिम सुशासन (Risk Governance)**

बैंकले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिवृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत बैंकले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ । यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, बैंकले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा बैंकको वाणिज्य क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठा सम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ । जोखिम सम्बन्धी नीतिको स्थापना र अनुपालनको लागि जोखिम व्यवस्थापन समिति जिम्मेवार छ । सम्पत्ति र दायित्व समिति पूँजी व्यवस्थापन र तरलता, पूँजी पर्याप्तता र संरचनात्मक विदेशी मुद्रा र व्याजदर जोखिम र कर जोखिमको व्यवस्थापन सहित वासलात व्यवस्थापनको नीतिहरुको स्थापना र अनुपालनको लागी



जिम्मेवार छ । सारभूत जोखिम बिषयको बारेमा र नीतिहरू र मापदण्डहरूको पालना भए नभएको, व्यवसाय, कार्यात्मक, वरिष्ठ व्यवस्थापन र समितिमार्फत जानकारी दिइन्छ ।

इ) **आन्तरिक नियन्त्रण**

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी बैंकमा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ । बैंकको बिभिन्न कार्यहरूको विस्तार र वृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नु पर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ । सञ्चालक समितिले जोखिम लेखाङ्कन, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ, जुन राष्ट्र बैंकको निर्देशनअनुरूप बैंकमा प्रभावकारी रूपमा लागू भएको छ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, यसअन्तर्गतको समिति, व्यवस्थापन र आन्तरिक लेखा परीक्षा विभागद्वारा नियमित समीक्षा गरिन्छ । आन्तरिक लेखा परीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखा परीक्षण, विशेष लेखा परीक्षण, सूचना प्रणाली लेखा परीक्षण, साइट समीक्षा, AML / CFT र KYC लेखा परीक्षण, ISO लेखा परीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखा परीक्षण मार्फत बैंकमा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा परीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग, क्षेत्रीय कार्यालय वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ ।

५.१.१ **कर्जा जोखिम**

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम बैंकलाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो । बैंकभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणको लागि तयार पारिएको छ । कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि बैंकले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ग्राहक जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको संग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ ।

जोखिमको विविधिकरण र सीमा संकेन्द्रण जोखिम सुनिश्चित गर्न, विशिष्ट गतिविधि वा उत्पादनको प्रकार, एकल ऋणी वा आपसमा सम्बन्धित ऋणीको समूह, विशिष्ट उद्योगहरू वा आर्थिक क्षेत्रहरू, सम्बन्धित पक्षहरू र भौगोलिक क्षेत्रहरूका प्रकारहरूमा कर्जा क्षेत्रमा सीमा तोकिएको छ । कर्जा जोखिमको निगरानी कर्जा जोखिम व्यवस्थापन संयन्त्रद्वारा गरिन्छ । बैंकले आन्तरिक rating प्रणाली प्रयोग गर्दछ जुन बैंकलाई यसको पोर्टफोलियोमा कर्जा एक्सपोजरको बीच भिन्नता राख्न, पोर्टफोलियोको विशेषताहरू (संकेंद्रण, समस्या यिबल आदि) निर्धारण गर्न र व्यवस्थाहरूको यथार्थता प्रमाणित गर्न मद्दत गर्दछ । व्यापारिक कर्जा लिनेहरू साइट अवलोकनको माध्यमबाट अनुगमन गरिन्छन्, जबकि व्यक्तिगत ग्राहकहरूको चुक्ता क्षमता नियमित रूपमा अपडेट गर्नुपर्दछ । कर्जा जोखिमको निरीक्षण कर्जा जोखिम व्यवस्थापन कार्यबाट प्रदर्शन गरिन्छ । बैंकले आन्तरिक रेटिङ प्रणाली प्रयोग गर्छ जसले बैंकलाई आफ्नो कर्जा क्षेत्र पोर्टफोलियो, पोर्टफोलियोको चरित्र (समस्या कर्जा ईत्यादी), व्यवस्थाको यथार्थको भिन्नता लेखाङ्कन गर्न सघाउँछ ।

व्यापार कर्जालाई स्थलगत भ्रमणबाट निरीक्षण गरिन्छ भने व्यक्तिगत ग्राहकको ऋण तिर्ने क्षमताको नियमित अनुगमन गरिन्छ जसबाट ऋण तिर्नको लागि प्रभाव पार्न सक्ने पक्षको विश्लेषण गरिन्छ । संकटोन्मुख कर्जा र समस्याग्रस्त कर्जा व्यवस्थापनका लागि उपचारात्मक कदम चाल्न बैंकसँग उपयुक्त कानुनी कदम चाल्नेसहित प्रभावकारी प्रक्रिया र कार्यविधिहरु छन् । यो बाहेक, समस्याग्रस्त जोखिमहरू लेखाङ्कन गर्न र समयमै नोक्सानव्यवस्था निर्धारण गर्न बैंकसँग कर्जा जोखिम मूल्याङ्कन नीति, प्रक्रियाहरू र नियन्त्रणसहितका प्रभावकारी विधि छन् । कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि बैंकले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । बैंकले जोखिमको आंकलन उद्देश्यका लागि निम्न गतिविधिहरू सञ्चालन गरेको छ :

- निर्माण गरिएका वर्तमान प्रणाली/नीति/कार्यविधि/निर्देशिका कार्यान्वयनमा छन्,
- Product अनुसार र ईकाई अनुसारको कर्जा सीमा सम्बन्धी वास्तविक जोखिम जाँच, सहनशिलता र सीमा Product Paper दिशानिर्देश, कर्जा नीति र कर्जा जोखिम व्यवस्थापन नीतिमा उल्लेख गरिएको
- निरीक्षण विभागले तयार गरेको विभिन्न प्रतिवेदनहरूको

समीक्षा जस्तै खाता अनुगमन प्रतिवेदन, Overdue प्रतिवेदन, राष्ट्र बैंक प्रतिवेदन र मार्जिन निगरानी प्रतिवेदन कर्जा जोखिम व्यवस्थापन अन्ततः सञ्चालक समितिको जिम्मेवारी हो त्यसैले समग्र रणनीति र महत्वपूर्ण नीतिहरू नियमित रूपमा सञ्चालन समितिले समीक्षा गर्नु पर्दछ ।

यसबाहेक, उच्च व्यवस्थापन बैंकको कर्जा जोखिम प्रबन्धन रणनीति र नीतिहरू कार्यान्वयन गर्न र यी नीतिहरूको अनुसार कर्जा जोखिम र कर्जा पोर्टफोलियोको गुणस्तर व्यवस्थापन र नियन्त्रण गर्न प्रक्रियाहरू राखिएको छ भनेर सुनिश्चित गर्न जिम्मेवार छ ।

अ) **अधिकतम कर्जा जोखिम**

बैंकसँग मुख्यतयाकर्जा सापटी र परिमार्जित लागतमा लगानी वित्तीय सम्पत्ति छ । यी अवस्थाहरूमा, कर्जा जोखिममा अधिकतम क्षेत्र सम्बन्धित वित्तीय सम्पत्तिहरूको भारित रकम हो ।

आ) **भाखा ननाघेको र हानी नभएको र भाखा नाघेको र एकल रुपमा हानी भएका**

तलको तालिकाले कर्जा जोखिमका सबै वित्तीय सम्पत्ति क्षेत्रको सम्पत्ति वर्गीकरणबाट कर्जाको गुणस्तर देखाउँछ, यो बैंकको आन्तरिक कर्जा रेटिङ प्रणालीमा आधारित छ :

*रकम रु दश लाखमा*

| विवरण | भाखा ननाघेको र हानी नभएका | ९० दिन सम्म भाखा नाघेका | ९१ दिन देखि १८० दिन सम्म भाखा नाघेका | १८० दिन भन्दा बढी भाखा नाघेका | जम्मा |
|---|---|---|---|---|---|
| संशोधित लागतमा भारित सम्पत्ति | | | | | |
| नगद र नगद समान | १२,२९५ | | | | १२,२९५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १८,७२१ | | | | १८,७२१ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | | | | | |
| ग्राहकलाई कर्जासापट | १४८,०८९ | १०,७८४ | २२१ | १,०९० | १६०,१८४ |
| बैंक तथा वित्तीय संस्थालाई कर्जासापट | १२,७०८ | | | | १२,७०८ |
| नाफा र नोक्सान मार्फत fair value (FVTPL) | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६३६ | | | | ५,६३६ |
| अन्य विस्तृत आयमार्फत Fair value (FVTOCI) | | | | | |
| लगानी सुरक्षणपत्र | २९,३१७ | | | | २९,३१७ |
| सहायक कम्पनीमा लगानी | १,२६५ | | | | १,२६५ |
| **जम्मा** | **२२८,०३१** | **१०,७८४** | **२२१** | **१,०९०** | **२४०,१२६** |

### ५.१.२ बजार जोखिम

वित्तीय संस्थाको वासलातमा रहेको र बाहिर रहेको मूल्यमा बजार मूल्यमा हुने घटबटले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय औजारको भविष्यमा नगद प्रवाह वा निष्पक्ष मूल्य घटबढ हुनछ । बजार जोखिमले तीन प्रकार का जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार व्याजदर (व्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

**क) मुद्रा जोखिम**

विदेशी मुद्रा सटही जोखिमका कारण बैंकको आफ्नो सम्पत्ति र दायित्वमा उथलपुथल हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ । वित्तीय विवरण तयार पार्ने मितिसम्म बैंकले विदेशी मुद्रालाई लिन र दिन सकिने मानेको छ ।

**ख) व्याजदर जोखिम**

व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरण्को fair value वा भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुनछ ।

**ग) ईक्विटी मूल्य जोखिम**

ईक्विटी मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको fair value वा भविष्यमा हुने नगद प्रवाह ईक्विटीको मूल्यमा हुने परिवर्तनका कारण तलमाथि हुन्छ (व्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारणले) । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकायका हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वका कारण हुन सक्छ । कम्पनीको ईक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुनसक्छ जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ ।

आफूले लिन चाहेको वा लिन सक्ने जोखिम प्रोफाइल र बजार जोखिमको तह अनुसार बैंकले यसको बजार जोखिम व्यवस्थापन गर्ने रणनीति बनाएको छ । बजार जोखिम रणनीति आवधिक रुपमा अद्यावधिक गर्नुपर्छ (कम्तिमा वर्षको एक पटक वा बजार क्रियाकलापमा भएको परिवर्तन अनुसार) र व्यवसाय, रणनीति योजना तथा बाह्य सञ्चालन वातावरणमा हुने अर्थपूर्ण विकास अनुसार यसको नियमित समीक्षा गर्नुपर्छ ।

बैंकको व्यवस्थापन जानकारी प्रणालीले वास्तविक आकार, प्रतिफल, जोखिम, सम्भावित नाफा वा नोक्सान ईत्यादिको बिषयमा नियमित रुपमा विवरण निष्कासन गर्छ र यस्ता विवरण समीक्षाको लागि सञ्चालक समिति तथा उच्च व्यवस्थापनलाई पठाइन्छ । घटनाक्रम अनुसार उपयुक्त योजनाहरु तयार पारेर राखिएको छ ।

### ५.१.३ तरलता जोखिम

व्याजदर वा सुरक्षणपत्र (ईक्वीटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकुल परिवर्तनको कारण बैंकले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले बैंकको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले बैंकको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने बैंकको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र बैंकको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ ।

तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्व्हरु पूरा गर्न बैंकले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ । सामान्य र असामान्य दुवै परिस्थितिमा नगद प्रवाहको समय नमिल्दा बैंकले भुक्तानी दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारण तरलता जोखिम उत्पन्न हुन सक्छ ।

यो जोखिमलाई कम गर्न व्यवस्थापनले मूल निक्षेप आधार बाहेक विभिन्न स्रोतहरुको व्यवस्था गरेको छ र तरलतालाई विचार गरीसम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने नीति अपनाएको छ । बैंकले तरलता जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रक्रियाकहरु र आकस्मिक योजनाहरु विकास गरेको छ। आकस्मिक योजनाहरुले अपेक्षित नगद प्रवाहको मूल्याङ्कन र उच्च ग्रेडेको धितोको उपलब्धतालाई समेटेको छ र यसलाई आवश्यक लगानी सुनिश्चितताको लागि प्रयोग गर्न सकिन्छ ।

निम्न तालिकामा लगानीको पोर्टफोलियोको परिपक्वता प्रोफाइललाई छुट बिनाको (undiscounted) रकम प्रवाहको आधारमा चित्रण गरिएको छ जुन आवश्यक तरलताको स्तर पूरा गर्न व्यवस्थित गरिएको हो जुन यो तरलता अभाव हुने बेलामा कुनै व्यवसायको वित्तीय दायित्वहरुको समयसीमालाई ध्यानमा राखेर बनाएको हो ।

*रकम रु दश लाखमा*

| विवरण | ३ महिना भन्दा कम | ३ महिनादेखि ६ महिन | ६ महिनादेखि १ वर्ष | १ वर्ष भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| नगद र नगद समान | १२,२९५ | | | | १२,२९५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १८,७२१ | | | | १८,७२१ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६३६ | | | | ५,६३६ |
| अन्य व्यापारिक सम्पत्ति | ९ | | | | ९ |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा सापट | २,४६४ | ३,७१८ | ४,९६१ | १,५६५ | १२,७०८ |
| ग्राहकलाई कर्जा सापट | ३१,३२५ | १३,६६२ | ३१,१६३ | ८४,०३४ | १६०,१८४ |
| सहायक कम्पनीमा लगानी | ३,१३४ | ४८७ | १,३१० | २४,३८७ | २९,३१७ |
| **जम्मा** | **७३,५८४** | **१७,८६८** | **३७,४३४** | **१०९,९८६** | **२३८,८७१** |
| **दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ९,२७२ | | | | ९,२७२ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाकी रकम | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ५,६०१ | | | | ५,६०१ |
| ग्राहकको निक्षेप | २८,४०५ | २२,३०८ | ५५,०७७ | ९५,८४१ | २०१,६३० |
| सापटी | | | | | |
| अन्य दायित्व | ६,८९१ | | | | ६,८९१ |
| जारी गरिएको ऋणपत्र | | | ५०० | ९,१५६ | ९,६५६ |
| **जम्मा** | **५०,१६९** | **२२,३०८** | **५५,५७७** | **१०४,९९७** | **२३३,०५०** |

**सञ्चालन जोखिम**

अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, व्यक्ति र प्रणाली वा बैंकको लागि कानुनी जोखिमसहित बाहृय घटनाहरुको प्रभावबाट हुने सम्भावित जोखिमबाट हुने नोक्सानको रुपमा सञ्चालन जोखिमलाई परिभाषित गरिएको छ ।

सञ्चालन जोखिम बैंकको सबै कार्यमा व्यापक छ र मानव संसाधन, प्रणाली र प्रक्रियागत डिजाइन लगायत बैंकले काम गर्न विकास गरेका सबै स्रोतबाट प्रभावित हुन्छन् । सञ्चालन जोखिम जालसाजी, व्यवसायमा हुने अवरोध, प्रणाली असफलता, भौतिक पूर्वाधारमा क्षति, कार्यान्वयनमा असफलता र सेवा डेलिभरी, उत्पादहरूमा स्वाभाविक जोखिम, ग्राहकहरू, प्रक्रियाहरूमा अयोग्यता वा त्रुटिपूर्ण प्रक्रिया डिजाइनहरू र व्यापार जस्ता आन्तरिक र बाहृय दुवै कारणले हुन सक्छ । कुनै पनि व्यवसायिक काम वा व्यवसाय सहायता काममा जोखिम उत्पन्न हुन सक्छ ।

जोखिम व्यवस्थापन र नैतिक व्यवसायिक अभ्यासको बलियो संस्कृतिले हानिकारक सम्भावित सञ्चालन जोखिम घटनाबाट रोक्न बैंक प्रतिबद्ध छ र घट्न सक्ने जोखिमका घटनासँग जुध्नसक्ने स्थितिमा छ । सञ्चालक समिति र उच्च व्यवस्थापनको काम र नीति, प्रक्रिया तथा प्रणालीले जोखिम व्यवस्थापन संस्कृतिको लागि बलियो आधार प्रदान गरेको छ ।

बैंकले प्रमुख नियन्त्रणका मापदण्ड, प्रमुख नियन्त्रण स्वमूल्याङ्कन र मुख्य जोखिम सूचकांकलाई उपकरणको रुपमा प्रयोग गरेर सञ्चालन जोखिम घटनाहरुलाई समयानुकुल बुझ्दै तथा लुकेका जोखिमलाई लेखाङ्कन, मूल्याङ्कन र नियन्त्रण गर्छ ।

बैंकले उच्चस्तरीय प्रशासनिक मापदण्डको सुनिश्चितता, आचारसंहिताको पालना साथै नियामक निकाय तथा बैंकको आन्तरिक नीति, प्रक्रियाहरू र मापदण्ड अनुपालनको पनि सुनिश्चितता गर्नुपर्छ ।

प्रभावकारी नीतिहरू, प्रक्रियात्मक मापदण्ड र स्तरीय सञ्चालन प्रक्रिया जोखिम व्यवस्थापनको लागि बलिया उपकरण हुन् । तसर्थ, विभागले नीति र प्रक्रियाहरूको पर्याप्तता र प्रभावकारिता तथा तिनको प्रभावकारी कार्यान्वयन नजिकबाट अनुगमन गरिरहेको हुन्छ र यी नियामक निकायको मापदण्डअनुसारको छ गतिशिल जोखिम वातावरण अनुकुल छ भन्ने निश्चित गर्छ ।

## ५.२ पूँजी व्यवस्थापन

### ५.२.१ गुणात्मक प्रकटीकरण

बैंकले "Integrated ICAAP and Stress Testing Guideline 2019" तयार पारेर कार्यान्वयन गरेको छ

जसलाई सञ्चालक समितिले पारित गरेको हो । यसले बैंकलाई आन्तरिक पूँजीको मात्रा, प्रकार र वितरण मूल्याङ्कन र सुधार गर्न सहयोग गर्छ जुन बैंकमा उजार हुन सक्ने जोखिमको प्रकृति र तहलाई ढाक्नको लागि पर्याप्त हुन्छ ।

आन्तरिक पूँजी योग्यता निर्धारण प्रक्रिया (ICAAP) मा सुशासन व्यवस्था, वस्तुगत जोखिम व्यवस्थापनको कुशल प्रक्रिया र आर्थिक पूँजी आंकलन र सुधारको लागि प्रभावकारी प्रणाली हुनु आवश्यक छ । आर्थिक पूँजीले (आर्थिक रुपमा आवश्यक पूँजी) ले बैंकको व्यवसाय सञ्चालन र सम्बन्धित जोखिमहरुमा लगानीको लागि आवयश्क पूँजीगत आवश्यकतालाई जनाउँछ ।

यस प्रकृयाले बैंकको जोखिम प्रोफाइल र यसको जोखिम व्यवस्थापन, नियन्त्रण वातावरण र रणनीतिक योजनाको प्रभावकारिताको सम्बन्धमा पूँजी पर्याप्तता आवश्यकताहरूको मूल्याङ्कन गर्न उचित विधि र प्रक्रियाहरू तोकेर आन्तरिक पूँजी पर्याप्तताको गणनाको लागि नीति र प्रक्रियात्मक मार्गदर्शन प्रदान गर्दछ ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा बैंकको वर्तमान र भविष्यको पूँजी आवश्यकताहरू सुनिश्चित गर्न विशेषगरी सञ्चालक समिति उत्तरदायी हुनेछ । व्यवस्थापनले बैंकले विभिन्न व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको जोखिमहरूको प्रकृति र स्तरको र यो जोखिम कसरी पूँजी स्तरसँग सम्बन्धित छ भनेर समीक्षा गर्नेछ र सोही अनुसार जोखिम व्यवस्थापनको लागि जोखिम व्यवस्थापन प्रारुप कार्यान्वयन गर्नेछ ।

### ५.२.२ गुणात्मक प्रकटीकरण

#### अ) पूँजीगत संरचना र पूँजीगत पर्याप्तता

#### क) प्राथमिक पूँजीतालिका

*रकम रु दश लाखमा*

| क्र.म | विवरण | रकम |
|---|---|---|
| क | चुक्ता पूँजी | ९,७१८ |
| ख | शेयर प्रिमियम/पूँजीगत मौज्दात | - |
| ग | प्रस्तावित बोनस शेयर | - |
| घ | वैधानिक सामान्य मौज्दात | ३,०५० |
| ङ | प्राप्त आम्दान | १,९७६ |
| च | चालू वर्षको अनुमानित सञ्चिती नाफा | - |
| छ | पूँजीगत छुट मौज्दात | १,१०० |
| ज | अन्य स्वतन्त्र मौज्दात | - |
| झ | स्थगन कर सम्पत्ति | - |
| ञ | अमूर्त सम्पत्ति | (११३) |
| ट | वित्तीय व्याजसहित संस्थागत स्वपूँजीमा लगानी | (२६०) |
| ठ | सीमा भन्दा अधिक जग्गा र भवन खरिद | - |
| | **प्राथमिक पूँजी** | **१५,४७०** |

#### ख) पुरक पूँजी तालिका

*रकम रु दश लाखमा*

| क्र.म | विवरण | रकम |
|---|---|---|
| क | सुरक्षण नराखेको सहायक आवधिक दायित्व | ७,७३५ |
| ख | सामान्य कर्जा नोक्सानी व्यवस्था | १,६११ |
| ग | सटही समीकरण कोष | ४० |
| घ | लगानी समायोजन मौज्दात | १५० |
| | **पुरक पूँजी** | **९,५३६** |

ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋणको (Subordinated Term Debt) बक्यौता रकम, परिपक्व हुने मिति तथा वर्षमा उत्पन्न रकम र पूँजी कोषको रुपमा गणना योग्य रकमको विस्तृत जानकारी ।

| विवरण | बक्यौता रकम | जारी मिति | परिपक्व मिति | ब्याजदर प्रतिशतमा* | पूँजीगत कोषको लागि योग्य रकम |
|---|---|---|---|---|---|
| ७.२५ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०७७ | ५०० | १५-मे-१४ | १४-मे-२१ | ७.२५ | ५०० |
| ९ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८१/८२ | ३,००० | १४-जनवरी-१८ | १३-जनवरी-२५ | ९ | ३,००० |
| ११ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८२/८३ | १,८३० | २०-सेप्टेम्बर-२०१८ | १९-सेप्टेम्बर-२५ | ११ | १,८३० |
| १० प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८५/८६ | २,४०५ | १-मार्च-२०१९ | २६-फेब्रुअरी-१९ | १० | २,४०५ |
| १०.२५ प्रतिशत एन आई सी एशिया बोन्ड २०८३/८४ | १,९४४ | २७-अगस्त-२०१९ | २७-अगस्त-२६ | १०.२५ | १,९४४ |
| **कूल** | **९,६७९** | | | | **९,६७९** |

**तर, ५० प्रतिशत प्राथमिक पूँजीगत कोष भएकाले कूल योग्य रकम रु ७,७३५ मिलियन रुपैयाँ हो ।**

*ब्याजदर अर्धवार्षिक रुपमा तिर्न सकिने खालको हो ।

## घ) पूँजीगतबाट कटौती

- ऋणपत्र जारी खर्चसँग सम्बन्धित अदृश्य सम्पत्ति र विदेशी मुद्रा बोन्डमा रहेको प्रिमियम गरी २२.९७ मिलियन रुपैयाँ प्राथमिक पूँजीबाट घटाइएको छ ।
- बैंकले एन आई सी एशिया क्यापिटल लिमिटेड, पूर्ण स्वामित्व भएको सहायक कम्पनी, मा गरेको रु २०० मिलियन रुपैयाँ बराबरको लगानी रकम प्राथमिक पूँजीबाट घटाइएको छ ।
- बैंकले एन आई सी एशिया सेक्युरिटिज् लिमिटेड, पूर्ण स्वामित्व भएको सहायक कम्पनीमा गरेको रु ६० मिलियन रुपैयाँ बराबरको लगानी रकम प्राथमिक पूँजीबाट घटाइएको छ ।
- बैंकले ज्योति लाईफ इन्सुरेन्समा सूचीकृत नभएको लगानी रु १५० मिलियन रुपैयाँ बराबरको लगानी रकम प्राथमिक पूँजीबाट घटाइएको छ ।

## ङ) कूल पूँजीगत कोष

*रकम रु दश लाखमा*

| क्र.म | विवरण | रकम |
|---|---|---|
| क | प्राथमिक पूँजी | १५,४७० |
| ख | पूरक पूँजी | ९,५३६ |
| **कूल पूँजीगत कोष** | | **२५,००६** |

## च) पूँजी पर्याप्तता अनुपात

१५ जुलाई २०२० मा गरिएको गणना अनुसार बैंकको पूँजी पर्याप्तता अनुपात १३.५० प्रतिशत छ ।

## छ) चालू र भविष्यका गतिविधिमा सहायता गर्न पूँजीगत पर्याप्तता अनुपात मूल्याङ्कनको लागि बैंकको आन्तरिक शैलीको संक्षिप्त विवरण

बैंकको बजेट नीति र रणनीतिक कागजातमा उल्लेख गरिए अनुसार बैंकले दीर्घकालिन योजना हासिलका लागि ५ वर्षे रणनीतिक योजना बनाएको छ र वार्षिक बजेट, सञ्चालन र रणनीतिक योजना बनाएको छ ।

व्यापार योजनाअनुसार बैंकको पूँजी पर्याप्तता बैंकको पूँजीको माग अनुरुप सुनिश्चित गर्न व्यवस्थापन र सञ्चालक समिति विवेकपूर्ण र सक्रियताका साथ "Integrated ICAAP and Stress Testing 2019" अनुसार पूँजी र जोखिम मूल्याङ्कन, दबाब परीक्षण र परिदृश्य परीक्षण, अनुगमन र रिपोर्टिङको प्रक्रियामा संलग्न छन् ।

"Integrated ICAAP and Stress Testing 2019" उच्च व्यवस्थापनलाई जोखिम प्रोफाइल, प्रवृत्ति, र पूँजी आवश्यकता सम्बन्धी आवश्यक जानकारी प्रदान गर्न औपचारिक अनुगमन र रिपोर्टिङ संयन्त्र स्थापना गरिएको छ । त्यस्ता, प्रतिवेदनहरू मासिक र त्रैमासिक रुपमा तयार पारी सम्बन्धित व्यवसाय इकाई/विभाग, एकीकृत जोखिम विभाग (IRMD), र सम्पत्ति दायित्व समिति (ALCO) बैठकमा राखिन्छ । थप त्रैमासिक रिपोर्ट समीक्षा र छलफलका लागि जोखिम व्यवस्थापन समिति र बोर्डमा प्रस्तुत गरिन्छ ।

## ज) विशेषगरी हाइब्रिड पूँजीगत औजारसहित अधिनस्थ अवधि ऋणको अवधि, सर्तहरु र मुख्य विशेषताको सारांश

साधारण शेयर पूँजी : बैंकसँग एक सय रुपैयाँ मूल्य भएका एउटै मात्र वर्गको ईक्विटी शेयर छ । ईक्विटी शेयर भएका हरेक व्यक्तिले एक शेयर बराबर एक भोटको अधिकार राख्छन् । बैंकको लिक्वीडेसन भएको खण्डमा ईक्विटी हुनेले अधिमान्य रकम वितरण गरेपछि बैंकको बाँकी सम्पत्ति प्राप्त गर्ने हक हुनेछ । शेयरधनीसँग भएको ईक्विटी शेयरको अनुपातमा बाँकी सम्पत्ति वितरण हुनेछ ।

ऋणपत्र : बैंकले ७.२५ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०७७, ९ प्रतिशत एन आई सी एशिया ऋणपत्र, ११ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८२-८३, १० प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८५/८६, १०.२५ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८३/८४ गरी क्रमश: ५० करोड रुपैयाँ, ३०० करोड रुपैयाँ, १८३ करोड रुपैयाँ, २४०.४ करोड रुपैयाँ, र १९४.४ करोड रुपैयाँको ऋणपत्र जारी गरेको छ । यी ऋणपत्रसँग कुनै मतदान अधिकार हुँदैन । बैंकको निक्षेपकर्तासँग ऋणपत्र अधिनस्थ हुनेछ ।

**आ) जोखिमका क्षेत्र**

**क) कर्जा जोखिम, बजार जोखिम र सञ्चालन जोखिमको तालिका**

*रकम रु दश लाखमा*

| क्र.म | जोखिम भार क्षेत्र | रकम |
|---|---|---|
| क | कर्जा जोखिम वापतको जोखिम भारित सम्पत्ति | १७०,५३३ |
| ख | चालन जोखिम वापतका भारित सम्पत्ति | ८,३४५ |
| ग | बजार जोखिम वापतको भारित सम्पत्ति | १६५ |
| घ | Pillar II अन्तर्गतको समायोजन | |
| ङ | सम्पत्ति दायित्व व्यवस्थापन सम्बन्धी नीतिहरु र अभ्यास सन्तोषजनक नभएको कारण कुल आयको ३ प्रतिशत जोखिम भारित सम्पत्तिमा जोड्ने | २,५९३ |
| च | जोखिम भारित क्षेत्रका लागि दुई प्रतिशत थप | ३,५८१ |
| **कुल जोखिमवापतको भारित सम्पत्ति (Total RWE)** | | **१८५,२१६** |

**ख) कर्जा जोखिमको ११ वर्ग अन्तर्गत जोखिम**

*रकम रु दश लाखमा*

| क्र.म | जोखिम वर्गीकरण | खुद वासलात मूल्य | RWE |
|---|---|---|---|
| क | केन्द्रिय बैंक र सरकारससँग दाबी | ४८,९४९ | |
| ख | अन्य वित्तीय संस्थासँगको दाबी | | |
| ग | बैंकहरुसँगको दाबी | १६,२५४ | ३,२५१ |
| घ | कर्पोरेट र जमानत कम्पनीसँग दाबी | ५६,५२४ | ५६,५२४ |
| ङ | उपभोक्ता तथा साना कर्जा (Regulatory Retail Portfolio) (भाखा ननाघेको) | ६७,३७१ | ५०,५२८ |
| च | आवासीय सम्पत्तिबाट सुरक्षित पारिएको दाबी | ९,९३९ | ६,००६ |
| छ | व्यापारिक घरजग्गाबाट सुरक्षित पारिएको दाबी | २६१ | २६१ |
| ज | विगतको बाँकी दाबी | २,७६३ | ४,१४५ |
| झ | उच्च जोखिम दाबी | २५,९६७ | ३७,४८९ |
| ञ | अन्य सम्पत्ति | १४,४८६ | ७,७८० |
| ट | गैर वासलात विवरण | १७,७२४ | ४,५४९ |
| **कूल** | | **२६०,२३८** | **१७०,५३३** |

**इ) कुल जोखिम भारित सम्पत्ति गणनाको तालिका विवरण**

*रकम रु दश लाखमा*

| ए. वासलात | खुद किताबी मूल्य (ए) | विशेष व्यवस्था र मुल्याङ्कन समायो जन (बी) | उपयुक्त सीआर एम | खुद मूल्य (डी) (ए–बी–सी) | जोखिम भार प्रतिशतमा (ई) | जोखिम भारित सम्पत्ति (डी*ई) |
|---|---|---|---|---|---|---|
| नगद मौज्दात | ५,४५४ | - | - | ५,४५४ | ०% | - |
| राष्ट्र बैंकसँग रहेको मौज्दात | १८,७२१ | - | - | १८,७२१ | ०% | - |
| सुन | ९ | - | - | ९ | ०% | - |
| सरकारी सुरक्षणपत्रमा लगानी | २६,१७८ | - | - | २६,१७८ | ०% | - |
| सरकारसँगको सबै दाबी | ३,९७६ | - | - | ३,९७६ | ०% | - |
| राष्ट्र बैंकसँग निष्काशित सुरक्षणपत्रमा लगानी | - | - | - | - | ०% | - |
| राष्ट्र बैंकसँगको सबै दाबी | ७४ | - | - | ७४ | ०% | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA ०-१) | - | - | - | - | ०% | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA ०-२) | - | - | - | - | २०% | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA ०-३) | - | - | - | - | ५०% | - |

*बाँकी अर्को पृष्ठमा...*

...अघिल्लो पृष्ठबाट निरन्तर

रकम रु दश लाखमा

| ए. वासलात | खुद किताबी मूल्य (ए) | विशेष व्यवस्था र मुल्याङ्कन समायो जन (बी) | उपयुक्त सीआर एम | खुद मूल्य (डी) (ए–बी–सी) | जोखिम भार प्रतिशतमा (ई) | जोखिम भारित सम्पत्ति (डी*ई) |
|---|---|---|---|---|---|---|
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA ४-६) | - | - | - | - | १००% | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA -७) | - | - | - | - | १५०% | - |
| बीआईएस, आईएमएफ, ईसीबी, ईसी र अन्य बहुपक्षीय विकास बैंक प्रारुपबाट पहिचान गरिएको दाबी | - | - | - | - | ०% | - |
| अन्य बहुपक्षीय विकास बैंकसँगको दाबी | - | - | - | - | १००% | - |
| सार्वजनिक संस्थासँग दाबी (ECA ०-१) | - | - | - | - | १००% | - |
| सार्वजनिक संस्थासँग दाबी (ECA ०-२) | - | - | - | - | २०% | - |
| सार्वजनिक संस्थासँग दाबी (ECA ३-६) | - | - | - | - | ५०% | - |
| सार्वजनिक संस्थासँग दाबी (ECA -७) | - | - | - | - | १००% | - |
| पूँजी पर्याप्तताको आवश्यकता पूरा गरेका स्वदेशी बैंकसँगको दाबी | १३,२०७ | - | - | १३,२०७ | २०% | २,६४१ |
| पूँजी पर्याप्तताको आवश्यकता पूरा नगरेका स्वदेशी बैंकसँगको दाबी | - | - | - | - | १००% | - |
| विदेशी बैंकसँग दाबी (ECA ०-१) | २,४२४ | - | - | २,४२४ | २०% | ४८५ |
| विदेशी बैंकसँग दाबी (ECA ०-२) | - | - | - | - | ५०% | - |
| विदेशी बैंकसँग दाबी (ECA ३-६) | - | - | - | - | १००% | - |
| विदेशी बैंकसँग दाबी (ECA ७) | - | - | - | - | १५०% | - |
| सार्क क्षेत्रमा सञ्चालित सम्बन्धित नियामकको पूँजी आवश्यकता भन्दा १ प्रतिशत बढीमा सञ्चालित बैंकसँग दाबी | ६२३ | - | - | ६२३ | २०% | १२५ |
| स्वदेशी कर्पोरेटसँग दाबी - (Credit Rating AAA) | - | - | - | - | - | - |
| स्वदेशी कर्पोरेटसँग दाबी - (Credit Rating AA+ to AA-) | - | - | - | - | - | - |
| स्वदेशी कर्पोरेटसँग दाबी - (Credit Rating A+ to A-) | - | - | - | - | - | - |
| स्वदेशी कर्पोरेटसँग दाबी - (Credit Rating BBB+ & below) | - | - | - | - | - | - |
| स्वदेशी कर्पोरेटसँग दाबी | ५६,७५८ | १९४ | ४० | ५६,५२४ | १००% | ५६,५२४ |
| विदेशी कर्पोरेटसँग दाबी (ECA ०-१) | - | - | - | - | २०% | - |
| विदेशी कर्पोरेटसँग दाबी (ECA ०-२) | - | - | - | - | ५०% | - |
| विदेशी कर्पोरेटसँग दाबी (ECA ३-६) | - | - | - | - | १००% | - |
| विदेशी कर्पोरेटसँग दाबी (ECA ७) | - | - | - | - | १५०% | - |
| नियमित खुद्रा पोर्टफोलियो (बाँकी नभएको) | ६७,७५२ | २१६ | १६४ | ६७,३७१ | ७५% | ५०,५२८ |
| Granularity बाहेक नियामकको सबै मापदण्ड पूरा गरेका दाबी | - | - | - | - | १००% | - |
| आवासिय घरजग्गाबाट सुरक्षित दावी | ९,८६२ | २९ | - | ९,८३३ | ६०% | ५,९०० |
| आवासिय घरजग्गाबाट पूर्ण सुरक्षित नभएको दावी (भाखा ननाघेको) | - | - | - | - | १५०% | - |
| आवासिय घरजग्गाबाट पूर्ण सुरक्षित नभएको दावी (भाखा नाघेको) | ११० | ४ | - | १०६ | १००% | १०६ |
| व्यापारिक घरजग्गाबाट सुरक्षण सुरक्षित दाबी | २६५ | ५ | - | २६१ | १००% | २६१ |
| भुक्तानी अवधि समाप्त भइसकेको दावी(आवासिय घरजग्गा सुरक्षित बाहेक) | ३,५८१ | ८१५ | ३ | २,७६३ | १५०% | ४,१४५ |
| उच्च जोखिम दाबी (भेञ्चर क्यापिटल, निजी सम्पत्ति लगानी, व्यक्तिगत ऋण र क्रेडिट कार्डबाट उपलब्ध हुने रकम) | २२,१९० | ११४ | २५२ | २१,८२४ | १५०% | ३२,७३६ |
| सुरक्षण पत्रको धितोमा दिइएको कर्जा (बोन्ड र शेयर) | ३८६ | ३ | - | ३८३ | १००% | ३८३ |
| स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी | २,५४० | - | - | २,५४० | १००% | २,५४० |
| स्टक एक्सचेन्जमा सूचीकृत नभएको कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी | १,२२० | - | - | १,२२० | १५०% | १,८३० |
| आवासीय सम्पत्तिबाट सुरक्षित कर्मचारी कर्जा | १,८६६ | - | - | १,८६६ | ५०% | ९३३ |
| सरकारी सुरक्षणमा प्राप्त हुने ब्याज/दाबी | ३१० | - | - | ३१० | ०% | - |
| मार्गस्थ नगद तथा कलेक्सनमा रहेको नगदजन्य सम्पत्ति | - | - | - | - | २०% | - |
| अन्य सम्पत्ति | ६,८४७ | - | - | ६,८४७ | १००% | ६,८४७ |
| **कूल (ए)** | **२४४,३५४** | **१,३८१** | **४५९** | **२४२,५१४** | - | **१६५,९८४** |

*रकम रु दश लाखमा*

| ए. वासलात | खुद किताबी मूल्य (ए) | विशेष व्यवस्था र मुल्याङ्कन समायो जन (बी) | उपयुक्त सीआर एम | खुद मूल्य (डी) (ए–बी–सी) | जोखिम भार प्रतिशतमा (ई) | जोखिम भारित सम्पत्ति (डी*ई) |
|---|---|---|---|---|---|---|
| रद्द गर्न सकिने प्रतिबद्धता | - | - | - | - | ०% | - |
| बिल कलेक्सन | ६६ | - | - | ६६ | ०% | - |
| फरवार्ड विनिमय सम्झौता दायित्वहरु | ३,९६० | - | - | ३,९६० | १०% | ३९६ |
| वास्तविक परिपक्व मिति ६ महिनासम्म भएको प्रतितपत्र (स्वदेशी प्रतिपक्ष) | १,३९० | - | २४ | १,३६५ | २०% | २७३ |
| विदेशी प्रतिपक्ष (ECA ०-१) | - | - | - | - | २०% | - |
| विदेशी प्रतिपक्ष (ECA २) | - | - | - | - | ५०% | - |
| विदेशी प्रतिपक्ष (ECA ३-६) | - | - | - | - | १००% | - |
| विदेशी प्रतिपक्ष (ECA ७) | - | - | - | - | १५०% | - |
| वास्तविक परिपक्व मिति ६ महिनाभन्दा बढी भएको प्रतितपत्र (स्वदेशी प्रतिपक्ष) | - | - | - | - | ५०% | - |
| विदेशी प्रतिपक्ष (ECA ०-१) | - | - | - | - | २०% | - |
| विदेशी प्रतिपक्ष (ECA २) | - | - | - | - | ५०% | - |
| विदेशी प्रतिपक्ष (ECA ३-६) | - | - | - | - | १००% | - |
| विदेशी प्रतिपक्ष (ECA ७) | - | - | - | - | १५०% | - |
| बिड बोन्ड, कार्यसम्पादन जमानत र काउन्टर ग्यारेन्टी (स्वदेशी प्रतिपक्ष) | ४,३९१ | - | १५१ | ४,२४० | ४०% | १,६९६ |
| विदेशी प्रतिपक्ष (ECA ०-१) | - | - | - | - | २०% | - |
| विदेशी प्रतिपक्ष (ECA २) | - | - | - | - | ५०% | - |
| विदेशी प्रतिपक्ष (ECA ३-६) | - | - | - | - | १००% | - |
| विदेशी प्रतिपक्ष (ECA ७) | - | - | - | - | १५०% | - |
| प्रत्याभूति (underwriting) सम्बन्धित प्रतिबद्धता | - | - | - | - | ५०% | - |
| बैंकहरुबाट सुरक्षणको रुपमा प्रदान गरिएको जमानतहरु (Lending of Bank's Securities or Posting of Securities as collateral) | - | - | - | - | १००% | - |
| पुन खरिद सम्झौता, विकल्पसहित सम्पत्ति बिक्री (रिपो र रिभर्स रिपो सहित) | - | - | - | - | १००% | - |
| अग्रिम भुक्तानी जमानत | ३३७ | - | २ | ३३४ | १००% | ३३४ |
| वित्तीय जमानत | - | - | - | - | १००% | - |
| स्वीकार तथा दरपीठ (Acceptance and Endorsements) | ५८ | - | ५ | ५३ | १००% | ५३ |
| भुक्तानी नगरिएको भाग तथ आंशिक भुक्तानी गरिएको शेयर तथा सुरक्षण (Unpaid portion of Partly paid shares and securities) | - | - | - | - | १००% | - |
| रद्द गर्न नसकिने कर्जा प्रतिबद्धता (अल्पकालिन) | ७,३८८ | - | - | ७,३८८ | २०% | १,४७८ |
| रद्द गर्न नसकिने कर्जा प्रतिबद्धता (दीर्घकालिन) | - | - | - | - | ५०% | - |
| सार्क क्षेत्रमा सञ्चालित सम्बन्धित नियामकको पूँजी आवश्यकता भन्दा १ प्रतिशत बढीमा सञ्चालित बैंकसँग दाबी | - | - | - | - | २०% | - |
| अन्य सम्भावित दायित्वहरु | ३१४ | - | - | ३१४ | १००% | ३१४ |
| भुक्तान हुन बाँकी र जमानत दावी | ३ | - | - | २ | २००% | ५ |
| **कूल (बी)** | **१७,९०६** | **-** | **१८३** | **१७,७२४** | | **४,५४९** |
| कर्जा जोखिम(ए)+(बी) | २६२,२६० | १,३८१ | ६४२ | २६०,२३८ | | १७०,५३३ |
| (Pillar II) मा समायोजन | | | | | | |
| एकल बाध्यकारी सीमा भन्दा अधिक ऋण र सुविधाको १० प्रतिशत (६.४ ए ३) | - | - | - | - | | - |
| स्रोत सहित कर्जा बिक्री भएमा १ प्रतिशत सम्झौता (बिक्री) मूल्य (६.४ ए ४) | - | - | - | - | | |
| **कर्जा जोखिमको लागि कूल (RWE)** | **२६२,२६०** | **१,३८१** | **६४२** | **२६०,२३८** | | **१७०,५३३** |

### ई) खुद र कुल निकृष्य कर्जा (NPA)

*रकम हजारमा*

| विवरणहरु | चालू वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|
| | कूल NPA | खुद NPA | कूल NPA | खुद NPA |
| पुनरसंरचना/पुनरतालिकीकरण गरिएका | - | - | - | - |
| कमसल ऋण | २२१,३५६ | १६६,०१७ | ४२५,९६५ | ३१९,४७४ |
| शंकास्पद ऋण | ६०५,०२० | ३०२,५१० | ५०,४८२ | २५,२४१ |
| खराब | ४८४,९५३ | - | २१३,९५५ | - |
| **जम्मा NPA** | **१,३११,३२८** | **४६८,५२७** | **६९०,४०२** | **३४४,७१४** |

### ५.२.३ बाह्य आवश्यकतासँग अनुपालन

२०१५/१६ को मौद्रिक नीति अनुसार वाणिज्य बैंकहरुले मध्य जुलाई २०१७ सम्ममा चुक्ता पूँजी रु ८ अर्ब रुपैयाँ पुऱ्याउनुपर्ने प्रावधान थियो । रिपोर्टिङ मिति अनुसार बैंकको चुक्ता पूँजी रु ९.७२ अर्ब नेपाली रुपैयाँ छ ।

### ५.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्वको वर्गीकरण

*रकम रु दश लाखमा*

| विवरणहरु | नोट | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|
| | | किताबी मूल्य | fair value | किताबी मूल्य | fair value |
| **सम्पत्ति** | | | | | |
| परिशोधित लागतमा मापन गरिएको सम्पत्ति | | | | | |
| नगद र नगद समान | ४.१ | १२,२९५ | १२,२९५ | २०,२१५ | २०,२१५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १८,७२१ | १८,७२१ | १६,०९८ | १६,०९८ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | ४.३ | - | - | ३८४ | ३८४ |
| ग्राहकलाई कर्जा सापट | ४.७ | १६०,१८४ | १६०,१८४ | १४२,५७४ | १४२,५७४ |
| | | **१९१,२००** | **१९१,२००** | **१७९,२७०** | **१७९,२७०** |
| नाफा र नोक्सान मार्फत fair value (FVTPL) | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ४.४ | ५,६३६ | ५,६३६ | ७,००६ | ७,००६ |
| अन्य विस्तृत आय मार्फत fair value (FVTOCI) | | | | | |
| लगानी सुरक्षण पत्र | ४.८ | २९,३१७ | २९,३१७ | १८,१५३ | १८,१५३ |
| सहायक कम्पनीमा लगानी | ४.१ | १,२६५ | १,२६५ | १,२०५ | १,२०५ |
| | | **३०,५८२** | **३०,५८२** | **१९,३५७** | **१९,३५७** |
| **दायित्वहरु** | | | | | |
| परिशोधित लागतमा मापन गरिएको दायित्व | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ४.१७ | ९,२७२ | ९,२७२ | १३,९२८ | १३,९२८ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाकी रकम | ४.१८ | - | - | ३१५ | ३१५ |
| ग्राहकको निक्षेप | ४.२० | २०१,६३० | २०१,६३० | १७१,४२८ | १७१,४२८ |
| जारी गरिएको ऋणपत्र | ४.२४ | ९,६५६ | ९,६५६ | ७,७१० | ७,७१० |
| | | **२२०,५५८** | **२२०,५५८** | **१९३,३८१** | **१९३,३८१** |
| नाफा र नोक्सान मार्फत fair value (FVTPL) | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ४.१९ | ५,६०१ | ५,६०१ | ६,९१३ | ६,९१३ |

## ५.३.१ वित्तीय सम्पत्ति र वित्तीय दायित्वको fair value

*रकम रु दश लाखमा*

| | fair value तह | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| नाफा र नोक्सान मार्फत fair value (FVTPL) | | | |
| वित्तीय सम्पत्ति | | | |
| फरवार्ड सटही सम्झौता | | ५,६३६ | ७,००६ |
| वित्तीय दायित्व | | | |
| फरवार्ड सटही सम्झौता | | ५,६०१ | ६,९१३ |
| अन्य विस्तृत आम्दानीमार्फत fair value | | | |
| वित्तीय सम्पत्ति | | | |
| ओसीआईमा लगानी सुरक्षण | | | |
| सुचिकृत ईक्विटी सुरक्षण | १ | १,५३५ | १,६०३ |
| सुचिकृत नगरिएको ईक्विटी सुरक्षण | ३ | १,२२० | १,२०७ |
| सहायक कम्पनीमा लगानी | | १,२६५ | १,२०५ |
| **जम्मा** | | **४,०२०** | **४,०१५** |

## संशोधित लागतमा राखिएको वित्तीय उपकरण

*रकम रु दश लाखमा*

| | fair value तह | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **वित्तीय सम्पत्ति** | | | |
| ऋण सुरक्षण | ३ | - | - |
| सरकारी वण्ड | ३ | २६,०६८ | १३,९४२ |
| सरकारी ट्रेजरी विल | ३ | ४९४ | १,४०१ |
| नेपाल राष्ट्र बैंक वण्ड | ३ | - | - |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा सापट | ३ | १२,७०८ | ६,९२३ |
| ग्राहकलाई कर्जा सापट | ३ | १६०,१८४ | १४२,५७४ |
| एकाउन्ट रिसिवेबल | | - | - |
| पाकेको आम्दानी | | - | - |
| **जम्मा** | | **१९९,४५४** | **१६४,८४०** |
| वित्तीय दायित्व | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ३ | ९,२७२ | १३,९२८ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाकी रकम | ३ | - | ३१५ |
| ग्राहकको निक्षेप | ३ | २०१,६३० | १७१,४२८ |
| सापटी | ३ | - | - |
| व्यवस्थाहरु | | - | - |
| अन्य दायित्व | | ६,८९१ | ५,१७६ |
| जारी गरिएको ऋणपत्र | | ९,६५६ | ७,७१० |
| सहायक दायित्व | | - | - |
| **जम्मा** | | **२२७,४४९** | **१९८,५५७** |

### ५.४.१ सामान्य जानकारी

**रिपोर्टिङयोग्य इकाईहरु :**

लक्षित ग्राहक प्रोफाइल, product र सेवाहरूको प्रकृति, भिन्न जोखिम र प्रतिफल, संगठन संरचना, आन्तरिक व्यापार रिपोर्टिङ प्रणालीलाई ध्यानमा राखी व्यपार इकाईलाई लेखाङ्कन र रिपोर्टिङ गरिएको छ । निम्न इकाईहरुमा बैंक सञ्चालित हुनछ ।

**क) कर्पोरेट बैंकिङ्ग**

कर्पोरेट ग्राहकलाई दिइएको ५ करोड रुपैयाँ भन्दा बढी मूल्यको ऋणलाई कर्पोरेट बैंकिङ अन्तर्गत वर्गीकरण गरिएको छ । कर्पोरेट ऋणबाट प्राप्त शुल्क आम्दानी, एलसी/बीजीबाट प्राप्त विदेशी मुद्रा सटही आम्दानी यो खण्डको आम्दानी हुन् । यो खण्डको खर्चतर्फ कर्पोरेट ऋण दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता ऋणको लागि घाटाको प्रावधान समेटिएको छ ।

**ख) रिटेल (खुद्रा) बैंकिङ्ग**

व्यक्तिलाई दिइने ऋण रिटेल बैंकिङ्ग अन्तर्गत वर्गीकरण गरिएको छ । यस्ता ऋणबाट प्राप्त शुल्क आय, व्याज आय यस खण्डको आम्दानीहरु हुन् । यो खण्डको खर्चतर्फ खुद्रा ऋण दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता ऋणको लागि घाटाको प्रावधान समेटिएको छ ।

**ग) साना र मझौला उद्यम (एसएमई) बैंकिङ्ग**

साना र मझौला उद्यमहरुलाई दिइएको ऋण एसएमई बैंकिङ्ग अन्तर्गत वर्गीकरण गरिएको छ । यो ऋणबाट प्राप्त शुल्क आम्दानी, एलसी/बीजीबाट प्राप्त विदेशी मुद्रा सटही आम्दानी यो खण्डको आम्दानी हुन् । यो खण्डको खर्चतर्फ एसएमई ऋण दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता ऋणको लागि घाटाको प्रावधान समेटिएको छ ।

**घ) विपन्न क्षेत्र (डीएसएल) बैंकिङ्ग**

समाजको वञ्चित क्षेत्रलाई प्रत्यक्ष प्रदान गरिएको ऋण (उदाहरणको लागि कृषि क्षेत्र) वा अप्रत्यक्ष (उदाहरणको लागि गरिब जनताको हितको लागि काम गरिरहेको संस्था) लाई दिइएको ऋणलाई डीएसएल बैंकिङ्ग अन्तर्गत वर्गीकरण गरिएको छ । यस्तो ऋणबाट प्राप्त हुने व्याज आय, शुल्क आय यो खण्डको आम्दानी हुन् । यो खण्डको खर्चतर्फ डीएसएल ऋण प्रदान गर्नको संकलित निक्षेपको खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्च साथै त्यस्ता ऋणको घाटाको प्रावधानलाई समेटिएको छ ।

**ङ) ट्रेजरी**

सरकारी बन्ड, ट्रेजरी बिल, प्लेसमेन्ट, विदेशी मुद्रा व्यापार र अन्य संस्थाहरूको शेयरमा लगानी भएका बैंकको ब्यालेन्स यस अन्तर्गत पर्दछन् । बन्ड र बिलको व्याज आय, विदेशी मुद्रा लाभ, लाभांश आय यस क्षेत्रको राजस्व वस्तु हो । यस खण्डको खर्चमा लगानी, विदेशी मुद्रा घाटा, व्यक्तिगत खर्च र परिचालन खर्चका लागि प्रयोग गरिएको निक्षेपहरूमा हुने व्याज खर्च र त्यस्ता लगानीहरूको लागि सिर्जना गरिएको घाटाको प्रावधान समावेश छ ।

**च) कारोबार बैंकिङ्ग**

कार्ड (डेबिट कार्ड/क्रेडिट कार्ड) बिक्रीबाट प्राप्त आम्दानी, मोबाइल र एसएमएस बैंकिङ्ग बिक्रीबाट प्राप्त आम्दानी, ग्राहक सेवा शुल्क, एजेन्सी रेमिट्यान्स कमिशन, लकर शुल्क, चेक प्रक्रिया शुल्क यो खण्डको आम्दानीहरु हुन् । यो खण्डको खर्चतर्फ व्यक्तिगत खर्च र सञ्चालन खर्च समावेश छ ।

**छ) अन्य**

माथिका कुनै पनि खण्डमा समावेश हुन नसकेका आम्दानी र खर्चहरु यस खण्डअन्तर्गत पर्छन् । सम्पत्तिको बिक्रीबाट प्राप्त हुने आम्दानी, अन्य शुल्क र प्राप्त हुने कमिशनहरु यस खण्डका आम्दानी वस्तुहरु हुन् । सामान्य व्यक्तिगत खर्च, सञ्चालन खर्च र सम्पत्तिका अपलेखनहरु यो खण्डका खर्चहरु हुन् ।

कर्पोरेट बैंकिङ्ग, रिटेल बैंकिङ्ग, एसएमई बैंकिङ्ग, डीएसएल बैंकिङ्ग, कारोबार बैंकिङ्ग र ट्रेजरीमा कम्तिमा पनि हाम्रा ७५ प्रतिशत आम्दानी समावेश हुन्छन् । यहाँ, त्यसैले यी खण्डहरुलाई रिपोर्टिङयोग्य खण्ड र बाँकीलाई अन्य खण्डमा वर्गीकरण गरिएको हो ।

### ५.४.२ नाफा वा घाटा, सम्पत्ति र दायित्वबारे जानकारी

*रकम रु दश लाखमा*

| विवरणहरु | कर्पोरेट | एसएमई | रिटेल | डीएसएल | टीबी | ट्रेजरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **बाह्य ग्राहकबाट प्राप्त आम्दानी** | **३,०२५** | **६,७८९** | **९,६५३** | **१,९९५** | **३८२** | **१,६०७** | **३५०** | **२३,८०२** |
| अन्तर इकाई खर्च/आम्दानी | (१३) | ५ | ७ | २ | - | - | - | - |
| **कुल आम्दानी** | **३,०१२** | **६,७९४** | **९,६५९** | **१,९९६** | **३८२** | **१,६०७** | **३५०** | **२३,८०२** |
| व्याज आम्दानी | २,८११ | ५,८९९ | ८,८८४ | १,८६९ | - | १,००० | २६० | २०,७२३ |
| व्याज खर्च | १,९३९ | ३,६९० | ५,२६५ | १,२७० | - | ९५५ | - | १३,११८ |
| **कुल व्याज आम्दानी** | **८७२** | **२,२०९** | **३,६१९** | **५९९** | **-** | **४६** | **२६०** | **७,६०५** |
| ह्रासकट्टी र परिशोधन | २२ | ८३ | ८७ | २२ | ० | २९ | १० | २५३ |
| **कर तिर्नुअघिको नाफा** | **३९४** | **१,२८८** | **१,६३६** | **३६५** | **१४८** | **४८४** | **८२** | **४,३९७** |
| कर्जाको क्षति प्रभार / (विपर्यय) तथा अन्य हानी | २४० | २७१ | ५२५ | ७८ | - | - | - | १,११४ |
| **इकाई अनुसार सम्पत्ति** | **१९,८०२** | **७७,२७४** | **८०,३०२** | **२०,६३६** | **११४** | **५२,४५२** | **१०** | **२५०,५९०** |
| **इकाई अनुसार दायित्व** | **२०,५३८** | **८०,१९७** | **८१,०८७** | **१३,७३०** | **४९** | **५४,९८८** | **०** | **२५०,५९०** |

### ५.४.३ सञ्चालन इकाईको नाफा वा नोक्सान, सम्पत्ति र दायित्वको मापन

बैंकले कारोबारको प्रमुख क्षेत्रहरू सञ्चालनको प्रकृतिको आधारमा लेखाङ्कन गरेको छ जसले निर्णय प्रक्रियामा बैंकको व्यवस्थापन समितिलाई निर्णय प्रक्रियामा र स्रोतहरू बाँडफाँडको लागि सहयोग गर्छ। यसले व्यवस्थापन क्षेत्रको प्रदर्शन आँकलन गर्न मद्दत गर्दछ। यो इकाई व्यवसायको प्रकृतिको आधारमा लेखाङ्कन गरिएको छ। लगानी रकम, राष्ट्र बैंकमा भएको रकम, लगानीबाट हुने आय, विदेशी मुद्राबाट प्राप्त आम्दानी प्रदेश ३ अन्तर्गतको केन्द्रिय कार्यालयमा प्रस्तुत गरिन्छ। अन्तर इकाई आम्दानी र खर्चलाई बैंकको नीतिअनुसार राखिएको छ र केन्द्रिय कार्यालयबाट हटाइएको छ।

### ५.४.४ उल्लेखयोग्य, इकाई अनुसारको आम्दानी, नाफा वा घाटा, सम्पत्ति र दायित्वको हिसाब मिलान

#### आम्दानी

*रकम रु दश लाखमा*

| | |
|---|---|
| उल्लेखयोग्य इकाईको लागि कुल आम्दानी | २३,८०२ |
| अन्य आम्दानीहरु | |
| हटाइएको अन्तर इकाई आम्दानी | |
| ईकाई आम्दानी | २३,८०२ |

#### नाफा वा घाटा

*रकम रु दश लाखमा*

| | |
|---|---|
| उल्लेखयोग्य इकाईको लागि कुल नाफा वा नोक्सान | ४,३९७ |
| अन्य नाफा वा नोक्सान | |
| हटाइएको अन्तरइकाई नाफा | |
| कर अघिको नाफा | ४,३९७ |

#### सम्पत्ति

*रकम रु दश लाखमा*

| | |
|---|---|
| उल्लेखयोग्य इकाईको लागि कुल सम्पत्ति | २५०,५९० |
| अन्य सम्पत्तिहरु | |
| कुल सम्पत्ति | २५०,५९० |

#### दायित्व

*रकम रु दश लाखमा*

| | |
|---|---|
| उल्लेखयोग्य खण्डको कूल दायित्वहरु | २५०,५९० |
| अन्य सम्पत्तिहरु | |
| कूल दायित्वहरु | २५०,५९० |

### ५.४.५ उत्पादन तथा सेवाबारे जानकारी

*रकम रु दश लाखमा*

| क्र.सं. | विभाग | आम्दानी |
|---|---|---|
| **१** | **कर्पोरेट** | **३,०२५** |
| **२** | **रिटेल** | **९,६५३** |
| अ | आवधिक घर कर्जा | ६,३६६ |
| आ | अद्यावधिक घर कर्जा | ७९७ |
| इ | अटो कर्जा | १,५४१ |
| ई | गोल्ड कर्जा | १५३ |
| उ | शेयर धितो राखेर कर्जा | ८८ |
| ऊ | शैक्षिक कर्जा | १०६ |
| ए | अन्य कर्जा | ६०२ |
| **३** | **साना तथा मझौला उद्यम** | **६,७८९** |
| अ | मझौला उद्यम | ४,१४४ |
| आ | मध्यम उद्यम | २८० |
| इ | सहज उद्यम | ४३१ |
| ई | साना उद्यम | १,९३४ |
| **४** | **विपन्न क्षेत्र कर्जा** | **१,९९५** |
| अ | प्रत्यक्ष विपन्न क्षेत्र कर्जा | १,२५६ |
| आ | अप्रत्यक्ष विपन्न क्षेत्र कर्जा | ७३९ |
| **५** | **ट्रेजरी** | **१,६०७** |
| अ | ट्रेजरी बिल र सरकारी सुरक्षण पत्रमा लगानी | १,२६५ |
| आ | कारोबार आय | ३४० |
| इ | पुनर्मूल्यांकन आय | २ |
| **६** | **कारोबार बैंकिङ्ग** | **३८२** |
| अ | कार्ड र नवीन बैंकिङ्ग | ३३१ |
| आ | अन्य कारोबार बैंकिङ्ग सेवा | ५१ |
| **७** | **अन्य सेवाहरु** | **३५०** |
| | अन्य | ३५० |
| | **जम्मा** | **२३,८०२** |

### ५.४.६ भौगोलिक क्षेत्रबारे जानकारी

**निम्न भौगोलिक क्षेत्रबाट प्राप्त आम्दानी**

| | क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| **क** | **स्वदेशी** | **२३,८०२** | **१००** |
| | प्रदेश १ | ४,८८५ | २१ |
| | प्रदेश २ | २,८९८ | १२ |
| | बागमती | ९,५९५ | ४० |
| | गण्डकी | २,३६० | १० |
| | लुम्बिनी | २,८३६ | १२ |
| | कर्णाली | ५४९ | २ |
| | सुदुर पश्चिम | ६७८ | ३ |
| **ख** | **वैदेशिक** | | |
| | **कूल** | **२३,८०२** | **१००** |

### ५.४.७ प्रमुख ग्राहकबारे जानकारी

एकैजना ग्राहकबाट कूल आम्दानीको १० प्रतिशत भन्दा बढी आम्दानी नाघेको छैन ।

### ५.५ शेयर विकल्प र शेयरमा आधारित भुक्तानी

बैंकसँग कर्मचारीलाई शेयर विकल्प दिने नीति छैन । यसै गरी, वर्षभरी बैंकले शेयर जारी गरेर कुनै पनि भुक्तानी दिएको छैन ।

### ५.६ आकस्मिक दायित्व र प्रतिबद्धता

### ५.६.१ आयकर दायित्व

बैंकले ठूलो करदाता कार्यालयबाट आर्थिक वर्ष २०६७- ६८ देखि २०७१-७२ सम्म self assessment अन्तर्गत पेश गरेको आयकर विवरणमा संशोधित कर निर्धारण आदेश प्राप्त गरेको छ । माथिको वित्तीय वर्षहरूको संशोधित कर निर्धारणद्वारा माग गरिएको थप कर दायित्व जरिवाना र ब्याजसहित रु ३१.४ करोड रकम छ । बैंकले सम्बन्धित निकायमा थप कर माग विरूद्ध पुनरावलोकनको अपील गरेको छ र दाबी गरिएको कर रकमको एक तिहाई आन्तरिक राजस्व विभागमा जमानतस्वरुप जम्मा गरेको छ ।

बाँकी निर्णय : यो अतिरिक्त मागदाबीबारे कुनै व्यवस्था गरिएको छैन र वित्तीय विवरणहरूको तालिका १७ मा सम्भावित दायित्वको रुपमा उल्लेख गरिएको छ ।

Self assessment प्रक्रिया अन्तर्गत बैंकले आर्थिक वर्ष २०७५/७६ सम्मको income tax return ठूला कर दाता कार्यालयमा दर्ता गरेको छ ।

### ५.६.२ आकस्मिक दायित्व

*रकम रु दश लाखमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| संकलन हुन बाँकी बिलहरु | ६६ | ३७ |
| अग्रिम विनिमय सम्झौता दायित्व | ३,९६० | ३,९०२ |
| प्रतितपत्र (पूरा रकम) दायित्व | १,३९० | १,३९७ |
| Bid Bond | ४,३९१ | ४,२९७ |
| अग्रिम भुक्तानी ग्यारेन्टी | ३३७ | ३०७ |
| Acceptances and Endorsement | ५८ | २८६ |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता | ७,३८८ | ५,३४२ |
| (Irrevocable Loan Commitment) | | |
| अन्य सम्भावित दायित्व | ३१४ | २७३ |
| भुक्तानी हुन बाँकी ग्यारेन्टी दाबी | ३ | ३ |
| | १७,९०६ | १५,८४३ |

### ५.७ सम्बन्धित पक्ष खुलासा

नेपाल लेखा मापदण्ड (NAS २४) अन्तर्गतको आवश्यकता अनुसार बैंकले निम्न लिखितहरुलाई सम्बन्धित पक्ष पहिचान गरेको छ ।

| नाम | सम्बन्ध |
|---|---|
| एन आई सी एशिया क्यापिटल लिमिटेड | पूर्ण स्वामित्वको सहायक कम्पनी |
| एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७.८७५ स्वामित्वको सहायक कम्पनी |
| एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड | पूर्ण स्वामित्वको सहायक कम्पनी |
| तुलसीराम अग्रवाल | अध्यक्ष |
| त्रिलोक चन्द अग्रवाल | सञ्चालक |
| रामचन्द्र संघई | सञ्चालक |
| राजेन्द्र प्रसाद अर्याल | सञ्चालक |
| विनोद कुमार प्याकुरेल | सञ्चालक |
| गणेश मान श्रेष्ठ | स्वतन्त्र सञ्चालक |
| निकुञ्ज अग्रवाल | सञ्चालक |
| रोशन कुमार न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |
| सुधिर नाथ पाण्डे | नायव प्रमुख कार्यकारी अधिकृत |
| सन्तोष कुमार राठी | सहायक प्र.का.अ - इमेज एन्ड एक्सपिरियन्स् प्रोजेक्सन, प्रमोसन एन्ड परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम |
| राजेश रावल | सहायक प्र.का.अ - परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम |
| कपिल ढकाल | सहायक प्रमुख कार्यकारी अधिकृत |
| जयन्द्र रावल | सहायक प्र.का.अ - क्रेडिट कन्ट्रोल, क्रेडिट अपरेसन एण्ड लिगल ईको सिस्टम |
| भेष राज खतिवडा | सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम |
| रन्जन खड्का | सहायक महाप्रबन्धक -स्ट्रटेजिक रीसोर्स पेनीट्रेसन ईको सिस्टम |
| दिपेन्द्र बहादुर राजभण्डारी | प्रमुख जोखिम अधिकृत |
| अर्जुन राज खनियाँ | चिफ क्वालिटी एशुरेन्स् ईको सिस्टम |
| विशाल सिग्देल | प्रमुख रणनीति अधिकृत |
| प्रकाश बराल | प्रमुख कर्जा अधिकृत |
| बपिन राजभण्डारी | प्रमुख प्रविधि अधिकृत |
| दिनेश भारी | प्रमुख कानुन |
| नारायण सुन्दर शिल्पकार | बरिष्ठ प्रबन्धक- एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम |
| रुपेश लुईंटेल | प्रमुख वित्तीय अधिकृत |
| राजु प्रसाद अधिकारी | प्रमुख आन्तरिक लेखापरीक्षक |
| कैलाश गौतम | प्रमुख डि एन ए एण्ड ट्यालेन्ट म्यानेजमेन्ट, जनरल एड्मिनिस्ट्रेशन एण्ड प्रोजेक्ट एण्ड ब्रान्डिङ्ग, |
| दिपेन कार्की | कम्पनी सचिव |
| सुमन थपलिया | प्रमुख बि.पि.आर, परफोर्मेन्स एशुरेन्स् ईको सिस्टम |

### ५.८ सञ्चालक समिति सदस्य भत्ता तथा सुविधाहरु

आर्थिक वर्ष भरीमा सञ्चालक समितिलाई बैठक भत्ता वापत रु ६८,४८,००० रकम भुक्तानी दिइएको छ। आर्थिक वर्षभर ३९ वटा बोर्ड बैठक बसेको थियो ।

१९ डिसेम्बर २०१८ मा बसेको २१औ वार्षिक साधारण सभाबाट पारित भएको र नेपाल राष्ट्र बैंकबाट २४ जनवरी २०१९ मा भएको स्वीकृति अनुसार सञ्चालक समिति अध्यक्ष र सदस्यलाइ प्रति बैठक क्रमश: २०,००० रुपैयाँ र १६,००० रुपैयाँ भुक्तानी दिइएको थियो । सञ्चालक समितिस्तरीय बैठकमा सहभागी हुंदा अध्यक्ष र सदस्यलाई त्यसअघि क्रमश: १४,००० र १२,००० दिइन्थ्यो। आर्थिक वर्षमा संचालकहरुलाई मासिक भत्ता (पत्रपत्रिता तथा टेलिफोन/मोबाइल भत्ता वापत) अनुरुप रु १४,८९,००० प्रदान गरिएको छ।

**सञ्चालक स्तरीय समितिलाई भुक्तानी दिइएको बैठक भत्ता निम्नानुसार छ :**

| सञ्चालक स्तरीय समिति | बैठक संख्या | बैठक भत्ता |
|---|---|---|
| सञ्चालक स्तरीय समिति | बैठक संख्या | बैठक भत्ता |
| संचालक समिति | ३९ | ३,७७६,००० |
| सम्पति शुद्धिकरण रोकथाम समिति | १४ | ५९२,००० |
| लेखापरीक्षण समिति | २० | ५२८,००० |
| कर्मचारी सेवा सुविधा समिति | ९ | ३२०,००० |
| जोखिम व्यवस्थापन समिति | २६ | १,२१६,००० |
| जग्गा अधिग्रहण समिति | ५ | २४०,००० |
| अधिग्रहण उप समिति | ३ | १७६,००० |
| **कूल** | | **६,८४८,०००** |

### ५.९ प्रवर्द्धकलाई दिइएको ऋण र पेश्की

बैंकले आर्थिक वर्षभरी प्रवर्द्धकलाई कुनै पनि प्रकारको ऋण दिएको छैन ।

### ५.१० प्रमुख व्यवस्थापकीय व्यक्तित्वहरुलाई क्षतिपूर्ति विवरण

प्रमुख कार्यकारी अधिकृत बाहेक व्यवस्थापन समितिका सदस्यहरुलाई भुक्तान गरिएको क्षतिपूर्ति निम्न अनुसार छन् :

| क्र.सं. | विवरण | रकम (रुपैयाँमा) |
|---|---|---|
| १ | अल्पकालीन कर्मचारी लाभ | ८६,०१५,९३८ |
| २ | रोजगारीपछिको लाभ | - |
| ३ | अन्य दीर्घकालिन लाभ | - |
| ४ | करार रद्द लाभ<br>(सुविधा र बिरामी बिदाबापत्को भुक्तानी) | - |
| ५ | शेयरमा आधारित भुक्तानी | - |
| | **कूल प्रमुख व्यवस्थापन व्यक्तित्व क्षतिपूर्ति** | **८६,०१५,९३८** |

**प्रमुख व्यवस्थापन व्यक्तित्वहरुलाई निम्न अनुसारको लाभ पनि प्रदान गरिएको छ :**

अ) कर्मचारी सेवा सुविधा विनियमावली अनुसारको सुविधा

आ) बोनस ऐन अनुसारको कर्मचारीलाई बोनस

**प्रमुख कार्यकारी अधिकारीलाई प्रदान गरिएको तलब र अन्य सुविधाहरु निम्नानुसार छन् :**

| विवरण | रकम (रुपैयाँमा) |
|---|---|
| **भत्तासहित प्रमुख कार्यकारी अधिकृतको कूल वार्षिक तलब** | **१८,०००,०००** |
| **कामको आधारमा प्रमुख कार्यकारी अधिकृतलाई यो आर्थिक वर्षमा दिइएको थप भत्ता** | |
| क) कर्मचारी बोनस* | ७,०५९,१३० |
| ख) प्रचलित कानुन अनसार भत्ता** | |
| ग) अन्य | |
| **प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको कूल तलब** | **२५,०५९,१३०** |
| **यो आर्थिक वर्षमा कूल कर्मचारी खर्च** | **२,९१३,५८०,९४१** |

* आर्थिक वर्ष २०७५/७६ को

** अन्य सुविधा अन्तर्गत प्रमुख कार्यकारी अधिकृतलाई एक सवारी साधन तथा सवारी साधनमा लाग्ने ड्राइभर, बीमा, कर, मर्मत संभार लगायतका खर्च बैंकले प्रदान गरेको । साथै, प्रमुख कार्यकारी अधिकृतलाई टेलिफोन खर्च रकमको सोधभर्ना समेत प्रदान गरेको ।

### ५.११ सहायक कम्पनीसँग भएको कारोबार

*रकम रु*

| क्र.सं. | विवरण | एन आई सी एशिया क्यापिटल | एन आई सी एशिया लघुवित्त | एन आई सी एशिया सेक्युरिटीज् |
|---|---|---|---|---|
| १ | भुक्तान गरिएको शेयर दर्ता शुल्क | ८२५,००० | | |
| २ | सहायक कम्पनीबाट प्राप्त निक्षेप | १०९,३१४,८४९ | | ६०,०००,००० |
| ३ | सापटी | | १,६३७,०९२,१२९ | |
| ४ | सहायक कम्पनीलाई दिइएको ब्याज | २५,७४५,५४५ | | २,२०५,४२३ |
| ५ | सहायक कम्पनीबाट प्राप्त ब्याज | | १८९,२१३,०४१ | |
| ६ | सहायक कम्पनीलाई भुक्तानी | | ७,२७६,५०४ | |
| ७ | सहायक कम्पनीबाट प्राप्त भुक्तानी | ४७६,१८४ | | |

समूहको वित्तीय विवरणको प्रस्तुतिमा अन्तर समूह आंकडाहरुलाई समावेश गरिएको छैन ।

### ५.१२ बिलय र अधिग्रहण – (Merger and Acquisition)

वर्षभरीमा कुन Merger and Acquisition भएका छैनन् ।

### ५.१३ समावेश नगरिएका संस्थाको अतिरिक्त खुलासा

१६ जुलाई २०२० सम्ममा बैंकसँग दुई वटा पूर्ण स्वामित्व भएका सहायक संस्थाहरु एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया सेक्युरिटीज् लिमिटेड र ६७.८७ प्रतिशत स्वामित्व भएको एन आई सी एशिया लघुवित्त वित्तीय संस्था छन् । यी सवैलाई वित्तीय विवरणमा समटिएको छ । यो वर्षमा वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै संस्था छैन ।

### ५.१४ रिपोर्टिङ मितिपछिका घटनाहरु

बैंकले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ । १६ जुलाई २०२० देखि यो वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्म कुनै उल्लेख्य घटनाहरु भएका छैनन ।

### ५.१५ गैर बैंकिङ्ग सम्पत्तिमा प्रभाव

गैर बैंकिङ्ग सम्पत्तिलाई लगानी सम्पत्ति अन्तर्गत देखाइएको छ । यसलाई fair value भन्दा कम वा गैर बैंकिङ्ग सम्पत्तिको सकार गर्ने क्रममा रहेको बक्यौता रकममध्ये जुन कम छ त्यसको आधारमा लेखाङ्कन गरिएको छ ।

*रकम रु हजारमा*

| सापटी लिनेको नाम | गैर बैंकिङ्ग सम्पत्ति सकार मिति | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| केदार अर्याल एन्ड निर्मल भेनियर उद्योग | ९ ओक्टोबेर १२ | | ७,४५६ |
| नागेश्वरी मल्टिपल ट्रेडिङ्ग कम्पनी प्रा लि | १४ अगस्त १५ | | ४,८३७ |
| अटो क्राफ्ट प्रा लि | ११ फेबुररी १८ | १५,८०० | १५,८०० |
| पि एन्ड पि ग्रुप | ७ जुन १८ | | ७,६५० |
| रेखा कुमारी खड्का । सरु शाही | १९ जुन १८ | २,५१३ | २,५१३ |
| कृष्ण दांगि । मन्जु गौतम | २ जुलाई १८ | १६,२९७ | १६,२९७ |
| शिवेन्द्र कुमार वर्मा । ज्योति कुमारी वर्मा | ५ जुलाई १८ | ३,२२० | ३,२२० |
| पूर्ण ब्रमा ट्रेड लिन्क | ५ जुलाई १८ | | २,४०० |
| राम कुमार लामा । तुलसा वैबा | २२ अगस्त १८ | ८,७८६ | ८,७८६ |
| न्यू क्रिनिशिका ट्रेडर्स | १० अक्टुबर १८ | | ५,००० |
| एन्टिक हिमालयन फर्निचर उद्योग प्रा लि | २६ डिसेम्बर १८ | | १९,००० |
| होटेल डेल्टा प्रा लि | ४ जनुअरी १९ | २०,५०० | २०,५०० |
| जय पथिभरा एग्रिकल्चर एन्ड लाईभ स्टक प्रा लि | ६ जनुअरी १९ | | ८,२५८ |
| श्री कालिका भि एस बि के ब्रिक इन्डस्ट्री | २३ जनुअरी १९ | १४,१६६ | १४,१६६ |
| शिव कुमारी शेर्मा थाम्सुहङ | २६ मार्च १९ | | १,०५६ |
| नेपाल प्लाईऊड ग्रुप | १० अप्रिल १९ | | १३९,००० |
| मार्शल् ग्रप | १९ सेप्टेम्बेर १९ | ४८,१२५ | |
| उग्रचन्दी नुडलस | २४ सेप्टेम्बेर १९ | १३,३२६ | |
| दिर्घ बहादुर आचार्य । सुशिल आचार्य | ३ अक्टुबर १९ | ५,४८७ | |
| गेउरिया फर्निचर उधोग | ४ अक्टुबर १९ | ५,०६६ | |
| श्री शाही ड्रिन्किङ वाटर इन्डस्ट्रिज | ११ अक्टुबर १९ | ३५,१०० | |
| जय मंगलम प्रोल्ट्री प्रा लि | १७ अक्टुबर १९ | ५३,४२५ | |
| गोपिचन रौत कुमी | १७ अक्टुबर १९ | ८५५ | |
| मोहन गौसला (युनिक) | १० डिसेम्बर १९ | १४,८६२ | |
| ओमकार कृषि तथा पशुपालन फर्म प्रा लि | १६ डिसेम्बर १९ | ६,८०० | |
| ॐ शान्ती फर्निचर उधोग | २५ डिसेम्बर १९ | १,४६५ | |
| नर बहादुर बि क । न्यू नेपाल कोहल्पुर कृष्ण सुनचाँदी पसल | २७ डिसेम्बर १९ | ७,००० | |
| दिनेश बन्जरा | २७ डिसेम्बर १९ | २,९०७ | |
| ओस्कर ट्रेड लिन्क | ३१ डिसेम्बर १९ | ४,६६३ | |
| अब्सोलुट इन्टरनेसनल प्रा लि | १ जनुअरी २० | ७,७१६ | |
| चाहना फर्निचर उधोग | ७ जनुअरी २० | २४,१५४ | |
| कुश्वहा रेडीमेड सेन्टर | १३ जनुअरी २० | ४,१०५ | |
| राजामती फेसन वेयर | १४ जनुअरी २० | २४,५०० | |
| फुर्बा शेर्पा | १४ जनुअरी २० | ६४५ | |
| जय मनोकामना कमर्शियल | १४ जनुअरी २० | १४,५५९ | |
| पञ्चदुरा ट्रेडर | १ मार्च २० | ६,६१८ | |
| सिनर्जी मिट एन्ड फीड सप्लायर्स | १८ मार्च २० | १७,०६७ | |
| नारायणी बहुउद्देश्य कृषि फर्म एन्ड सोभा पौडेल | १८ मार्च २० | १०,७४८ | |
| अड्देम्बे बंगुर पलन तथा कृषि फर्म | १९ मार्च २० | ४,०४९ | |
| प्रसिद फर्मा एन्ड रविन रोय | २० मार्च २० | १०,६०९ | |
| बस्कोटा सप्लायर्स | २० मार्च २० | ७,४६६ | |
| संकल्प किराना स्टोर | २० मार्च २० | ४,०५० | |
| बलराम नेपाल | २२ जुन २० | ९८० | |
| चित्र प्रकाश थापा | २८ जुन २० | २,२१४ | |
| आयुश किरना पसल | ३० जुन २० | ३,१६५ | |
| भुसाल रोडा सप्लायर | २ जुलाई २० | ६,८०० | |
| स्माएल होम एलेक्ट्रोनिक्स प्रा लि | ५ जुलाई २० | ३४,३०० | |
| शिव शक्ती इम्पेक्स | ६ जुलाई २० | ३०,२१० | |
| टेक बहादुर लिम्बु | ७ जुलाई २० | ७६६ | |
| हर्क बहादुर सार्की | १३ जुलाई २० | ९७९ | |
| **जम्मा** | | **४९६,०६४** | **२७५,९३९** |

**५.१६ अनुमानको परिवर्तन**

यस आर्थिक वर्षमा कुनै अनुमानको परिवर्तन छैन ।

**५.१७ Sakchyam Access to Finance for Poor Challenge Fund कार्यक्रमको लागि प्राप्त अनुदान :**

यो कार्यक्रम बेलायती सरकारको यूके एडको लगानी र नेपाल सरकार र बेलायती सरकारको सहकार्यमा सञ्चालित छ । स्थानीय र अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यमा यसलाई अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) को लागि Louis Berger ग्रुप इन्कर्पोरेसनले व्यवस्थापन गरिरहेको छ ।

ग्रामीण जनसंख्यालाई शाखा, शाखारहित बैंकिङ्ग र वैकल्पिक माध्यमबाट बैंकको पहुँच पुऱ्याउने यो परियोजनाको उद्देश्य हो । यो परियोजनाले गरिब जनता र समुदायलाई लक्षित गरी नयाँ अन्वेषणको विकास र कार्यान्वयनका साथै नयाँ वित्तीय उत्पादन र सेवाहरु प्रोत्साहन गर्ने लक्ष्य राखेको छ जसले ठूलो संख्यामा गरिब जनतालाई व्यवसायिक रुपमा दीगो हुने गरी सामाजिक- आर्थिक लाभ पुऱ्याउँछ । नेपालको मध्य र सुदुरपश्चिमाञ्चलमा विभिन्न आधुनिक र सहज वित्तीय सेवा पुऱ्याउनको लागि बैंकले डीएफआईडी नेपालको तर्फबाट लुईस बर्जरसँग सम्झौता गरेको छ । यो सम्झौताबाट बैंकले आफ्नो खर्च बराबरको रकम अनुदान स्वरुप पाउँनेछ । परियोजनाबाट प्राप्त पुनर्स्थापित रकम नेपाल एकाउन्टिङ मापदण्ड-२०, सरकारी अनुदान तथा सरकारी सहायताको जानकारी अनुसार उल्लेख गरिएको छ ।

| विवरण | रकम |
|---|---|
| हालसम्म प्राप्त हुने अनुदान | २२,८१२,६५९ |
| हालसम्म भएको खर्च | १६,४१७,७१८ |
| बाँकी अनुदान दायित्व | ६,३९४,९४२ |

**५.१८ प्रति शेयर आम्दानी**

ईक्विटी शेयरधनीहरुको कमाईको आधारमा बैंकले प्रति शेयर आम्दानीको मापन गर्छ । नेपाल एकाउन्टिङ मापदण्ड-३३ अनुसार प्रति शेयर आम्दानीको लागि शेयरलाई सम्बन्धित NAS को लागि भारित औसत नम्बरको रुपमा लिइन्छ ।

| सापटी लिनेको नाम | ईकाइ | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ईक्विटी शेयरधनीलाई हुने लाभ (क) | रकम हजारमा | ३,०९८,५३७ | ३,०२३,२८३ |
| प्रतिशेयर आधारभुत आम्दानीको गणनामा प्रयोग भएको ईक्विटी शेयरको भारित औसत नम्बर (ख) | | ९,७१७,६५२ | ८,८३४,२२८ |
| प्रतिशेयर आधारभुत आम्दानीको गणनामा प्रयोग भएको ईक्विटी शेयरको समायोजित भारित औसत नम्बर | | | ८,८३४,२२८ |
| प्रति (प्रत्येकको १०० रुपैयाँ) ईक्विटी शेयरको आधारभुत र डाइलुटेड आम्दानी (क/ख) | रुपैयाँ | ३१.८९ | ३१.११ |

स्वपूँजी धनीहरुको हालको आम्दानीलाई कमजोर पार्ने सम्भावित साधारण शेयर नभएकाले बेसिक ईपीएस र डाइलुटेड ईपीएस प्रस्तुत अवधिमा बराबर छन् ।

NAS ३३ को प्रावधान अनुसार कम्पनीले गतवर्षको प्रतिशेयर आधारभूत आम्दानी (बीईपीएस) र प्रतिशेयर डाईलुटेड आम्दानी (डीईपीएस) लाई समानरुपमा समायोजन र पुर्नस्थापन गरेको छ ।

**५.१९ प्रस्तावित वितरण (लाभांश र बोनस शेयर)**

मिति २०७७/०७/०४ मा बसेको सञ्चालक समितिको ४५९ औं बैठकले रु १,९४,३५,३०,३१४/-(अक्षरेपी एक अर्ब चौरानब्बे करोड पैतिस लाख तिस हजार तिन सय चौध रुपैयाँ मात्र) अर्थात् चुक्ता पूँजीको २० प्रतिशत लाभांश प्रस्ताव गरेको छ जस मध्य १९ प्रतिशत (रु. १,८४,६३,५३,७९८) बोनस शेयर तथा १ प्रतिशत (रु. ९,७१,७६,५१६) नगद लाभांश (कर प्रयोजनका लागि) वितरण गर्न प्रस्ताव गरेको छ ।

*रकम रु हजारमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नगद लाभांश घोषणा | ९७,१७६ | ९७६,४१५ |
| बोनस शेयर | १,८४६,३५४ | ८८३,४२३ |
| **कूल** | **१,९४३,५३०** | **१,८५९,८३८** |

**५.२० तिर्न बाँकी लाभांश**

रिपोर्टिङको मितिसम्ममा ५ वर्षमा तिर्न बाँकी लाभांश निम्नानुसार छन् :

*रकम रु हजारमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| ५ वर्ष भन्दा बढी अवधिसम्म संकलन नगरिएको | ८९,२६३ | ६१,७३९ |
| ५ वर्षसम्म संकलन नगरिएको | ७०,६९० | २८,८५८ |
| **कूल** | **१५९,९५४** | **९०,५९७** |

### ५.२१ निष्कृय कर्जा सम्पत्ति

वासलात तयार पार्दासम्म बैंकको खराब सम्पत्तिको दर ०.७५ प्रतिशत छ । यो अवधिसम्म जम्मा निष्कृय कर्जा सम्पत्ति रु १३१ करोड रुपैयाँ छ भने नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार हिसाब गरिएको निष्कृय कर्जा सम्पत्ति सम्बन्धी नोक्सान व्यवस्था सम्बन्धी रकम रु ८४ करोड रुपैयाँ छ जुन निष्कृय कर्जा सम्पत्तिको ६४ प्रतिशत हो । साथै, कुल कर्जा नोक्सानी व्यवस्था र निष्कृय कर्जाको अनुपात २२८ प्रतिशत छ ।

*रकम रु दश लाखमा*

| विवरण | यस वर्ष | गत वर्ष | परिवर्तन | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| **सक्रिय कर्जा** | **१७२,४३०** | **१४९,४१७** | **२३,०१३** | **१३%** |
| **निष्कृय कर्जा** | | | | |
| पुर्नसंरचना र पुर्नतालिका गरिएका | | - | | |
| कमसल | २२१ | ४२६ | -२०५ | -९२% |
| शंकास्पद | ६०५ | ५० | ५५५ | ९२% |
| खराब | ४८५ | २१४ | २७१ | ५६% |
| **कूल कर्जा र पेश्की** | **१७३,७४२** | **१५०,१०८** | **२३,६३४** | **१४%** |

**निष्कृय कर्जा दरहरु :**

| | |
|---|---|
| कूल कर्जा र पेश्कीसँग निष्कृय कर्जा | ०.७५ प्रतिशत |
| खुद कर्जा र पेश्कीसँग खुद निष्कृय कर्जा | ०.२८ प्रतिशत |

### ५.२२ निक्षेप र कर्जा सापटको संकेंद्रण (Concentration)

*रकम रु दश लाखमा*

| विवरण | ऋण र पेश्की तथा खरिद बिल | | निक्षेप र सापटी | | गैरकोष सम्बन्धि | |
|---|---|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| कूल बाँकी रकम | १७२,४३० | १५०,१०७ | २१०,८४३ | १७६,८२१ | १३,५६३ | ६,३२७ |
| एउटै ईकाईको संलग्नता | २,००० | १,५०० | ६,०२५ | ३,९६२ | १९० | ९३९ |
| संलग्नताको एकाग्रता | १.१६% | ०.९९% | २.८६% | २.२४% | १.४०% | १४.८४% |

संकेंद्रणको गणनाको लागि कर्जा सापट भनेको कर्मचारी कर्जा सापट र जम्मा भएको पाउनु पर्ने व्याज बाहेकको कर्जा रकम हो भने निक्षेप भनेको जम्मा भएको तिर्नु पर्ने व्याज बाहेकको रकम हो। कोष र गैर कोष दुवै एकल ग्राहक सीमा र क्षेत्रगत सीमा (निर्देशन नम्बर ३) राष्ट्र बैंकको निर्देशन अनुसार सीमा भित्रै छन् ।

### ५.२३ जगेडा कोष

#### ५.२३.१ साधारण जगेडा कोष

वर्षभरी सधारण जगेडा कोषमा भएको गतिविधि यसप्रकार छन् :

*रकम रु हजारमा*

| | | |
|---|---|---|
| **सुरुवाति रकम** | | **२,४२९,८०९** |
| बाफियाअनुसार रुकमान्तर | ६१९,७०८ | |
| **अन्तिम रकम** | | **३,०४९,५१७** |

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (बाफिया) को दफा ४४ को व्यवस्था अनुसार यो वर्षको २० प्रतिशत नाफा रकम रु ६१९,७०७,८७७ रुपैयाँ (गत वर्ष रु ६०४,६५६,५३३ रुपैयाँ) नाफा र नोक्सान समायोजन खातामार्फत सामान्य जगेडा कोषमा रकमान्तर गरिएको छ ।

#### ५.२३.२ सटही घतबढ जगेडा कोष

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४५ को व्यवस्था अनुसार बैंकले पुनर्मूल्याङ्कनमा प्राप्त लाभको २५ प्रतिशत नाफा र नोक्सान समायोजन खातामार्फत सटही घटबढ कोषमा रकमान्तर गर्नुपर्छ । यो वर्ष रु ५७२,०५७ रुपैयाँ (गत वर्ष रु ६३५,१०६) सटही घटबढ मौज्दातमा रकमान्तर गरिएको छ । सटही घटबढ जगेडा कोषको अन्तिम रकम रु ३९,५७९,३१६ रुपैयाँ छ ।

वर्षभरी सटही घटबढ जगेडा कोषमा भएको गतिविधि यसप्रकार छन् :

*रकम रु हजारमा*

| | |
|---|---|
| **सुरुवाति रकम** | **३९,००७** |
| पुनर्मूल्याङ्कन लाभको २५ प्रतिशत रकमान्तर | ५७२ |
| **अन्तिम रकम** | **३९,५७९** |

### ५.२३.३ पूँजी चुक्ता कोष

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ५ बमोजिम अनुमति प्राप्त संस्थाले डिवेञ्चर दायित्वको लागि पूँजी चुक्ता कोष राख्नुपर्छ। बैंकको '७.२५ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०७७' को लागि रु ८३,३३३,३३३ (गत आर्थिक वर्ष रु १३०,९५२,३७८) र '९ प्रतिशत एन आई सी एशिया ऋणपत्र २०८१/८२ ' को लागि रु ८३,३३३,३३३ नाफा नोक्सान समायोजन खाताबाट छुट्याईएको छ। आर्थिक वर्षको अन्त्यमा पूँजी चुक्ता कोषको अन्तिम मौज्दात रु १,१००,०००,००० रहेको छ।

### ५.२३.४ लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ८ संशोधनका बमोजिम, बैंकले 'बिक्रीको लागि उपलब्ध' लगानीको लागि लगानी समायोजन कोष खडा गर्नु पर्ने छैन । लगानी समायोजन कोषमा रहेको रकम ५६,२०४,०१० संचित मुनाफामा रुपान्तर गरिएको छ । यधपी, लगानीको ३ वर्ष सम्म कुनै कम्पनी धितोपत्रमा सुचिकृत हुँदैन भने लगानी समायोजन कोषमा लगनी बराबरको रकम रुकमन्तर गर्नु पर्ने हुन्छ। तसर्थ, ज्योति लाईफ इन्सुरेन्समा लगानी भएको रकम रु १५०,०००,००० रुकमन्तर यस आ व मा गरिएको छ।

*रकम रु हजारमा*

| | | |
|---|---|---|
| **सुरुवाति रकम** | | **५६,२०४** |
| संचित मुनाफा मा रकमान्तर | ५६,२०४ | |
| मौज्दातमा रकमान्तर<br>(ज्योति लाईफ इन्सुरेन्समा लगानी) | १५०,००० | |
| **अन्तिम रकम** | | **१५०,०००** |

### ५.२३.५ नियमकारी जगेडा कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका ४(३) का अनुसार इजाजतप्राप्त वित्तीय संस्थाले खुद नाफामा (बोनस र कर पछी) नियमकारी जगेडा कोष खडा गर्नु पर्ने हुन्छ। आ व २०७५/७६ र २०७६/७७ को मौजादा यस प्रकारले समायोजन गरिएको छ।

*रकम रु हजारमा*

| विवरण | २०७५/७६ | २०७६/७७ | जम्मा |
|---|---|---|---|
| Interest Suspense | ३९०,११८ | २६,३६९ | ४१६,४८७ |
| गैर बैंकिङ्ग सम्पत्तिलाई प्रावधान | ७४,३८३ | २०१,५५६ | २७५,९३९ |
| **नियामक कोषमा जम्मा मौजादा** | | | **६९२,४२५** |
| **नियमकारी जगेडा कोषमा reversal (37%)** | | | **२५६,१९७** |

राष्ट्र बैंकको निर्देशिका ४(३)(ख)(१) अनुसार आश्विन मसान्त २०७७ सम्म संकलन व्याज आम्दानीलाई नियमकारी जगेडा कोषमा रुपान्तर गर्नु पर्ने छैन । तसर्थ, आश्विन मसान्तमा संकलन व्याज आम्दानी रु २७३,८१५,९५६ लाई नियमकारी जगेडा कोषमा रुपान्तर गरिएको छैन ।

वर्षभरी नियमकारी जगेडा कोषमा भएको गतिविधि यसप्रकार छन

*रकम रु हजारमा*

| | | |
|---|---|---|
| **सुरुवाति रकम** | | **७२७,६४६** |
| मौज्दातमा रकमान्तर | २३,०४२ | |
| **अन्तिम रकम** | | **७०४,६०५** |

### ५.२३.६ सामाजिक उत्तरदायित्व कोष

*रकम रु हजारमा*

| | | |
|---|---|---|
| **सुरुवाति रकम** | | **४३,०९५** |
| मौज्दातमा रकमान्तर | ३०,९८५ | |
| वर्षभरीको खर्च | ३२,३३५ | |
| **बाँकी रकम** | | **४१,७४५** |

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ६ मा भएको संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था अनुसार बैंकले आफ्नो खुद नाफाको १ प्रतिशत यो वर्ष सामाजिक उत्तरदायित्व क्रियाकलापको लागि राखेको थियो । सामाजिक उत्तरदायित्वको लागि विनियोजित रकम यो वर्ष र गत वर्षको गरी क्रमश: रु ३०,९८५,३७० र रु ३०,२३२,८२७ रुपैयाँ छ ।

## ५.२४ बिदा र उपदानको लागि विनियोजित रकमको खुलासा

*रकम रु हजारमा*

| विवरण | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|
| | उपदान | बिदा (लगानी नभएको) | उपदान | बिदा (लगानी नभएको) |
| **वर्तमान दायित्व मूल्यमा परिवर्तन:** | | | | |
| वर्षको सुरुवातमा रहेको दायित्वको पीभी | १३९,७८४ | १५५,६२४ | १३०,५०१ | ९६,१९५ |
| ब्याज खर्च | ३१,२२६ | ५३,७६६ | ११,००४ | ७,७४८ |
| चालु सेवा खर्च | १०,७८७ | ११,७७४ | २४,९८० | ५०,५४२ |
| वितरित लाभ | (९,९०१) | (१६,९०६) | (१६,४६०) | (२०,२०५) |
| गणना गरिएको नाफा/घाटा | (३०,७४०) | (४४,६९६) | (७,२५७) | (५,७६७) |
| वर्षको अन्तिममा रहेको दायित्व | १४१,१५५ | १५९,५६१ | १४२,७६८ | १२८,५१२ |
| **सम्पत्ति योजनाको निष्पक्ष मूल्यमा भएको परिवर्तन** | | | | |
| वर्षको सुरुवातमा सम्पत्ति योजनाको पीभी | १३१,२६३ | - | | |
| ब्याज आम्दानी | (४,००७) | (१७३) | | |
| कर्मचारीको योगदान | १०,६३२ | ७,५४८ | | |
| वितरित लाभ | १३,१६९ | १८८,७१२ | | |
| सम्पत्ति योजनामा गणना गरिएको नाफा/घाटा | (९,९०१) | - | | |
| **वर्षको अन्त्यमा सम्पत्ति योजनाको निष्पक्ष मूल्य** | **१४१,१५५** | **१९६,०८८** | | |
| एसओएफपीमा पहिचान गरिएको रकम: | | | | |
| वर्षको अन्त्यमा दायित्वको वर्तमान मूल्य | १४१,१५५ | १५९,५६१ | १४२,७६८ | १२८,५१२ |
| वर्षको अन्त्यमा सम्पत्ति योजनाको वर्तमान मूल्य | १४१,१५५ | १९६,०८८ | ११७,९७० | - |
| **लगानी नभएको स्थिति** | **-** | **३६,५२६** | **(२४,७९९)** | **(१२८,५१२)** |

## ५.२५ Reconciliation of Reversal of Interest Income as per "Guideline on Recognition of Interest Income, 2019"

बैंकले "Guideline on Recognition of Interest Income, 2019" को आधारमा कर्जा तथा सापाटीको ब्याज आम्दानीको लेखन्कन गर्छ । धितोको खुद प्राप्त मूल्य जतीसुकै भयता पनि, बैंकले १२ महिना देखिको बक्यौता सांव र ब्याजको रु ५,०८४,६३८ ब्याज आम्दानीलाई decrognized गरेको छ । साथै बैंकले रु १७,३७२,५५२ ब्याज आम्दनी decrognized गरेको छ । उक्त रकम तीन महिना देखिको बक्यौता सांव र ब्याज सम्बन्धित रहेको छ जसको धित्तोबाट प्राप्त मूल्य सांव र ब्याज भन्दा कम रहेको छ ।

| विवरण | रकम |
|---|---|
| सुरुवाति ब्याज Reversal | ११,८०९,९२० |
| अन्तिम ब्याज Reversal | २२,४५७,१९० |
| वर्षभरीमा derecognized ब्याज आम्दानी | १०,६४७,२७० |

## ५.२६ पुर्नस्थापना अवस्था

| विवरण | जम्मा रकम | >३ महिना | >३ <६ महिना | >६ <१२ महिना | <१२ महिना |
|---|---|---|---|---|---|
| शाखा पुर्नस्थापना | शून्य | शून्य | शून्य | शून्य | शून्य |
| एजेन्सी एकाउन्ट | ३८,५६१ | ३७,४४० | २१५ | १ | ९०६ |

कूल रकम डेबिट र क्रेडिट रकमको जम्मा हो । भिन्नता पनि लेखाङ्कन, हिसाबमिलान गरिएको छ र आवधिक रुपमा समीक्षा गरिएको छ ।

## ५.२७ तालिम खर्च सम्बन्धी प्रकटीकरण

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ६ अनुसार बैंकले अघिल्लो वर्षको कूल कर्मचारी खर्चको ३ प्रतिशत रकम कर्मचारीको तालिम र व्यक्तित्व विकासमा खर्च गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार बैंकले आर्थिक वर्ष २०७६/७७ मा विभिन्न आन्तरिक र बाह्य तालिमको लागि रु ६१,९२१,०१७ रुपैयाँ खर्च गरेको छ ।

| विवरण | रकम |
|---|---|
| आर्थिक वर्ष २०७५/७६ मा कूल कर्मचारी खर्च | १,४८४,६९७,१५८ |
| माथिको रकमको ३ प्रतिशत | ४४,५४०,९१५ |
| **वर्षभरीमा गरिएको खर्च (बाह्य र आन्तरिक तालिम)** | **६१,९२१,०१७** |

**५.२८ व्याज पुजिकरण तथा छुट**

नेपाल राष्ट्र बैंकको निर्देशिका २(३९) अनुसार बैंक तथा बितिय संस्थाले राष्ट्रिय गौरब योजना अन्तर्गतका हाइड्रो पावर कम्पनीलाई प्रदान गरेको कर्जाको व्याज पुजिकरण गर्न मिल्ने व्यवस्था रहेको छ। बैंकले राष्ट्र बैंकको स्वीकृती लिएर moratorium period को व्याजलाई पूँजिकरण गर्न सक्छ। तदनुसार बैंकले हाइड्रो पावर कम्पनीलाई प्रदान गरेको कर्जाको आ व ७५/७६ को व्याज रु ५६,५३८,३५७ लाई पूँजिकरण गरेको छ।

साथै कोभिड १९ ले अर्थतन्त्रलाई पारेको असर कमी पर्न राष्ट्र बैंकको निती अनुसार व्याजमा १०% छुट प्रदान गरेको छ। मिती २०७६/१२/१६ को सूचना अनुसार चैत्र मसान्त सम्ममा आर्जित व्याज चैत्र मसान्त सम्म भुक्तानी भएमा व्याज रकमको १०% छुट प्रदान गरेको छ। बैंकले त्यस अन्तर्गत रु २.८ करोड छुट प्रदान गरेको छ।

लम्बिएको लकडाउनले सबै प्रकारका अर्थिक गतिबिधीमा परेको असरलाई विश्लेषण गर्दै राष्ट्र बैंकको पुन: सूचना (मिती २०७७/०१/१६) अनुसार लागु व्याजदर २% घटाएको छ। जारी व्याज दरमा २% छुट दिदै बैंकले ५ अर्ब कर्जामा १,३१६ ऋणीलाई रु ४१.२ करोड छुट प्रदान गरेको छ।

साथै बैंकले आफ्नै निती बमोजिन पनि व्याजमा छुट प्रदान गरेको छ। बैशाख २०७७ र जेष्ठ २०७७ महिनामा आर्जित व्याज समयमा नै भुक्तनी भए बैंकले व्याजमा १०% छुट प्रदान गरेको छ। यस अन्तर्गत बैंकले रु ३८.६ करोड छुट प्रदान गरेको छ।

नेपाल राष्ट्र बैंकले जारी गरेको कोभिड सम्बन्धित हरेक निर्देशनको पालान गरेको छ।

**५.२९ आ व ७५/७६ को मौज्दात पुन: स्थापना र पुन: बर्गिकरण**

आ व ७५/७६ को लेखा पारीक्षण वित्तीय विवरणको अन्तिम मौज्दात र आ व ७६/७७ को लेखा परीक्षण वित्तीय विवरणको शुरुको मौज्दात उत्तम प्रस्तुतीकरणका लागि पुन: बर्गिकरण गरिएको छ। साथै पहिले सम्पत्ति तथा दायित्वलाई खुद मौज्दातमा देखाइएको थियो भने अहिले कुल मौज्दातमा देखाइएको छ र नयाँ अनुसुचीको प्रबेश सँगै उपयुक्त खर्चलाई उक्त सुचीमा बर्गिकरण गरिएको छ।

| क्र.स. | विवरण | आ व ७५/७६ लेखपरिक्षण वित्तीय विवरण अनुसारको अन्तिम मौजादा | समायोजन | आ व ७६/७७ लेखपरिक्षण वित्तीय विवरण अनुसारको शुरु मौजादा | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्य सम्पत्तिहरु | २,१६२,२९४,२६४ | ५१,३२१,१५५ | २,२१३,६१५,४२० | आ व ७५/७६मा अग्रिम कर भुक्तनी खुद चालु दायित्वमा देखाइएको |
| २ | बैंक तथा वित्तिय संस्थालाई तिर्न बाँकी | ८,५३५,६४६,४७५ | ५,३९२,२७८,३१८ | १३,९२७,९२४,७९३ | आ व ७५/७६मा अन्तर बैंक सपटी ग्रहकबाट निक्षेपमा देखाइएको |
| ३ | ग्रहकबाट निक्षेप | १७६,८२०,६८८,९१४ | (५,३९२,२७८,३१८) | १७१,४२८,४१०,५९६ | आ व ७५/७६मा अन्तर बैंक सपटी ग्रहकबाट निक्षेपमा देखाइएको |
| ४ | अन्य दायित्व | २,०४५,७१३,०९० | ३,१३०,५९९,७९७ | ५,१७६,३१२,८८८ | श्रोतमा कर कट्टी चलु दयित्वमा प्रस्तुत गरिएको। |
| ५ | कार्यालय सञ्चालन खर्च | ८६८,५५४,७४९ | १७०,५८३,३९० | १,०३९,१३८,१३९ | नयाँ अनुसूची अनुसार अन्य खर्चलाई कार्यालय सञ्चालन खर्चमा रुपान्तरण गरिएको |
| ६ | सञ्चालन लिज खर्च | ३३९,२२९,८९० | ४,३५९,१३९ | ३४३,५८९,०२९ | भाडा खर्चलाई अन्य खर्च बाट सञ्चालन लिज खर्चमा रुपन्तर गरिएको |
| ७ | अन्य | ४६६,२९१,८२० | (१७४,९४२,५२९) | २९१,३४९,२९१ | अन्य खर्चलाई सञ्चालन लिज खर्च कार्यलय सञ्चालन खर्चमा रुपान्तर गरिएको |
| ८ | सम्भावित दायित्व | ४०,२२२,०६४,१०४ | (२४,२८०,७९४,४७६) | १५,९४१,२६९,६२८ | Un-drawan limits गलत रुपमा उल्लेख गरिएको |

# सहायक कम्पनी
# एन आई सी एशिया क्यापिटल लिमिटेडको
# वार्षिक विवरण

# चौथो वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन
# आर्थिक वर्ष २०७६/७७
# संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी एन आई सी एशिया बैंक लिमिटेडका प्रतिनिधि एवं उपस्थित महानुभावज्युहरु,**

एन आई सी एशिया क्यापिटल लिमिटेडको चौथो वार्षिक साधारण सभामा उपस्थित सबैलाई संचालक समितिको तर्फबाट म हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेड सम्पुर्ण वित्तीय सेवा उपलब्ध गराई नेपालको वित्तीय क्षेत्रमा नेतृत्वदायी भुमिका खेल्नका लागि शतप्रतिशत सहायक कम्पनी रुपमा स्थापना गरी एक कर्पोरेट नागरिकको रुपमा आफ्नो सेवाग्राहीहरुलाई आधुनिक प्रविधीबाट सहज र सर्वोतम लगानी र उच्चतम बृद्धीको अवसर सर्वसुलभ सेवा उपलब्ध गराई नेपालको वित्तीय क्षेत्रमा नेतृत्वदायी भुमिका निभाउने उद्देश्य अनुसारको कार्य गर्न यस एन आई सी एशिया क्यापिटल लिमिटेड सफल भएको छ ।

कम्पनीले समीक्षा अवधिमा गरेको प्रगति, आफ्नो व्यवसाय विस्तारमा लिएको रणनीति तथा भविष्यमा लिइने रणनीतिक योजनाहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउनु मेरो लागि एक सम्मान र सुअवसर दुवै हो । म यस अवसरमा यहाँहरु समक्ष एन आई सी एशिया क्यापिटल लिमिटेडले आ.व. २०७६/०७७ मा राम्रो व्यवसाय विस्तार गरी उचित मुनाफा आर्जन गर्न सफल भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

यहाँहरु समक्ष म संचालक समितिको अध्यक्षको हैसियतले वर्तमान प्रतिस्प्रधात्मक अवस्थामा संचालक समितिको तर्फबाट यहाँहरुलाई पूर्ण सहयोग र साथ रहने ब्यहोरा जानकारी गराउँदछु । हाल कम्पनीको वर्तमान व्यवस्थापनसँग क्यापिटलले लिएको अल्पकालिन तथा दीर्घकालीन व्यवसायिक रणनीतिक कार्ययोजना सफलता पूर्वक अगाडी बढाउनको लागि सक्षम रहेको विश्वास लिएका छौं । कम्पनीले लिएका हरेक लक्ष्य कार्ययोजनाहरु पुरा गर्नको लागि हाम्रो तर्फबाट पूर्ण साथ, सहयोग र सद्भाव रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।

अब, म उपस्थित महानुभावहरुमा यस आर्थिक वर्षमा देशमा मर्चेण्ट बैंकिङ्ग व्यवसायको अवस्था र यस कम्पनीको आ.व.२०७६/०७७ को कार्यसम्पादनको समीक्षा तथा भावी योजनाहरुको विस्तृत समीक्षा प्रस्तुत गर्दछु ।

**एन आई सी एशिया क्यापिटलको समीक्षा**

हामी मिति २०७३ साल फागुन २२ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार शुरु गरेको र सफलतापुर्वक करीब ४ वर्ष र एक त्रैमास पुरा गरेका छौ । जब हामीले व्यवसायको शुरुवात गर्दा १९ बटा मर्चेण्ट बैंकरहरु मात्र सञ्चालनमा रहेका थिए भने हाल हामी सहित मर्चेण्ट बैंकरहरुको संख्या ३२ वटा पुगिसकेको छ। यस क्यापिटल सञ्चालनमा आएको पहिलो आर्थिक वर्षमा नै २ प्रतिशत नगद लाभाँश (खुद लाभाँश) वितरण गर्न सफल भएका थियौं । सो समयमा हामीले व्यवसाय सञ्चालन गरेको जम्मा चार महिना मात्र थियो र आ.व. २०७४/०७५ को लागि ७ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका थियौं । क्यापिटलको मिति २०७४/०५/२२ गते पहिलो वार्षिक साधारण सभाले १०० प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय पारित हुनासाथ मिति २०७५ पौष महिनाको २५ गते पूँजि बृद्धी गरेको थियौं । आ.व. २०७५/०७६ को अवधीमा, हामी ११ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका छौं ।

आर्थिक वर्ष २०७६/७७ अवधीमा, क्यापिटलले २२,३६५ वटा हितग्राही खाता खोल्न सफल भयो र आ.व.२०७६/७७ अन्तसम्म क्यापिटलको हिताग्रही खाता १,९०,४१० भएको जसले हामी मर्चेण्ट बैंकर उद्योगमा ११.०१ प्रतिशत बजार ओगटेर ७६ वटा निक्षेप सदस्य कम्पनीहरु मध्ये पहिलो स्थानमा पुग्न सफल भएका छौं । साथै आ.व. २०७६/७७ अन्तसम्मा हिताग्रही खाता २,८२,४०० पुऱ्याउने लक्ष्य लिएको जानकारी गराउँदछु ।

आ.व. २०७६/७७ सम्ममा हाम्रो शेयर रजिष्ट्रारको सेवा प्राप्त गर्ने कम्पनीहरुको संख्या ८ पुगेको छ । हामीले पाँच वटा कम्पनीको शेयरको निष्काशन तथा बिक्री प्रबन्धक तर्फ सुर्या लाईफ इन्सोरेन्सको हकप्रद शेयर र एन आई सी एशिया ब्यालेन्सड् फण्ड, नागरिक लगानी कोष र सुर्या लाईफ इन्सोरेन्सको एन आई सी एशिया बैंक लि.को नाममा रहेको संस्थापक शेयर लिलामी मार्फत बिक्री गर्ने कार्य सम्पन्न गरेका छौ ।

आ.व. २०७६/७७ सम्ममा लगानी व्यवस्थापनमा सोचे जस्तो प्रगति नभएको देखिन्छ तथापी समीक्षा अवधि आषाढ मसान्त, २०७७ सम्म हामीले २९२ जना ग्राहक मार्फत रु ५७.१२ करोड बराबरको रकम लगानी व्यवस्थापन गर्न सफल भएका छौ जुन हालको कोरोना माहामारीका कारणबाट बन्द भएको बजारमा उत्साहाजनक मान्न सकिन्छ ।

समीक्षा अवधिमा एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गतको पहिलो खुल्लामुखी योजना “एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड” सञ्चालन गर्नको लागि नेपाल धितोपत्र बोर्डमा मिति २०७६ माघ २६ गते स्वीकृतीका लागी आवेदन दिएको छ । साथै विशिष्टिकृत लगानी कोष सञ्चालनका निम्ती समेत नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको छ ।

समीक्षा अवधिमा एन आई सी एशिया क्यापिटल लिमिटेडको समग्र व्यवसायको आधारमा  निम्न स्थान हासिल गर्न सफल भएको छ ।

| क्रं. सं. | विवरण | समग्रमा स्थिति |
|---|---|---|
| १ | निक्षेप सदस्य सेवा तर्फ | पहिलो स्थान |
| २ | शेयर रजिष्ट्रार सेवा तर्फ | नवौं स्थान |
| ३ | लगानी व्यवस्थापन (पि.एम.एस) सेवा तर्फ | दोश्रो स्थान |
| ४ | निष्काशन तथा बिक्री प्रबन्धक सेवा तर्फ | - |

## १. समग्र आर्थिक वृद्धिदर

**(क) विश्व अर्थतन्त्र :**

अन्तराष्ट्रिय मुद्रा कोष (IMF) ले सन् २०२० मा कोरोना महामारीको कारणले विश्व अर्थतन्त्र -४.९ प्रतिशतले ह्रास आउने जनाएको छ भने सन् २०१९ को सोही अवधिमा २.९ प्रतिशत रहेको थियो । हालको यो वर्ष विकसित तथा विकासशिल देशहरुको अर्थतन्त्र सन् २०२० मा क्रमश - ८ प्रतिशत एवम -३ प्रतिशत रहने प्रक्षेपण गरेको छ । सोही वृद्धिदर सन् २०१९ मा क्रमश १.७ प्रतिशत एवम ३.७ प्रतिशत रहेको थियो । पहिलो पटक सबै क्षेत्रहरुको २०२० मा नकरात्मक वृद्धि हुने अनुमान गरिएको छ । यद्यपि व्यक्तिगत अम्दानीमा ठुलो भिन्नताहरु पाइएको छ । जुन महामारीको विकास र यसको रोकथामको रणनीतिहरुको प्रभावकारितामा भर पर्ने देखिन्छ । सन् २०२० मा ग्लोबल व्यापार ११.१ प्रतिशतले गहिरो संकुचन आउने प्रक्षेपण गरिएको छ । जसले पर्यटन सहित वस्तु तथा सेवाको मागमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । यस वर्ष मुद्रास्फीति  दर समेत कही घट्दो क्रममा रहने अनुमान गरिएको छ । अहिले विश्वभर चलिरहेको स्वास्थ्य संकटले गर्दा आपूर्ति संयन्त्रमा अवरोध, बेरोजगारी, राजनीतिक अशान्ति, विकसित देशहरु बीच व्यापार तनाव झन बढ्दै जाने देखिन्छ । एकै साथ महामारी र यसका विभिन्न क्षेत्रहरुमा पर्ने प्रभावहरु बारे पर्याप्त अनिश्चितालाई ध्यानमा राख्दै आगामी दिनमा आर्थिक क्रियाकलापहरु सञ्चालन गर्नु आजको आवश्यकता रहेको छ । महामारीको अवस्थालाई मध्येनजर गदै व्यवसाय विस्तार र मानव कल्याणको लागि एउटै कार्यायोजना बनाई अगाडी बढी दिगो विकासको लक्ष्य हासिल गर्न सकिने देखिन्छ ।

**(ख) छिमेकी अर्थव्यवस्थाको आर्थिक वृद्धि :**

छिमेकी देशको अर्थतन्त्रको वृद्धिदर कोरोना महामारीका कारणले गर्दा सुस्त नै रहेको देखिन्छ । बन्दाबन्दी पश्चात चीनको उद्योग धन्दा खुला हुन थालेकोले थोरै मात्रमा भए पनि अर्थतन्त्रमा वृद्धि हुने प्रक्षेपण गर्न सकिन्छ । सन् २०२० मा चीन तथा भारतको आर्थिक वृद्धिदर क्रमश १ प्रतिशत तथा -४.५ प्रतिशत हुने देखिन्छ । गत वर्ष उक्त वृद्धिदर क्रमश ६.१ प्रतिशत र ४.२ प्रतिशत रहेको थियो । दुई ठुला छिमेकी देशको अर्थतन्त्रमा पर्ने प्रभावको असर नेपालको अर्थतन्त्रमा समेत पर्ने देखिन्छ ।

**(ग) राष्ट्रिय आर्थिक गतिविधिहरु :**

कोरोनाको महामारीको बीच आर्थिक वर्ष २०७६/७७ नेपाली अर्थव्यवस्था सुस्त रहेको देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागले नेपालको यस आर्थिक वर्षको कुल ग्राहस्थ उत्पादन (जी.डी.पी.) २.२७ प्रतिशतले मात्र वृद्धि भएको जनाएको छ । तर प्रति व्यक्ति आय भने अमेरिकी डलर १०३९ बाट बडेर १०८६ पुगेको छ । कोरोना महामारीको कारणले आर्थिक कृयाकलापहरु ठप्प रहेको हुनाले आर्थिक वृद्धिदरमा कमी आएको देखिन्छ । कोरोनाको कारणले उद्योग व्यवसाय तथा सेवा क्षेत्रमा बढि प्रभाव परेको देखिन्छ । समग्रमा अर्थतन्त्र ३.२ प्रतिशतले बृद्धि हुने देखिन्छ । जुन अघिल्लो वर्ष ५ प्रतिशत रहेको थियो । स्थिर राजनीति, बलियो सरकार, संघियताको कार्यन्वयन जस्ता कारणले गर्दा आर्थिक गतिविधि बड्नको लागि उत्प्रेरित गर्न मद्दत गरेता पनि हालको कोरोना महामारीले आर्थिक वृद्धिदरमा कमी ल्याएको देखिन्छ ।  दुई अंकको आर्थिक वृद्धिदर कायम गर्नको लागि कोरोना महामारीको अन्त्य सँगै नेपाल सरकारले आर्थिक नीतिमा समसामयिक सुधार गर्दै लैजानु पर्ने देखिन्छ । आयतलाई निरुत्साहित गरि निर्यातलाई प्रोत्साहन गर्ने नीति कार्यन्यवन गर्दै लैजानु पर्ने देखिन्छ । बैदेशिक लगानीलाई आकर्षित गर्नको लागि आवश्यक नीति/नियम तर्जुमा गरि गर्नुपर्ने सम्पुर्ण प्रकियाहरुलाई एकद्धारा प्रणालि मार्फत गर्न मिल्ले व्यवस्था मिलाउनु पर्ने देखिन्छ । हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढी भएको हुँदा यस क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाहरुलाई आवश्यक पर्ने कृषि जन्य सामग्री, मल, बीउ, तालिम, सिंचाई तथा आवश्यक अनुदान आदिको व्यवस्था गरेको अवस्थामा समेत देशको उच्च आर्थिक वृद्धि हुनमा थप टेवा पुग्ने देखिन्छ ।




## २. पूँजी बजार

### (क) प्राथमिक बजार

नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०७६/०७७ मा जम्मा ९ वटा कम्पनीको रु. ३.९९ अर्व बराबरको प्राथमिक शेयरको सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरेको छ। उक्त सबै कम्पनीहरुले नै सर्वसाधारणमा शेयर निष्काशन गरी रु. ३.९९ अर्व बराबरको रकम संकलन गरिसकेका छन्। यो रकम गत आ.व. २०७५/०७६ को तुलनमा ४५.७१ प्रतिशतले कम हो जसको मुख्य कारण अहिलेको कोरोना माहामारी रहेको छ। साथै उक्त अवधिमा रु.४.४१ अर्व बराबरको हकप्रद शेयर निष्काशनको लागी ११ वटा कम्पनीलाई अनुमति प्रदान गरेको छ। त्यसतै उक्त अवधिमा १० बैंक तथा २ फाइनान्स कम्पनीलाई रु.४.४१ अर्व डिबेन्चर निष्काशनको अनुमति प्रदान गरेको छ। जसको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| विवरण | २०७३/०७४ | | २०७४/०७५ | | २०७५/०७६ | | २०७६/०७७ | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| प्राथमिक सार्वजनिक निष्काशन | १९ | १.४० | २१ | ८.३० | २८ | ७.३५ | ९ | ३.९९ |
| हकप्रद शेयर निष्काशन | ६९ | ४१.२० | ५५ | २५.७० | १९ | ५.८८ | ११ | ४.४१ |
| थप सार्वजनिक निष्काशन | ३ | ७.७८ | ६ | ११.५१ | - | - | - | - |
| सामूहिक लगानी कोष निष्काशन | ४ | ४.२५ | ४ | ४.८० | ६ | ६.५५ | २ | १.८ |
| ऋणपत्र तथा डिबेन्चर निष्काशन | - | - | १ | ३.०० | ११ | ९.०२ | १२ | २३.४५ |
| **जम्मा** | **९२** | **५४.६३** | **८७** | **५०.३१** | **६४** | **२८.८०** | **३४** | **३३.६५** |

### (ख) दोश्रो बजार :

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनाको अवधिमा नेप्से परिसूचक घट्दो क्रममा रहयो र मंसिर २०७६ मा ११०२ अंकसम्म आएर तीन महिनामा १६६८ अंकसम्म पुगेको थियो। कोरोना महामारीको कारणले बजारले तीन महिनामा देखिएको बढोत्तरीको ४५.२० प्रतिशतले कमी मात्र १७ कारोबार दिनमा नै आएको थियो। तत्पश्चात बन्दाबन्दीको काराणले गर्दा दोश्रो बजार पनि बन्द नै रहयो। समग्रमा आ.व. २०७६/०७७ मा नेप्से परिसूचक १०३ अंक ले बृद्दि भई आषाढ मसान्त, २०७७ मा १३६२.३५ बिन्दु कायम भएको थियो। समीक्षा अवधिमा, नेप्से परिसूचक न्युन विन्दु ११०२ अंक सम्म झरेको थियो भने अधिक विन्दु १६६८ अंक सम्म पुगेको थियो। साथै, आ.व. २०७६/७७ मा नेप्सेमा सूचिकृत हुने शेयरहरुको संख्या अत्यादिक मात्रामा वृद्धि भएकोले बजारमा शेयरको आपुर्ति बढी भई बिक्री चाप अधिक मात्रामा बढेको देखिन्छ। लामो समयको प्रतिक्षा पछि नेपाल स्टक एक्सचेन्जले ल्याएको अनलाईन प्रणालीको प्रभावकारीता बढ्दैं जानु, प्राथामिक निष्कासन भएको शेयरहरुमा माग भन्दा अत्याधिक मात्रमा आवेदन पर्नु, नयाँ लगानीकर्ताहरु बजार प्रति आकार्षित हुँदै जानु तथा कारोवार भएको शेयर तथा रकमको सहज रुपमा राफसाफको व्यवस्थ गरिएको जस्ता सुविधाले आगमी दिनहरुमा नयाँ लगानीकर्ताहरुमा शेयर बजार प्रति आकार्षण बढ्ने देखिन्छ।

साथै कोरोना महामारीको कारण लगानीको क्षेत्र संकुचन हुँदा बैंक तथा वित्तीय संस्थाहरमा अधिक तरलता रहेको छ। फलस्वरुप निक्षेप तथा कर्जाको व्याजदर घट्दो क्रममा

रहेको देखिन्छ। निक्षेप तथा कर्जाको व्याजदर घट्दो क्रममा रहेकोले आगामी दिनमा त्यसको सकारात्मक प्रभाव धितोपत्रको दोश्रो बजारमा पर्ने आशा गर्न सकिन्छ। साथै त्यसै गरि केही शेयर दलाल कम्पनीहरुले मार्जिन कारोवार सञ्चालनमा ल्याएकोले लगानीकर्ताहरु सहज रुपमा मार्जिन कर्जा प्राप्त भएको अवस्थामा पनि धितोपत्रको दोश्रो बजारमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
| सूचिकृत कम्पनीहरुको संख्या | २०८ | १९६ | २१३ | २१२ |
| सूचिकृत कम्पनीहरुको चुक्ता पूँजी | २८९.५९ | ३५२.०९ | ४१८.८७ | ४७३.३९ |
| कुल कारोवार दिन | २३० | २३३ | २४६ | १८२ |
| बजार पूँजीकरण (विलियनमा) | १,८५६.८२ | १,४३५.१४ | १५६७.५० | १,७९२.७६ |
| नेप्से सूचकाङ्क | १,५८२.६७ | १,२१२.३६ | १२५९.०१ | १,३६२.३५ |
| नेप्से फ्लोट सूचकाङ्क | ११६.१४ | ८७.१५ | ९२.४३ | ९५.४७ |
| नेप्से सेन्सेटिभ सूचकाङ्क | ३३६.०४ | २५५.२ | २७१.२५ | २८८.२५ |




**(ग) नेपालको शेयर बजारको स्थिति :**

समीक्षा अवधिमा शेयर बजार मिश्रित रहेपनि पहिलो चार महिना घट्दो क्रममा रहेको देखिन्छ भने त्यसपछि बजार केही बढ्ने क्रममा देखिए पनि समग्रमा समीक्षा अवधिमा जम्मा १०३ अंकले मात्र नेप्से परिसूचक वृद्धि भएको देखिन्छ। राजनीतिक स्थिरता पछि धितोपत्रको दोश्रो बजारमा राम्रो चहलपहल आउने अपेक्षा आम लगानीकर्ताहरुमा रहेको भएपनि सोचे जस्तो  सरकारले लगानिकर्ताको विश्वास वढाउन असफल भएको देखिन्छ। साथै कोरोना महामारी रोकथान तथा नियन्त्रण गर्नको लागि नेपाल सरकारले बन्दाबन्दी घोषणा गरेको र उक्त अवधीमा धितोपत्रको दोश्रो बजार समेत बन्द रहेको थियो। समीक्षा अवधिमा सरकारले विभिन्न नीतिहरुको माध्यमबाट समग्र आर्थिक अवस्था सुधार गर्ने प्रयास गरे पनि त्यसको प्रभाव शेयर बजारमा त्यती परेको देखिएन। यस बाहेक, अनलाइन ट्रेडिङ्ग प्रणालिमा आवद्ध लगानीकर्ताहरुको सहभागीता बढदै जानु, शेयर कारोवारको रकम भुक्तानी अनलाइन मार्फत गर्न व्यवस्था मिलाउनु, धितोपत्र दलाल मार्फत मार्जिन ट्रेडिङ्ग सुविधा प्रदान गर्नु, व्यक्तिगत तर्फ ५ प्रतिशत पूँजीगत लाभकरलाई अन्तिम करको रुपमा गणना गर्ने व्यवस्था मिलाउनु, बैंक तथा वित्तीय संस्थाहरुमा अधिक तरलता हुनु, कोरोनाको महामारीको कारणले गर्दा अन्य क्षेत्रमा तत्कालै ऋण प्रभाह हुने अवस्था नहुनु जस्ता कारणले गर्दा आगामी दिनमा नेप्से परिसूचकमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ। उता वाणिज्य बैंकहरुको आधारदर निरन्तर रुपमा घट्दै आइरहेका छ। जसले गर्दा कर्जाको व्याज दर समेत घट्दो क्रममा रहेको देखिन्छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत शेयर कर्जाको सिमा ६५ प्रतिशतबाट ७० प्रतिशतमा पुर्‍याएको छ। जसले गर्दा शेयर कर्जा विस्तार हुने अपेक्ष गर्न सकिन्छ। जसको सकारात्मक असर शेयर बजारमा पर्ने आंकलन गर्न सकिन्छ।

यसका साथै सरकारले निकट भविष्यमा गैरआवसीय नेपालीलाई पूँजीबजारमा लगानी गर्नको लागी खुल्ला गर्ने,

बैंकहरुलाई ब्रोकर ईजाजतपत्र, नयाँ म्युचुअल फण्डहरुको बजार प्रवेश, शेयर डिलरको रुपमा कार्य गर्न नागरिक लगानी कोषले छुट्टै कम्पनी खडा गरि सञ्चालनमा ल्याउनु, मार्केट मेकरको लागि सरकारी तहबाटै आवश्यक पहल हुनु, बुक बिल्डीङ्ग बिधि मार्फत शेयर शेयर बजार सकरात्मक प्रभाव पर्ने गरि नीतिगत सुधार हुनु, बजार न्यूनतम बिन्दुमा रहनु जस्ता कारणले गर्दा आगामी दिनमा शेयर बजार सकरात्मक बाटोमा जाने अनुमान गर्न सकिन्छ ।

३. **मर्चेण्ट बैंकिङ्ग उद्योग तथा कम्पनीलाई प्रभाव पार्ने तत्वहरु :**
यस प्रतिवेदन तयारी गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २१२ कम्पनी सूचीकृत छन । जुन गत वर्ष २१५ रहेको थियो । समीक्षा अवधिमा नेपाल स्टक एक्सचेन्जमा सूचिकृत हुने संख्या सूचीकृत कम्पनीहरु एक आपसमा गभिएको कारणले गर्दा घट्न गएको देखिन्छ । नेपाल सरकारले रु.५० करोड वा सो भन्दा बढी पूँजी भएको कम्पनीहरुलाई समेत सर्वसाधरणमा शेयर जारी जर्नको लागि प्रोत्साहन गर्ने योजना तर्जुमा गर्दै जानु, कमर्सियल बैंकहरुले डिबेन्चर निष्काशनलाई जोड दिनु, जनताको जलविद्युत कार्यक्रम अन्तर्गतका जलविद्युत कम्पनीहरुको साधारण शेयर निष्काशन गर्ने कम्पनीहरु बाँकी रहनु धितोपत्र बोर्डले बुक बिल्डीङ्ग विधिबाट समेत सर्वसाधारणमा शेयर जारी गर्न मिल्ले गरि व्यवस्था मिलाएको, नयाँ बीमा कम्पनीहरुको समेत सर्वसाधारणमा शेयर जारी गर्नुपर्ने अवधि नजिकिदै जाँदा आउने दिनमा समग्र क्यापिटलको व्यवसाय बढ्ने देखिन्छ ।

कोरोना महामारीको प्रभाव बढ्दो क्रममा रहेकोले अन्य क्षेत्रमा जस्तै मर्चेण्ट बैंकिङ्ग व्यवसायमा समेत यसको नकरात्मक प्रभाव पर्ने देखिन्छ । साथै धितोपत्रको दोश्रो बजारमा सूचिकृत कम्पनीहरुको शेयर मूल्य अंकित मूल्य भन्दा कममा कारोवार भएको देखिन्छ । जसले गर्दा नयाँ जलबिद्युत कम्पनी लगायत अन्य उत्पादनमुलक कम्पनीहरुको शेयरको प्रत्याभूति गर्न तथा सम्बन्धित कम्पनीहरु समेत सर्वसाधारणमा शेयर निष्काशन गर्नको लागि सकरात्मक नहुने हुँदा मर्चेण्ट बैंकिङ्ग व्यवसाय विस्तार हुनको लागि धितोपत्रको दोश्रो बजार चलायमान हुनु अत्यावश्यक देखिन्छ ।

४. **एन आई सी एशिया क्यापिटलको प्रबिधि :**
आजको युगमा सूचना तथा प्रविधि प्रतिस्पर्धात्मक फाइदा थप्ने कारक भएको देखिन्छ । हामीले यस कारकलाई स्वीकार गरि हाम्रो प्रतिस्पर्धात्मक लाभलाई अझ मजबुत बनाउन र काम गर्ने लागत र समय घटाउन सूचना प्रविधि एकीकृत गर्न सम्भावित सबै तरिकाहरूको विश्लेषण गरेका छौं । हामीले मौलिक विश्लेषण र प्राविधिक विश्लेषण दुबै मौलिक रूपमा सबै भन्दा राम्रो स्क्रिप्ट, संकेत, शेयर मूल्य पहिचान गर्न सिस्टम एक्स (System X) सफ्टवेयर जडान गरेका छौ । आगामी दिनमा Online मार्फत डिम्याट खाता तथा मेरो शेयर खाता खोल्ने व्यवस्था मिलाउन आवश्यक प्रकिया अगाडी बडाइएको छ । समीक्षा अवधिमा हामीले ईआरपी (ERP) कार्यान्वयनमा काम गरिरहेका छौ । ईआरपी (ERP) कार्यान्वयनको माध्यमबाट हामी मजबुत, अत्याधिक कुशल र कागजतविहीन काम गर्ने लक्ष्य लिएका छौं । जसले गर्दा कोरोना लगायत अन्य यस्तै किसिमका महामारीको समययमा घरबाट समेत काम गर्न सजिलो हुन्छ ।

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको विवरण

१. **आर्थिक वर्ष २०७६/०७७ मा कम्पनीको कार्यसम्पादनको सिंहावलोकन :**

यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०७३ साल जेष्ठ २ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ अनुसार मिति २०७३ साल फागुन ८ गते मर्चेण्ट बैंकिङ्ग व्यवसाय सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७३ साल फागुन २२ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार प्रारम्भ गरेको हो ।

एन आई सी एशिया क्यापिटल औपचारिक रुपमा सञ्चालनमा आउँदा जम्मा १९ वटा मर्चेण्ट बैंकरहरु मात्र सञ्चालनमा रहेका थिए भने हाल हामी सहित मर्चेण्ट बैंकरहरुको संख्या ३२ वटा पुगिसकेको छ । यस क्यापिटल सञ्चालनमा आएको पहिलो आर्थिक वर्षमा नै २ प्रतिशत नगद लाभाँश (खुद लाभाँश) वितरण गर्न सफल भएका थियौं । सो समयमा हामीले व्यवसाय सञ्चालन गरेको जम्मा चार महिना मात्र थियो र नेपाल धितोपत्र बोर्डबाट सम्पुर्ण मर्चेण्ट बैंकिङ्ग व्यवसाय गर्ने मर्चेण्ट बैंकहरुलाई न्युनतम चुक्ता पूँजी रु.२० करोड पुऱ्याउन निर्देशन भएबमोजिम क्यापिटलको पहिलो वार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर बापतको रकम मिति २०७५ पौष महिनाको २५ गते थप गरे पश्चात् कायम पूँजीमा आ.व. २०७४/०७५ को लागि ७ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका थियौं । त्यस पस्चात आ.व. २०७५/०७६ को अवधीमा, हामी ११ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका छौ ।

**क्यापिटलको स्थिति :**

समीक्षा अवधिमा एन आई सी एशिया क्यापिटल लिमिटेडको समग्र व्यवसायको आधारमा निम्न स्थान हासिल गर्न सफल भएको छ ।

| क्रं. सं. | विवरण | समग्रमा स्थिति |
|---|---|---|
| १ | निक्षेप सदस्य सेवा तर्फ | पहिलो स्थान |
| २ | शेयर रजिष्ट्रार सेवा तर्फ | नवौं स्थान |
| ३ | लगानी व्यवस्थापन (पि.एम.एस) सेवा तर्फ | दोश्रो स्थान |
| ४ | निष्काशन तथा बिक्री प्रबन्धक सेवा तर्फ | - |

**आर्थिक वर्ष २०७६/०७७ को अन्त्यसम्म यस कम्पनीले शेयर रजिष्ट्रेशन सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :**

समीक्षा अवधिमा क्यापिटलले सामूहिक लगानी कोष सहित ८ वटा कम्पनीहरुको शेयर रजिष्ट्रारको सेवा प्रदान गर्दै आइरहेको छ । जुन समकालीन मर्चेन्ट बैकरहरुको तुलनामा उक्त सख्यां उत्साहजनक मान्न सकिन्छ ।

| क्रं. सं. | कम्पनीको नाम |
|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लिमिटेड |
| २ | श्री स्वदेशी लघुबित्त वित्तीय संस्था लिमिटेड |
| ३ | श्री सहयोगी विकास बैंक लिमिटेड |
| ४ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड |
| ५ | श्री एन आई सी एशिया ग्रोथ फण्ड |
| ६ | श्री एन आई सी एशिया ब्यालेन्सड् फण्ड |
| ७ | श्री सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड |
| ८ | श्री आर एस डि सि लघुबित्त वित्तीय संस्था लिमिटेड |

**आर्थिक वर्ष २०७६/०७७ को अन्त्यसम्म यस कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :**

| क्र.सं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| २ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ३ | श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ४ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ५ | श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ६ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. | सार्वजनिक निष्काशन |
| ७ | श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड | हकप्रद शेयर निष्काशन |
| ८ | श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड | नविकेको हकप्रद बोलकबोल द्धारा बिक्री गर्न |
| ९ | श्री एन आई सी एशिया ग्रोथ फण्ड | सामूहिक लगानी कोष |
| १० | श्री एन आई सी एशिया ब्यालेन्सड् फण्ड | सामूहिक लगानी कोष |

**निष्काशनको प्रकृयामा रहेका कम्पनीहरुको विवरण :**

| क्र.सं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १ | श्री म्याक्स भिजन लिमिटेड | सार्वजनिक निष्काशन |
| २ | श्री रिभर फल्स पावर लिमिटेड | सार्वजनिक निष्काशन |
| ३ | श्री ईमजिङ्ग नेपाल लिमिटेड | सार्वजनिक निष्काशन |
| ४ | श्री एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड | सार्वजनिक निष्काशन |
| ५ | श्री सानिमा जेनेरल इन्स्योरेन्स कम्पनी लिमिटेड | सार्वजनिक निष्काशन |
| ६ | श्री सानिमा बैंक डिवेन्चर | सार्वजनिक निष्काशन |

**लगानी व्यवस्थापन सम्बन्धी सेवा :**

आ.व. २०७६/७७ सम्ममा लगानी व्यवस्थापनमा सोचे जस्तो प्रगति नभएको देखिन्छ। तथापी समीक्षा अवधि आषाढ मसान्त, २०७७ सम्म हामीले २९२ जना ग्राहकहरु मार्फत रु ५७.१२ करोड बराबरको रकम लगानी व्यवस्थापन गर्न सफल भएका छौं ।

**डिम्याट खाता :**

आर्थिक वर्ष २०७६/७७ अवधीमा, क्यापिटलले २२,२६५ वटा हितग्राही खाता खोल्न सफल भयो र आ.व.२०७६/७७ अन्तसम्म क्यापिटलको हिताग्रही खाता १,९०,४१० भएको जसले हामी मर्चेण्ट बैंकर उद्योगमा ११.०१ प्रतिशत बजार ओगटेर ७६ वटा निक्षेप सदस्य कम्पनीहरु मध्ये पहिलो स्थानमा पुग्न सफल भएका छौं ।

**एन आई सी एशिया म्युचुअल फण्ड :**

क्यापिटलले एन आइ सी एशिया बैंक म्युचुअल फण्ड अर्न्तगतको रु ८३.५२ करोड बराबरको योजना "एन आइ सी एशिया ग्रोथ फण्ड" तथा "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" सञ्चालन गरिरहेको छ । धितोपत्रको दोश्रो बजार स्थिर रहदा समेत आषाढ मसान्त, २०७७ मा उक्त योजनाहरुको प्रति इकाई खुद सम्पती मूल्य (NAV) क्रमश ११.७८ तथा ११.०८ कायम गर्न सफल भएको छ । समीक्षा अवधिमा एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गतको पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" सञ्चालन गर्नको लागि नेपाल धितोपत्र बोर्डमा मिति २०७६ माघ २६ गते स्वीकृतीका लागी आवेदन दिएको छ। जसको आकार रु ५० करोड रहेको छ।

**विशिष्टिकृत लगानी कोष :**

विशिष्टिकृत लगानी कोष सञ्चालनका निम्ती समेत नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको छ ।

**अर्थिक वर्ष २०७६/०७७ मा क्यापिटलले हासिल गरेको वित्तीय उपलब्धिहरु**

**वित्तीय उपलब्धिहरु :**

समीक्षा वर्षमा बजारमा मर्चेण्ट बैंकरहरुको संख्यामा वृद्धिले गर्दा सृजना भएको प्रतिष्पर्धात्मक चुनौतीको बाबजुद पनि उत्साहजन वित्तीय नतिजा हासिल गर्न क्यापिटल सफल भएको छ ।

उक्त अवधिमा क्यापिटलले कूल आम्दानी रु११,४२,०९,३५९/-, सञ्चालन नाफा रु. ६,१४,८०,२५७/- तथा खुद नाफा रु.४,२९,३९,४१८/- गर्न सफल भएको छ ।

समीक्षा वर्षमा क्यापिटलको प्रतिशेयर रु. २१.४५ आम्दानी गरेको छ । साथै, क्यापिटलले हासिल गरेको व्यवसाय वृद्धि तथा अवलम्बन गरेको विविधिकरण व्यावसायिक रणनीतिले क्यापिटललाई दीर्घकालिन रुपमा व्यवसाय वृद्धि गर्नका लागि मजबुत आधारशीला निर्माण भएको हामीले विश्वास लिएका छौं ।

**संस्थागत सुशासन्, जोखिम व्यवस्थापन र अनुपालना : दिगो वृद्धिको आधार**

हामी स्तरीय संस्थागत सुशासन कायम गर्ने दिशामा सदा क्रियाशिल रहेका छौं । यसका लागि हामीले केही आन्तरिक नीति नियमहरु तर्जुमा गरी सकेका छौं भने संस्थागत सुशासन् नीति लगायत अन्य आवश्यक नीतिहरु समेत तर्जुमा गरी सोको कार्यान्वयन गर्दै आइरहेका छौं । संस्थागत सुशासनमा शून्य सहनशीलता अंगीकार गर्दै हामीले संस्थागत सुशासनको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक पर्ने साधन स्रोतको समेत व्यवस्थापनमा ध्यान दिएका छौं । संस्थागत सुशासन्का निम्ति इमान्दारीता, पारदर्शीता, उत्तरदायित्व र जिम्मेवारीपनलाई हामीले सदैव आत्मसात् गरेका छौं । यसबाट क्यापिटलको दीगो वृद्धिको बलियो आधार सृजना भएको हाम्रो विश्वास छ ।

**मानव संसाधनको विकास र व्यवस्थापन : क्यापिटलको वास्तविक पूँजी**

सेवाग्राहीले क्यापिटलबाट प्राप्त गर्ने सेवाको गुणस्तर कर्मचारीको सीप, क्षमता र दक्षतामा निर्भर रहन्छ भन्ने तथ्यलाई हामीले आत्मासाथ गरी मानव संसाधन नै सहि अर्थमा क्यापिटलको वास्तविक सम्पती हुन भन्ने यथार्थलाई स्वीकार गरी हामीले कर्मचारीको क्षमता र सीप अभिवृद्धि गर्न उच्च तहको तालिममा सहभागी गराउँदै जाने नीति लिएका छौं ।

**हाम्रो मान्यता र चाहना :**

स्थापना कालदेखि नै क्यापिटलले ग्राहकहरुको सेवा सुविधा, आवश्यकता तथा सन्तुष्टिलाई मध्यनजर गर्दै आफ्ना कर्मचारीहरुको निरन्तर लगन र परिश्रमको माध्यमबाट

नियामक निकायले निर्देश गरेका नीति निर्देशनलाई पूर्ण रुपमा परिपालना गर्दै प्रत्येक वर्ष उच्च व्यवसायिक वृद्धि हासिल गर्ने तर्फ हामी सदा अग्रसर छौं र रहिरहने छौं । क्यापिटलको सेवा विस्तारमा ग्राहकहरुको चाहनाले निर्क्यौल गर्छ, भन्ने हाम्रो मान्यता हो । यही मान्यतालाई मूर्त रुप दिन हामीले सेवाग्राहीमुखी भई योजना तयार गर्ने, आन्तरिक कार्यविधि तथा नीतिगत संयन्त्रलाई समसामयिक परिमार्जन गरि सोलाई थप ग्राहकमैत्री बनाएका छौं ।

क्यापिटलको समग्र अस्तित्वको आधार ग्राहकहरुको अटुट आस्था र गहिरो सन्तुष्टिमा भर पर्दछ भन्ने हाम्रो दृढ मान्यता रही आएको छ । हामी सेवाग्राहीहरुलाई सदा सहज र सरल रुपमा उत्कृष्ट सेवा प्रदान गर्न प्रतिबद्ध छौं । सरल, सहज, शीघ्र र गुणस्तरीय सेवा हाम्रो साधक हुन् भने उच्च ग्राहक सन्तुष्टि हाम्रो साध्य हो । यसैलाई मूर्त रुप दिन हामीले सन्ध्याकालिन काउण्टर खोली ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेका छौं, जुन मर्चेण्ट बैंकिङ्ग क्षेत्रमा पहिलो सेवामूलक कार्य हो । मर्चेण्ट बैंकिङ्ग सेवामूलक व्यवसाय भएको तथ्यलाई मध्यनजर गर्दै सेवामा उत्कृष्टतालाई नै क्यापिटलको मूलमन्त्र बनाउने हामीले लक्ष्य लिएका छौं ।

२. **कम्पनीमा राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाहरुको प्रभाव :**

नेपालको आर्थिक बृद्दिदर विगत ३ वर्ष देखि ६ प्रतिशत भन्दा माथि रहेपनि समीक्ष अवधीमा उक्त वृद्धिदर २.२७ प्रतिशतमा सीमित भएको छ । पुर्वानुमान गर्दा आर्थिक वर्ष २०७६/७७ एकदम अनुकुल रहेको थियो । तर कोरोना महामारीको रोकथाम तथा नियान्त्रण गर्नको लागि नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेकोले सम्पूर्ण आर्थिक क्षेत्रमा यसको प्रभाव परेको देखिन्छ । कोरोनाको प्रभाव विशेष गरि उद्योग धन्दा, व्यापार व्यवसाय, पर्यटन क्षेत्रमा बढी परेकोले आर्थिक वृद्धि कम भएको देखिन्छ । जसले गर्दा वास्तविक ग्राहस्थ उत्पादन घटन पुगेको हो । यो बृद्धि आर्थिक वर्ष २०७५-७६ मा ६.७ प्रतिशत रहेको थियो । कोरोना महामारीको कारणले गर्दा समीक्षा आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाहरुमा लगानी योग्य रकम थुप्रिदै गई अधिक तरलात देखा पर्दै गईरहेको छ । धितोपत्रको दोश्रो बजारमा लगानीकर्ताहरुको आकर्षण पढ्दै गइरहेको देखिन्छ। फलस्वरुप प्रथामिक निष्काशनमा आवेदन गर्ने लगानीकर्ता दिन प्रति दिन बढ्दै गईरहेको देखिन्छ । स्थानीय निकायको गठन सगै बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो शाखा विस्तार लाई तिब्रता दिदै गएको पाइएको छ। जसले गर्दा उक्त क्षेत्रमा बसोवास गर्ने स्थानीय बासिन्दाहरुलाई वित्तीय कारोवार गर्न सहज हुनुको साथै वित्तीय संस्थाहरको कारोवारमा विस्तार मा समेत महत्वपूर्ण भुमिका प्रदान गरिरहेको छ । देशको अधिकांश भुभागमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार भएको छ । साथै, अधिकांश बाणिज्य बैंकहरुले निक्षेप सदस्यको रुपमा समेत सेवा प्रदान गर्दौ आइरहेको हुँदा त्यस क्षेत्रका बासिन्दाहरुले स्थानीय/सर्वसाधारणको लागि निष्कशन भएको प्राथमिक शेयरमा आवेदन पर्ने क्रम बढिरहेको देखिन्छ । साथै शेयर कारोबार गर्नको लागि अनलाईन कारोबार प्रणलीको प्रभावकारित बढ्दो क्रममा रहेको छ । जसले गर्दा आगामी दिनमा धितोपत्रको दोश्रो बजारको विस्तार समेत तिब्र रुपमा बढ्दै जाने देखिन्छ ।

सूचिकृत कम्पनीहरुको चुक्ता पूँजी वृद्धि भएअनुसार व्यापार व्यवसाय विस्तार गर्न नसक्दा आम्दानी खुम्चिदै जादा धितोपत्रको दोश्रो बजारमा समेत तेसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ। अधिकाशं बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकले तोकेको न्युनतम चुक्ता पूँजी पुऱ्याइ सकेका तथा अधिकाशं बीमा कम्पनीहरुले पनि बीमा समितिले तोकेको पूँजी पुऱ्याउने क्रममा रहेका र नेपाल राष्ट्र बैंक तथा बीमा समितिले समेत भविष्यमा यस क्षेत्रका कम्पनीहरुलाई मर्जरमा जान प्रोत्साहन गर्ने नीति लिएको हुँदा यस क्षेत्रका कम्पनीहरुबाट भविष्यमा थप हकप्रद शेयर निष्काशनको सम्भावना कम देखिन्छ । साथै नेपाल राष्ट्र बैंकले लघुवित्त कम्पनीहरुले समेत हकप्रद शेयर निष्काशनमा रोक लगाई मर्जरमा जानको लागि दबाव दिईरहेकोले आगामी दिनमा समेत शेयर रजिष्ट्रारको व्यवसायमा संकुचन आउने देखिन्छ। समीक्षा अवधिमा पूँजीबजार मापक सूचक पहिलो चार महिना घट्दो क्रममा रहेता पहि समग्रमा १०३ अंकले बढेको छ। अनलाईन कारोबार प्रणाली प्रति लगानीकर्ताको आकर्षण बढ्दै जानु, शेयर खरिद बिक्री भएका शेयर तथा कारोबार रकमको राफसाफ विद्युतीय माध्यमबाट हुने व्यवस्था मिलाइएको, नयाँ लगानीकर्ताहरु धितोपत्रको दोश्रो बजार प्रति आकर्षण बढ्दैं गइरहेको बैंक तथा वित्तीय संस्थामा कोरोना महामारीको कारण लगानीको क्षेत्रमा कमी आई लगानी योग्य रकम अत्यधिक भएकोले बैंक तथा वित्तीय संस्थाले समेत कम ब्याजदरमा शेयर कर्जा विस्तार गर्दै गईरहेकोले आगामी दिनमा नेप्से परिसूचक तथा कारोवार रकम बढ्दै जाने हुँदा त्यसको सकरात्मक प्रभाव मर्चेण्ट बैंकरको व्यवसायमा पर्ने देखिन्छ ।

साथै, कोरोना महामारीको कारण विश्व श्रमबजार समेत प्रभावित भएको हुँदा आगामी दिनमा रेमिटेन्स बापत प्राप्त गर्ने रकममा ह्रास आई त्यसको नकारात्मक असर समग्र देशको अर्थतन्त्रमा पर्ने आकलन गरिएको छ ।

३. **चालु आर्थिक वर्षका लक्ष्यहरु :**

चालु आर्थिक वर्षको लागि क्यापिटलले मुख्यतया देहाय बमोजिमको लक्ष्यहरु निर्धारण गरेको छ :

१) हितग्राही खाता खोल्ने कार्यलाई थप तीव्रता दिने ।

२) शेयर रजिष्ट्रारको सेवा प्रदान गर्ने कम्पनीहरुमा संख्यात्मक र गुणात्मक वृद्धि गर्ने ।

३) सार्वजनिक निष्काशन सम्बन्धी कार्यहरु थप प्रभावकारी बनाई गुणस्तरीय सेवा प्रदान गर्ने ।

४) लगानी व्यवस्थापनमा थप ग्राहकहरुको खोजी गरि रकम तथा ग्राहकहरुको संख्यामा दिनानुदिन तीब्र वृद्धि गर्ने ।

५) व्यवसायिक परामर्शदाताको उत्कृष्ट सेवा प्रदान गर्ने ।

६) नयाँ बन्दमुखी सामूहिक लगानी कोष सञ्चालनको निमित्त सर्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने ।

७) ग्राहकमुखी नयाँ नयाँ व्यवसायिक योजनाहरु तर्जुमा गरी कार्यन्वयनमा ल्याउने तथा श्रोत साधनको अधिकतम उपयोग गर्ने कार्यलाई थप व्यापक र प्रभावकारी बनाउने ।

८) दिर्घकालीन रणनीतिमा निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने ।

९) कम्पनीको ब्राण्डलाई बजारमा प्रभावकारी ढंगले सदा प्रस्तुत गरिराख्ने ।

१०) डिजिटल प्रविधिहरुमा जोड दिई क्यापिटलको बजार प्रबर्धन गर्ने ।

उल्लेखित लक्ष्यहरु प्राप्ति संगै हामी यस क्षेत्रमा अग्रणी भुमिका खेल्दै ग्राहकको रोजाईमा पहिलो मर्चेन्ट बैंकर हुनेमा पुर्ण विश्वस्त रहेका छौं ।

४. **संचालक समितिमा भएको हेरफेर र सोको कारण :**
समीक्षाअवधिमा कुनै पनि संचालक परिवर्तन नभएको ।

५. **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :**
नियमित कारोबारमा देखिएका साधारण किसिमका कैफियत बाहेक लेखापरीक्षण प्रतिवेदनमा अरु कैफियत उल्लेख भएको छैन ।

६. **लाभाँश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
संचालक समितिको वैठकले आर्थिक वर्ष २०७६/७७ को नाफाबाट १८ प्रतिशत (कर सहित) को दरले हुन आउने रु.३,६०,००,०००/- (अक्षेरेपी तीन करोड साठी लाख मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरेको छ ।

७. **शेयर जफत भएको भए जफत भएको शेयर संख्या :**
समीक्षा वर्षमा कुनै पनि शेयर जफत गरिएको छैन ।

८. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :**
यस कम्पनीको कुनै पनि सहायक कम्पनी नभएको ।

९. **समीक्षा अवधिमा कम्पनी र यसका सहायक कम्पनीसंगको कारोबार र त्यसमा भएको महत्वपूर्ण हेरफेर :**
यस कम्पनीले मर्चेन्ट बैंकरको रुपमा लगानी व्यवस्थापन, निक्षेप सदस्य, म्युचअल फण्ड, संस्थागत परामर्शदाता, बिक्री प्रबन्ध तथा शेयर रजिष्ट्रारको काम गर्दै आइरहेको छ । कम्पनीको कुनै पनि सहायक कम्पनी छैन र कम्पनीको प्रबन्धपत्र र नियमावलीमा तोकेका उद्देश्य बमोजिमका कामहरु गर्दै आइरहेको छ र समीक्षा वर्षमा कम्पनीको मुख्य कारोवारहरुको प्रकृतिमा कुनै परिवर्तन भएको छैन ।

१०. **विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
केही नभएको ।

११. **विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**
केही नभएको ।

१२. **कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थसम्बन्धी जानकारी**
हाल सम्म यस प्रकारको कुनै सम्झौता नभएकोले त्यस सम्बन्धमा कुनै खुलासा गर्नुपर्ने नदेखिएको ।

१३. **पुनः खरिद गरिएको शेयरहरुको विवरण :**
समीक्षा अवधिमा शेयरको पुन : खरिद नभएको ।

१४. **आन्तरिक नियन्त्रण व्यवस्था भए वा नभएको र भएको भए सोको विवरण :**
कम्पनीले आन्तरिक नियन्त्रण व्यवस्था कायम गर्नका लागि खरिद समिति, मानव संशाधन विकास समिति, आन्तरिक लेखापरीक्षण समिति र जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । यी समितिहरुको बैठक नियमित रुपमा बस्ने गर्दछ र समय समयमा यी समितिहरुले व्यवस्थापन तथा संचालक समितिलाई आवश्यक सल्लाह र सुझाव दिने गर्दछ । संचालक समितिले कम्पनीको प्रभावकारी व्यवस्थापनको लागि कम्पनीको वित्तीय प्रशासन् नीति, २०७३ तथा मानव संशाधन नीति २०७३ लाई अनुमोदन गरि कार्यन्यवनमा आइसकेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी गराउनको लागि यस कम्पनीले विभिन्न नीति, निर्देशन तथा प्रक्रियाहरु तर्जुमा गरी अवलम्वन गरेको छ ।

१५. **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
समीक्षा अवधिमा भएको जम्म खर्चको विवरण

| खर्च शिर्षक | खर्च रकम (रु) |
|---|---|
| कर्मचारी खर्च | २,८५,३१,०७८/- |
| सञ्चालन खर्च | २,४१,९८,०२५/- |
| **जम्मा खर्च** | **५,२७,२९,१०२/-** |

**१६. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका कामकारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली :

| क्र.सं. | नाम | कैफियत |
|---|---|---|
| १ | श्री रविन सापकोटा | स्वतन्त्र संचालक- एन आई सी एशिया क्यापिटल लि. |
| २ | श्री राजु अधिकारी | प्रमुख-आन्तरिक लेखापरीक्षक एन आई सी एशिया बैंक लिमिटेड |
| ३ | श्री गणेश प्रसाद पाण्डे | प्रमुख-लेखा, एन आई सी एशिया क्यापिटल लि. |

समीक्षा अवधिमा चार पटक लेखापरीक्षण समितिको बैठक बसेको र स्वतन्त्र संचालकलाई रु.२०,०००/- भत्ता तथा सुविधा प्रदान रुपमा प्रदान गरिएको ।

**१७. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजका नातेदार वा निज संलग्न रहेका फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा ।**

सो नभएको ।

**१८. संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

समीक्षा अवधिमा संचालक समितिको सदस्यहरुलाई बैठक भत्ता तथा सुविधा वापत रु.२,६५,०००/-प्रदान गरिएको ।

समीक्षा अवधिमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव र उच्च व्यस्थापन तहमा रहेका कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम सम्बन्धी विवरण :

| विवरण | प्रमुख कार्यकारी अधिकृत | प्रमुख सञ्चालन/लगानी अधिकृत तथा कम्पनी सचिव | प्रमुख-मर्चेन्ट बैंकिङ्ग |
|---|---|---|---|
| कर्मचारी संख्या | १ | १ | १ |
| पारिश्रमिक, भत्ता तथा सुविधाको रकम (रु) | ३२,५०,००० (१२ महिना) | १५,३६,९७६ (१२ महिना) | ८,८५,९२० (१२ महिना) |

**१९. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभाँश रकम :**

लाभाँश वितरण गर्न बाँकी नरहेको ।

**२०. सम्पत्ति प्राप्ति वा बिक्री विवरण :**

केही नभएको ।

**२१. संस्थापक कम्पनीसँगको कारोबार विवरण :**

- कम्पनीले एन आई सी एशिया बैंक लिमिटेडमा एन आई सी एशिया क्यापिटलको नाममा रहेको विभिन्न बैंक खाता बाट आ.व. २०७६/७७ मा रु.२,५७,४५,५४५.०३ व्याज आम्दानी प्राप्त गरेको छ ।
- कम्पनीले एन आई सी एशिया बैंक लि. को शेयर रजिष्ट्रारको रुपमा काम गर्दै आइरहेको छ जुनको सेवा शुल्क वार्षिक रु ८,२५,०००/- रहेको छ ।
- कम्पनीले बैंकसँग गरेको सम्झौता बमोजिम कार्यगत र प्राविधिक सहयोग वापत एन आई सी एशिया बैंक लिमिटेडलाई रु ४,७६,१८४/- कर्मचारी खर्च वापत भुक्तानी गरेको छ ।
- कम्पनीले बैंकसँग आषाढ मसान्त, २०७७ मा रु.५५२,६८२.२६ प्राप्त गर्न बाँकी रहेको छ ।

**Dev Associates**
**Chartered Accountants**
Patan Dhoka, Lalitpur-3
P.O. Box 252
Lalitpur DPO 44700
Nepal

T: +977 (1) 5521605
F: +977 (1) 5520976

devassociates@ntc.net.np
www.bakertillydev.com

## INDEPENDENT AUDITOR'S REPORT

To the Shareholders of
NIC ASIA Capital Limited

## Report on the Audit of the Financial Statements

### Opinion

We have audited the financial statements of NIC ASIA Capital Limited (hereafter referred as "the Company") which comprise the statement of financial position as at 31st Ashad 2077 and the statement of profit or loss and other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the company as at 31st Ashad 2077 and of its financial performance and its cashflows for the year then ended in accordance with the Nepal Financial Reporting Standards.

### Basis of Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the Financial Statements* section of our report. We are independent of the Company in accordance with the *ICAN's Handbook of Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of the financial statement in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion on the financial statements.

### Other Information

Management is responsible for other information. The other information comprises the information included in the Report of Board of Directors pursuant to Section 109 (4) of the Companies Act, 2063, but does not include the financial statements and our auditor's report thereon. The Report of Board of Directors is expected to be made available to us after the date of this auditor's report.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated.

When we read the Report of Board of Directors, if we conclude that there is a material misstatement therein, we are required to communicate the matter to those charged with governance.

### Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with the Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud or error.

Dev Associates Chartered Accountants Lalitpur Nepal

In preparing the financial statements, the management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless the management either intends to liquidate the Company or to cease operations, or has realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**Auditor's Responsibility for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with the NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of an audit in accordance with NSAs, we exercise professional judgement and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher that for one resulting from error, as fraud may involve collusion, forgery, international omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Conclude on appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

## Report on Other Legal and Regulatory Requirements

In relation to the audit of financial statements of this company, our responsibility to report on Other Legal and Regulatory Requirements arises from the provision of Sec. 115 of Companies Act, 2063.

Based on our examination of the financial statements as per the Companies Act, 2063, we report that:

a. We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.

b. The accounts and records of the Company have been maintained as required by law and practice in a manner to reflect the real affairs of the Company.
c. The statement of financial position, statement of profit or loss and other comprehensive income and the statement of cash flow dealt with by this report are in agreement with the books of account of the Company, and these statements follow prevailing accounting standards.
d. In our opinion and to the best of our information and according to the explanation given to us, we did not came across any such instances where the Board of Directors, representative or any employee of the Company has acted contrary to the provision of law relating to accounts or causing direct loss or damage to the Company deliberately or acting in a manner that would jeopardize the interest and security of the Company.
e. In our opinion and to the best of information provided to us, and as confirmed by the management through Management Representation Letter, we did not obtain any information that substantiate there is accounts-related forgery in the company.

The engagement partner on the audit resulting in this independent auditor's report is CA Milan Basnet.

Milan Basnet

Dev Associates Lalitpur Nepal Chartered Accountants

CA Milan Basnet
Partner,
For,
Dev Associates, Chartered Accountants

Place: Lalitpur
Date: 12th August, 2020

UDIN: 200812CA01259RLIYm

## एन आई सी एशिया क्यापिटल लिमिटेड

## एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको

### वित्तीय स्थिति विवरण

३१ आषाढ २०७७ (१५ जुलाइ २०२०) मसान्त

*रकम रु.*

| विवरण | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | | ३,४५६,६१७ | ३,४९१,७५८ |
| अमुर्त सम्पत्ति | | ४,७९५,०९४ | ५,५१६,१९५ |
| वित्तीय सम्पत्ति (परिशोधित मूल्यमा) (मुद्दती) | | - | ७०,०००,००० |
| वित्तीय सम्पत्ति (भुक्तानी मितिसम्म धारण गर्ने) | | १३,५५७,००० | - |
| कर्जा तथा सापटी | | ४०५,७६३ | ४५१,१९६ |
| स्थगन कर सम्पत्ति | | ९५३,०२८ | ५७६,०२१ |
| **जम्मा गैर चालु सम्पत्ति** | | **२३,१६७,५०२** | **८०,०३५,१७०** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा नगद समान | | १५,५८३,७९१ | २४,९०५,६६६ |
| व्यापारीक दायित्व | | ४२,४४५,८०८ | १५,१७९,५४० |
| अग्रीम व्यय तथा सापटी | | २,३१९,०७३ | १,९६१,४१० |
| कर्जा तथा सापटी | | १६,५२४ | २५,१४८ |
| वित्तीय सम्पत्ति परिशोधित मूल्यमा (मुद्दती) | | २६०,१७५,५३८ | ९७,६००,००० |
| वित्तीय सम्पत्ति नाफा वा नोक्सान माफत Fair Value मा | | १८,८११,८१० | २६,०४७,७०५ |
| **जम्मा चालु सम्पत्ति** | | **३३९,३५२,५४४** | **१६५,७१९,४६९** |
| **जम्मा सम्पत्ति** | | **३६२,५२०,०४६** | **२४५,७५४,६३९** |
| **इक्वीटी र दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| कर्मचारी हित | | २,४६८,२१४ | १,८१४,८८४ |
| व्यापारीक र अन्य दायित्व | | ५७२,७८६ | ५६५,२५८ |
| स्थगन कर दायित्व | | - | - |
| **जम्मा गैर चालु दायित्व** | | **३,०४१,०००** | **२,३८०,१४२** |
| **चालु दायित्व** | | | |
| व्यापारीक र अन्य दायित्व | | ११५,९६६,७१७ | २०,८०१,४८६ |
| **जम्मा चालु दायित्व** | | **११५,९६६,७१७** | **२०,८०१,४८६** |
| इक्वीटी | | | |
| शेयर पूँजी | | २००,०००,००० | २००,०००,००० |
| सञ्चित कमाइ | | ४३,५१२,३२९ | २२,५७३,०११ |
| **जम्मा इक्वीटी** | | **२४३,५१२,३२९** | **२२२,५७३,०११** |
| **जम्मा इक्वीटी र दायित्व** | | **३६२,५२०,०४६** | **२४५,७५४,६३९** |

गणेश प्रशाद पाण्डे
**प्रमुख वित्त विभाग**

मनिष घिमिरे
**प्रमुख सञ्चालन अधिकृत**

रमेन्द्र रायमाझी
**प्रमुख कार्यकारी अधिकृत**

विशाल सिग्देल
**अध्यक्ष**

सुमन डंगोल
**सञ्चालक**

रबिन सापकोटा
**सञ्चालक**

बिमल लम्साल
**सञ्चालक**

दिनेश भारी
**सञ्चालक**

यसै मितिको हाम्रो संलग्न प्रतिवेदन अनुसार
सि. ए. मिलन बस्नेत
**साझेदार**
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति: २०७७ साउन २६
स्थान: काठमाडौं

एन आई सी एशिया क्यापिटल लिमिटेड

**एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको**

## नाफा नोक्सान विवरण र अन्य विस्तृत आय

१ श्रावण २०७६ देखि ३१ आषाढ २०७७

*रकम रु.*

| विवरण | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सञ्चालन आम्दानी** | | | |
| मर्चेन्ट बैकिंङ्ग सेवाबाट आम्दानी | | ३८,८८९,६८० | २५,५४१,३२५ |
| सामुहिक लगानी कोषबाट आम्दानी | | २८,१८५,४५० | १७,६९६,९२७ |
| कर्जा सापट तथा सापटीबाट आम्दानी | | ४०,९१२,६२३ | २५,०६२,११९ |
| Corporate Advisory बाट आम्दानी | | ३१५,०१३ | - |
| इक्विटि धितोपत्रको निसर्गबाट आम्दानी | | ६,५३९,४२४ | १,२७९,१०२ |
| Fair Value मार्फत वित्तीय सम्पत्तिमा साविकमा कायम नगरिएको खुद नाफा | | (१,४४१,६८५) | (३५९,५२९) |
| लाभांस आम्दानी | | ६४१,६३१ | १००,८८७ |
| अन्य आम्दानी | | १६७,२२२ | ७९,६५० |
| **जम्मा सञ्चालन आम्दानी** | | **११४,२०९,३५९** | **६९,४००,४८१** |
| **सञ्चालन खर्च** | | | |
| मर्चेन्ट बैकिंङ्ग खर्च | | ९,२५१,६७१ | ६,१८१,८०५ |
| सामूहिक लगानी कोषको खर्च | | १,२८३,२०४ | १,००९,८४६ |
| धितोपत्र बिक्रिमा कमिशन | | - | - |
| **सञ्चालन मुनाफा** | | **१०३,६७४,४८४** | **६२,२०८,८३०** |
| **गैर सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च (कर्मचारी बोनस सहित) | | २८,५३१,०७८ | २०,७८४,१८३ |
| परिसर खर्च | | ४,४७७,२१३ | ४,११४,३०१ |
| विज्ञापन तथा प्रचार खर्च | | १,१९४,८६६ | ७५९,६०९ |
| सामान्य प्रशासन खर्च | | ५,०२९,९७८ | ३,३४३,६०३ |
| वित्तीय खर्च | | ५९,१६८ | ६४,७२६ |
| ह्रास कट्टी तथा अपलेखन खर्च | | २,९०१,९२४ | २,४७८,०४० |
| **आयकर अधिको मुनाफा** | | **६१,४८०,२५७** | **३०,६६४,३६८** |
| आयकर | | १८,५४०,९३९ | ९,२७५,६६७ |
| **वर्षको लागि मुनाफा** | | **४२,९३९,३१८** | **२१,३८८,७०१** |
| **अन्य विस्तृत आय र व्यय** | | | |
| बिक्रीका लागि उपलब्ध लगानीमा खुद लाभ | | - | - |
| परिभाषित लाभ योजनामा Actuarial gain/loss | | - | - |
| **जम्मा अन्य विस्तृत आय र व्यय** | | - | - |
| घटाउने | | | |
| अन्य विस्तृत आय र व्ययमा कर खर्च | | - | - |
| **वर्षको लागि अन्य विस्तृत आय** | | - | - |
| **ईक्विटी शेयर धनीका लागि** | | **४२,९३९,३१८** | **२१,३८८,७०१** |

गणेश प्रशाद पाण्डे
**प्रमुख वित्त विभाग**

मनिष घिमिरे
**प्रमुख सञ्चालन अधिकृत**

रमेन्द्र रायमाझी
**प्रमुख कार्यकारी अधिकृत**

विशाल सिग्देल
**अध्यक्ष**

यसै मितिको हाम्रो संलग्न प्रतिवेदन अनुसार
सि. ए. मिलन बस्नेत
**साझेदार**
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुमन डंगोल
**सञ्चालक**

रबिन सापकोटा
**सञ्चालक**

बिमल लम्साल
**सञ्चालक**

दिनेश भारी
**सञ्चालक**

मिति: २०७७ साउन २६
स्थान: काठमाडौं

## एन आई सी एशिया क्यापिटल लिमिटेड
## एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको

### नगद प्रवाह विवरण
१ श्रावण २०७६ देखि ३१ आषाढ २०७७

*रकम रु.*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **क. कारोवार सञ्चालनबाट नगद प्रवाह** | | |
| नगद प्राप्ति | | |
| कर अघिको खुद नाफा | ६१,४८०,२५७ | ३०,६६४,३६८ |
| समायोजन | | |
| ह्रास कट्टी खर्च | २,९०१,९२४ | २,४७८,०४० |
| लगानीमा अज्ञात लाभ | - | - |
| आयकर भुक्तानी | (१८,५४०,९३९) | (९,२७५,६६७) |
| लाभांश भुक्तानी | (२२,०००,०००) | (१४,७३६,८४०) |
| स्थगन कर समायोजन | - | - |
| दायित्वमा (कमी)/वृद्धि | ९५,८२६,०८९ | (२२,९०४,४२१) |
| लगानीमा (कमी)/वृद्धि | (६,३२१,१०५) | (२५,९८६,८३०) |
| मुद्दति निक्षेपमा (कमी)/वृद्धि | (९२,५७५,५३८) | ४,४००,००० |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (२७,९४६,८८२) | (९,५४५,३६६) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह (१)** | **(७,१७६,१९३)** | **(४४,९०६,७१६)** |
| **ख. वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| शेयर पूँजीमा (कमी)/वृद्धि | - | - |
| दीर्घकालीन ऋणमा (कमी)/वृद्धि | - | - |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह (२)** | - | - |
| **ग. लगानी कारोवारमा नगद प्रवाह** | | |
| मुर्त सम्पत्ति (खरिद)/बिक्री | (२,११०,८२१) | (२,३१२,५००) |
| अमुर्त सम्पत्ति (खरिद)/बिक्री | (३४,८६०) | - |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (३)** | **(२,१४५,६८१)** | **(२,३१२,५००)** |
| **नगद तथा नगद समानको खुद कमी/(वृद्धि) (१+२+३)** | **(९,३२१,८७४)** | **(४७,२१९,२१६)** |
| **नगद तथा नगद समानको शुरु मौज्दात** | **२४,९०५,६६६** | **७२,१२४,८८१** |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **१५,५८३,७९१** | **२४,९०५,६६६** |

गणेश प्रशाद पाण्डे
**प्रमुख वित्त विभाग**

मनिष घिमिरे
**प्रमुख सञ्चालन अधिकृत**

रमेन्द्र रायमाझी
**प्रमुख कार्यकारी अधिकृत**

विशाल सिग्देल
**अध्यक्ष**

सुमन डंगोल
**सञ्चालक**

रबिन सापकोटा
**सञ्चालक**

बिमल लम्साल
**सञ्चालक**

दिनेश भारी
**सञ्चालक**

यसै मितिको हाम्रो संलग्न प्रतिवेदन अनुसार
सि. ए. मिलन बस्नेत
**साझेदार**
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति: २०७७ साउन २६
स्थान: काठमाडौं

## एन आई सी एशिया क्यापिटल लिमिटेड

## एन आई सी एशिया बैंक लिमिटेडको पुर्ण स्वामित्वको

### इक्वीटीमा भएको परिवतन सम्वन्धी विवरण

३१ आषाढ २०७७ (१५ जुलाइ २०२०) मसान्त

*रकम रु.*

| विवरण | शेयर पुँजी | सञ्चित कमाई | वैधानिक जगेडा कोष | सामाजिक उत्तर दायित्व जगेडा कोष | जम्मा |
|---|---|---|---|---|---|
| **आ.व. २०७४/७५ को अन्तिम मौज्दात** | **२००,०००,०००** | **१५,९२१,१५०** | - | - | **२१५,९२१,१५०** |
| शेयर पूँजी जारी | - | - | - | - | - |
| वर्षको लागि मुनाफा | - | २१,३८८,७०१ | - | - | २१,३८८,७०१ |
| कर पछिको अन्य विस्तृत आय र व्यय | - | - | - | - | - |
| सामान्य जगेडा कोषमा स्तान्तरण | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | (१४,७३६,८४०) | - | - | (१४,७३६,८४०) |
| **आ.व. २०७५/७६ को अन्तिम मौज्दात** | **२००,०००,०००** | **२२,५७३,०११** | - | - | **२२२,५७३,०११** |
| शेयर पुँजी जारी | - | - | - | - | - |
| वर्षको लागि मुनाफा | - | ४२,९३९,३१८ | - | - | ४२,९३९,३१८ |
| कर पछिको अन्य विस्तृत आय र व्यय | - | - | - | - | - |
| वैधानिक जगेडा कोषमा स्तान्तरण | - | (४,२९३,९३२) | ४,२९३,९३२ | - | - |
| सामाजिक उत्तरदायित्व जगेडा कोषमा स्तान्तरण | - | (४२९,३९३) | - | ४२९,३९३ | - |
| सामाजिक उत्तरदायित्व जगेडा कोषबाट स्तान्तरण सञ्चित कमाईमा स्तान्तरण | - | १६,१७३ | - | (१६,१७३) | - |
| लाभांस भुक्तानी | - | (२२,०००,०००) | - | - | (२२,०००,०००) |
| **आ.व. २०७६/७७ को अन्तिम मौज्दात** | **२००,०००,०००** | **३८,८०५,१७७** | **४,२९३,९३२** | **४१३,२२०** | **२४३,५१२,३२९** |

गणेश प्रशाद पाण्डे
**प्रमुख वित्त विभाग**

मनिष घिमिरे
**प्रमुख सञ्चालन अधिकृत**

रमेन्द्र रायमाझी
**प्रमुख कार्यकारी अधिकृत**

विशाल सिग्देल
**अध्यक्ष**

यसै मितिको हाम्रो संलग्न प्रतिवेदन अनुसार
सि. ए. मिलन बस्नेत
**साझेदार**
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुमन डंगोल
**सञ्चालक**

रबिन सापकोटा
**सञ्चालक**

बिमल लम्साल
**सञ्चालक**

दिनेश भारी
**सञ्चालक**

मिति: २०७७ साउन २६
स्थान: काठमाडौं

# सहायक कम्पनी
# एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको वार्षिक विवरण

# एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड

२०७७ साल आषाढ मसान्तको

## वासलात

*रकम रु.*

| पूंजी तथा दायित्व | अनूसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. शेयर पूंजी | ४.१ | १,४८०,०००,००० | १,००४,५००,००० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ३१०,३६७,२६४ | १०४,७२५,०५९ |
| ३. ऋणपत्र तथा बण्ड | ४.३ | - | - |
| ४. तिर्न बांकी कर्जा सापट | ४.४ | ५,८४१,५७८,२३३ | ३,२०१,२५०,९६८ |
| ५. निक्षेप दायित्व | ४.५ | ९५५,५८७,७३४ | ५७१,७५२,५२२ |
| ६. प्रस्तावित नगद लाभांश | | - | - |
| ७. आयकर दायित्व | | १२,२७४,०२८ | - |
| ८. अन्य दायित्व | ४.६ | ५३,७८९,५०४ | ३४,५२५,७१३ |
| **कूल पूंजी तथा दायित्व** | | **८,६५३,५९६,७६२** | **४,९१६,७५४,२६३** |

| सम्पत्ति | अनूसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | १२,८४१,४०५ | ४८७,६४६ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
